राष्ट्रको गौरव

गोरखापत्र

वर्ष प्रवेश १२६

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com

राष्ट्रिय संस्करण | अर्थबजार | लगानी प्रतिबद्धता उच्च | शङ्काले उब्जाएको द्वन्द्व २४

वर्ष १२६ | अङ्क १४ | २०८३ साल जेठ ६ गते बुधवार | अधिक मास ज्येष्ठ शुक्ल चतुर्थी | नेपाल संवत् ११४६ अनलाथ्व ४ | 2026 May 20 Wednesday | पृष्ठ : १२+४+४+४ | मूल्य : दस रुपियाँ

प्रधान न्यायाधीशमा डा. शर्मा

तस्बिर : सागर बस्नेत

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष मङ्गलबार पद तथा गोपनीयताको शपथग्रहण गर्नुहुँदै नवनियुक्त प्रधान न्यायाधीश डा. मनोजकुमार शर्मा । राष्ट्रपति भवन शीतलनिवासमा आयोजित शपथग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, सभामुख डोलप्रसाद अर्याल र राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाललगायत उपस्थित हुनुहुन्थ्यो ।

अदालतहरूको अधिकारक्षेत्र पुनरवलोकन, विशिष्टीकृत अदालतको संरचना परिवर्तनलगायतमा सुझाव दिन एक महिनाभित्र उच्चस्तरीय अध्ययन समिति गठनको प्रतिबद्धता ।

नारायण काफ्ले
काठमाडौँ, जेठ ५ गते

सर्वोच्च अदालतका न्यायाधीश डा. मनोजकुमार शर्मा ३३ औँ प्रधान न्यायाधीशमा नियुक्त हुनुभएको छ। संसदीय सुनुवाइ समितिबाट नाम अनुमोदन भएसँगै राष्ट्रपति रामचन्द्र पौडेलले शर्मालाई प्रधान न्यायाधीशमा नियुक्त गर्नुभएको हो। संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट प्रधान न्यायाधीश नियुक्तिको व्यवस्था छ । अनुमोदनलगत्तै शर्माको नियुक्ति भएको हो। उहाँले मङ्गलबार नै पद तथा गोपनीयताको शपथ लिई पदभार समाल्नुभएको छ।

सर्वोच्चमा कार्यरत न्यायाधीशमध्ये रोलक्रमको चौथो नम्बरमा रहनुभएका शर्मालाई संवैधानिक परिषद्को बैठकले वैशाख २४ गते प्रधान न्यायाधीशमा सिफारिस गरेको थियो । वरिष्ठतामा न्यायाधीश शर्माभन्दा अगाडि तीन जना हुनुहुन्थ्यो । कायममुकायम प्रधान न्यायाधीश सपना प्रधान मल्ल, वरिष्ठतम न्यायाधीश कुमार रेग्मी र हरिप्रसाद फुयाँल शर्माभन्दा अघि हुनुहुन्थ्यो । वरिष्ठताक्रम पालना नभएकोमा प्रमुख प्रतिपक्ष दलका नेता र राष्ट्रिय सभा अध्यक्षले निर्णयमा फरक मत लेख्नुभएको थियो । प्रधान न्यायाधीशका रूपमा संविधानले तोकेको छ वर्षको कार्यावधि शर्मासँग छ । पदको अधिकतम समय पूरा गरेर शर्मा अवकाश हुनुहुने छ। हालसम्मका अधिकांश प्रधान न्यायाधीश ६५ वर्से उमेर हदका कारण अवकाश पाउँदै आएका छन्।

२०२७ असार ४ गते पर्सामा जन्मिनुभएका शर्माले प्रधान न्यायाधीशमा छबर्से कार्यकाल पूरा गरेर २०८९ जेठ ४ गते अवकाश पाउनुहुने छ । शर्मा २०७६ वैशाख ६ गते सर्वोच्चको न्यायाधीश नियुक्त हुनुभएको थियो । २०७० जेठ २७ मा तत्कालीन पुनरावेदन अदालतमा अतिरिक्त न्यायाधीशमा नियुक्त भई शर्माले २०७२ मङ्सिर २६ गतेसम्म काम गर्नुभएको थियो। २०७२ असोज ३ गते जारी नेपालको संविधान र त्यसपछि तर्जुमा कानुनले समेत अतिरिक्त न्यायाधीशको पद बचाऊ नगरेपछि शर्मा अतिरिक्तबाटै बिदा हुनुभएको थियो।

संवैधानिक एवम् कानुन सुधारको प्रतिबद्धता

संसदीय सुनुवाइका क्रममा शर्माले सर्वोच्च अदालतमा मुद्दाको कार्यबोझ घटाउन संवैधानिक एवम् कानुन सुधारका लागि सरोकारवालासँग समन्वय गर्ने बताउनुभएको छ। यस्तै अदालतहरूको क्षेत्राधिकार पुनरवलोकनमा पनि उहाँको प्रतिबद्धता छ । अदालतहरूको अधिकारक्षेत्र पुनरवलोकन, विशिष्टीकृत अदालतको संरचना परिवर्तनलगायतमा सुझाव दिन एक महिनाभित्र उच्चस्तरीय अध्ययन समिति गठनको प्रतिबद्धता उहाँले जनाउनुभएको छ । न्यायाधीशहरूलाई प्रशासनिक तथा व्यवस्थापकीय समितिमा नराख्ने गरी सर्वोच्च अदालतको नियमावली संशोधन

» बाँकी पृष्ठ २ मा

'पर्साका लागि गौरवको विषय'

कन्हैयालाल केशरी
पर्सा, जेठ ५ गते

प्रधान न्यायाधीशमा डा. मनोजकुमार शर्मा नियुक्त हुनुभएपछि गृहजिल्ला पर्साका बासिन्दाले प्रसन्नता प्रकट गरेका छन् । वीरगन्ज महानगरपालिका वडा नम्बर ११, ओम आश्रममा २०२७ असार ४ गते जन्मिनुभएका शर्मा प्रधान न्यायाधीश नियुक्त हुनु हुने पहिलो पर्सावासी हुनुहुन्छ।

प्रधान न्यायाधीश शर्माका सहपाठी तथा प्रशासकीय अदालतका सदस्य नवलकिशोर यादवले विद्यालय र प्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययनमा शर्मा र आफू सहपाठी रहेको बताउनुभयो । नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा कक्षा ७ सम्म अध्ययन गर्नुभएका शर्मा त्रिजुद्ध माध्यमिक विद्यालयमा कक्षा ८ देखि १० सम्म अध्ययन गर्नुभएको थियो । वीरगन्जस्थित हरिखेतान बहुमुखी क्याम्पसबाट उहाँले आइएल गर्नुभएको थियो। त्यसपछि शर्मा उच्च अध्ययनका लागि काठमाडौँ जानुभएको थियो। कानुन अध्ययनमा विशेष रुचि राख्नुहुने शर्मा अत्यन्त मिलनसार र सरल व्यक्ति रहनुभएको सहपाठी यादवले बताउनुभयो।

वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले प्रधान न्यायाधीशमा शर्मा नियुक्त हुनु वीरगन्ज महानगरसँगै पर्सा जिल्लाका लागि नै गौरवको विषय रहेको बताउनुभयो । हरिखेतान बहुमुखी क्याम्पसका तत्कालीन प्राध्यापक एवं वरिष्ठ अधिवक्ता दीपकराज भण्डारीले आफूले पढाएको विद्यार्थी शर्मा प्रधान न्यायाधीश हुँदा अत्यन्त खुसी लागेको बताउनुभयो।

हरिखेतान बहुमुखी क्याम्पसका सल्लाहकार प्रकाश खेतानले क्याम्पसका पूर्वविद्यार्थी शर्मा प्रधान न्यायाधीश नियुक्त हुनुभएकोमा क्याम्पसको गौरव बढेको उल्लेख गर्नुभयो । "शर्माको अध्ययनशीलता, मेहनत र समर्पणको परिणाम हो, अन्य विद्यार्थीका लागि पनि यो प्रेरणाको कुरा हो," उहाँले भन्नुभयो।

मन्त्रीपरिषद् निर्णय
सुकुमवासी परिवारलाई मासिक पन्ध्र हजार

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

सरकारले उपत्यकाका जोखिमयुक्त बस्तीबाट हटाएका सुकुमवासी परिवारलाई मासिक १५ हजार रुपियाँ उपलब्ध गराउने निर्णय गरेको छ । यस्तै सरकारले काठमाडौँ उपत्यका नदीकिनारमा रहेका जोखिमयुक्त बस्ती हटाउँदा विस्थापित हुने व्यक्तिहरूको विवरण रुजु गरी प्रतिपरिवार पुनर्स्थापना खर्चबापत २५ हजार रुपियाँ एकमुष्ट रूपमा प्रदान गर्ने निर्णय गरेको हो।

प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा मङ्गलबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बसेको मन्त्रीपरिषद् बैठकले सो निर्णय गरेको हो। बैठकले परिवारमा पाँच जनासम्म सदस्य भएमा १५ हजार रुपियाँ र त्यसभन्दा बढी सदस्य भएमा थप दुई हजार रुपियाँ उपलब्ध गराउने निर्णय गरेको हो । मन्त्रीपरिषद् बैठकपछि निर्णय सार्वजनिक गर्दै शिक्षा तथा खेलकुदमन्त्री एवं सरकारका प्रवक्ता सस्मित पोखरेलले सो जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "जोखिमयुक्त बस्तीबाट हटाइएकाहरूलाई वैकल्पिक बसोबासको व्यवस्था आफैँ गर्ने प्रोत्साहित गर्न पाँच सदस्यीय परिवारलाई प्रतिपरिवार राहत रकम १५ हजार रुपियाँ (प्रतिमहिना) र सोभन्दा बढी सदस्यका लागि प्रतिसदस्य थप दुई हजार रुपियाँ प्रतिमहिनाका दरले हाललाई तीन महिनाका लागि बसोबास व्यवस्थापन खर्च उपलब्ध गराउने निर्णय गरिएको हो।"

त्यसै गरी बैठकले वृद्ध, अशक्त, असहाय तथा आफ्नो व्यवस्था गर्न नसक्ने व्यक्ति तथा परिवारलाई तोकिएको 'होल्डिङ सेन्टर' मा व्यवस्था गर्ने, बालबालिका तथा विद्यार्थीको पठनपाठन तथा विद्यालय र स्वास्थ्य सेवा सुविधाहरूको सुनिश्चितता स्थानीय तहको समन्वय तथा सहकार्यमा गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो।

अनुदान स्वीकार

मन्त्रीपरिषद् बैठकले अरनिको राजमार्गको मर्मत सुधार गर्न चीन सरकारले प्रदान गर्ने ७९.३६ मिलियन आरएमबी अनुदान स्वीकार गर्ने निर्णय गरेको सरकारका प्रवक्ता पोखरेलले जानकारी दिनुभयो।

» बाँकी पृष्ठ २ मा

अग्रलेख

नीति सुधारका मुद्दा

नीतिले छलाङवादी सोच (ग्याडिकल सिफ्ट) भन्दा क्रमिक सुधारलाई ध्यान दिइराख्नु पर्छ । गर्न सकिने, सामाजिक मूल्य संस्कृतिले स्विकार्ने, प्रणालीको क्षमताले धान्ने कुरा नै नीतिमा रहनु पर्छ। एकैचोटि ठुला र अस्वाभाविक कुरा नीतिमार्फत घोषणा गरिनु हुँदैन।

● **गोपीनाथ मैनाली**

» विचार पृष्ठ ४

नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर निकाल्छौँ

अर्थमन्त्री डा. स्वर्णिम वाग्ले

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी सघन निगरानी (ग्रे लिस्ट– जुरिसडिक्सन्स अन्डर इन्क्रिज्ड मोनिटरिङ) बाट बाहिर निकाल्न सबै उपाय अवलम्बन गरिने बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको समन्वयमा मङ्गलबार अर्थ मन्त्रालयमा भएको एसिया प्यासिफिक ग्रुप अफ मनी लाउन्डरिङ (एपिजी) को इन्टरनेसनल कोअपरेसन रिभ्यु ग्रुप (आइसिआरजी) को कार्ययोजनासम्बन्धी छलफलमा उहाँले उक्त कुरा स्पष्ट पार्नुभएको हो।

अर्थमन्त्रीको सचिवालयका अनुसार एपिजीका प्रतिनिधिसँगको छलफलमा अर्थमन्त्री डा. वाग्लेले सम्पूर्ण सामर्थ्य लगाएर नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर निकाल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रधानमन्त्रीको नेतृत्वमा नेपाल सरकार मुलुकमा सुशासन स्थापना गरेर विकासमा फड्को मार्न लागिपरेको उल्लेख गर्दै अर्थमन्त्री वाग्लेले जनताको जनमतको एक प्रमुख सन्देश पनि यही भएको बताउनुभयो।

"अहिलेको 'ग्रे लिस्ट' को अवस्था पछिल्ला ३० वर्षको कुशासनको प्रतिफल हो," उहाँले भन्नुभयो। नयाँ सरकार गठन भएपछि सुशासनका सवालमा भएका काम सबैले अनुभूत गर्ने किसिमको भएको उहाँले दाबी गर्नुभयो । नेपाललाई सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट' बाट बाहिर निकाल्न तत्काल र नियमित गरिनुपर्ने पहलबारे सरकारी निकायहरूले नियमित काम गरिरहेको र यसको मूल्याङ्कन पनि भइरहेको उहाँले उल्लेख गर्नुभयो। 'ग्रे लिस्ट' सूचक सम्बन्धमा नेपालको अवस्थामा पछिल्लो समीक्षा अवधि र अहिले धेरै फरक रहेको पनि उहाँले बताउनुभयो।

एपिजीका उपकार्यकारी सचिव डेभिड स्यान्ननले नेपाल 'ग्रे लिस्ट' बाट बाहिरिन पर्याप्त कार्य गर्न अझै बाँकी रहेको बताउनुभयो । छलफलमा अर्थ मन्त्रालयका साथै प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, नेपाल राष्ट्र बैङ्कलगायत निकायका अधिकारीको सहभागिता थियो।

» बाँकी पृष्ठ २ मा

रुसका राष्ट्रपति पुटिन बेइजिङमा

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

» अन्तर्राष्ट्रिय

रुसका राष्ट्रपति भ्लादिमिर पुटिन दुई दिवसीय भ्रमणमा चीनको राजधानी बेइजिङ आउनुभएको छ। मङ्गलबार बेइजिङ आउनुभएका राष्ट्रपति पुटिन र चीनका राष्ट्रपति सी चिनफिङबिच बुधबार बिहान शिखरवार्ता हुने कार्यक्रम रहेको चिनियाँ समाचार समिति सिन्ह्वाले जनाएको छ।

रुसको राष्ट्रपति कार्यालय क्रेमलिनका अनुसार दुवै नेताले रुस–चीन रणनीतिक साझेदारीलाई अझ सुदृढ बनाउने, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मुद्दामा समन्वय बढाउने र बदलिँदो विश्व व्यवस्थामा साझा धारणा निर्माण गर्ने विषयमा विस्तृत छलफल गर्ने कार्यक्रम छ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमण सकिएलगत्तै राष्ट्रपति पुटिन बेइजिङ पुगेपछि विश्व राजनीति फेरि चीन–रुस धुरीतर्फ केन्द्रित भएको छ । युक्रेन युद्ध, ऊर्जा राजनीति, अमेरिका–चीन सम्बन्ध र पश्चिम एसियाको तनावबिच दुई शीर्ष नेताबिच हुन लागेको शिखरवार्तालाई विश्व शक्ति सन्तुलनसँग जोडेर हेरिएको छ।

यो भ्रमण विशेष अर्थमा महत्त्वपूर्ण मानिएको छ किनभने ट्रम्पले झन्डै एक दशकपछि चीन भ्रमण गर्ने पहिलो अमेरिकी राष्ट्रपतिका रूपमा बेइजिङ पुगेर अमेरिका–चीन सम्बन्धलाई स्थिर बनाउने प्रयास गर्नुभएको थियो।

सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि पश्चिमा मुलुकहरूले मस्कोलाई कूटनीतिक र आर्थिक रूपमा अलग्याउने प्रयास गरेका थिए। त्यसयता रुस चीनमा अझ निर्भर बन्दै गएको छ। विशेष गरी चिनियाँ बजार अहिले रुसी तेलको प्रमुख गन्तव्य बनेको छ भने पश्चिमी प्रतिबन्धका कारण मस्कोले आर्थिक सहाराका लागि बेइजिङमाथि निर्भरता बढाएको छ।

भ्रमणअघि नै दुवै नेताले आफ्नो रणनीतिक साझेदारीको ३० वर्ष पूरा भएको अवसरमा शुभकामना सन्देश आदानप्रदान गरेर सम्बन्धको घनिष्ठता प्रदर्शन गर्नुभएको थियो। चिनियाँ सरकारी सञ्चार माध्यमका अनुसार राष्ट्रपति सीले रुस–चीन सहकार्य निरन्तर गहिरिँदै गएको उल्लेख गर्नुभएको थियो।

त्यसै गरी पुटिनले चिनियाँ जनताका नाममा जारी गर्नुभएको भिडियो सन्देशमा रुस–चीन सम्बन्ध 'अभूतपूर्व उचाइमा' पुगेको बताउनुभयो। उहाँले दुई देशबिचको व्यापार तीव्र रूपमा बढिरहेको उल्लेख गर्दै दुवै राष्ट्रले कसैका विरुद्धमा गठबन्धन नगरी विश्वशान्ति र साझा समृद्धिका पक्षमा काम गरिरहेको दाबी गर्नुभयो।

» बाँकी पृष्ठ २ मा

थाकेको शरीर, नथाकेको सपना

कमल शर्मा
दैलेख, जेठ ५ गते

बिहानको घाम डाँडामाथि उक्लिँदै गर्दा दैलेखको नारायण नगरपालिका–४ को धुलाम्मे सडकमा एउटा शरीर बिस्तारै अगाडि बढिरहेको देखिन्छ । पाइला होइन, दुई हातको सहारामा ५० वर्षीय हस्तबहादुर कठायतले आफ्नो शरीर घिसार्दै विद्यालयतर्फ अगाडि बढाउनुहुन्छ। जन्मजात शारीरिक अपाङ्गता भएका उहाँलाई घरदेखि विद्यालयसम्मको करिब एक किलोमिटर दुरी पार गर्न दुई घण्टा लाग्छ। बर्सातमा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने बाटोले उहाँको शरीरलाई थकाइदिन्छ, तर उहाँ आफ्नो जिम्मेवारी पूरा गर्न थाकेको महसुस नै गर्नुहुन्न।

उमेर ढल्कँदै जाँदा शरीर कमजोर बन्दै गएको उहाँले बताउनुभयो । "हातले टेकेर बिहान दुई घण्टा र बेलुका दुई घण्टा हिँड्दा हात नै सुन्निएका हुन्छन्," उहाँले भन्नुभयो, "उमेर बिस्तारै ढल्कँदै जाँदा शरीर पनि कमजोर हुने रहेछ।" विद्यालयदेखि उहाँको घरसम्म सडक पुगिसकेको छ । तर त्यो सडकमा उहाँका लागि गुड्ने साधन छैन। आर्थिक अभावका कारण चारपाङ्ग्रे स्कुटर किन्ने अवस्था उहाँको छैन। "आधा सहयोग कसैले गरिदिएको भए म आफैँ पनि थपेर स्कुटर किन्थेँ," उहाँको आशा मिसिएको आवाजमा भन्नुभयो, "हामीलाई कसले सहयोग गर्ला र ?"

शारीरिक कठिनाइबिच पनि उहाँले कक्षा १२ सम्म अध्ययन गर्नुभएको छ । गाउँमा विद्यालय नहुँदा धेरै बालबालिका टाढा जान नसकेर पढाइबाट वञ्चित भइरहेका थिए। त्यो दृश्यले उहाँलाई भित्रैदेखि पोल्थ्यो । त्यसपछि उहाँले गाउँमा विद्यालय स्थापना गर्न अभियान सुरु गर्नुभयो। गाउँका बालबालिकालाई जम्मा गरेर आफ्नै पहलमा पढाउन थाल्नुभयो । न तलब थियो, न सरकारी सहयोग । तर शिक्षाप्रतिको भरोसा थियो। लगातार दुई वर्षसम्म उहाँले ८२ जना बालबालिकालाई निःशुल्क पढाउनुभयो। एक्लै सबै विद्यार्थी समालेर पढाउने उहाँको प्रयास गाउँका लागि शिक्षाको पहिलो उज्यालो बन्यो।

उहाँको योगदानपछि शिक्षा विकास तथा समन्वय एकाइले उहाँलाई कार्यालय सहयोगी पदमा नियुक्ति दियो। अहिले उहाँ जनकल्याण प्राथामिक विद्यालयमा कार्यालय सहयोगीका रूपमा कार्यरत हुनुहुन्छ। उहाँकै सङ्घर्ष र पहलबाट स्थापना भएको विद्यालयमा अहिले कक्षा ४ सम्म पढाइ सञ्चालन भइरहेको छ। विद्यालयमा उहाँको जिम्मेवारी केवल कार्यालय सहयोगीको मात्र छैन, उहाँ बालबालिकाका लागि दैनिक खाजा–नास्तासमेत पकाउने काम गर्नुहुन्छ । शारीरिक कठिनाइका बावजुद सकेसम्म उहाँ सबै काम आफैँ गर्ने प्रयास गर्नुहुन्छ।

हस्तबहादुर कठायतको जीवनमा पीडा थपिँदै गयो । १२ वर्षअघि बुवाको निधन भयो । आमाले पनि संसार छाडेको आठ वर्ष भयो । आमाबुवाको मृत्यु भएपछि जीवन झन् समस्यामा पऱ्यो । उहाँले भन्नुभयो, "आमाको साथ हुँदा जीवन केही सहज लाग्थ्यो। अहिले भाइबुहारी अलग्गै बस्छन्। धेरैजसो काकाको छोराको घरमा बस्छु। पानी परेन भने घर पनि जान्छु। उमेर हुँदा आफू शारीरिक रूपमा कमजोर छु भनेर विवाहको कुरा गरिनँ।"

दिनभर विद्यालयको काम सकेर साँझ घर फर्किंदा उहाँका हात फेरि सुन्निएका हुन्छन् । शरीर थाकेको हुन्छ । तर भोलिपल्ट फेरि उही बाटो समाल्नुहुन्छ किनकि उहाँका लागि विद्यालय केवल जागिर गर्ने ठाउँ मात्र नभई जीवनको उद्देश्य हो।

विद्यालयका प्रधानाध्यापक महेन्द्रकुमार शर्माले विद्यालयका कार्यालय सहयोगी कठायतको अभियानले गाउँमा विद्यालय स्थापना हुन सफल भएको बताउनुभयो । उहाँका अनुसार तत्कालीन समयमा बालबालिकालाई जम्मा गरेर नपढाएको भए विद्यालयनै खुल्ने थिएन । विद्यालयमा बाल विकासदेखि कक्षा ३ सम्म २३ जना विद्यार्थी अध्ययनरत छन्। अघिल्लो वर्ष कक्षा ४ मा १० जना विद्यार्थी रहेका थिए।

दैलेखको नारायण नगरपालिका–४ का हस्तबहादुर कठायत ।

घरदेखि विद्यालयसम्मको करिब एक किलोमिटर दुरी पार गर्न दुई घण्टा लाग्छ । बर्सातमा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने बाटोले उहाँको शरीरलाई थकाइदिन्छ तर उहाँ आफ्नो जिम्मेवारी पूरा गर्न थाकेको महसुस नै गर्नुहुन्न ।

चिकित्सकको नाम यथावत् रहने

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

नेपाल मेडिकल काउन्सिलले नेपाली नागरिकता परित्याग गरी विदेशी राहदानी लिएका ३६ जना गैरआवासीय नेपाली चिकित्सकको लाइसेन्स (नाम दर्ता किताब) बाट नाम हटाउने निर्णय स्थगित गरेको छ । काउन्सिलको गत २९ वैशाखमा बसेको पूर्ण बैठकले यसअघि गरिएको नाम दर्ता खारेजसम्बन्धी निर्णय तत्काल कार्यान्वयन नगर्ने निर्णय गरेको हो । अब सम्बन्धित चिकित्सकको नाम दर्ता किताबमा यथावत् रहने छ।

नेपाल मेडिकल काउन्सिलका निमित्त रजिस्ट्रार डा. दीपेन्द्र पाण्डेले विदेशमा रहेका नेपाली मूलका चिकित्सकलाई अब गैरआवासीय नेपाली (एनआरएन) चिकित्सकको सूचीमा दर्ता हुन आह्वान गरिने बताउनुभयो । उहाँले गैरआवासीय चिकित्सकका रूपमा विधिवत् नाम दर्ता भएपछि मात्र उनीहरूको नाम नेपाली चिकित्सकको मूल दर्ता किताबबाट स्वतः हट्ने जानकारी दिनुभयो।

यसअघि नाम खारेज गर्ने विषयमा सूचना जारी गरिएको थियो । "अहिले उक्त निर्णय कार्यान्वयन नगर्ने निर्णय गरिएको हो," डा. पाण्डेले भन्नुभयो, "विदेशमा रहेका गैरआवासीय नेपाली चिकित्सकलाई गैरआवासीय लाइसेन्स लिन आह्वान गरिने छ।"

यसअघि काउन्सिलले दुई पटक सार्वजनिक सूचना जारी गर्दै विदेशी राहदानी प्राप्त गरेका ३६ जना चिकित्सकको नाम दर्ता किताबबाट हटाइएको जानकारी दिएको थियो । उक्त निर्णयप्रति विदेशमा कार्यरत नेपाली चिकित्सकले असन्तुष्टि जनाउँदै विरोध गरेका थिए।

काउन्सिलको २०८२ भदौ १२ गते बसेको पूर्ण बैठकले नेपाली नागरिकता त्याग गरी विदेशी राहदानी लिएका चिकित्सकको नाम दर्ता किताबबाट हटाउने निर्णय गरेको थियो । सो निर्णय अनुसार विदेशी राहदानी लिएका चिकित्सकलाई एक पटकका लागि 'गुड स्ट्यान्डिङ' प्रमाणपत्र उपलब्ध गराएपछि नाम दर्ता सूचीबाट हटाइने व्यवस्था गरिएको थियो।

तस्बिर : रासस

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ स्थित हिन्दु तथा बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्र मुक्तिनाथ मन्दिर र आसपासका क्षेत्रमा आएका भारतीय पर्यटक । स्वदेशी तथा विदेशी पर्यटकको चाप बढ्न थालेसँगै यो क्षेत्रमा सुविधासम्पन्न होटेल तथा संरचना बनिरहेका छन् ।

विद्यालयको पाठ्यक्रम परिमार्जन हुँदै

सूर्यप्रसाद पाण्डे
काठमाडौँ, जेठ ५ गते

मुलुकको बदलिँदो परिवेशलाई समेट्ने गरी सरकारले विद्यालय तहको पाठ्यक्रम परिमार्जन गर्ने प्रक्रिया सुरु गरेको छ।

प्रारम्भिक बालविकास (इसिडी) देखि कक्षा १२ सम्मको समग्र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्न लागिएको हो । यसका लागि शिक्षा तथा खेलकुद मन्त्रालयले काठमाडौँ विश्वविद्यालय स्कुल अफ एजुकेसनका डिन प्राडा बालचन्द्र लुइटेलको संयोजकत्वमा पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदल गठन गरेको छ । नौ सदस्यीय कार्यदलले मङ्गलबार शिक्षामन्त्री सस्मित पोखरेलसँग पहिलो बैठक गरेर औपचारिक रूपमा काम अघि बढाएको छ । कार्यदलले छ महिनाभित्रमा प्रतिवेदन तयार पार्ने गरी काम अघि बढाएको छ । कार्यदलका संयोजक लुइटेलले भन्नुभयो, "कति दिनमा काम सकिन्छ भन्ने निर्णय गर्ने अधिकार कार्यदललाई नै दिइएको छ । हामीले अहिलेकै अवस्था अनुसार काम गर्न सकियो भने छ महिनाभित्रमा प्रतिवेदन तयार पारेर बुझाउने शिक्षामन्त्रीलाई जानकारी गराएका छौँ ।" तर आवश्यकता अनुसार त्योभन्दा बढी समय पनि थपिन सक्ने लुइटेलले बताउनुभयो। प्रारूप परिमार्जनका लागि कार्यदलले २२ वटा समूह बनाएर छलफल गर्दै छ। छलफलमा विद्यार्थी, शिक्षक, उद्योगी, व्यवसायी, युवापुस्तालगायतलाई समेटिने छ। साथै विज्ञान तथा प्रविधिको क्षेत्रमा पछिल्लो समय भित्रिएको नयाँ नयाँ आविष्कारलाई पनि पाठ्यक्रमसँग जोडिने छ।

कार्यदलले पाठ्यक्रम प्रारूपको प्रतिवेदन बुझाएपछि विद्यालयको तहगत र विषयगत रूपमा पाठ्यक्रम परिमार्जनको काम सुरु हुने छ । योजना अनुसार इसिडीदेखि कक्षा ३ सम्म एक तह, कक्षा ४ देखि ८ सम्म अर्को र कक्षा ९ देखि १२ सम्मलाई एक तह मानेर पाठ्यक्रम परिमार्जनको काम गरिन्छ।

संयोजक लुइटेलले भन्नुभयो, "हामीले दिने प्रतिवेदनको दायरा निकै फराकिलो हुन्छ । हाम्रो प्रतिवेदनका आधारमा कुन तहको पाठ्यक्रम कस्तो बनाउने, कुन विषयको पाठ्यक्रम घटाउने वा बढाउने भन्ने निर्णय अर्कै समूहले गर्छ।"

अहिलेकै योजना अनुसार भयो भने आउने शैक्षिक सत्रमा नयाँ पाठ्यक्रम अनुसार पढाइ सुरु गरिने सरकारी योजना छ । सरकारले हाल कायम गरेको हप्ताको दुईदिने साप्ताहिक बिदा अनुसार पठनपाठनमा परेको भार घटाउने वा बढाउने काम पनि पाठ्यक्रम परिमार्जनकै क्रममा गरिने छ।

सामान्यतया मुलुकमा भएका राजनीतिक परिवर्तनमार्फत व्यक्त भएका जनचाहना समावेश गर्न, प्रविधिमा भएका परिवर्तन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवर्तित शैक्षिक मुद्दालाई सम्बोधन गर्ने गरी प्रारूप तयार पारिन्छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई विद्यालय शिक्षाको मूल मार्गदर्शक दस्तावेज मानिन्छ। विद्यालय शिक्षाको सुधारसम्बन्धी मार्गचित्र पनि यसैलाई मानिन्छ । नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय प्रारूप पहिलो पटक २०६३ सालमा तयार पारी कार्यान्वयनमा ल्याइएको थियो। त्यसलाई २०७१ सालमा परिमार्जन गरिएको थियो। त्यसपछि २०७२ सालमा संविधान जारी भएसँगै मुलुक सङ्घीय संरचनामा गएको थियो । सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको भूमिकालाई समेत व्यवस्थित गर्ने गरी २०७६ सालमा अर्को राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार पारिएको थियो।

दीर्घकालीन असर पर्ने निर्णय नगर्न निर्देशन

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालयमा दीर्घकालीन असर पर्ने निर्णय नगर्न त्यहाँका नेतृत्वलाई निर्देशन दिनुभएको छ।

तत्कालका लागि कामकाज गर्ने गरी जिम्मेवारी दिइएका विश्वविद्यालयका नेतृत्वहरूसँग मङ्गलबार अन्तर्क्रिया गर्दै मन्त्री पोखरेलले यस्तो निर्देशन दिनुभएको हो । छलफलमा विश्वविद्यालयका नेतृत्व तथा प्राध्यापकहरूसँग विश्वविद्यालयको कामकाज र योजनाबारे अन्तर्क्रिया भएको थियो।

विश्वविद्यालयहरूका सहकुलपतिसमेत रहनुभएका पोखरेलले विश्वविद्यालयमा नयाँ नेतृत्व नआउन्जेल त्यहाँको कामकाज प्रभावित हुन नदिन तथा अध्ययन अध्यापन कार्यलाई निरन्तरता दिन निर्देशन दिनुभयो। विश्वविद्यालयका परीक्षा, दैनिक शैक्षिक, आर्थिक तथा प्रशासनिक कामलाई निरन्तरता दिन पनि उहाँले निर्देशन दिनुभयो।

सरकारले जारी गरेको अध्यादेश अनुसार ती विश्वविद्यालयका पदाधिकारीको पद तत्कालका लागि रिक्त भएको छ। उक्त पदमा सरकारले तत्कालका लागि निमित्तका रूपमा त्यहाँकै वरिष्ठ प्राध्यापक तथा कर्मचारीलाई जिम्मेवारी दिएको छ।

आठ विश्वविद्यालयका रिक्त उपकुलपति नियुक्तिका लागि नयाँ कार्यविधि स्वीकृत गरी सोहीबमोजिम उपकुलपति छनोट प्रक्रिया सुरु गरिएको हो। नियुक्ति प्रक्रियामा पारदर्शिता, योग्यता प्रणाली र प्रक्रियागत निष्पक्षता बलियो बनाउन विज्ञ समितिमार्फत छनोट गर्ने व्यवस्थासहित 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' ल्याइएको हो।

सोही अनुरूप त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयका उपकुलपति पदका लागि दरखास्त आह्वान गरिएको थियो। दरखास्त दिने समय सोमबार नै समाप्त भइसकेको छ। बाँकी विश्वविद्यालयहरूमा पनि छिट्टै प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ।

प्रतिनिधि सभा निर्वाचनमा चार अर्ब छयानब्बे करोड खर्च

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

निर्वाचन आयोगले २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा चार अर्ब ९६ करोड ७८ लाख ३९ हजार ४५ रुपियाँको खर्च विवरण सार्वजनिक गरेको छ । आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले विज्ञप्तिमार्फत कुल मतदाता एक करोड ८९ लाख तीन हजार ६८९ लाई आधार मान्दा प्रतिनिधि सभा निर्वाचनमा प्रतिमतदाता सरदर २६३ रुपियाँ खर्च भएको जानकारी दिनुभएको हो।

उहाँका अनुसार निर्वाचन आयोगलाई सरकारले छ अर्ब ७१ करोड ९२ लाख ८७ हजार दुई सय रुपियाँ प्रदान गरेको थियो। उहाँले प्रतिनिधि सभा निर्वाचनमा निर्वाचन आयोग र मातहतका कार्यालय एवं आमनिर्वाचनको कार्य सम्पन्न गर्न बजेट व्यवस्था भएका सम्पूर्ण कार्यालयको बजेट निकासा खर्च तथा राजस्व र धरौटीसहित समग्र वित्तीय व्यवस्थापन पक्षको खुलासा हुने गरी एकीकृत हिसाब आयोगको वेबसाइटमा राखिएको जानकारी दिनुभएको छ।

आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचन सम्पन्न गराउन सहयोग गर्ने मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, निर्वाचन अधिकृत, सहायक प्रमुख जिल्ला अधिकारी, प्रमुख कोष नियन्त्रक, कोष नियन्त्रक, सुरक्षाकर्मीलगायत निर्वाचनमा खटिने तथा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेको छ।

ढाड कुप्राएर माइक्रो बसमा कष्टकर यात्रा

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

सार्वजनिक यातायातमा सिट क्षमताभन्दा बढी यात्रु राख्न पाइँदैन तर काठमाडौँ उपत्यकामा चल्ने अधिकांश सार्वजनिक सवारीमा भने यो नियम लागु भएको पाइँदैन। सुन्धारा, रत्नपार्कबाट छुट्ने माइक्रो बस होस् वा नेपाल यातायात र चक्रपथमा गुड्ने बस नै किन नहुन्; सिट क्षमताभन्दा बढी यात्रु कोचिएको हुन्छ।

काठमाडौँमा सार्वजनिक सवारीको यात्रा निकै कष्टकर हुने गरेको छ। साना सवारी तर यात्रु भने सिट क्षमताभन्दा दोब्बरले कोचाकोच गरेर राख्दा यात्रा कष्कटर छ। कार्यालय समयमा त झन् कष्टकर हुने गरेको छ। उभिनै नमिल्ने साना माइक्रो बसमा ढाड कुप्राएर उभिनुपर्ने बाध्यता छ।

सुन्धाराबाट टोखा जाने माइक्रो बस १४ सिटका हुन्छन् तर यात्रु भने २०/२२ जना कोचाकोच भरिएको छ। ट्राफिक प्रहरीका अगाडि क्षमताभन्दा बढी यात्रु राख्दा पनि कारबाही हुने गरेको छैन। कोटेश्वरबाट पुतलीसडक हुँदै चप्पल कारखाना पुग्ने नेपाल यातायातको हालत पनि त्यस्तै हो। अझ बर्सातको समयमा अझ कष्टकर हुने गरेको छ।

सुन्धारामा सामाखुसी जाने माइक्रो कुरिरहेकी दीपा पौडेलले भन्नुभयो, "काठमाडौँका गाडीमा चढ्न सारै दुःख हुन्छ। सिट पाउनै गाह्रो हुन्छ। कोचाकोच भएर उभिने पनि ठाउँ हुँदैन। अझ अफिस टाइममा त हिँड्न नपरे हुन्थ्यो जस्तो लाग्छ। महिलालाई त झन् कति गाह्रो छ कति।" कोचाकोच यात्रु बोक्ने सवारीमा अपागङ्ता भएका व्यक्तिले यात्रा गर्न सक्ने अवस्था नै नभएको उहाँको भनाइ छ।

सिट क्षमताभन्दा बढी यात्रु बोक्नुपर्ने बाध्यता कार्यालय समयमा छ । यात्रु र सवारी दुवैको बाध्यताले पनि कोचाकोच हुने गरेको छ। पौडेलले भन्नुभयो, "अर्को गाडी कुर्दा समय जान्छ, जुन गाडी आए पनि प्याक भएर आउँछ। के गर्ने, जसरी पनि जानुपर्ने बाध्यता छ। त्यसमाथि ट्राफिक जामको त कुनै नगरौँ। साँरै दुःखकष्टको यात्रा छ।"

उपत्यकामा सवारी सङ्ख्या कम भएर वा व्यवस्थापनको अभावले हो, सार्वजनिक सवारीमा यात्रा गर्न निकै कठिन छ। त्यसमाथि साँघुरा सडकमा हुने पट्यारलाग्दा ट्राफिक जामले पनि यात्रुले हैरानी भोगिरहेका छन् । महानगर यातायातका सचिव केशव नेपाल भन्नुहुन्छ, "गाडीहरू जति पनि छन्, हरेक दुई/तीन मिनेटमा गाडीहरू छुटेका हुन्छन्। एकछिन कुर्ने धैर्य छैन। एकछिन त हो भनेर झुन्डिएरै जानुहुन्छ। यात्रु पनि सचेत हुनु पर्छ।" सिट क्षमताभन्दा बढी यात्रु राख्नु जोखिमपूर्ण हो। यसले दुर्घटना बढाउँछ। काठमाडौँ उपत्यकाको बढ्दो सहरीकरण र जनसङ्ख्याले गर्दा पनि यस्तो यात्रा बाध्यता जस्तै भएको छ। सिट छैनभन्दा पनि यात्रु आफैँ कोचाकोच गर्न आउने गरेका नेपालको भनाइ छ । कार्यालय समयमा निकै गाह्रो हुन्छ। सबैलाई एउटै समयमा जानुपर्ने बाध्यता छ। उहाँले भन्नुभयो, "१०/१२ दिनअघि हाम्रै महानगर यातायातको बसको ढोकामा यात्रु झुन्डिँदा खस्नुभयो। वयोधा हस्पिटलमा उहाँको उपचार गरिरहेका छौँ, १० लाख रुपियाँ खर्च भइसक्यो। हामीलाई नै समस्या भइरहेको छ। यात्रुले मान्नुहुन्न, सबैलाई आफ्नै समस्या ठुलो लाग्छ। सबलाई हतार छ।"

उपत्यकामा ट्राफिक व्यवस्थापन र यात्रा सहज बनाउन ठुला बस पनि सञ्चालन गरिएका छन्। त्यसमाथि विद्युतीय बस थपिएका छन्। साझा यातायातलगायतका ठुला बस छन् तर समस्याको समाधान हुन सकिरहेको छैन।

ट्राफिक प्रहरीले पनि सिट क्षमताभन्दा यात्रु नराख्न अनुरोध गर्दै राखेमा कारबाही पनि गर्दै आएको छ । कार्यालय समयमा भने ट्राफिकले पनि कडाइ गर्न नसकेको अवस्था छ। काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले भन्नुभयो, "सिट क्षमताभन्दा बढी यात्रु राख्नेकालाई कारबाही गरिरहेका छौँ । गाडीचालकलाई पनि सचेत गराइरहेका हुन्छौँ। यात्रु पनि सचेत भएर यात्रा गर्नु पर्छ। हतार छ भन्दैमा कोचाकोच गरेर यात्रा गर्नु आफैँका लागि जोखिम हो ।" कार्यालय समयमा सार्वजनिक यातायातलाई प्राथमिकता दिनुपर्ने माग व्यवसायीले गर्दै आएका छन्। यस्ता समस्या समाधान गर्न पाँच वर्षअघि नै यातायात व्यवस्था विभागले रुट प्राथमिकीकरण योजना ल्याएको थियो तर कार्यान्वयन हुन सकेन । त्यसमा कुन सवारी कुन रुटमा र कति बेला हिँड्ने भन्नेसम्मको योजना थियो । सडकको अध्ययन गर्दागर्दै योजना लागु हुन सकेन। विभागका सूचना अधिकारी गणेशमानसिं राईले भन्नुभयो, "रुट प्राथमिकीकरणबारे विभागबाट अहिले केही भएको छैन। यो प्रदेशको क्षेत्राधिकारभित्र पर्छ।"

रुसका...

शिखर वार्तापछि दुवै नेताले संयुक्त घोषणापत्रमा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ।

उता युक्रेन युद्ध तीव्र भइरहेका बेला रुसले देशभरका हजारौँ सैनिक सहभागी गराउँदै तीन दिन लामो ठुलो स्तरको आणविक हतियार अभ्यास सुरु गरेको छ। किभले ड्रोन आक्रमणहरू बढाइरहेका र राष्ट्रपति पुटिन चीन भ्रमणमा जानुअघि भएको यो अभ्यासलाई रणनीतिक रूपमा महत्त्वपूर्ण सङ्केतका रूपमा हेरिएको छ। रुसी सेनाले मङ्गलबारदेखि बिहीबारसम्म सञ्चालन गर्ने उक्त अभ्यासमा आक्रमणको सम्भावित खतरा सामना गर्ने परिस्थितिमा आणविक शक्तिको तयारी र प्रयोगसम्बन्धी परीक्षण गरिने जनाएको छ। रक्षा मन्त्रालयका अनुसार यो अभ्यासले देशको आणविक क्षमता र आपत्कालीन अवस्थाको तयारीलाई सुदृढ बनाउने उद्देश्य राखेको छ।

रक्षा मन्त्रालयले जारी गरेको विवरण अनुसार यस अभ्यासमा ६५ हजारभन्दा बढी सैनिक सहभागी छन्। साथै सात हजार आठ सय प्रकारका उपकरण तथा हतियार प्रणाली प्रयोग गरिने छ, जसमा दुई सयभन्दा बढी मिसाइल प्रक्षेपण प्रणाली समावेश छन्। अभ्यासमा विमान, युद्धपोत, पनडुब्बी र आणविक पनडुब्बीसमेत सहभागी हुने जनाइएको छ।

प्रहरीको रणनीतिक योजना सार्वजनिक

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

नेपाल प्रहरीले नागरिककेन्द्रित, प्रविधिमैत्री तथा उत्तरदायी सेवा प्रवाहलाई प्राथमिकतामा राख्दै 'नेपाल प्रहरी रणनीतिक योजना, २०८३-२०८५' सार्वजनिक गरेको छ।

बदलिँदो अपराध प्रवृत्ति, प्रविधिको तीव्र विकास र नागरिक अपेक्षालाई सम्बोधन गर्ने लक्ष्यसहित तयार गरिएको यो योजना सङ्गठनलाई आधुनिक, वैज्ञानिक र प्रविधिमा आधारित संरचनामा रूपान्तरण गर्ने उद्देश्यले अघि सारिएको हो।

रणनीतिक योजना सार्वजनिक गर्दै प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले नेपाल प्रहरीलाई परम्परागत 'पुलिसिङ' बाट बाहिर निकालेर विश्लेषणात्मक सोच, डिजिटल प्रणाली र प्रविधिमा आधारित सेवा प्रवाहतर्फ अघि बढाइने बताउनुभयो। आइजिपी कार्कीले भन्नुभयो "सङ्गठनको वर्तमान अवस्था, शक्ति, कमजोरी, अवसर र चुनौती पहिचान गर्न 'स्वट' विश्लेषण गरी कार्ययोजना तयारी भइरहेको छ।"

उहाँले बदलिँदो विश्व परिवेश, प्रविधिको तीव्र विकास र नागरिक अपेक्षालाई ध्यानमा राखी कानुनविद्, मानव अधिकारकर्मी, सञ्चारकर्मी, विज्ञलगायत सरोकारवालासँग व्यापक छलफलपछि योजना तयार गरिएको बताउनुभयो । उहाँले विभिन्न क्षेत्रका सुझाव समेटेर सङ्गठनलाई थप पारदर्शी, प्रभावकारी र उत्तरदायी बनाउने लक्ष्य राखिएको बताउनुभयो।

योजनामा साइबर अपराध, सङ्गठित अपराध, आर्थिक अपराध तथा डिजिटल फरेन्सिक अनुसन्धानलाई उच्च प्राथमिकतामा राखिएको र विशेष गरी सम्पत्ति शुद्धीकरण तथा अन्तरदेशीय अपराध नियन्त्रणका लागि अनुसन्धान क्षमता र प्राविधिक दक्षता सुदृढ गरिने प्रहरी प्रधान कार्यालयले जनाएको छ।

नागरिक सेवा प्रवाहलाई डिजिटल प्रणालीमार्फत थप सहज बनाइने छ । गुनासा, उजुरी तथा सेवासम्बन्धी प्रक्रियालाई अनलाइन प्रणालीमार्फत दर्ता, अनुगमन र समाधान गर्ने व्यवस्था विस्तार गरिने योजना छ।

त्यस्तै महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा संवेदनशील समूहका लागि विशेष सेवा प्रणाली विकास गरिने छ। घरेलु तथा लैङ्गिक हिंसाका पीडितका लागि संवेदनशील सेवा विस्तार गर्दै समुदाय-प्रहरी साझेदारी सुदृढ बनाइने जनाइएको छ। समुदायमा आधारित अपराध रोकथाम, 'हटस्पट' प्रहरी परिचालन तथा समस्याकेन्द्रित सेवा प्रणालीलाई पनि योजनामा प्राथमिकता दिइएको छ । रणनीतिक योजनामा नीति तथा योजना, शान्तिसुरक्षा, अपराध अनुसन्धान, मानव स्रोत विकास, पूर्वाधार तथा सूचना प्रविधि गरी सात प्रमुख क्षेत्र समेटिएका छन्।

योजना कार्यान्वयनका लागि नियमित समीक्षा तथा डिजिटल ट्र्याकिङ प्रणालीमार्फत अनुगमन गरिने प्रहरीले जनाएको छ। प्रहरीले यो रणनीतिक योजना 'नवप्रवर्तन, इमानदारी र तत्परतामार्फत प्रहरी सेवाको रूपान्तरण' भन्ने मूल नार ासहित कार्यान्वयन गर्ने जनाएको छ।

प्रधान न्यायाधीशमा...

प्रक्रिया अघि बढाउने पनि उहाँको प्रतिबद्धतामा उल्लेख छ। कार्यबोझका आधारमा न्यायिक क्षेत्रमा जनशक्तिको व्यवस्था मिलान गर्नुपर्ने पनि उहाँको कार्ययोजनामा उल्लेख छ । फैसला कार्यान्वयनलाई अभियानका रूपमा सञ्चालन गर्ने पनि उहाँको प्राथमिकतामा छ।

न्यायाधीश नियुक्तिलाई योग्यता प्रणालीमा आधारित बनाउने शर्माको प्रतिबद्धता छ । नियुक्तिलाई विवादरहित, पारदर्शी र अनुमानयोग्य बनाउने उहाँको प्रतिबद्धता छ। उच्च अदालतमा न्यायाधीश नियुक्ति गर्दा जिल्ला अदालतका न्यायाधीश र सेवारत अधिकृतलाई प्राथमिकता दिने तथा सर्वोच्चमा विज्ञता माग हुने अवस्थामा बाहेक उच्च अदालतकै न्यायाधीशबाट नियुक्त गर्ने प्रतिबद्धतामा उल्लेख छ।

उहाँको प्रतिबद्धतामा भनिएको छ, "विषयगत विज्ञता माग हुने अत्यावश्यक अवस्थामा बाहेक सामान्यतः सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति गर्दा उच्च अदालतका न्यायाधीशहरूबाट गरिने छ।" मुद्दाको दर्तादेखि फैसला लेखनसम्मको चरणलाई सूचना प्रणाली प्रविष्ट गर्ने कार्य एक वर्षभित्र गरिसक्ने प्रतिबद्धता शर्माले गर्नुभएको छ। मिसिल कागज आफूलाई पायक पर्ने जुनसुकै अदालतमा प्रमाणित गरी लिनसक्ने व्यवस्था गर्ने पनि कार्ययोजनामा उल्लेख छ।

पूर्वाधार निर्माण र करसँग सम्बन्धित विवाद हेर्ने गरी अदालतमा छुट्टै इजलास सञ्चालन गर्नेलगायतका प्रबन्ध गर्ने प्रतिबद्धता पनि शर्माले जनाउनुभएको छ। कार्यसम्पादन चौमासिक रूपमा सार्वजनिक गर्ने प्रतिबद्धतासमेत शर्माले सुनुवाइका क्रममा जनाउनुभयो।

सांसदका प्रश्नमा शर्माको जवाफ

संसदीय सुनुवाइका क्रममा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै शर्माले प्रविधिमैत्री अदालतले न्यायमा ढिलाइको अन्त्य र पहुँच स्थापित गर्ने बताउनुभयो । प्रधान न्यायाधीशको नियुक्ति संविधानले बढुवाका रूपमा नलिई नियुक्तिका रूपमा लिएकाले वरिष्ठताको प्रश्न बलियो आधार नभएको उहाँको भनाइ छ। संवैधानिक निकायले गरेको नियुक्ति सिफारिसमा आफ्नो कुनै टिप्पणी नभएको पनि उहाँको भनाइ थियो।

तोकिएको अवधि पूरा गरेर न्यायाधीशमा नियुक्त भएकाले आफूलाई 'नेपोबेबी' का रूपमा आरोपित गर्नुको अर्थ नभएको उहाँले बताउनुभयो। अरूले बनाउने स्वतन्त्र धारणामा आफ्नो कुनै जवाफ नभएको उहाँको भनाइ थियो। आफ्नो योग्यता र क्षमतामा कुनै प्रश्न नरहेको र पारिवारिक नाता भएकै कारण कुनै पदमा नियुक्ति पाउनु हुँदैन भन्ने कानुनी व्यवस्था र न्यायिक मान्यतासमेत नरहेको शर्माको प्रस्टोक्ति छ।

न्यायमा पहुँच विस्तारका लागि वैतनिक कानुन व्यवसायीको सेवा, प्रोबोनो सेवालगायतलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो । आफ्नो सिफारिसविरुद्धको रिट दर्ता नभएको सम्बन्धमा आफूले कुनै टिप्पणी नगर्ने उहाँको भनाइ छ । अदालतमा न्यायाधीशभित्र कुनै पनि गुटबन्दी नरहेको पनि शर्माको भनाइ थियो।

नेपाललाई...

सोही टोलीले मङ्गलबार नै नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीसँग पनि भेटवार्ता गरेको छ । प्रहरी प्रधान कार्यालय नक्सालमा भएको भेटमा प्रहरी महानिरीक्षक कार्कीले नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी सघन निगरानीको सूची (ग्रेलिस्ट) बाट बाहिर निकाल्न चालिएका कदमबारे अवगत गराउनुभएको थियो । भेटमा नेपालले प्रस्तुत गरेको कार्ययोजनाको कार्यान्वयनमा प्रमुख कानुन कार्यान्वयन गर्ने निकायका रूपमा नेपाल प्रहरीको भूमिकाबारे विस्तृत छलफल भएको थियो।

प्रहरी महानिरीक्षक कार्कीले सम्पत्ति शुद्धीकरण निवारण प्रणालीलाई मजबुत बनाउन नेपाल प्रहरीले अन्य सरोकारवाला निकायसँग गरिरहेको प्रभावकारी समन्वय र कारबाहीको अवस्थाबारे जानकारी गराउनुभएको थियो।

यस्तै प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि, प्राविधिक सहयोग र आगामी कार्यदिशाका विषयमा समेत दुई पक्षबिच कुराकानी भएको थियो । भेटमा एपिजीका उपकार्यकारी सचिव डेभिड स्यान्नन र पोलिसी नीति अधिकारी किया सासलको सहभागिता थियो। उहाँहरूले वित्तीय अपराध नियन्त्रणका लागि सूचना आदानप्रदान, आपसी सहयोग र अन्तर्राष्ट्रिय समन्वयलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । एफएटिएफले २०८१ फागुन ९ मा नेपाललाई दुई वर्षका लागि 'ग्रे लिस्ट'मा राखेको थियो। नेपालले उक्त सूचीबाट बाहिर निस्कन १५ बुँदे आइसिआरजी कार्ययोजनामा प्रतिबद्धता व्यक्त गरी सो अनुरूप कार्य गरिरहेको छ।

बजेटमार्फत मध्यम वर्ग विस्तार

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत मध्यम वर्ग विस्तारको तयारी गरेको छ । अर्थमन्त्री डा. वाग्लेले मङ्गलबार सङ्घीय संसद्का दुवै सदनका बेग्लाबेग्लै बैठकमा आगामी आवको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताउपर उठेका प्रश्नको जवाफ दिँदै नागरिकको आय, सिप र अवसरमा पहुँच बढाउन यस्तो अवधारणा लागु गर्ने तयारी भएको जानकारी गराउनुभयो।

मध्यम वर्ग विस्तारको अवधारणा केही सीमित वर्गलाई मात्र सुविधा दिने भने नभएको उहाँको भनाइ थियो । "यसको मूल ध्येय गरिब, श्रमिक, किसान, भूमिहीन, सुकुमवासी र अवसरबाट वञ्चित समुदायको आर्थिक हैसियत माथि उठाउनु हो," उहाँले भन्नुभयो । सामाजिक न्यायलाई आर्थिक उन्नयनसँग जोड्न यस्तो अवधारणा ल्याइएको उहाँले प्रस्ट पार्नुभयो । अवसरको समानता र मध्यमवर्गको सुरक्षित विस्तारप्रति सरकार समर्पित रहेकोमा उहाँले जोड दिनुभयो।

मुख्य प्राथमिकता नै सुशासन

सरकारको मुख्य प्राथमिकता नै सुशासन भएकाले बजेटमा त्यसका लागि आवश्यक प्रणाली सुधारका कार्यक्रम समेटिने अर्थमन्त्री वाग्लेले उल्लेख गर्नुभयो । सुशासनबिना दिगो आर्थिक वृद्धि सम्भव नहुने उहाँको धारणा थियो । "भ्रष्टाचार, ढिलासुस्ती, बिचौलियातन्त्र र संस्थाहरूको अवैध कब्जाले राज्यको लागत मात्र बढाएको छैन, नागरिकको विश्वास पनि कमजोर बनाएको छ," उहाँले भन्नुभयो, "त्यसैले यो सरकार प्रणाली सुधारमार्फत आर्थिक सुधारको बाटोमा अघि बढेको हो।" वर्तमान सरकार 'खर्च गर्ने राज्य' नभई 'डेलिभरी दिने राज्य' निर्माणमा लागेको उहाँले बताउनुभयो।

सुस्त निर्णय प्रक्रिया, मिलेमतो, नीतिगत अन्योल, बिचौलियातन्त्र र संस्थागत दोहनका कारण मुलुकले ठुलो आर्थिक अवसर गुमाएकाले सरकारले 'सुशासनको लाभांश' भन्ने अवधारणा अघि सारेको पनि अर्थमन्त्री वाग्लेले जवाफका क्रममा उल्लेख गर्नुभयो। सरकारको आर्थिक सोच लोकतान्त्रिक मूल्यमा आधारित, प्रतिस्पर्धात्मक, उत्पादनमुखी र सामाजिक न्यायसहितको उदार अर्थतन्त्र भएको उहाँले जानकारी दिनुभयो । "हामी राज्यलाई सबै कुरा आफैँ गर्ने संरचनाका रूपमा होइन, नागरिक, निजी क्षेत्र र समाजको क्षमता विस्तार गर्ने सक्षम र उत्तरदायी संस्थाका रूपमा हेर्छौँ," उहाँले भन्नुभयो। सरकारको प्रभावकारी नियमन र सहजीकरणमा निजी क्षेत्रले उडान भर्ने अवधारणा अनुरूप अर्थतन्त्रलाई उत्पादन, नवप्रवर्तन, उद्यमशीलताद्वारा सञ्चालित गतिशील अर्थतन्त्रमा रूपान्तरण गरिने पनि उहाँले बताउनुभयो।

बजेटलाई सुशासनको लाभांश, अर्थतन्त्रको पुनर्संरचना, एकीकृत पूर्वाधार, सामाजिक लगानी र बहुआयामिक अन्तर ष्ट्रिय सम्बन्धमा केन्द्रित गरी यसकै आधारमा प्राथमिकताहरू निर्माण गरेको अर्थमन्त्री वाग्लेले बताउनुभयो । सरकारको संविधानप्रतिको प्रतिबद्धतालाई संसद्मा पटक पटक दोहोऱ्याउनुपर्ने बाध्यता खेदजनक रहेको टिप्पणी गर्दै उहाँले सरकारको संविधानप्रतिको प्रतिबद्धतामाथि प्रश्न गर्नु अनावश्यक रहेको समेत बताउनुभयो।

प्रतिपक्षका सांसदहरूलाई परिवर्तनको यात्रामा अवरोध होइन, रचनात्मक सहयोगको सहयात्री बन्न आग्रह गर्दै अर्थ मन्त्री डा. वाग्लेले सरकारले आफ्नो अध

स्थानीय तथा राष्ट्रिय समस्याबारे ध्यानाकर्षण

राष्ट्रिय समाचार समिति
काठमाडौँ, जेठ ५ गते

प्रतिनिधि सभा र राष्ट्रिय सभाको मङ्गलबारको बैठकको शून्य समयमा सांसदले स्थानीय तथा राष्ट्रिय समस्याका बारेमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

सांसद टीका सङ्ग्रौलाले कर्णाली र सुदूरपश्चिम क्षेत्रको विकासका निम्ति राज्यले लगानी बढाउनुपर्ने माग गर्नुभएको छ। प्रतिनिधि सभाको बैठकको शून्य समयमा बोल्दै उहाँले भन्नुभयो, "काठमाडौँमा रेल र सुरुङमार्गको चर्चा चलिरहँदा कर्णालीमा डोकामा बिरामी बोकेर घन्टौँ हिँड्नुपर्ने अवस्था छ। सहरमा अवसरको बहस भइरहँदा मधेशका युवा तातो घाममा बेरोजगार हिँडिरहेका छन्। राजधानीमा डिजिटल प्रविधिको कुरा चलिरहँदा नेटवर्क समस्याका कारण फोनमा कुरा गर्न पनि रुखमा चढ्नुपर्ने अवस्था छ, सुदूरपश्चिमका पहाड विकासको तीव्र प्रतीक्षामा छन्।"

सांसद प्राडा चन्द्रमोहन यादवले भन्नुभयो, "धनुषा निर्वाचन क्षेत्र नं. ४ स्थित मिथिला नगरपालिका-७ मा डेडिकेटेट ट्रमा सेन्टरका लागि करिब चार बिघा जग्गा प्राप्त भइसकेको छ तर अहिलेसम कहाँ फाइल अड्किएको हो भन्ने थाहा पाउन सकिएको छैन। हाम्रो जस्तो देश, जहाँ शिक्षा र स्वास्थ्यमा बढी लगानी हुनु पर्छ, त्यसैले डेडिकेटेट ट्रमा सेन्टर निर्माणका काम अगाडि बढाउन माग गर्दछु।"

सांसद जगतप्रसाद जोशीले सडक निर्माण, पुनर्निर्माण, स्वास्थ्यचौकी, खानेपानी ट्याङ्की निर्माणलगायत विकास निर्माणमा सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले भन्नुभयो, "निर्वाचनमा वाचा गरेका छौँ, सडक ठिक समयमा बन्ने छन्, भ्रष्टाचार बन्द हुने छ, औसत आयमा वृद्धि हुने छ, शिक्षाको सूचकाङ्क वृद्धि हुने छ। यी सबै उपलब्धि पूरा हुन सबै काम समयमा पूरा हुन जरुरी छ, त्यसका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारबिच मिलेमतो हुन जरुरी छ।"

शून्य समय

सांसद जगदीश खरेलले ललितपुर जिल्लाका विभिन्न स्थानबाट मूर्तिकला चोरी भएको जनाउँदै कला र संस्कृतिको संरक्षणमा ध्यान दिन सरकारसँग आग्रह गर्नुभयो।

यसै गरी सांसद जगदीश खरेल (दोलखा), जनकराज गिरी, जनकसिंह धामी, झविलाल डुम्रे, ठाकुरसिंह थारू, तारा विश्वकर्मा, ताहीर अली भाट, तौफिक अहमत खान, दीपककुमार साह (सुनसरी), धनञ्जय रेग्मी, धनेन्द्र कार्की, धर्मराज केसी, ध्रुवराज राई, नरेन्द्रकुमार केरुङ, नरेन्द्रकुमार गुप्ता, नीतिमा भण्डारी (कार्की), निराशा चौधरी (डगौरा), निशा डाँगी, निस्कल राई, निनुकुमारी कर्ण, पवित्रा विक, परशुराम तामाङ, पार्वती विक, पुकार बम, पुरुषोत्तम सुप्रभात यादव, पुष्पाकुमारी चौधरी, प्रकाश गौतम, प्रकाश पाठक, प्रदीप विष्ट, प्रभा ढकाल, प्रमिलाकुमार गच्छदार, प्रमिला कुलुजू, प्रशान्त उप्रेतीले प्रेमबहादुर बयक, प्रेमलाल चौधरी, बदनकुमार भण्डारी र बब्लु गुप्तालगायतले स्थानीय तथा राष्ट्रिय समस्याका बारेमा सदनमार्फत सरकारलाई अवगत गराउनुभयो।

राष्ट्रिय सभाको बैठकको शून्य समयमा सांसद गोमादेवी तिमिल्सिनाले पछिल्लो समय हत्या, हिंसा, लुटपाट, डकैती जस्ता घटना बढ्दै गएको उल्लेख गर्दै सरकारसँग सुरक्षाको सुनिश्चितता गर्न आग्रह गर्नुभयो।

सांसद दुर्गा गुरुङले भन्नुभयो, "१३२ केभी प्रसारण लाइनको देउराली र चिसापानीका बिचमा रहेको टावर हुरीबतासले लडाएपछि पुरानो ३३ केभी लाइनबाट काम चलाइरहेको छ। अहिले सुर्खेतमा १३२ केभी प्रसारण लाइन अवरुद्ध हुँदा सुर्खेतलगायत आसपासको क्षेत्रमा न्यून भोल्टेज हुँदा बिजुलीबत्तीबाट चल्ने घरेलु उपकरण पनि चल्न सकेको छैन, समस्या समाधान गर्न छिटो पहल गरियोस्।"

सांसद नारायणदत्त मिश्रले न्यायपालिकालाई स्वतन्त्र र निष्पक्ष रहन दिनुपर्ने धारणा राख्नुभयो। सांसद भुवनबहादुर सुनारले सुकुमवासी समस्या जतिसक्दो चाँडो समाधान गर्नुपर्ने उल्लेख गर्नुभयो।

सांसद सोनाम गेल्जेन शेर्पाले सोलुखुम्बु जिल्लामा रहेको जलविद्युत् आयोजना समयमै सम्पन्न गर्नुपर्ने बताउनुभयो। सांसद सुरेशकुमार आलेमगर, मोहमद खालिद, युवराज शर्मा र राजेन्द्र लक्ष्मी गैरेले देशको समसामयिक विषयमा सरकारसँग चासो राख्नुभयो।

प्रशासनिक संरचना निर्माण
रुख कटानको तयारी अन्तिम चरणमा

स्मिता अर्जेल
मकवानपुरगढी, जेठ ५ गते

बागमती प्रदेश सरकार गठन भएको सात वर्षपछि आफ्नै स्थायी प्रशासनिक केन्द्र निर्माणका प्रक्रिया अन्तिम चरणमा पुगेको छ।

मकवानपुरको हेटौँडा उपमहानगरपालिका-१६ र १७ स्थित वनक्षेत्रमा एकीकृत प्रशासनिक संरचना निर्माण गर्ने तयारीस्वरूप अहिले धमाधम रुख छपान गर्ने काम भइरहेको छ। लामो समयदेखि प्रदेश सरकार भाडाका घर र साँघुरा सरकारी भवनबाट सञ्चालन हुँदै आएकोमा अब निर्माणतर्फ अघि बढेको छ।

सङ्घीय सरकारबाट वनक्षेत्र उपयोगको अनुमति पाएसँगै प्रदेश सरकारले प्रशासनिक संरचना निर्माणको कामलाई तीव्रता दिएको छ। डिभिजन वन कार्यालय हेटौँडाका प्रमुख राकेश चन्द्रवंशीका अनुसार हेटौँडा उपमहानगरपालिका-१६ र १७ मा रहेको ३१.२ हेक्टर वनक्षेत्र प्रदेश सरकारलाई भोगाधिकारस्वरूप उपलब्ध गराइएपछि वनक्षेत्र खाली गर्ने प्रक्रिया अघि बढाइएको हो।

उक्त क्षेत्रमध्ये २७.५७ हेक्टर घ्याम्पे र चुरेकाली सामुदायिक वनभित्र पर्छ भने बाँकी ३.४५ हेक्टर विद्यालय तथा सार्वजनिक जग्गा रहेको छ। प्रदेश मन्त्रीपरिषद्को २०८२ चैत १ गतेको निर्णय अनुसार प्रदेश सरकारले प्रशासनिक भवन निर्माणका लागि वनक्षेत्र उपयोग गर्ने अधिकार पाएको थियो। त्यसयता सङ्घीय सरकारसँगको समन्वय, वातावरणीय स्वीकृति र वन उपयोगसम्बन्धी प्रक्रिया पूरा भएपछि अहिले रुख कटान अन्तिम चरणमा पुगेको हो।

वन कार्यालयका अनुसार निर्माण क्षेत्रभित्र रहेका विभिन्न प्रजातिका पाँच हजार २२६ वटा रुख तथा पोल हटाउन अनुमति दिइसकिएको छ। छपानको काम चार/पाँच दिनभित्र सकिएपछि कटान सुरु गरिने तयारी छ। काटिएका रुख सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिलाई हस्तान्तरण गरिने जनाइएको छ।

वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार आयोजना कार्यान्वयनका क्रममा पाँच हजार २४४ वटा रुख काटिने छन्। तीमध्ये सबैभन्दा धेरै दुई हजार ३७२ सिसौ र एक हजार ९३७ खोटे सल्लाका रुख छन्। कटानबाट करिब एक हजार ६४३ घनमिटर काठ र एक हजार ६४२ घनमिटर दाउरा उत्पादन हुने अनुमान गरिएको छ।

वन तथा भूसंरक्षण विभाग र बागमती प्रदेश सरकारबिच वनक्षेत्र उपयोगसम्बन्धी औपचारिक सम्झौता गत वैशाख २८ गते सम्पन्न भएको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयले विभागसँग सहमति गरेपछि निर्माण प्रक्रिया औपचारिक रूपमा अघि बढेको हो।

प्रदेश सरकारले रुख कटानबापत क्षतिपूर्तिस्वरूप नयाँ बिरुवा रोपण तथा संरक्षणका लागि तीन करोड ४१ लाख रुपियाँ वन विकास कोषमा जम्मा गरिसकेको जनाएको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्ठाले चालु आर्थिक वर्षभित्रै निर्माण कार्य सुरु गर्ने लक्ष्य रहेको बताउनुभयो। उहाँका अनुसार राष्ट्रिय भवन संहितामा भएको परिवर्तन र प्रदेश सरकारको मन्त्रालय सङ्ख्या घटाइएकाले पुरानो डिजाइनमा प्राविधिक परिमार्जन गरिएको छ।

"सङ्घीय सरकारसँगको अधिकांश समन्वय पूरा भइसकेको छ," सचिव मरहट्ठाले भन्नुभयो, "अब रुख कटान, जग्गा व्यवस्थापन र निर्माण प्रक्रिया सँगसँगै अघि बढ्छ।" प्रदेश सरकारले निर्माण गर्न लागेको एकीकृत प्रशासनिक संरचनामा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसहित आठ वटा मन्त्रालय, प्रदेश सभा भवन, सुरक्षा निकायका कार्यालय, लोक सेवा आयोग, नीति तथा योजना आयोग, बैङ्क, क्याफेटेरिया तथा शिशु स्याहार केन्द्रसहित २५ वटा आधुनिक संरचना रहने छन्।

हेटौँडा बजारदेखि करिब ११ किलोमिटर पूर्वमा पर्ने उक्त क्षेत्र २०७६ सालदेखि कानुनी र प्रशासनिक प्रक्रियामा अड्किएको थियो। सङ्घीयमन्त्री परिषद् को निर्णयपछि मात्रै योजना कार्यान्वयनको चरणमा प्रवेश गरेको हो।

स्थायी प्रशासनिक केन्द्र निर्माण स्थलमा रुख छपान गरिँदै ।

वित्तीय साक्षरता अभिवृद्धिमा मेलम्ची नगरपालिका

चौतारा समाचारदाता
चौतारा, जेठ ५ गते

मेलम्ची नगरपालिकाले स्थानीय व्यवसायी, उपभोक्ता तथा सरोकारवालामा वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले कर शिक्षा तथा वित्तीय साक्षरतासम्बन्धी विविध कार्यक्रम सञ्चालन गरेको छ।

नगरपालिकाले आर्थिक व्यवस्था तथा समन्वय गर्दै मेलम्ची नगर उद्योग वाणिज्य सङ्घको सहकार्यमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै आएको हो। यसैक्रममा वडा नं. १ स्थित भोटेचौरमा आयोजित वित्तीय साक्षरता कार्यक्रममा वित्तीय क्षेत्रमा आबद्ध नागरिकलाई कर प्रणाली, बैङ्किङ सेवा तथा आर्थिक व्यवस्थापनसम्बन्धी परामर्श प्रदान गरिएको थियो।

कृषि, पर्यटन र पर्यावरणीय सम्भावनाले भरिपूर्ण भोटेचौर क्षेत्रका नागरिक तथा व्यवसायीको उल्लेखनीय सहभागिता रहेको कार्यक्रममा वक्ताले आर्थिक सशक्तीकरणका लागि वित्तीय साक्षरता अपरिहार्य रहेको धारणा व्यक्त गरेका छन्।

मेलम्ची नगरपालिकाकी उपप्रमुख उमा प्रधानले स्थानीय उत्पादन प्रवर्धन, आर्थिक अनुशासन तथा व्यावसायिक पारदर्शितामा स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो। उहाँले व्यवसायीलाई कर प्रणालीप्रति जिम्मेवार बन्न आग्रह गर्दै करदाताको सक्रिय सहभागिताबाट मात्रै स्थानीय सरकारको सेवा प्रवाह प्रभावकारी बन्ने धारणा राख्नुभयो।

कार्यक्रममा आन्तरिक राजस्व कार्यालय धुलिखेलका कर अधिकृत रमेश न्यौपाने र टीकाराम शर्माले प्यान, भ्याट दर्ता, खारेजीलगायत कर शिक्षासम्बन्धी विषयमा प्रशिक्षण दिनुभएको थियो। सो अवसरमा बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधिले वित्तीय साक्षरतासम्बन्धी आधारभूत ज्ञान आमनागरिकसम्म पुऱ्याउन सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

मेलम्ची नगरपालिकाका राजस्व शाखा प्रमुख राजेन्द्र दुलालले आर्थिक ऐनमा समेटिएका करका दर तथा स्थानीय तहले सङ्कलन गर्ने राजस्वसम्बन्धी जानकारी दिनुभयो।

संस्कृत गुरुकुलम्लाई खाद्यान्न सहयोग

हेटौँडा समाचारदाता
हेटौँडा, जेठ ५ गते

मकवानपुरको हेटौँडा उपमहानगरपालिका-१८, हर्नामाडी ठुलोदमारस्थित वैदिक संस्कृत गुरुकुलम्का लागि एक वर्षसम्मको खाद्यान्न सहयोग सुनिश्चित भएको छ। मुठीदान र स्थानीय सहयोगबाट सञ्चालन हुँदै आएको गुरुकुलम्का विद्यार्थीका लागि अब नियमित खाद्यान्न अभाव नहुने भएको छ।

जगद्गुरुत्तम कृपालुजी महाराजको स्मृतिमा जगद्गुरुत्तम मन्दिर अध्यात्म केन्द्रले गुरुकुलम् मा अध्ययनरत वटुकका लागि एक वर्षसम्म निःशुल्क खाद्यान्न उपलब्ध गराउने सहमति गरेको छ। केन्द्रका व्यवस्थापक नीरज निरौला र वैदिक संस्कृत गुरुकुलम् व्यवस्थापन समितिका अध्यक्ष सीता विष्टबिच समझदारीपत्रमा हस्ताक्षर भएको छ।

समझदारी अनुसार गुरुकुलम्का विद्यार्थीका लागि आवश्यक खाद्यान्न मासिक रूपमा निःशुल्क उपलब्ध गराइने छ। साथै विद्यार्थीको भोजन व्यवस्थापन, सङ्गीत प्रशिक्षण तथा सामाजिक र आध्यात्मिक गतिविधिमा समेत सहकार्य गरिने जनाइएको छ। हेटौँडा उपमहानगरपालिका-१८ का वडाध्यक्ष अनिल बानियाँले धार्मिक तथा शैक्षिक संस्थाबिचको सहकार्यले समाजमा सकारात्मक सन्देश प्रवाह हुने बताउनुभयो।

राधा माधव समिति नेपालका कार्यवाहक अध्यक्ष सुरेशप्रकाश आचार्यले संस्कृत शिक्षा संरक्षण र विद्यार्थीको आधारभूत आवश्यकता पूरा गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो। तीन वर्षअघि स्थापना गरिएको वैदिक संस्कृत गुरुकुलम्मा हाल २० जना बालक अध्ययनरत छन्। तीमध्ये १५ जना दलित समुदायका रहेका छन्। मकवानपुर, सुनसरी, सर्लाही र बाराबाट आएका विद्यार्थी गुरुकुलमा अध्ययन गरिरहेका छन्। गुरुकुलम्मा कक्षा ६ देखि ८ सम्म अध्यापन हुने गरेको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्टका अनुसार मुठीदान, वडा कार्यालय र स्थानीय सहयोगबाट गुरुकुलम् सञ्चालन हुँदै आएको छ।

सफाइ महाअभियानले ल्याएको परिवर्तन

भउचप्रसाद यादव
काठमाडौँ, जेठ ५ गते

'राष्ट्रका लागि हप्तामा दुई घण्टा स्वयंसेवा' भन्ने मूल नाराका साथ विसं २०७० जेठ ५ गते सुरु भएको बागमती सफाइ महाअभियान १४ औँ वर्षमा प्रवेश गरिसकेको छ। यो महाअभियान आउँदो शनिबारदेखि ६८० औँ हप्तामा प्रवेश गर्दै छ। महाअभियानको यस अवधिमा बागमती नदीबाट २० हजार मेट्रिक टन फोहोर सङ्कलन भई व्यवस्थापन भइसकेको छ। यो महाअभियान सुरु हुँदा हलचलसमेत नहुने बागमतीमा अहिले सलल पानी बगेको देखिन्छ।

तत्कालीन मुख्य सचिव लीलामणि पौड्यालको सक्रियता र नेतृत्वमा सुरु भएको यस महाअभियानमा अहिलेसम्म १५ लाख जनाभन्दा बढीले स्वस्फूर्त रूपमा योगदान गरिसकेका छन्। अहिलेसम्म उहाँकै नेतृत्वमा यो महाअभियान जारी छ। १४ औँ वर्षमा प्रवेशको अवसरमा अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको आयोजनामा मीनभवनस्थित बागमती किनारमा मङ्गलबार विशेष कार्यक्रमको आयोजना गरियो। कार्यक्रमका प्रमुख अतिथि पूर्वमुख्य सचिव पौड्यालले बागमती किनारमा १४ वटा रुख रोपिएको जानकारी दिनुभयो। मीनभवनस्थित बानेश्वर क्याम्पसअगाडि सो रुख रोपिएको थियो।

यस सफाइ महाअभियान अन्तर्गत २०८४ जेठ ५ गतेसम्म देशभरि १४ हजार रुख रोप्ने योजना रहेकोसमेत उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार वन विभाग र विभिन्न स्थानीय तहको सहकार्यमा रुख रोपिने छ। बागमती सफाइकै प्रेरणाले देशभरिकै नदीनाला, तालतलैया र विभिन्न जलाशयमा सफाइ अभियान सुरु भएको बताउँदै उहाँले भन्नुभयो, "यो सफाइ अभियान सुरु भएका बेला नदीनाला र तालतलैया सफा गर्नु पर्छ भने चेतना देखिएको थिएन तर अहिले सरसफाइ अभियान राष्ट्रव्यापी नै चलेको छ। अहिले त सरकारले सरसफाइ सप्ताह नै सञ्चालन गरेको छ। यो सबै बागमती सफाइ महाअभियानकै देन हो जस्तो लाग्छ र हाम्रो लागि यो गौरवको विषय पनि हो।"

उहाँले थप्नुभयो, "यो अभियान सुरु भएको बेला काठमाडौँ उपत्यकाको कुनै पनि नदी र खोलामा पानी नबग्ने र हलचल हुने अवस्था थिएन। खोलानाला मृत अवस्थामा पुगिसकेका थिए। नदीनालामा जलचर थिएनन् तर अहिले सबैमा कल कल पानी बगेको देखिन्छ। खोलानालाको किनार फोहोर व्यवस्थापन गर्ने ठाउँ बनेको थियो तर अहिले ती ठाउँमा रङ्गीचङ्गी फूल फुलेका छन्। पार्क निर्माण गरिएका छन्। मानिसको घुमफिर गर्ने, शारीरिक व्यायाम र विश्राम गर्ने तथा फुर्सदको समय बिताउने स्थलका रूपमा विकास भएका छन्। यी सबै बागमती सफाइ अभियानको प्रतिफल हो।" अहिले बागमती किनारको विभिन्न क्षेत्रमा तीन दर्जन पार्क निर्माण भएका र छ हजार रुख हुर्काइएको उहाँले जानकारी दिनुभयो।

नदी सरसफाइ अभियन्ता नारायण गिरीले राज्य वा व्यक्तिबाट एक रुपियाँ पनि सहयोग नलिई सबभन्दा लामो समयसम्म सञ्चालन हुने यो मुलुककै पहिलो सफाइ अभियान रहेको जानकारी दिनुभयो। बागमतीबाट सुरु भएको यो अभियान देशका विभिन्न १०८ भन्दा बढी स्थानमा विस्तार भएको छ। उहाँले भन्नुभयो, "यस अभियानबाट नदीनाला सफा हुनुका साथै देशभरि नै सफाइ अभियान सुरु भएको छ। नदीनाला, तालतलैयालगायतका सार्वजनिक स्थल सफा राख्नु पर्छ भन्ने आमनागरिकमा चेतनाको समेत विकास भएको पाइएको छ।"

फरक फरक काम

अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति र बागमती सफाइ महाअभियानले फरक फरक किसिमले बागमतीलगायत काठमाडौँको खोलानालाको सरसफाइको काम गर्दै आएको छ। समिति नेपाल सरकारको निकाय हो भने सफाइ महाअभियान स्वयंसेवीको अभियान हो। समितिले राज्यको बजेट खर्च गर्ने गर्छ भने अभियानमा सहभागी श्रमदान गर्दै आएका छन्। समितिका सूचना अधिकारी उद्धव नेपालले बागमती सरसफाइ, सौन्दर्यीकरण, ढल निर्माणलगायतका विभिन्न संरचना निर्माणमा अहिलेसम्म करिब २३ अर्ब रुपियाँ खर्च भइसकेको जानकारी दिनुभयो।

वडाद्वारा निःशुल्क शिक्षा

मकवानपुर समाचारदाता
मकवानपुर, जेठ ५ गते

हेटौँडा उपमहानगरपालिका-१८, हर्नामाडीस्थित ज्योति माध्यमिक विद्यालयमा कक्षा ११ मा निःशुल्क अध्ययनको व्यवस्था गरिने भएको छ।

शैक्षिक सत्र २०८३ मा कक्षा ११ मा अभिभावकबाट कुनै शुल्क नलिई विद्यालयमा अध्ययनको व्यवस्था मिलाइने भएको हो।

माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ मा विद्यालयबाट सहभागी ग्रेडेड भएका विद्यार्थीलगायतको सम्मानमा आयोजित कार्यक्रममा हेटौँडा उपमहानगरपालिका-१८ का वडाध्यक्ष अनिलकुमार बानियाँले ११ कक्षामा निःशुल्क शिक्षाको घोषणा गर्नुभएको हो।

उहाँले शैक्षिक सत्र २०८३ मा कक्षा ११ मा विद्यालय अध्ययन गर्ने विद्यार्थीले तिर्नुपर्ने सबै शुल्क वडा कार्यालयले बेहोर्ने बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हर्क रम्तेलले निःशुल्क शिक्षाले अध्ययन गर्न चाहने तर आर्थिक रूपमा विपन्न विद्यार्थीलाई सहयोग पुग्ने बताउनुभयो। विद्यालयमा हाल कक्षा ११ र १२ मा व्यवस्थापन र शिक्षा तथा सिटिइभिटीतर्फ सूचना प्रविधि विषयमा तीन बर्से डिप्लोमाको अध्यापन हुँदै आएको छ। विद्यालयबाट एसइईमा ४१ जना ग्रेडेड भएका थिए।

दुईदिने बिदाले भेटी वृद्धि

प्रसिद्ध कालिञ्चोक भगवती मन्दिर ।

दोलखा समाचारदाता
दोलखा, जेठ ५ गते

दोलखाको उच्च स्थानमा रहेका मुख्य पर्यटकीय क्षेत्र कालिञ्चोक भगवती मन्दिरमा धार्मिक पर्यटक बढेसँगै एक महिनामै १४ लाख रुपियाँभन्दा बढी भेटी सङ्कलन भएको छ।

सरकारले दिएको सातामा दुई दिनको सार्वजनिक बिदाका कारण यहाँ धार्मिक पर्यटकको उल्लेख्य वृद्धि भएकाले वैशाख महिनामा मात्र १४ लाख २५ हजार २८० रुपियाँ भेटी सङ्कलन भएको कालिञ्चोक भगवती मन्दिर गुठी व्यवस्थापन समिति अध्यक्ष चन्द्रकुमार लामाले जानकारी दिनुभयो। प्रसिद्ध कालिञ्चोक भगवतीको मन्दिर समुद्रीसतहदेखि तीन हजार ८४२ मिटर उचाइमा रहेको छ। यहाँ प्रायः पर्यटक आउने भए पनि साताको दुईदिने बिदाले अत्यधिक धार्मिक पर्यटक भित्रिने गरेका छन्। भेटी सङ्कलन अहिलेसम्मकै उच्च भएको अध्यक्ष लामाले जानकारी दिनुभयो।

२०८२ असोज १० गतेबाट गुठी व्यवस्थापन समिति बनेको हो। पाँच, १० र २० का नोट र एक/दुई रुपियाँको सिक्का बैङ्कले नलिएपछि करिब १३ लाख रुपियाँ बचत हुन नसकेको उहाँले बताउनुभयो। एक वर्षको अवधिमा ७३ लाख रुपियाँ बचत भएको छ। अहिले पुजारी नहुँदा भक्तजन आफैँले पूजा गर्ने गरेका छन्। पुजारी नियुक्तिका लागि सूचना प्रकाशित गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो।

वैशाख पहिलो साता मात्रै ४५ हजारभन्दा बढी पर्यटकले कालिञ्चोक भ्रमण गरेको व्यवसायी विमल ओझाले बताउनुभयो। पछिल्लो समय ट्राभल एजेन्सीले दुई दिन बिदाको अवसर पारेर कालिञ्चोकको कम्बो प्याकेज टुर सञ्चालन गर्न थालेका छन्।

प्लास्टिकका झोला प्रतिबन्ध

हेटौँडा समाचारदाता
हेटौँडा, जेठ ५ गते

पश्चिम मकवानपुरको मनहरी गाउँपालिकाले कम गुणस्तरका प्लास्टिक झोलाको प्रयोगमा पूर्ण प्रतिबन्ध लगाएको छ। गाउँपालिकाले सूचना जारी गर्दै वातावरणीय प्रदूषण नियन्त्रण गर्ने उद्देश्यले ४० माइक्रोनभन्दा कम मोटाइका प्लास्टिक झोलाको आयात, बिक्रीवितरण तथा प्रयोगमा रोक लगाएको जनाएको हो।

गाउँपालिकाले 'प्लास्टिक झोला नियमन तथा नियन्त्रण निर्देशिका, २०८२' बमोजिम पालिका क्षेत्रभित्र उक्त व्यवस्था लागु गरिएको जनाएको छ। अबदेखि बजारमा ४० माइक्रोन वा सोभन्दा बढी मोटाइका प्लास्टिक झोला वा कपडा तथा जुटका झोला मात्र प्रयोग गर्न अनुरोध गरिएको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीद्वारा हस्ताक्षरित सूचनामा प्रत्येक घर तथा व्यवसायबाट निस्कने कुहिने र नकुहिने फोहोर अनिवार्य रूपमा छुट्याएर मात्र सङ्कलन गाडीमा पठाउनुपर्ने उल्लेख गरिएको छ।

सूचनामा नियम उल्लङ्घन गरी कम गुणस्तरका प्लास्टिक झोला प्रयोग गरेमा वा फोहोर वर्गीकरण नगरेमा सामग्री जफतसहित कानुनी कारबाही तथा जरिबाना गरिने चेतावनी दिइएको छ।

जिल्ला समन्वय समितिको कार्यालय
तानसेन,पाल्पा

धरौटी सदर स्याहा सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः- २०८३/०२/०६)

साविक जिल्ला विकास समितिको कार्यालय, पाल्पाबाट यस कार्यालयको नाममा अ.ल्या. भई आएको तथा आ.व.०८१/०८२ सम्म विभिन्न फर्म,कम्पनी,निर्माण व्यवसायी तथा व्यक्तिहरुको नाममा बाँकी रहेको धरौटी रकम फिर्ता पाउनु पर्ने कुनै आधार/प्रमाण भएमा यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र ।) दिन भित्र आवश्यक प्रमाणसहित कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र धरौटी फिर्ता माग नभएमा वा प्रमाण पेश नभएमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६७ र ६८ बमोजिम सदर स्याहा गरी नेपाल सरकारको राजश्व खातामा आम्दानी बाँधिने व्यहोरा समेत सबैलाई सूचित गरिन्छ । धरौटीको नामनामेसी सहित विस्तृत विवरण कार्यालयको वेबसाइट **dccpalpa.gov.np** मा राखिएको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

Panchapuri Municipality
Office of Municipal Executive
Babiyachaur, Surkhet
Karnali Province, Nepal
FY 2083/83 Date : 2026, May 20

Subject: Issuance Of Letter Of Intent To Award The Contract.

As per the clause 27 sub-clause (2) of Public procurement act 2063, this is to notify to all concerned bidders that it is our intention to award the contract dated 2082-10-20 for the execution of Chature Dahatal Sadak Nirman contract ID PMO/SKT/NCB/WORKS/082/83-04 to BNS-LB JV as bid price of Nepalese Rupees 2,62,26,321.92 (Two crore sixty two lakhs twenty six thousands three hundred twenty one rupees and ninty two paisa) as corrected and modified in accordance with the instruction of bidders is hereby selected as substantially responsive lowest evaluated bid.

Chief Administrative Officer

नेपाल राष्ट्र बैंक
पोखरा, कार्यालय
प्रकाशित मितिः २०८३/०२/०६

श्री सेन्ट्रल एक्स्चेञ्ज काउण्टर प्रा.लि.पोखरा-०६, कास्कीको मनिचेञ्जर सम्बन्धी इजाजतपत्र खारेज गरिएको सम्बन्धमा जारी गरिएको सूचना

यस बैंकबाट परिवर्त्य विदेशी मुद्राको खरिद कारोबार गर्न इजाजतपत्रप्राप्त श्री सेन्ट्रल एक्स्चेञ्ज काउण्टर प्रा.लि., पोखरा-०६, कास्कीले कारोवार बन्द गरी इजाजतपत्र खारेज गरिदिन स्वेच्छिक रुपले निवेदन पेश गरेको हुँदा नेपाल राष्ट्र बैंक, मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ (चौथो संशोधनसहित) को विनियम २२ मा भएको व्यवस्थाबमोजिम मिति २०८३/०१/३० को यस बैंकको निर्णयानुसार उक्त मनिचेञ्जरको इजाजतपत्र खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
धनुषा, जनकपुरधाम

सार्वजनिक, निजी साझेदारी मोडेलमा कष्टम हाइरिंग सेन्टर स्थापनाको लागि प्रस्ताव आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०२/०६

कृषि ज्ञान केन्द्र धनुषाको आ. व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "सार्वजनिक निजी साझेदारी मोडेलमा custom hiring center स्थापनाको लागि मिति २०८३।०१।१६ गते प्रथम पटक प्रस्ताव आह्वानको सूचना प्रकाशन गरिएकोमा पर्याप्त आवेदन प्राप्त नभएको हुदा थप सात (७) दिन (अन्तिम मिति २०८३।०२।१२ गते सम्म) को लागी दोस्रो पटक सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सम्पूर्णमा सूचित गरिन्छ ।

प्रस्ताव/निवेदन बुझाउन तथा विस्तृत सूचना र जानकारीको लागि यस कार्यालयमा वा केन्द्रको वेबसाइट **www.akcdhanusha.gov.np** बाट प्राप्त गर्न सकिने छ ।

कार्यालय प्रमूख

जहिले पनि याद गर, सफल भएरै छोड्ने तिम्रो सङ्कल्प नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो ।
–अब्राहम लिङ्कन



सम्पादकीय

रानी–किमाथाङ्का सडक

सडक नै विकासको आधार हो । सडक पुगेसँगै दुर्गम क्षेत्र सुगम बन्छ । आर्थिक र व्यापारिक गतिविधि बढ्छ । स्थानीय उत्पादनलाई सहजै बजारसम्म पुऱ्याउन सकिन्छ। राष्ट्रिय गौरवको त्रिदेशीय 'लाइफलाइन' विराटनगर रानी–सङ्खुवासभा किमाथाङ्का सडक सञ्जालबाट जोडिएको छ। ट्राक निर्माणको चरण पूरा भएको छ र ट्राक अन्तर्गत सङ्खुवासभाको खाँदबारीदेखि भोटखोला गाउँपालिकाको किमाथाङ्कासम्मको व्यापारिक मार्ग जोडिएसँगै अब ठुलो सम्भावनाको ढोका खुल्दै छ । चीन–नेपाल–भारत जोड्ने यो सबैभन्दा छोटो दुरीको सडक हो । भौगोलिक जटिलताका कारण यो सडकको ट्राक खोल्न निकै मेहनत परेको छ । जटिल भिर रहेको च्याम्ताङदेखि घोङ्गम्पासम्मको १०.८१ किलोमिटर सडकको ट्राक खोल्ने काम नेपाली सेनाले गरेको हो। हेलिकोप्टरमार्फत निर्माण सामग्री ढुवानी गरेर कडा चट्टान चिर्दै सेनाले यो कार्य पूरा गरेसँगै राष्ट्रिय गौरवको आयोजनालाई पूर्णताको नजिक पुऱ्याएको छ। सेनाले २०८३ वैशाख २८ गते उक्त कार्य सकेर आयोजनालाई सडक हस्तान्तरण गरेको छ । त्यसपछि घोङ्गम्पादेखि किमाथाङ्कासम्मको १२ किलोमिटर सडक आयोजनाले मर्मत गरेको थियो । अनि अहिले किमाथाङ्कासम्म सवारीसाधन पुगेका छन्। रानी–किमाथाङ्का सडकको दुरी ३४५ किलोमिटर रहेको छ । यसको नयाँ दुरी कायम हुन भने बाँकी छ । आर्थिक वर्ष २०६५/६६ देखि सुरु भएको यो सडकको रानी–खाँदबारी खण्डको १८३ किलोमिटर सडक निर्माण कार्य यसअघि नै सम्पन्न भइसकेको छ । अहिले उत्तर–दक्षिण (कोशी) सडक आयोजना अन्तर्गत खाँदबारी–किमाथाङ्काको १६२ किलोमिटरमा विभिन्न चरणका काम भइरहेका छन् । चालु आर्थिक वर्षका लागि परेको ६१ करोड बजेटबाट निर्माण कार्य जारी छ । सडकको ट्राक खोल्ने काम सम्पन्न भएकाले स्तरोन्नतितर्फका काम सुरु गरिँदै छ।

हालसम्म खाँदबारीदेखि देउरालीसम्मको २८ किलोमिटर दुरी कालोपत्रे भइसकेको छ। देउरालीबाट मकालु गाउँपालिकाको नुम (वरुण) सम्मको ५२ किलोमिटर ग्राभेल र वरुणदेखि च्याङ्तानसम्मको ५४ किलोमिटर सडक ग्राभेलमा स्तरोन्नति गर्ने काम भइरहेको छ । ट्राक खोलिएको च्याङ्तानदेखि घोङ्गम्पा १०.८१ किलोमिटर र घोङ्गम्पादेखि किमाथाङ्का १२ किलोमिटरसमेत स्तरोन्नतिको प्रक्रियामा जाँदै छ तर यो काम गर्न सजिलो छैन। बाह्रैमास पानीका कारण काम गर्न कठिन छ। कालोपत्रे गर्न साइत जुराउनु पर्छ, ग्राभेलका लागि पनि घाम पर्खनुपर्ने हुन्छ। त्रिदेशीय यो व्यापारिक सडक निर्माणसँगै चीनको सिगात्सेसँग सिधा व्यापारिक सम्बन्ध जोडिने आशा गरिएको छ । किमाथाङ्कादेखि नजिकै रहेको चीनको छेन्दुङसम्म चिनियाँ रेलसेवा विस्तार भइसकेको छ । त्यसको लाभ नेपालले लिन सक्ने सम्भावना देखाउँदै यो सडक बनाउन राज्यले ठुलो लगानी गरेको छ। मुलुकको सन्तुलित आर्थिक विकास, वैदेशिक व्यापारको विविधीकरण र क्षेत्रीय आबद्धताका लागि सडक निर्माणलाई प्राथमिकतामा राखिएको हो । यो सडक केवल एक यातायातमार्ग मात्र होइन, मुलुकको आर्थिक रूपान्तरणको भाग्यरेखासमेत बन्न सक्छ। भारत, नेपाल र चीनलाई सिधा सम्पर्कमा ल्याउने यो त्रिदेशीय व्यापारिक मार्ग पूर्ण रूपले सम्पन्न भएपछि पूर्वी नेपालको आर्थिक तथा सामाजिक विकासमा ठुलो योगदान दिन सक्ने छ।

यो सडक निर्माणले अरुण तेस्रो जलविद्युत् आयोजना, माथिल्लो अरुण जस्ता ठुला जलविद्युत् परियोजना सम्पन्न गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ, यद्यपि ट्राक खुल्दैमा आयोजनाको लक्ष्य पूरा हुँदैन । अहिले पनि यो सडक हिउँदमा धुलो र वर्षायाममा हिलो तथा सुक्खा पहिरोका कारण बारम्बार अवरुद्ध हुने गरेको छ। मकालु र भोटखोला गाउँपालिकाका विभिन्न खण्डमा खस्ने पहिरोले यातायात ठप्प पार्दा स्थानीय बासिन्दा र व्यापारीले सास्ती बेहोर्नु परेको छ । त्यसैले अबको मुख्य चुनौती सडक फराकिलो पार्ने, ग्याबियन पर्खाल र नाली बनाउने साथै कालोपत्रे गर्ने कार्यलाई द्रुत गतिमा अगाडि बढाउनु हो । अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले बजेट तथा अनुगमनको पाटोलाई चुस्त राख्दै यस सडकलाई बाह्रैमहिना सुरक्षित र सञ्चालनयोग्य बनाउन विशेष तदारुकता देखाउनु आवश्यक छ । सडक पूर्ण रूपमा सञ्चालनमा आउँदा नेपालले भारत र चीनका ठुला बजारबिच पुलको काम गर्न सक्ने छ। यसबाट पूर्वी नेपालको कृषि, जडीबुटी, पर्यटन र जलविद्युत् क्षेत्रको व्यापार प्रवर्धन भई स्थानीयस्तरमा रोजगारीका अवसर सिर्जना हुने छन् । किमाथाङ्का नाकालाई व्यावसायिक रूपमा सञ्चालन गर्न भौतिक पूर्वाधार, सुक्खा बन्दरगाह र भन्सार कार्यालयको स्तरोन्नतिमा कूटनीतिक र प्राविधिक तयारी गर्नु पर्छ। सडकका बाँकी स्तरोन्नतिका काम छिटो सम्पन्न गर्न एकीकृत प्रयास आवश्यक छ। सुरक्षित, सहज र व्यवस्थित गरी यो सडकलाई नमुनायोग्य बनाउनु पर्छ।

१०० वर्षअघिको

गोरखापत्र

१९८० साल आषाढ १८ गते सोमबार



अमर मनुष्य

अमरता यहि संसारमा छ यहि मनुष्य शरीरमा तेसलाइ प्राप्त हुन शक्तछ. यो कोइ यस्तो वस्तु होइनकि केवल मरेपछि मात्रै सिद्ध हुनशक्तछ. यो स्वच्छ र निर्मल आत्मा नुभवका फल-हो जसबाट शारीरिक विकार, परिवर्तन शील र अस्थिर मानसिक क्रियाहरु, जीवनका स्थितिहरु र घटनाहरु, क्षणिकहुन आउदछन यसकारण ईसब कुरा स्वप्न जस्तो हुन लागदछ.

अमर मनुष्य

अमरता यहि संसारमा छ यहि मनुष्य शरीरमा तेसलाइ प्राप्त हुन शक्तछ, यो कोइ यस्तो वस्तु होइनकि केवल मरेपछि मात्रै सिद्ध हुनशक्तछ, यो स्वच्छ र निर्मल आत्मा नुभवका फल हो जसबाट शारीरिक विकार, परिवर्तनशील र अस्थिर मानसिक क्रियाहरु, जीवनको स्थितिहरु र घटनाहरु, क्षणिक हुन आउदछन यसकारण ईसब कुरा स्वप्न जस्तो हुन लागदछ.

चिन्तन

प्रकृते क्रियमाणानि गुणैः
कर्माणि सर्वशः ।
अहङ्कारविमूढात्मा
कर्ताहमिति मन्यते ।।

वास्तवमा सबै कर्म प्रकृतिकै गुणद्वारा गरिन्छन्, तैपनि जसको अन्तःकरण अहङ्कारले मोहित हुन्छ, यस्तो अज्ञानी 'म नै कर्ता हुँ' भन्ने ठान्छ ।
– श्रीमद्भगवद्गीता

लेख प्रतिक्रियाका लागि
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

नीति सुधारका मुद्दा

गोपीनाथ मैनाली

'नेपालमा राम्रा नीति त बनेका छन् तर कार्यान्वयन हुनै सकेनन्' भन्ने गरिन्छ । विकास साझेदारहरूले त यही कुरा बारम्बार उठाएका छन्। नतिजामा नपुग्दासम्म न त्यो नीति राम्रो हो, न त त्यसले आफ्नो औचित्य सिद्ध गर्छ। धेरै जसो नीति सामाजिक वास्तविकतालाई सम्बोधन नगर्ने खालका भएकाले तिनको प्रभावकारिता नदेखिनु स्वाभाविक हो । अवधारणागत रूपमा नीति विचारमा आधारित, तथ्यबाट प्रभावित र तथ्यमा आधारित हुन्छन् । नेपालका अधिकांश नीति तथ्यमा आधारित नभई विचारमा आधारित वा तथ्यबाट प्रभावित भएकाले नीति तर्जुमा प्रक्रियामा सुधारको आवश्यकता छ । अहिले सरकारले लिएका कतिपय अवधारणा पूरा गर्न पनि यो आवश्यक छ।

असल नीति कस्तो हुन्छ भन्नेतर्फ प्रकाश पारेपछि नीति सुधारका विषयमा उल्लेख गर्नु उचित हुन्छ। भोगिएका समस्या समाधान गर्न वा आशा र अपेक्षा पूरा गर्न नीति चाहिने हो। नीति प्राज्ञिक नभई व्यावहारिक र गतिशील विषय हो। नीतिले के कस्ता उपलब्धि दिन सक्छ भन्ने सन्दर्भमा नै यसको सार्थकता रहन्छ । त्यसैले नीति उद्देश्यमूलक, नतिजामुखी र कार्यान्वयनयोग्य हुनु पर्छ। सर्वसाधारण आफूले पाउने सेवा सुविधा, विकासनिर्माण र रोजगारीका अवसर नपाएकोमा निराश छन्। युवाले आफ्नो भविष्यको सुनिश्चितता मुलकभित्र देख्न छाडेका छन् । यसो भन्नुको मतलब नीति प्रभावकारी भएन भन्ने हो। सबल नीति नतिजामुखी हुन्छ । नीतिलाई एकपक्षीय रूपबाट हेर्ने प्रवृत्तिले नीतिलाई वास्तविकताबाट पर पुऱ्याइदिन्छ। यसर्थ नीतिका समस्या र यसका अन्तरसम्बन्ध पहिल्याउनु पर्छ। नीति सन्दर्भले खास तथ्यलाई बोक्छ। नीतिलाई व्यावहारिक र नतिजामुखी बनाउनु भनेको तथ्यमा आधारित बनाउनु हो । तथ्यमा आधारित नीति निर्माण प्रक्रियाले विश्वासिलो सूचना, जानकारीको माग गर्नुका साथै त्यसलाई विश्लेषण एवं उपयोग गर्न सक्ने क्षमता पनि माग गर्छ। अर्को कुरा नीतिलाई प्रशासनिक रूपबाट मात्र हेरिनु हुँदैन, न कि राजनीतिक रूपबाट मात्र पनि। सामाजिक सङ्केतको प्रतिनिधित्व गर्न राजनीतिज्ञहरू खप्पिस छन् र विश्लेषणमा प्रशासनिक विज्ञता रहन्छ। राम्रो नीति निर्माण भनेको राजनीतिक र प्रशासनिक सन्दर्भको आदर्श सन्तुलन हो।

यस्तै नीतिले छलाङवादी सोच (ऱ्याडिकल सिफ्ट) भन्दा क्रमिक सुधारलाई ध्यान दिइराख्नु पर्छ। गर्न सकिने, सामाजिक मूल्य संस्कृतिले स्विकार्ने, प्रणालीको क्षमताले धान्ने कुरा नै नीतिमा रहनु पर्छ। एकै चोटि ठुला र अस्वाभाविक कुरा नीतिमार्फत घोषणा गरिनु हुँदैन। त्यसैले नीतिलाई अपेक्षाको सूचीबाट व्यावहारिक बनाउन क्षमता र तत्परतालाई ध्यानमा राख्नु पर्छ। नीति शिक्षा लिँदै, नीति कार्यान्वयन गर्दागर्दै प्रणालीको क्षमता विकास हुने नीतिले उपलब्धि दिन्छ। नीति तर्जुमाको प्रक्रिया सहभागितात्मक भएमा मात्र सरोकारवालाको विश्वास जित्न सकिन्छ। नीति लाभ खास वर्गमा केन्द्रित हुन नदिन र नीतिका सम्भावित जोखिम हटाउन सहभागिताको दायरा ठुलो बनाउनु पर्छ। समाजकेन्द्रित नीति प्रक्रिया नभएको अवस्थामा नीति स्वामित्व विस्तार गर्न पनि सहभागिता विस्तृत गर्नुको विकल्प छैन।

नीति तर्जुमा प्रक्रिया औपचारिकता र रेखीय पद्धतिबाट माथि उठ्नु पर्छ । यसका चरणबद्ध प्रक्रिया छन् । राज्यकेन्द्रित ढाँचामा नीति तर्जुमा गर्दा सामान्यतः नीति समस्या बोध, विषय पहिचान, परामर्श, कार्यशाला र त्यसबाट आएका निष्कर्षलाई स्वीकृतिका लागि प्रस्ताव बनाउने औपचारिक काम गरिन्छ तर नीतिलाई वास्तविक, सान्दर्भिक र कार्यान्वयनयोग्य बनाउन यी औपचारिकता र रेखीय पद्धतिबाट माथि उठ्नु पर्छ । नीति अन्तरसम्बन्धको पहिचान गरी कार्यान्वयन योग्यता हासिल गर्नु पर्छ । प्रणालीको निरन्तरता नभए नीति कार्यान्वयन अलमलमा पर्छ । क्रमभङ्गता वा नयाँ गर्ने सन्दर्भमा संस्थागत सम्झना र क्षमता मेटिनु हुन्न तर नेपालमा नीति प्रभावकारिताका संस्थागत अवरोधहरू देखिएका छन् । अवरोधबारे विद्वान् जोन पुलोकले भनेका थिए, "हामीहरू २१ औँ शताब्दीमा छौँ, २० औँ शताब्दीको प्रणाली र त्यसभन्दा माथि १९ औँ शताब्दीको राजनीतिक संरचना छ ।" विचार तथा प्रविधिको विस्फोट छ । अर्थतन्त्र ज्ञानमुखी, समाज सञ्जालीकृत र नागरिक सशक्तीकृत भएका छन् । विश्वव्यापीकरणको समयसँगै यसको गति पक्डन नसके अवसर लिनबाट सधैँ छुट्ने जोखिम छ तर सामाजिक/आर्थिक समस्यालाई

> नीतिले छलाङवादी सोच (ऱ्याडिकल सिफ्ट) भन्दा क्रमिक सुधारलाई ध्यान दिइराख्नु पर्छ । गर्न सकिने, सामाजिक मूल्य संस्कृतिले स्विकार्ने, प्रणालीको क्षमताले धान्ने कुरा नै नीतिमा रहनु पर्छ । एकैचोटि ठुला र अस्वाभाविक कुरा नीतिमार्फत घोषणा गरिनु हुँदैन । त्यसैले नीतिलाई अपेक्षाको सूचीबाट व्यावहारिक बनाउन क्षमता र तत्परतालाई ध्यानमा राख्नु पर्छ ।

सम्बोधन गर्ने प्रणाली र संरचना निकै पुराना छन् । प्रविधि र परिवर्तनले सिर्जना गरेका अवसर राज्यप्रणालीले उपयोग गर्न सकेको छैन । परिस्थितिसँग अनुकूलित हुन नसक्दा सार्वजनिक प्रणाली आफैँमा समस्यामा पर्न थालेको छ। नीति निर्माणमा यसको प्रभाव देखिनु स्वाभाविक हो । तथ्य र जानकारीहरू प्रशस्त छन् तर नीति वास्तविक बन्न सकेको छैन । सुविधा र अवसर पनि बग्रेल्ती छन् तर पनि उपयोग हुन सकेको छैन । सङ्गठनभित्र सीमित रूपमा भए पनि सामर्थ्य भित्रिएको छ तर त्यो प्रणालीले आफ्नो बनाएको छैन। यस्ता अवरोध आउनुका पछि केही कारण छन् । जस्तो कि तथ्य व्याख्या क्षमताको अभाव छ, तथ्य प्रयोग गर्न संरचनागत अवरोध पनि छ। नीतिशिल्पी तथ्यभन्दा विषयगत हुन रुचाउँछन् । राजनीतिज्ञ नीतिग्राहीको लाभ विस्तारमा भन्दा मत विस्तारको बाटोमा रमाउँदै आएका छन् । परिणामभन्दा प्रियतामा रमाउने संस्कृतिले नीति वास्तविक बन्दैन । कतिपय सन्दर्भ हेर्दा नीतिमा इमानदारी पनि देखिँदैन । नीति निर्माणपछि काम सुरुवात भएको होइन कि काम सकिएको ठानिन्छ । अर्को कमजोरी नीति नक्कलको बानीमा छ। तेस्रो विश्वका नीतिशिल्पी दाता सुझावभन्दा एक कदम अघि नीति घोषणा गर्न पुग्छन्। नीति सन्दर्भ र अन्तर्यमा ध्यान दिँदैनन् भन्ने कुरा हाम्रा सन्दर्भमा पनि अपवाद होइन।

सुशासन, समृद्धि जस्ता राष्ट्रका अभीष्ट प्राप्त गर्न नीति व्यवस्थापनका चरणमा नीति पात्रहरूको परम्परागत भूमिका बदल्नु आवश्यक छ। परम्परागत अर्थमा नागरिकहरू निष्क्रिय उपभोक्ता हुन्। आवधिक निर्वाचनमा मतदान मात्र नीति सहभागिता होइन। नीति व्यवस्थापनका चरणमा सुझाव, अन्तर्क्रिया, सूचना परिचालनमार्फत सहभागिताका सबै माध्यम खुला गरिनु पर्छ। नागरिक नीतिग्राही हो। डिजिटल लोकतन्त्रमा नागरिक नीति प्रक्रियामा सहभागी हुने, नीति क्रियाकलापलाई प्रभाव पार्ने, अनलाइन अन्तर्क्रिया गर्न सक्ने र अन्य डिजिटल/प्रत्यक्ष संयन्त्रबाट प्रक्रियामा समाहित हुन सक्ने सरोकारवाला बनेका छन्। अब नागरिक नीतिका उपभोक्ता होइनन्, नीतिका सबैभन्दा महत्त्वपूर्ण पात्र हुन् । डोनाल्ड जी लेनिहानले भने झैँ नागरिकको सक्रिय सहभागिता अपेक्षित मात्र होइन, प्रभावकारी शासनव्यवस्थाको सर्त नै हो। नागरिक संलग्नताबेगर उसका नाममा गरिएका कामले कुनै अर्थ राख्दैन।

राजनीतिज्ञ नीति प्रक्रियामा औपचारिक मात्र होइन, सुसूचित विज्ञता र इमानदारीमा रहनु पर्छ । परम्परागत रूपमा निर्वाचनबाट आवधिक रूपमा नीति अख्तियारी पाएपछि उनीहरूको भावना बोल्ने, बताउने र प्रतिनिधित्व गर्ने, प्रतिपक्षको हैसियतमा पहरेदारीमार्फत हितरक्षा गर्ने परम्परागत भूमिका राजनीतिज्ञको थियो तर आधुनिक लोकतन्त्रमा निर्वाचितलाई निर्वाचकसँग सधैँ संवाद, सम्पर्क, अन्तर्क्रिया गर्ने अवसर रहेकाले निर्वाचनका भावना र विचारलाई नीति साधनमा प्रयोग गर्ने भूमिकामा राजनीतिज्ञहरू देखिनु पर्छ; जसले नीतिका सम्भावित जटिलता घटाउँछ।

सार्वजनिक प्रशासन नीति प्रक्रियाको प्राविधिक मियो हो। परम्परागत रूपमा सार्वजनिक प्रशासक नै नीति निर्माणको एक मात्र विवेकशील पात्र थियो। सर्वसाधारणको समस्या, माग र चाहनाको जानकारी राखी नीति प्रक्रियामा समावेश गर्न र नीति निर्माणपश्चात् कार्यान्वयन गर्ने काम पनि उसैबाट हुँदै आएको हो तर आधुनिक लोकतन्त्रमा सार्वजनिक प्रशासकबाट अरू दक्षताको माग भएको छ। नीति व्यवस्थापनका लागि ज्ञान आधार तयार पार्ने, नीति सङ्केतहरू बटुल्ने, निरन्तर पृष्ठपोषण लिने र प्रवृत्ति विश्लेषण गर्ने, अन्तरनिकाय सम्बन्ध सुदृढीकरणमार्फत अनुभव विनिमय गरी नीति अन्वेषण गर्ने माग सार्वजनिक प्रशासकप्रति छ।

नीति सवाल निर्धारण र कार्यसूची तयका लागि राजनीतिक प्लेटफार्म बनाउने, नीति सवाल सञ्चार गर्ने र राजनीतिक स्रोत परिचालन गर्ने राजनीतिक दलको पम्परागत भूमिका हो तर समकालीन समाजमा संवाद र सम्पर्कका धेरै माध्यम उपलब्ध भएकाले सबै माध्यम उपयोग गरी नीति तथ्य सङ्कलन, नागरिक शिक्षामार्फत नागरिकलाई नीति प्रक्रियामा अभिप्रेरणा गर्ने, नीति प्रक्रियामा सम्मति खोज्ने, नयाँ विचार र दृष्टिकोणलाई प्रोत्साहन गर्ने, राजनीतिक–सामाजिक सहमति गर्ने भूमिका राजनीतिक दलबाट अपेक्षित छ।

विज्ञ विचारक र सार्वजनिक बौद्धिकहरूले नीति सल्लाह दिने, अनुसन्धान गर्ने, राजनीतिक प्रणालीलाई नीति विकल्प दिनेलगायतका भूमिका खेल्दै आएका हुन्। यो भूमिका औपचारिकभन्दा पनि ऐच्छिक र व्यावसायिक थियो तर वर्तमान समयमा नीतिविज्ञ र विचारकले पर म्परागत भूमिकाका अलावा ज्ञान निर्माण (नोलेज ब्रोकरिङ) लगायतका विषयमा भूमिका निर्वाह गरेका छन् । आमसञ्चार र सामाजिक सञ्जालको सक्रियताले कार्यसूची निर्धारण, नीति सवालको सञ्चार, प्रक्रियाको जवाफदेहिता विस्तार, राम्रा सवालको प्रशंसा गर्ने कार्यका अतिरिक्त नीति विश्लेषणको आधार दिने, सवाललाई उजागर गर्ने व्यावसायिक आचरणमा रहने भूमिका रहेको छ। यसर्थ राष्ट्रिय नीति तर्जुमा नीतिग्राहीको आफ्नो विषय हो। अन्य पक्ष तथा पात्रहरू नीतिलाई कसरी नीतिग्राहीको अपेक्षामा पुयाउने भन्नेमा सीमित रहन्छन्।

अक्षरको अर्थपूर्ण खेती

ईश्वरा सिवा

अहिले सहरका चोक, गल्ली र पत्रपत्रिकाका पाना सफलताका रङ्गीन विज्ञापनले भरिएका छन् । माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा सार्वजनिक भएसँगै कलेजका होर्डिङ बोर्डमा हाँसिरहेका ती कलिला अनुहारलाई हेर्दा लाग्छ– शिक्षा पनि एउटा उत्सव हो। नयाँ शैक्षिक सत्रको रौनक छ, भर्ना अभियानको कोलाहल छ र कलेज रोज्न विद्यार्थीको हतारो छ।

यद्यपि ती मुस्कानका पछाडि लुकेको नतिजाको दबाब र बजारको गणितलाई केलाउने हो भने दृश्य फरक देखिन्छ । हामीले दशकौँदेखि अक्षरको खेती त गरिरह्यौँ तर के त्यो खेतीले समाजलाई चाहिने चेतनाको भोक मेटाउन सक्यो ? वा हामी केवल एउटा यस्तो पुस्ता तयार गर्दै छौँ, जोसँग 'ग्रेडसिट' को प्रमाणपत्र त छ तर 'विवेक' को अनिकाल छ ?

अङ्ग्रेजी मोह

आज हाम्रो शिक्षाको मूल्याङ्कन गर्ने सबैभन्दा छिटो तरिका 'अङ्ग्रेजी बोल्न सक्छ कि सक्दैन ?' भन्ने बनेको छ। भाषा संवाद र विश्वव्यापी ज्ञानमा पहुँच बनाउने एउटा महत्त्वपूर्ण सिप हुनुपर्नेमा यो त बौद्धिकताको एक मात्र कडी जस्तो बन्न पुगेको छ।

अङ्ग्रेजी लबजमा फरर बोल्न सक्ने विद्यार्थीलाई मात्रै 'प्रतिभाशाली' देख्ने हाम्रो चस्माले गर्दा आफ्नै माटो, संस्कृति र मौलिकता ओझेलमा परेका छन्। हामीले यस्तो पुस्ता हुर्काइरहेका छौँ, जसले विदेशी इतिहास त घोकेको छ तर आफ्नै आँगनको वनस्पति र हजुरआमाले सुनाउने लोककथाको मर्म बुझ्न सकेको छैन।

जब शिक्षाले मानिसलाई आफ्नै जराबाट अलग गराउँछ र मातृभाषा बोल्दा लज्जाबोध गराउँछ तब त्यो साक्षरताले मानिसलाई आधुनिक त बनाउला तर आत्मीय बनाउन सक्दैन । अङ्ग्रेजीलाई ज्ञानको माध्यम बनाउँदै गर्दा नेपाली भाषा र मौलिक पहिचानलाई पनि गौरवका साथ सँगै लैजान सक्ने सन्तुलित दृष्टिकोणको आज खाँचो छ। विद्यालय 'विश्वव्यापी' बन्ने होडमा स्थानीय पहिचान गुमाउँदै छन्।

ग्रेडको वेदीमा बाल्यकाल

भाषाको यो असन्तुलन जस्तै हाम्रो शिक्षा प्रणालीको अर्को गहिरो समस्या अङ्कप्रतिको मोह हो। विद्यार्थीले के सिक्यो र उसले समाजलाई कसरी हेर्न थाल्यो भन्ने कुरा गौण बनेको छ, मुख्य कुरा उसको ग्रेडसिटमा कतिवटा 'ए प्लस' झल्किए भन्ने मात्रै हो। विद्यालयदेखि अभिभावकसम्मको यो अङ्क दौडले कलिला मस्तिष्कमा यस्तो मनोवैज्ञानिक भार थपिदिएको छ कि त्यहाँ सिर्जनशीलताका लागि कुनै ठाउँ नै बाँकी छैन।

यतिबेला एसइईको नतिजा सार्वजनिक हुँदा कसैलाई अबिर जात्रा गराइएको होला तर त्यही नतिजाको पुछारमा रहेका औसत नतिजा ल्याउने कतिपय विद्यार्थीका लागि यो सामाजिक मृत्युको घोषणा बनिदिन्छ। नतिजाकै कारण कलिला मस्तिष्कले विचलित भएर कठोर निर्णय लिएका घटना हाम्रा लागि गम्भीर चेतावनी हुन्।

शिक्षाले त बाँच्न र जुझ्न सिकाउनुपर्ने हो। ग्रेड एउटा मूल्याङ्कन मात्र होस्। यो जीवनको अन्तिम फैसला होइन भन्ने चेतना विद्यालय र घर दुवै ठाउँमा पुग्न जरुरी छ। जीवनको परीक्षामा खरो उत्रन सिकाउने शिक्षा आजको आवश्यकता हो, न कि केवल उत्तरपुस्तिकामा अङ्क भर्ने कला । मूल्याङ्कन प्रणालीलाई पनि पुनर्विचार गर्न जरुरी छ । परियोजना–आधारित मूल्याङ्कन, निरन्तर आन्तरिक मूल्याङ्कन र सिप–आधारित परीक्षणले 'ए प्लस' को एकाधिकार तोड्न सक्छ । जब सिकाइको विविध आयाम मापन हुन्छ तब एउटा अङ्कले मात्र विद्यार्थीको भविष्य निर्धारण गर्दैन।

ज्ञानको एकाधिकार

शिक्षा क्षेत्रमा देखिने अर्को चुनौती भनेको पाठ्यपुस्तकको राजनीति हो। धेरै जसो ठाउँमा शिक्षा ज्ञानको मुहानभन्दा पनि व्यापारिक वस्तु जस्तो बन्न पुगेको छ । महँगो शुल्क, भर्नाका नाममा लिइने 'सहयोग रकम' र हरेक वर्ष फेरिने अनावश्यक पुस्तकका भारीले शिक्षालाई सेवाबाट नाफामूलक व्यवसायतिर धकेल्दै छ । यसले समाजमा ठुलो शैक्षिक खाडल निर्माण गरेको छ। पैसा हुनेका लागि एउटा शिक्षा र नहुनेका लागि अर्को।

यहाँ राज्य केवल एउटा मूकदर्शक बनेर पुग्दैन । शिक्षालाई संविधानले मौलिक हकका रूपमा प्रत्याभूत गरेपछि, राज्यको भूमिका नियमनकारी र संरक्षणवादी हुनु पर्छ। निजी लगानीलाई निरुत्साहित नगरीकन पनि शुल्कको मापदण्ड निर्धारण, छात्रवृत्तिको पारदर्शी वितरण र पाठ्यक्रमको एकरूपतामा राज्यको कठोर हस्तक्षेप आवश्यक छ। जबसम्म सरकारले शिक्षालाई 'लगानी र नाफा' को गणितबाट बाहिर निकालेर 'सामाजिक पुँजी' का रूपमा विकास गर्ने ठोस नीति ल्याउँदैन तबसम्म शिक्षाको व्यापारिक एकाधिकार तोडिन असम्भव प्रायः छ।

सिकाइको सिर्जनशील पद्धति

हामीले खोजेको चेतनाको विकास कक्षाकोठाको परम्परागत व्याख्यानबाट मात्र सम्भव छैन । अबको शिक्षण पद्धति 'पाठ्यपुस्तककेन्द्रित' बाट 'अनुभव–केन्द्रित' हुनु पर्छ । विद्यार्थीलाई उत्तरी ध्रुवको तापक्रम घोकाउनुभन्दा आफ्नै वरपरको जैविक विविधता र स्थानीय समस्याको समाधान खोज्ने परियोजना कार्यमा संलग्न गराउनु बढी फलदायी हुन्छ। जब एउटा विद्यार्थीले समुदायमा गएर श्रमको सम्मान गर्न सिक्छ, माटोको परीक्षण गर्न जान्दछ वा स्थानीय इतिहासको खोजी गर्छ तब मात्र उसमा वास्तविक 'विवेक' को उदय हुन्छ। प्रयोगात्मक र खोजमूलक शिक्षाले विद्यार्थीलाई प्रश्न गर्न सिकाउँछ, जसले गर्दा ऊ सूचनाको भण्डार मात्र नभएर ज्ञानको सर्जक बन्न पुग्छ । यस रूपान्तरणको केन्द्रमा शिक्षकको भूमिका निर्णायक हुन्छ । शिक्षकलाई पाठ पढाउने 'डेलिभरी मेसिन' होइन, सिकाइको सहयात्री र मार्गदर्शकका रूपमा सशक्त बनाउन निरन्तर तालिम, अनुसन्धान र सम्मानजनक कार्यपरिस्थिति अनिवार्य छन्।

आफ्नै माटोमा बिरानो शिक्षा

अहिलेका अधिकांश शैक्षिक संस्था जानेर वा नजानेर विद्यार्थीको मस्तिष्कमा यो कुरा गहिरो गरी गाड्ने माध्यम बनेका छन्, 'सफलता भनेकै विदेश जानु हो।' कक्षा ११ मा भर्नासँगै शैक्षिक परामर्श केन्द्रका विज्ञापनले उनीहरूलाई घेर्न थाल्छन्। अक्षरको खेती त भयो तर त्यसको फसल काट्ने बेला हाम्रा युवा विदेशी विमानस्थलमा आइएलटिएसको 'स्कोर' बोकेर लाममा उभिएका हुन्छन्। अवश्य पनि राज्यले पर्याप्त अवसर र रोजगारी सिर्जना गर्न नसक्नु यो पलायनको मुख्य कारण हो। तथापि हाम्रो शिक्षाले पनि विद्यार्थीलाई विदेशी श्रमिक मात्रै होइन, आफ्नै देशको माटोमा सम्भावना देख्ने 'स्वदेशी कर्मवीर' बनाउन प्रयत्न गर्नु पर्छ । यसका लागि प्राविधिक तथा सिपमूलक शिक्षालाई समानान्तर दोस्रो दर्जा होइन, बराबरको सम्मान दिनु पर्छ। कृषि, निर्माण, सूचना प्रविधि र साना उद्योगसँग जोडिएका सिपले युवालाई आफ्नै माटोमा रोजगारी र उद्यमशीलताको बाटो खोल्न सक्छ।

अक्षरबाट चेतनातिर

अक्षरको खेती तब मात्र सार्थक हुन्छ जब त्यसले चेतनाको अनिकाल समाप्त गर्छ। अबको बहस 'के पढ्ने' मा मात्र होइन, 'किन पढ्ने' र 'कसका लागि पढ्ने' भन्नेमा केन्द्रित हुनु पर्छ।

हामीलाई यस्तो शिक्षा चाहिएको छ, जसले अङ्ग्रेजीलाई एउटा 'सिप' मानोस् र मौलिकतालाई 'गौरव' । जसले नतिजालाई सम्मान गरोस् तर मानवीय मूल्य र मानसिक स्वास्थ्यलाई सर्वोपरि राखोस् । हामीले पाठ्यक्रममा स्थानीय ज्ञान र माटोको सुगन्ध मिसाउनु पर्छ। विद्यालयका प्रवेशद्वारबाट निस्कँदा विद्यार्थीको हातमा प्रमाणपत्र मात्र होइन, समाजलाई बुझ्न सक्ने सोच र आफ्नै माटोलाई प्रेम गर्ने अठोट पनि हुनु पर्छ। यदि हामीले अक्षरलाई चेतनासँग जोड्न सक्यौँ भने मात्र हाम्रा शिक्षित युवा 'मेसिनका पुर्जा' होइन, देश निर्माणका 'सजग नागरिक' बन्ने छन्। यही चेतनाको ज्योतिले मात्र हाम्रो अक्षरको खेतीलाई अर्थपूर्ण बनाउने छ। यसका लागि राज्य, विद्यालय, शिक्षक र अभिभावकबिचको साझा जिम्मेवारी र स्पष्ट नीतिगत प्रतिबद्धता अपरिहार्य छ।

वस्तुगत प्रश्नोत्तर

१. **प्रख्यात नेपाली आरोही कामिरिता शेर्पाले सर्वाधिक ३२ औँ पटक सगरमाथाको आरोहण गरी आफ्नै विश्व कीर्तिमान तोड्ने सफलता कहिले प्राप्त गरेका हुन् ?**

✍ विसं २०८३ जेठ ३

- एभरेस्ट म्यान उपनामले समेत चिनिने ५५ वर्षीय आरोही कामिरिताले '१४ पिक्स एक्सपेडिसन' टोलीको नेतृत्व गर्दै ८,८४८.८६ मिटर अग्लो शिखरमा ३२ औँ पटक पाइला टेकेका हुन् ।
- सन् १९९४ मा पहिलो पटक सगरमाथा चुमेका उनले सन् २०१८ मा आफ्ना शेर्पाको २१ औँ पटकको कीर्तिमान तोडेका थिए ।
- उनी जीवनको अधिकांश समय गाइडको भूमिका निर्वाह गर्दै विश्व पर्वतारोहण क्षेत्रकै प्रतिष्ठित व्यक्तित्व बनेका छन् ।

२. **विश्वको सर्वोच्च शिखर सगरमाथाको सर्वाधिक आरोहण गरी कीर्तिमान कायम गर्ने महिला आरोही को हुन् ?**

✍ लाक्पा शेर्पा (११ औँ पटक)

- 'माउन्टेन क्विन' उपनामले चिनिने नेपाली महिला पर्वतारोही लाक्पा शेर्पाले विसं २०८३ जेठ ३ गते ११ औँ पटक सगरमाथाको सफल आरोहण गर्दै यसअघिको आफ्नै कीर्तिमान तोडेकी हुन् ।
- 'सेभेन समिट ट्रेक' मार्फत सम्पन्न भएको यो आरोहणले विश्वभरका महिला र पर्वतारोहीलाई अदम्य साहस र समर्पणको प्रेरणा प्रदान गरेको ।

३. **२०८२ सालको प्रतिष्ठित 'उत्तम शान्ति पुरस्कार' बाट सम्मानित हुने व्यक्तित्व को हुनुहुन्छ ?**

✍ वनस्पतिविज्ञ डा. तीर्थबहादुर श्रेष्ठ (कृति : नेपाल गाथा)

- उत्तम कुँवर स्मारक पुरस्कार गुठीद्वारा विसं २०४४ सालदेखि उत्कृष्ट गैरआख्यान (निबन्ध, संस्मरण, जीवनी आदि) विधामा प्रदान गरिँदै आएको यस पुरस्कारको राशि एक लाख रुपियाँ रहेको छ ।

४. **हालै कङ्गो र युगान्डामा फैलिएको इबोलाको नयाँ प्रकोप बुन्डिबुग्यो प्रजातिको भाइरसको प्रकोपलाई लक्षित गर्दै डब्लुएचओले 'अन्तर्राष्ट्रिय चासोको सार्वजनिक स्वास्थ्य सङ्कटकाल' घोषणा कहिले गरेको हो ?**

✍ सन् २०२६ मे १७

- सन् १९७६ मा पहिलो पटक पत्ता लागेको र चमेरोबाट मानिसमा सरेको विश्वास गरिने यो भाइरस सङ्क्रमितको शारीरिक तरल पदार्थ तथा काटिएको छालाको प्रत्यक्ष सम्पर्कबाट सर्ने गर्दछ ।
- इबोला प्रकोपका कारण गम्भीर रक्तस्राव हुने साथै अङ्गहरू निकम्मा भई मानिसको ज्यान जाने गर्दछ ।
- डलुयुएचओका अनुसार हाल यस प्रकोपले महामारीको स्तर पार नगरे पनि सीमा जोडिएका अन्य देशमा सङ्क्रमण फैलने उच्च जोखिम बढाएको उल्लेख छ ।

५. **महालेखा परीक्षकको ६३ औँ वार्षिक प्रतिवेदन अनुसार हाल नेपालको कुल अद्यावधिक बेरुजु कति रहेको छ ?**

✍ सात खर्ब ५५ अर्ब १७ करोड

- प्रतिवेदन अवधिमा थप ८८ अर्ब नौ करोड रुपियाँ बेरुजु कायम भएको छ । विगतको सम्परीक्षण र यस वर्षको फर्स्योटबाट १४ अर्ब ६३ करोड रुपियाँ असुल भएको छ ।
- सङ्घीय मन्त्रालयहरूमध्ये वित्तीय अनुशासन कायम गराउने अर्थ मन्त्रालयमै सबैभन्दा बढी (कुल सङ्घीय बेरुजुको करिब ७० प्रतिशत अर्थात् ३७ अर्ब ६३ करोड) बेरुजु देखिएको छ ।
- प्रदेशतर्फ सबैभन्दा धेरै बेरुजु मधेश प्रदेशमा (एक अर्ब ८७ करोड) देखिएको छ भने सबैभन्दा कम कोशी प्रदेशमा (५८ करोड ६६ लाख) छ ।
- 'जेनजी आन्दोलन' का कारण १७९ निकायले कागजात पेस नगर्दा एक खर्ब ४७ अर्ब ९० करोड रुपियाँ बराबरको लेखा परीक्षण हुन नसकेको ।

६. **एकदिवसीय (ओडिआई) क्रिकेटको इतिहासमा सबैभन्दा कम खेलमा १५० विकेट पूरा गर्ने विश्व कीर्तिमान कुन खेलाडीले कायम गरेका हुन् ?**

✍ सन्दीप लामिछाने (सन् २०२६ मे)

- नेपाली लेग स्पिनर सन्दीप लामिछानेले जम्मा ७३ खेलमा १५० ओडिआई विकेट पूरा गर्दै अस्ट्रेलियाका मिचेल स्टार्कको (७७ खेलको) नौ वर्ष पुरानो कीर्तिमान तोडेका हुन् ।
- स्कटल्यान्डविरुद्धको खेलमा १५० विकेटको आँकडा पार गरेका उनले यसअघि ४२ खेलमै १०० विकेट लिएर रसिद खानको रेकर्डसमेत तोडेका थिए ।

७. **नेपालमा पहिलो पटक टियर-४ प्रमाणीकृत हाइपर स्केल डेटा सेन्टर निर्माण गर्न कुन अमेरिकी बहुराष्ट्रिय कम्पनीले नेपाली लगानीकर्तासँग रणनीतिक साझेदारी गरेको छ ?**

✍ गुगल

- विश्वप्रसिद्ध प्रविधि कम्पनीहरू गुगल र मेटाले नेपाली कम्पनीहरूसँगको साझेदारीमा काठमाडौँ र वीरगन्जमा अत्याधुनिक डेटा सेन्टर निर्माण गर्न लगानी गर्ने भएका छन् ।
- गुगल क्लाउडसँगको सहकार्यमा ब्लुचिन डेटा भोल्ट प्रालिले नेपालमै पहिलो पटक 'टियर-४' प्रमाणीकृत डेटा सेन्टर चोभार र वीरगन्जमा बनाउने भएको छ ।
- मेटाले वर्ल्डलिङ्क कम्युनिकेसन्ससँग मिलेर करिब पाँच अर्ब रुपियाँ लगानीमा मातातीर्थमा 'टियर-३' स्तरको डेटा सेन्टर निर्माण गर्ने तयारी गरेको छ ।
- चिसो हावापानी र प्रशस्त जलविद्युत् भएको नेपालमा डेटा सेन्टरको कुलिङ (चिस्यान) लागत कम हुने भएकाले यी परियोजनाले नेपाललाई दक्षिण एसियाकै महत्त्वपूर्ण 'डिजिटल हब' र डेटा भण्डारण केन्द्र बनाउन सघाउने छ ।

८. **लघुवित्त क्षेत्रलाई दीर्घकालीन रूपमा दिगो बनाउन र विपन्न वर्गलाई सहुलियत (एकल अङ्कको) ब्याजदरमा कर्जा उपलब्ध गराउने उद्देश्यले सरोकारवालाले कुन कोष स्थापना गर्न सरकारसँग माग (विसं २०८३ वैशाख) गरेका छन् ?**

✍ लघुवित्त विकास कोष

- लघुवित्त क्षेत्रलाई सहकारी वा मिटरब्याजीको नजरले नहेरी नीतिगत सुधारसहित 'लघु बैङ्क' को मोडलमा रूपान्तरण गर्नुपर्ने सरोकारवालाको जोड छ ।
- लघुवित्त क्षेत्रलाई थप दिगो बनाउन र विपन्न वर्गलाई एकल अङ्कको ब्याजदरमै कर्जा उपलब्ध गराउन सरकारसँग 'लघुवित्त विकास कोष' स्थापना गर्नुपर्ने माग पनि रहेको छ ।

९. **'नेपाल सरकारको कार्यसम्पादन नियमावली २०८३' अनुसार राष्ट्रिय अनुसन्धान विभागलाई कुन निकायमातहत राखिएको छ ?**

✍ प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय

- यसअघि गृहमन्त्रालय अन्तर्गत रहेको थियो ।

१०. **हालै (२०८३ जेठ) नेपालको कुन स्थानमा खाना पकाउने प्रयोजनार्थ 'हरित हाइड्रोजन ग्यास' को सफल उत्पादन गरिएको छ ?**

✍ बडीगाड, बागलुङ

- नेपाल इनर्जी फाउन्डेसन र विभिन्न अन्तर्राष्ट्रिय साझेदारको सहयोगमा विसं २०८३ जेठ १ गतेदेखि उत्पादित ग्यासलाई सिलिन्डरमा भरेर चुलो बाल्न सुरु गरिएको छ ।
- उत्पादित एक केजी हाइड्रोजन ग्यासले एउटा सानो परिवारलाई करिब एक सातासम्म खाना पकाउन पुग्ने र यसबाट खाना छिटो पाक्ने जनाइएको छ ।

११. **विश्व स्वास्थ्य सङ्गठनको ७९औँ विश्व स्वास्थ्य महासभा (सन् २०२६) मा नेपाल कुन पदमा निर्वाचित भएको छ ?**

✍ उपाध्यक्ष

- नेपालसँगै लिबिया, माली, पोल्यान्ड र पपुवान्युगिनी उपाध्यक्ष निर्वाचित यस महासभामा स्वास्थ्यमन्त्री निशा मेहताले नेपालको प्रतिनिधित्व गर्नुहुने छ ।

१२. **वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रका अनुसार नेपालले हालसम्म कार्बन व्यापारमार्फत कति रुपियाँ आम्दानी गरेको छ ?**

✍ रु. चार अर्ब १६ करोड

१३. **अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा चीनको राजकीय भ्रमण कहिले भएको हो ?**

✍ सन् २०२६ मे १३-१५

- दुवै राष्ट्रलाई दीर्घकालीन रूपमा फाइदा पुग्ने गरी चीन र अमेरिकाबिच महत्त्वपूर्ण व्यापारिक सम्झौतामा सहमति भएको जनाइएको छ ।
- दुई नेताबिच बेइजिङको 'झोङनान्हाई' परिसरमा इरानको परमाणु मुद्दा, ताईवानको सुरक्षा र रेयर अर्थ मिनरल्स (दुर्लभ खनिज) जस्ता रणनीतिक विषयमा गहन छलफल भएको छ ।
- भ्रमणको उपलब्धिका रूपमा चिनियाँ राष्ट्रपति सी चिनफिङले आगामी सेप्टेम्बरमा अमेरिकाको औपचारिक भ्रमण गर्ने जनाइएको छ ।

१४. **सरकारद्वारा जग्गा प्रशासनसम्बन्धी काम गर्ने मालपोत कार्यालयको नाम परिवर्तन गरी के राखिएको छ ?**

✍ भूमि प्रशासन कार्यालय

- जारी नयाँ अध्यादेशमार्फत जग्गा (नापजाँच) ऐन र मालपोत ऐनमा संशोधन गर्दै मालपोत शब्दलाई भूमि प्रशासनमा रूपान्तरण गरिएको छ ।
- सरकारले जग्गा रजिस्ट्रेसन, नामसारी, दाखिल खारेज, रोक्का तथा फुकुवा गर्ने जस्ता महत्त्वपूर्ण काम अब सम्बन्धित स्थानीय तहको भूमि व्यवस्थापन शाखाले समेत गर्न सक्ने व्यवस्था मिलाएको छ ।

१५. **राष्ट्रिय गौरवको त्रिदेशीय 'लाइफ लाइन' विराटनगर रानी-सङ्खुवासभा किमाथाङ्का सडकको निर्माण कार्य कहिलेदेखि सुरु गरिएको हो ?**

✍ आव २०६५/६६

- आयोजना : उत्तर-दक्षिण कोशी सडक (त्रिदेशीय 'लाइफ लाइन')
- यो सडक नेपाल, भारत र चीन जोड्ने सबैभन्दा छोटो मार्गका रूपमा रहेको छ ।
- नेपाली सेनाले च्यामताङदेखि घोङ्गम्पासम्मको १०.८१ किलोमिटर सडकको ट्याक खोल्ने कार्य सम्पन्न गरी विसं २०८३ वैशाख २८ मा सडक आयोजनालाई हस्तान्तरण गरेको थियो । सोपश्चात् घोङ्गम्पादेखि किमाथाङ्कासम्मको १२ किलोमिटर खण्ड सडक आयोजनाले मर्मत गरेसँगै किमाथाङ्कामा सवारी पुगेका छन् ।
- रानी-किमाथाङ्का सडकको जम्मा दुरी : ३४५ किलोमिटर

१६. **विश्व दूरसञ्चार तथा सूचना समाज दिवस कहिले मनाइन्छ ?**

✍ मे १७

- 'इन्टरनेट' तथा सूचना-सञ्चार प्रविधि (आइसिटी)को प्रयोगमार्फत समाज र अर्थतन्त्रमा ल्याउन सकिने सकारात्मक परिवर्तनबारे चेतना अभिवृद्धि गर्ने तथा डिजिटल विभाजन कम गर्ने उद्देश्यले हरेक वर्ष मे १७ मा यो दिवस मनाउने गरिएको छ ।
- 'डिजिटल विभाजन' भन्नाले सूचना तथा सञ्चार प्रविधि (इन्टरनेट, कम्प्युटर, स्मार्टफोन आदि) मा पहुँच भएका र पहुँच नभएका व्यक्ति, समुदाय वा क्षेत्रबिचको असमानतालाई जनाउने छ ।

१७. **आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा पर्यटन प्रवर्धनका लागि कुन वर्षलाई 'भ्रमण वर्ष' का रूपमा मनाउने घोषणा गरिएको छ ?**

✍ विसं २०८५ (भिजिट नेपाल-२०८५)

१८. **सरकारको वार्षिक नीति तथा कार्यक्रम २०८३/८४ अनुसार व्यवसाय दर्तादेखि निर्माण अनुमतिसम्मका सबै सरकारी प्रक्रिया ३० दिनभित्रै टुङ्ग्याएर व्यावसायिक सहजता ल्याउन अवलम्बन गरिने कार्यक्रम कुन हो ?**

✍ लगानी एक्सप्रेस

१९. **समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम फिर्ता सुनिश्चित गर्न सरकारले कुन कोष स्थापना गर्ने घोषणा गरेको छ ?**

✍ एकीकृत बचतकर्ता संरक्षण कोष (वार्षिक नीति तथा कार्यक्रम, २०८३/८४)

२०. **६१ औँ एकेडेमी अफ कन्ट्री म्युजिक (एसिएम) अवार्डमा 'इन्टरटेनर अफ दी इयर' र वर्षको उत्कृष्ट गायकको उपाधि विजेता कलाकार को हुन् ?**

✍ कोडी जोन्सन

- सो अवार्डमा गायिका एला ल्याङ्लीले उत्कृष्ट गायिका र 'चुजिङ टेक्सास' गीतबाट 'सङ अफ दी इयर' सहित सर्वाधिक पाँच विधामा अवार्ड जितेकी छन् ।

२१. **वर्ल्ड रनिङको साझा संस्था एम्सले यस वर्षको प्रतिष्ठित 'एम्स सोसल अवार्ड २०२६' कुन नेपाली म्याराथनलाई प्रदान गऱ्यो ?**

✍ धारा नेपालगन्ज म्याराथन

- समाजमा शान्ति, सद्भाव र एकता प्रवर्धन गर्दै सकारात्मक कार्य गरेबापत नर्वेमा आगामी जुनमा हुने एम्सको २५ औँ वर्ल्ड कङ्ग्रेसमा उक्त अवार्ड प्रदान गरिने ।

प्रस्तुतकर्ता : टङ्क केसी

विषयगत प्रश्नोत्तर

बजेट तर्जुमामा विनियोजन कुशलता

१. **बजेट तर्जुमा प्रक्रियामा विनियोजन कुशलता भन्नाले के बुझिन्छ ? नेपालमा बजेट तर्जुमा प्रक्रियामा विनियोजन कुशलता कमजोर हुनाका कारण उल्लेख गर्दै सुधारका लागि सुझाव प्रस्तुत गर्नुहोस् ।**

✍ बजेट तर्जुमा प्रक्रियामा विनियोजन कुशलता भन्नाले सरकारसँग उपलब्ध वित्तीय स्रोतसाधनलाई राष्ट्रिय आवश्यकता, प्राथमिकता, राष्ट्रिय नीति एवं योजनामा आधारित भई प्रभावकारी ढङ्गले बाँडफाँट गर्ने क्षमतालाई बुझाउँछ । यसले मुलुकमा उपलब्ध सीमित स्रोतसाधनको महत्त्व उपयोग गरी विकासका राष्ट्रिय लक्ष्य हासिल गर्न जोड दिन्छ । राष्ट्रिय आवश्यकताको पहिचान, विकासका राष्ट्रिय लक्ष्य निर्धारण, अन्तर राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन, तथ्य र प्रमाणमा आधारित योजना छनोट, नतिजामूलक योजना तथा बजेट प्रणालीको अवलम्बन गरी बजेटको विनियोजन कुशलता वृद्धि गर्न सकिन्छ । नेपालमा विकासको दीर्घकालीन सोच, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आयोजना बैङ्क, आयोजना वर्गीकरण मापदण्ड, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण, आयोजना प्राथमिकीकरण र छनोटका आधार, पुँजीगत तथा चालु बजेट विनियोजनका आधारको पालनालगायतका औजारका माध्यमबाट विनियोजन कुशलता हासिल गर्ने प्रयास गरिएको छ ।

नेपालमा बजेटको विनियोजन कुशलता कमजोर हुनाका कारण :

- नेपालमा बजेट तर्जुमा प्रक्रियामा विनियोजन कुशलता कमजोर हुनुमा राजनीतिक, सामाजिक, प्रशासनिक तथा प्राविधिक कारण जिम्मेवार छन् ।

क) राजनीतिक कारण :

- राजनीतिक पदाधिकारीको वित्तीय उत्तरायित्व अनुपालना संयन्त्र कमजोर हुनु,
- स्रोत विनियोजनमा राजनीतिक दबाब र प्रभाव उच्च रहनु,
- स्रोत विनियोजनका क्रममा राजनीतिक तथा प्रशासनिक वृत्तमा भेगीय मोह उच्च रहनु,
- टुक्रे आयोजना वितरण र लोकरिज्याइँ प्रवृत्तिबाट राजनीतिक पदाधिकारी मुक्त हुन नसक्नु,
- नीतिकेन्द्रित हुनेभन्दा पनि शक्ति र स्रोत परिचालनप्रति निर्वाचित पदाधिकारीमा उच्च मोह देखिनु,
- तहगत सरकारबिच अधिकार क्षेत्र स्पष्ट नहुँदा स्रोत विनियोजनमा दोहोरोपना देखिनु,

ख) सामाजिक तथा आर्थिक कारण :

- कुनै निर्वाचन क्षेत्रमा धेरै बजेट विनियोजन हुनुलाई जनप्रतिनिधिको सफलताका रूपमा हेर्ने सामाजिक मान्यता र मनोविज्ञान विकास हुनु,
- समाजमा गरिबी र अशिक्षा व्याप्त हुनु,
- भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्न नसक्नु,
- पूर्वाधार विकासको सन्दर्भमा सरकारी बजेटप्रति नागरिक अपेक्षा र निर्भरता उच्च रहनु,
- निजी क्षेत्रलाई भौतिक पूर्वाधार विकासको क्षेत्रमा आकर्षित गर्न नसकिनु,

ग) प्रशासनिक, प्राविधिक तथा संस्थागत कारण

- नीतिमा आधारित बजेट विनियोजन प्रणाली स्थापित हुन नसक्नु,
- भौतिक पूर्वाधारको आवश्यकता, पर्याप्त र प्राथमिकताका सन्दर्भमा प्रशस्त गृहकार्य हुन नसक्नु,
- आयोजनाको पूर्वतयारीबिना नै बजेट विनियोजन र ठेक्का व्यवस्थापन गर्न हतार गर्ने प्रवृत्ति देखिनु,
- स्रोत विनियोजनमा तथ्य र प्रमाणको कम प्रयोग हुनु,
- अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषण व्यवहारमा उतार गर्न नसक्नु,
- तथ्याङ्क र अनुसन्धानको अवस्था कमजोर हुनु,
- संवैधानिक निकायका सुझाव कार्यान्वयनमा ध्यान जान नसक्नु,

नेपालमा बजेटको विनियोजन कुशलता अभिवृद्धि गर्ने उपाय :

- राष्ट्रिय नीति, आवधिक योजना, प्राथमिकता र प्रतिबद्धताका आधारमा बजेट विनियोजन गर्ने,
- समावेशी र सन्तुलित विकासका लागि स्पष्ट खाका र मापदण्ड तयार गरी कार्यान्वयन गर्ने,
- आयोजना छनोटलाई वस्तुनिष्ठ र पारदर्शी बनाउन आयोजना बैङ्कको प्रभावकारी कार्यान्वयन गर्ने,
- मध्यमकालीन खर्च संरचनालाई प्रभावकारी बनाउने,
- स्रोत अनुमान र सीमा निर्धारणलाई यथार्थपरक र समन्यायिक बनाउने,
- तहगत सरकारबिच आयोजनामा दोहोरोपना हुन नदिन आयोजना वर्गीकरण मापदण्डलाई कडाइका साथ पालना गर्ने,
- राजनीतिक पदाधिकारीको वित्तीय उत्तरदायित्व अनुपालना तथा मापन पद्धतिको विकास गर्ने,
- स्रोत विनियोजनमा प्रत्यक्ष संलग्न हुने कर्मचारी र जनप्रतिनिधिका लागि आचारसंहिता बनाई लागु गर्ने,
- अनुगमन तथा मूल्याङ्कन, पृष्ठपोषण र सुझाव कार्यान्वयनमा जोड दिई उपलब्धि र प्रभावका आधारमा नतिजामूलक बजेट प्रणाली अवलम्बन गर्ने,
- अनुसन्धान र तथ्याङ्क संस्कृतिलाई स्रोत विनियोजनमा आन्तरिकीकरण गर्ने,
- योजना छनोट तथा स्रोत विनियोजनमा सहभागितामूलक योजना प्रणाली तथा 'बटम अप मोडेल' जस्ता सफल अभ्यास अवलम्बन गर्ने,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग जस्ता संवैधानिक निकायका सुझाव कार्यान्वयनमा जोड दिने,
- नागरिक शिक्षा र सचेतना अभिवृद्धि गरी बजेट चक्रका विभिन्न चरणमा नागरिक संलग्नता बढाउने,
- पूर्वाधार निर्माणमा सरकारको मात्र मुख ताक्नुपर्ने अवस्था सिर्जना हुन नदिन सार्वजनिक निजी साझेदारी मोडेलमा निजी क्षेत्रलाई आकर्षिक गर्न नीतिगत सुधार गर्ने ।
- अन्त्यमा सीमित स्रोतबाट अधिकतम प्रतिफल सुनिश्चित गर्न विकासको क्षेत्रगत आवश्यकता र प्राथमिकताका आधारमा स्रोत विनियोजन गर्ने कौशललाई विनियोजन कुशलता भनिन्छ । यसले सरकारको सीमित स्रोतबाट नागरिकका असीमित आवश्यकता पूरा गर्न उपलब्ध वित्तीय स्रोतलाई रणनीतिक तवरले विनियोजन गर्नुपर्ने कुराको वकालत गर्दछ । बजेट तर्जुमामा विनियोजन कुशलताको अभाव हुँदा नेपालको सीमित भूगोलमा मात्र अधिकतम स्रोत केन्द्रित हुने तथा विकासमा समन्याय र सन्तुलन कायम हुन नसक्ने अवस्था सिर्जना भएको छ । नेपालमा विनियोजन कुशलता वृद्धि गर्नका लागि तयार पारिएका विभिन्न औजारको प्रभावकारी प्रयोग गरी बजेट तर्जुमामा विनियोजन कुशलता हासिल गर्न जोड दिनु पर्दछ ।

२. **राजस्व चुहावट भनेको के हो ? राजस्व चुहावट बढ्दै जाँदा राज्य सञ्चालनमा कस्तो प्रभाव पर्दछ ? राजस्व चुहावटसम्बन्धी प्रचलित नेपाल कानुन अनुसार राजस्व चुहावटको कसुर मानिने कार्य उल्लेख गर्नुहोस् ।**

✍ राज्यलाई कानुनबमोजिम अनिवार्य रूपमा तिर्नु बुझाउनुपर्ने रकमलाई राजस्व भनिन्छ । यसरी राज्यलाई कानुनबमोजिम तिर्नु बुझाउनुपर्ने रकम राज्यकोषसम्म पुग्न नसकेको अवस्थालाई राजस्व चुहावट भनिन्छ । राज्यलाई कानुनबमोजिम तिर्नुपर्ने कर तथा गैरकर नतिर्ने, पन्छाउने, नतिर्ने नियतले कर छली गर्ने, कानुनको छिद्र खोजी प्रयोग गर्ने जस्ता कृत्यले राजस्व चुहावट गराउँछन् । जटिल कर प्रणाली र कानुनी छिद्र, कमजोर प्रशासन, खुला सिमाना र तस्करी, कर छली, भ्रष्टाचार, अर्थतन्त्रमा नगद कारोबारको बाहुल्य जस्ता कारणबाट राजस्व चुहावट बढ्न सक्छ ।

राजस्व चुहावटले राज्य सञ्चालनमा पार्ने प्रभाव :

राज्य सञ्चालन गर्ने मुख्य आधार नै राजस्व हो । सरकारले राजस्व सङ्कलन गरी सेवा प्रवाह, विकास निर्माण, लोककल्याण प्रवर्धन तथा सरकार सञ्चालनका लागि उपयोग गर्दछ । राजस्व चुहावटका कारण सरकारी कोष कमजोर हुँदा राज्य सञ्चालनमा बहुआयामिक प्रभाव पर्दछ । राजस्व चुहावट बढ्दै जाँदा यसबाट देहायका प्रभाव सिर्जना हुन्छन् :

- सरकारी कोष कमजोर हुँदा सरकार कमजोर हुन्छ,
- सरकारलाई जनअपेक्षा सम्बोधन गर्न कठिनाइ हुन्छ,
- सरकारले शासन सञ्चालनका लागि ऋण लिनुपर्ने अवस्था सिर्जना हुन्छ, ऋणको भार बढ्दा सरकारप्रति नागरिक विश्वास कमजोर हुन्छ,
- स्रोत अभावमा सरकारले गर्ने सेवा प्रवाह र विकास निर्माण प्रभावित हुन्छ,
- सरकारको घाटा बजेट बढ्न गई घाटा पूर्तिका लागि बाह्य ऋणको मात्रा बढ्दै जाने जोखिम रहन्छ,
- धनी र गरिबबिचको खाडल बढ्दै जाने सम्भावना रहन्छ, बढ्दो आर्थिक असमानताले समाजमा असन्तुष्टि पैदा गर्दछ,
- कर छल्ने प्रवृत्ति नियन्त्रण हुन नसक्दा इमानदार करदाता मर्कामा पर्छन्, यसले बजारमा अस्वस्थ प्रतिस्पर्धालाई बढावा दिन्छ,
- सङ्घीय शासनप्रणालीमा राजस्व चुहावट नियन्त्रण नभएमा तल्लो तहसम्म जाने राजस्व घट्ने र सङ्घीयता कार्यान्वयनमा बाधा सिर्जना हुन सक्छ ।

राजस्व चुहावट कसुर मानिने विषयहरू :

राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम राजस्व चुहावट मानिने कार्य यस प्रकार छन् :

- नेपाल सरकारलाई तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले कुनै काम गरेमा,
- राजस्व कम तिर्ने वा राजस्व नतिर्ने उद्देश्यले गलत लेखा, विवरण वा कागजात प्रस्तुत गरी वा नगरी प्रचलित कानुनबमोजिम तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिरे वा नबुझाएमा वा तिर्नु वा बुझाउनुपर्ने राजस्वभन्दा घटी राजस्व तिरेमा वा बुझाएमा,
- कुनै मालवस्तुको निकासीपैठारी गर्दा सम्बन्धित भन्सार कार्यालयमा प्रचलित कानुनबमोजिम तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा वा छल्ने प्रयत्न गरेमा,
- कुनै व्यक्तिले अन्य कुनै व्यक्तिको नामबाट कुनै उद्योग, व्यापार वा व्यवसाय गरी कुनै वस्तु निकासी वा पैठारी गरेमा,
- कुनै व्यक्ति अन्य कुनै विदेशी कम्पनी वा संस्थाको एजेन्ट भएमा सो कुरा नदेखाई प्रचलित कानुनबमोजिम तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा,
- राजस्व तिर्नु, बुझाउनु वा दाखिल गर्नुपर्ने कार्यालय वा सो कार्यालयको कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेमा वा त्यस्तो कार्यालय वा कर्मचारीलाई अनुचित प्रभावमा पारी आफूले तिर्नु बुझाउनुपर्ने राजस्व नतिरेमा वा जति तिर्नुपर्ने हो सोभन्दा कम राजस्व तिरेमा वा त्यस्तो कुनै कार्य गर्ने गराउने प्रयत्न गरेमा,
- राजस्व बुझाउनुपर्ने कार्यालयको कर्मचारीसँग मिलेमतो गरी वा नगरी नेपाल सरकारलाई कानुनबमोजिम तिर्नु बुझाउनुपर्ने रकममा हेरफेर वा परिवर्तन गरेमा वा राजस्व बुझाएको देखिने गलत लिखत वा कागजात तयार गरेमा वा पेस गरेमा,
- राजस्व बुझाउने प्रयोजनका लागि घोषणा गर्नुपर्ने वा देखाउनुपर्ने कुनै आय, जग्गा वा अन्य सम्पत्ति वा सामानको मूल्य घटी वा बढी हुने गरी हिसाब वा कागजात तयार गरी पेस गरेमा,
- कसैले कुनै मालवस्तु चोरीनिकासी वा चोरीपैठारी गरेमा, पैठारीकर्ताले एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनी घोषणा गरेमा वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, गुणस्तर वा मूल्य फरक पारी घोषणा गरेमा वा घोषणा नै नगरेमा,
- कुनै व्यक्तिले आय लुकाई निजको आयभन्दा खर्च र सम्पत्ति बढी भएको देखिएमा,
- प्रचलित कानुनबमोजिम तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले अन्य कुनै काम गरे वा गराएमा,
- माथि उल्लिखित कामकारबाही गर्न वा गराउन गलत वा झुटा परामर्श दिएमा ।
- अन्त्यमा राजस्व चुहावट राज्यको वित्तीय स्वास्थ्यलाई कमजोर पार्ने एक अपराधजन्य कार्य हो । यसले राज्यको ढुकुटीमा जम्मा हुनुपर्ने स्रोतलाई अन्यत्रै पुऱ्याउँछ । राज्यप्रणालीलाई कमजोर पार्नुका साथै समाजमा आर्थिक असमानता बढाउने र अपारदर्शी आर्थिक क्रियाकलापलाई प्रश्रय दिने कार्य गर्दछ । यसले सरकारको स्रोत परिचालन क्षमता कमजोर बनाई सरकारको कार्यसम्पादनलाई समेत प्रभावित पार्दछ । प्रभावकारी कर प्रशासन, कानुनको कडाइका साथ पालना, सूचना प्रविधिको प्रयोग, तहगत र निकायगत समन्वय तथा नागरिक सचेतनाको माध्यमबाट राजस्व चुहावट नियन्त्रण गर्नु आवश्यक देखिन्छ ।

३. **प्रत्यायोजित विधायन भन्नाले के बुझ्नुहुन्छ ? यसका सीमाहरू उल्लेख गर्नुहोस् ।**

✍ संविधान वा सर्वोच्च विधायनबाट प्रत्यायोजित अधिकार प्रयोग गरी निर्माण हुने कानुनलाई प्रत्यायोजित विधायन भनिन्छ । कानुन बनाउने मुख्य जिम्मेवारी जनप्रतिनिधिमूलक निकाय संसद्मा रहन्छ । संसद्ले जनतामा निहित सर्वोच्च शक्तिको प्रयोग गर्दै कानुन निर्माण गर्दछ । संसद्ले सरकार, न्यायपालिका, संवैधानिक निकाय, कानुनद्वारा गठित निकायलाई सर्वोच्च विधायनको मातहतमा रही कानुन बनाउने गरी आफूमा निहित कानून बनाउने अधिकार सुम्पेको हुन्छ । सरकारका कार्यकारी निकायले निर्माण गर्ने नियमावली, विनियमावली, निर्देशिका, कार्यविधि, मापदण्डलगायतका कानुन नै प्रत्यायोजित विधायन वा अधीनस्थ विधायन हुन् ।

प्रत्यायोजित विधायनका सीमा :

- प्रत्यायोजित विधायन अन्तर्गत बनेका कानुन संविधान वा मातृऐनसँग बाझिनु हुँदैन,
- मातृऐनको मर्म र भावनाबाहिर जानु हुँदैन,
- ऐनले प्रदान गरेको भन्दा बढी अधिकारको प्रयोग गर्नुहुँदैन,
- ऐनले तोकेको निकायले मात्र अधिकारको उपयोग गर्नु पर्दछ, न्यायसङ्गत, विवेकपूर्ण, पक्षपातरहित र प्राकृतिक न्यायको सिद्धान्त अनुकूल हुनु पर्दछ,
- प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजित हुन सक्दैन,
- कसुर परिभाषित गर्ने, दण्ड निर्धारण गर्ने, करका दर निर्धारण गर्ने, अदालतको स्थापना र क्षेत्राधिकार निर्धारण जस्ता सारवान् विषय प्रत्यायोजित विधायनले समेट्न सक्दैन,
- कार्यविधिगत विषयमा मात्र केन्द्रित हुनु पर्दछ ।
- अन्त्यमा प्रत्यायोजित विधायनको निर्माण गैरप्रतिनिधिमूलक निकायबाट हुने गर्दछ । यस्ता निकायले कानुन निर्माण गर्दा जनइच्छा प्रकट नहुने सम्भावनालाई ध्यानमा राखी प्रत्यायोजित विधायनका सम्बन्धमा सीमा निर्धारण गरिन्छ । प्रत्यायोजित विधायन निर्माण गर्दा माथि उल्लिखित सीमाको ख्याल गर्नु पर्दछ ।

४. **विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ अनुसार विदेशी लगानीकर्ताले नेपालमा लगानी गरी के कस्ता रकम फिर्ता लैजान पाउँछन् ? जानकारी गराउनुहोस् ।**

✍ नेपालमा लगानी गर्ने विदेशी लगानीकर्ताले आफ्नो लगानी र सोबाट आर्जित रकम फिर्ता लैजान पाउने कानुनी व्यवस्था गरिएको छ । विदेशी लगानीकर्ताले आफ्नो लगानीको सेयर वा उद्योग पूर्ण वा आंशिक रूपमा बिक्री गरी नेपाल कानुनबमोजिम सम्पूर्ण कर दायित्व चुक्ता गरी नेपालबाट आफ्नो लगानी फिर्ता लैजान सक्छन् । विदेशी लगानीकर्ताले जुन विदेशी मुद्रामा लगानी गरेको हो सोही विदेशी मुद्रामा वा नेपाल राष्ट्र बैङ्कको स्वीकृतिबमोजिम अन्य विदेशी मुद्रामा नेपालको प्रचलित कानुनबमोजिम करसम्बन्धी कानुनी दायित्व पूरा गरी देहायका रकम फिर्ता लैजान पाउने व्यवस्था छ । यसरी लगानी तथा आर्जित रकम परिवर्त्य विदेशी मुद्रामा फिर्ता लैजाँदा प्

नयाँ नेपाल
गोरखापत्र
gorkhapatraonline.com
گورکھا پتر
نیا نیپال
समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित
उर्दू भाषा पृष्ठ

نیپال مدرسہ بورڈ

ڈاکٹر سلیم انصاری جھاپا، نیپال



کٹھمنڈو پوسٹ، ۲۰۰۲ رپورٹ کے مطابق، نیپال میں مدارس کی رجسٹریشن اور انہیں قومی نصاب سے جوڑنے کی کوشش بیسویں صدی کے آخر میں شروع ہوئی۔ ۲۰۰۲ء میں حکومت نیپال نے پہلی بار یہ اصول بنایا کہ تمام مدارس کو ضلعی تعلیمی دفاتر کے ساتھ رجسٹر کرایا جائے، اور اگر وہ سائنس، ریاضی، انگریزی اور نیپالی جیسے عصری مضامین پڑھائیں تو انہیں مالی امداد دی جائے۔ یہ پہلا قدم تھا جو مذہبی تعلیم کو قومی تعلیمی نظام سے جوڑنے کے لیے اٹھایا گیا۔ تاہم، عمل درآمد کے مسائل، سیاسی دباؤ اور مذہبی اداروں کی تشویش کے باعث یہ پالیسی مکمل کامیاب نہ ہو سکی۔ موجودہ صورتحال یہ ہے کہ تقریباً نصف مدارس اس نظام کے تحت رجسٹر ہو چکے ہیں، جبکہ باقی نصف مدارس بعض تحفظات اور مشاہدات کی وجہ سے اب تک اس میں شامل ہونے سے گریزاں ہیں۔ یہ ہچکچاہٹ اس بات کا تقاضا کرتی ہے کہ حکومت اور متعلقہ ادارے ان تحفظات کو دور کرنے کے لیے سنجیدہ اقدامات کریں تاکہ تمام مدارس بااعتماد طریقے سے اس نظام کا حصہ بن سکیں۔

۲۰۰۶–۷۰ میں حکومت نے ایک جامع پالیسی متعارف کرائی، جس میں مدارس کی رجسٹریشن کو لازم قرار دینے کے ساتھ ساتھ عصری مضامین کی تدریس بھی شرط بنا دی گئی۔ ریکارڈ نیپال، ۲۰۰۲ کے مطابق، اس پالیسی کے تحت حکومت نے مالی امداد اور تدریسی تربیت کی فراہمی کا وعدہ کیا، لیکن کئی رپورٹس کے مطابق فنڈز کی غیر یقینی فراہمی اور انتظامی پیچیدگیوں کی وجہ سے اس پالیسی پر مکمل عمل نہ ہو سکا۔ اسی دوران "مدرسہ اسلامی ایسوسی ایشن بورڈ" بنایا گیا تاکہ مدارس کو منظم کیا جا سکے، مگر چند ماہ میں یہ ادارہ غیر فعال ہو گیا کیونکہ اس کے پاس نہ مالی وسائل تھے اور نہ ہی قانونی اختیارات۔ ۶۱۰۲ میں یو ایم ایل حکومت کے دور میں قومی سطح پر مدرسہ بورڈ قائم کرنے کی تجاویز سامنے آئیں۔ اس کا مقصد مدارس کی نگرانی، نصاب میں یکسانیت، اور عصری مضامین کی شمولیت کو یقینی بنانا تھا۔

ہمالین ٹائمز، ۸۱۰۲ کے مطابق، ۸۱۰۲ میں صوبہ مدھیش (صوبہ ۲) میں "مدرسہ ایجوکیشن بورڈ" کا بل پیش کیا گیا، جس میں بیرونی عطیات کے ذریعے مدارس کی مالی معاونت کا نظام تجویز کیا گیا۔ مگر یہ بل آئینی پیچیدگیوں کی وجہ سے رک گیا کیونکہ وفاقی حکومت کے مطابق تعلیم اور بیرونی فنڈنگ قومی دائرہ کار میں آتی ہیں، صوبائی نہیں۔ مذہبی قیادت نے بھی زور دیا کہ مدارس سے متعلق کسی بھی پالیسی کو وفاقی سطح پر بنانا چاہیے تاکہ یکسانیت برقرار رہے۔

۰۲۰۲ کے بعد تعلیمی ماہرین اور مسلم رہنماؤں نے دوبارہ یہ مطالبہ اٹھایا کہ وفاقی وزارتِ تعلیم کے ماتحت ایک مضبوط مدرسہ بورڈ قائم کیا جائے ۔ مقصد یہ تھا کہ دینی اور عصری تعلیم کو یکجا کر کے تعلیمی معیار بلند کیا جائے اور مدارس کے طلبہ کو جدید دنیا کے تقاضوں کے مطابق تیار کیا جا سکے (نیپالی ٹائمز، ۱۲۰۲)۔ مدرسہ بورڈ کے قیام کی تجویز کئی سالوں سے مختلف اسٹیک ہولڈرز کے درمیان زیر بحث ہے اور یہ بحث اب بھی جاری ہے اور مختلف فریق اپنی تجاویز اور خدشات کے ساتھ اس عمل میں شریک ہیں تاکہ ایک متفقہ اور مؤثر نظام سامنے آ سکے۔

مدرسہ بورڈ کے فوائد

اس حصے میں مدرسہ بورڈ کے قیام کے ممکنہ فوائد پر تفصیل سے بات کی جائے گی اور یہ دیکھا جائے گا کہ اگر یہ نظام مؤثر انداز میں نافذ ہو جائے تو اس کے کیا مثبت نتائج برآمد ہو سکتے ہیں۔ مرکزی بورڈ کے تحت تمام مدارس کا نصاب یکساں ہوگا، جس سے نہ صرف تعلیمی معیار بہتر ہوگا بلکہ طلبہ کو قومی سطح پر مساوی مواقع بھی میسر آئیں گے۔ نصاب میں یہ یکسانیت طلبہ کے لیے اعلیٰ تعلیم اور پیشہ ورانہ شعبوں میں داخلے کو آسان بنائے گی اور انہیں دوسرے تعلیمی اداروں کے ہم پلہ کر دے گی۔

5. Each bid shall be opened in the presence of Bidders or Bidder's representatives who choose to attend 14:00 on the above mentioned date and office. Bids shall be opened even in the absence of the bidders or their Authorized representative(s).
6. Each bid must be accompanied by a separate Bid Bond in the form of a bank guarantee of the Nepalese 'A' Class Bank or Bank Voucher of cash deposited at Rastriya Banijya Bank, Branch Office TIA, Gaucher, Account No.1690100000070001. Successful Bidder shall be required to furnish Performance Bond accordance with the prevailing Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 before signing of Contract.
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever prior to award of contract.
9. This notice also displayed on CAAN Website//http://caanepal.gov.np and TIACAO Website// www.tiairport.com.np.
10. The bidder shall quote for only one main offer. Alternate offer, if any, shall not be considered for evaluation.
11. Any additional matters not covered by this shall be in accordance with the prevailing Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 of the GON.

मापदण्ड मिचेर नगरपालिकाको भवन

कालीकोट समाचारदाता
कालीकोट, जेठ ५ गते

कालीकोटको खाँडाचक्र नगरपालिकाले आफ्नो प्रशासकीय भवन राष्ट्रिय सडक मापदण्ड मिचेर निर्माण गरिरहेको छ।

नगरपालिकाले राष्ट्रिय सडकको राइट अफ वे अतिक्रमण गरी भवन निर्माण सुरु गरेको भन्दै स्थानीयवासीले विरोध जनाएका छन्। कर्णाली राजमार्ग अन्तर्गत सुर्खेत-जुम्ला सडकखण्डको खाँडाचक्र नगरपालिका-१, जिरोप्वाइन्ट क्षेत्रमा १० मिटर चौडाइको सडकबाट छ मिटर मात्र छाडेर भवन निर्माण सुरु गरिएको पाइएको भन्दै सडक डिभिजन कार्यालय जुम्लाले काम रोक्न दोस्रो पटक पत्राचार गरेको छ । सडक डिभिजन कार्यालयको पत्रमा भवन निर्माणको काम तत्काल काम रोक्न भनिएको छ।

तर नगरपालिकाले काम नरोकेका कारणले मान्म बजार पहिरोको जोखिममा परेको छ । नगरपालिकाको भवनका लागि तलबाट जग खनिरहँदा पहिरो खसेर बजारका घर जोखिममा परेका छन्। गत वर्ष पनि जग खन्ने क्रममा पहिरो झर्दा १३ घर जोखिममा परेका थिए। नगरपालिकाले तत्काल पर्खाल लगाएर घर जोगाए पनि काम भने फेरि सुरु गरेकाले अर्को ठाउँमा पहिरो जाँदा अन्य घर थप जोखिममा परेका छन्।

सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख श्रवणकुमार महताराले भविष्यमा सडक विस्तार गर्दा सरकारी संरचना भत्काउनुपर्ने अवस्था आउने भएकाले राष्ट्रिय मापदण्डविपरीत हुने गरी निर्माणको काम नगर्न निर्देशन दिइएको बताउनुभयो। उहाँले भन्नुभया, "तर नगरपालिकाले अझै काम रोकेको छैन। त्यहाँ काम भइरहँदा बजारका पक्की घर पहिरोको जोखिममा परेका छन् ।"

नगरपालिकाले डेढ वर्षअघि ठेक्कामार्फत भवन निर्माण सुरु गरेको थियो। भ्याटसहित करिब २५ करोड रुपियाँ लागत अनुमान गरिएको भवन काठमाडौँको आरएनसिएस बिल्डर्सले १९ करोड रुपियाँमा ४० महिनाभित्र निर्माण गर्ने गरी ठेक्का लिएको हो। हालसम्म निर्माण कम्पनीले करिब एक करोड ५० लाख रुपियाँ पेस्की लिएको नगरपालिकाले जनाएको छ। वैशाख १६ गते नै सडक डिभिजनले पत्राचार गरे पनि हालसम्म निर्माण जारी रहेको छ। नगरपालिकाका इन्जिनियर सुमित भट्टले भने भवन मापदण्ड अनुसार नै निर्माण भइरहेको दाबी गर्नुभयो। उहाँले भन्नुभयो "सडकको मापदण्ड अनुसार छ मिटर छाडेर भवन निर्माण भइरहेको छ । नगर कार्यपालिकाको निर्णय अनुसार काम भइरहेकाले रोकिँदैन।"

प्रमुख जिल्ला अधिकारी गोकर्णराज सुयलले मापदण्ड अनुसार सबै संरचना हटाउने हो भने कालीकोटमा धेरै बस्ती खाली गर्नुपर्ने अवस्था आउने भन्दै सरोकारवालाबिच समन्वय आवश्यक रहेको बताउनुभयो।

सर्पसँगै रमाएका रमेश

उर्लाबारी समाचारदाता
उर्लाबारी, जेठ ५ गते

मोरङको उर्लाबारी-४ का २९ वर्षीय रमेश भण्डारी नौ वर्षदेखि सर्प उद्धारमा तल्लीन हुनुहुन्छ।

भण्डारीको २० वर्षको उमेरमा छिमेकी प्रेम विष्टसँग सङ्गत भयो। विष्ट वन कार्यालयको सुरक्षाकर्मी हुनुहुन्थ्यो। सर्प उद्धारमा सिपालु विष्टको सङ्गत गर्दागर्दै रमेशमा पनि सर्प उद्धारको भोग जाग्यो। प्रेम विष्टसँग ठुला र विषालु सर्प कुनै पनि उपकरणबिना च्याप्प समात्ने कला थियो। विष्टसँग सर्प उद्धार गर्न सिक्दासिक्दै रमेशले पनि पहिला विष नभएका सर्प समात्न थाल्नुभयो। पहिलो वर्ष विष नभएका सर्प समात्दा थुप्रै पटक सर्पले डस्यो। विष नभएका सर्प समात्न वा उद्धार गर्न त्यति जोखिम भएन। डसिहाल्यो भने पनि मरिन्न भन्ने आत्मविश्वास हुँदो रहेछ।

रमेशको सर्प उद्धार गर्ने अभियान यत्तिकैमा रोकिएन। प्रेम विष्टसँग हिँड्दाहिँड्दै उहाँले विषालु सर्पको उद्धार गर्ने विधि, प्रक्रिया र सर्पको परिस्थितिजन्य स्वभाव अध्ययन गर्ने मौका पाउनुभयो।

नौ वर्षको अवधिमा रमेशले एक हजार तीन सयभन्दा बढी सर्प उद्धार गरिसक्नुभएको छ। कहिले खेत खलियानबाट त कहिले भान्छाघरबाट। ओछ्यानबाट समेत विषालु करेत सर्प उद्धार गरिसक्नुभएका भण्डारी विषालु सर्प देख्नेबित्तिकै जोखिम र सतर्कता अपनाउनुपर्ने बताउनुहुन्छ। उहाँले भन्नुभयो, "सर्पले उद्धारकर्तालाई चिन्छ जस्तो लाग्छ। उद्धारकर्मी पुगेपछि सर्पहरू धेरै सतर्क हुन्छन्। सर्पलाई ढुङ्गा हान्ने, लाठी प्रहार गर्ने, घोच्ने वा आगो लगाउने गर्नु हुँदैन। त्यसो गरियो भने सर्प आक्रामक हुन्छन्। ज्यान बचाउन हिंस्रक हुन सक्छन्। सर्पलाई पीडा नभई मानिसप्रति आक्रामक हुँदैन। सर्पले वातावरणीय सन्तुलन कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्ने गर्छन्। खेतबारीमा हुने मुसा नियन्त्रणदेखि कीटाणु नियन्त्रण गर्नसमेत सर्पको योगदान हुने गर्छ तर मानिसमा अझै पनि सर्पप्रति भय रहेको देखिन्छ।" यही भय हटाउन रमेश भण्डारी अचेल विभिन्न विद्यालय, किसान समूह तथा स्थानीय संस्थामा सर्पसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै हिँड्नुहुन्छ।

निजी खर्चमा कार्यक्रम गरिरहनुभएका भण्डारी भन्नुहुन्छ, "उनीहरूको वासस्थान जोगाउन सके सर्पहरू घरमा पस्दैनन् तर मानिसकै कारण सर्प पनि जोखिममा परेको भण्डारीको बुझाइ छ।"

रमेशलाई सुरुका दिनमा घरपरिवारका सदस्यले यस्तो जोखिमयुक्त काम नगर्न सुझाव दिनुभयो तर रमेशले कसैका कुरा नसुनी सर्प उद्धारलाई निरन्तरता दिइरहनुभएको छ। अचेल वर्षायाममा सर्प उद्धारमा उहाँको दिन बिल्छ। सर्प उद्धार स्वयंसेवी काम हो। पैसा कमाइ नभए पनि रमेश दिनरात नभनी सूचना आउनासाथ घरबाट निस्किनुहुन्छ। उहाँ भन्नुहुन्छ, "पैसा नकमाए पनि नाम चलेको छ। त्यसैलाई सम्पत्ति मानेको छु।"

Manmohan Technical University

Budhiganga-04, Morang, Nepal

VACANCY ANNOUNCEMENT

First Date of Publication : 2083/2/6

MTU invites applications from all qualified candidates with a keen interest in academic careers for the vacant posts mentioned below.

S.N.	Post	Nature of Appointments	(Group/Sub-Group)	Required Number
1.	Professor	Contract	Civil Engineering (Structural Engineering)	1
2.	Professor	Contract	Pharmacy (Pharmaceutics/Industrial Pharmacy/ Pharmaceutical Technology or Medicinal Chemistry/Pharmaceutical Chemistry)	1
3.	Professor	Contract	Law (Criminal Law/Business Law)	1
4.	Associate Professor	Contract	Pharmacy (Pharmaceutics/Industrial Pharmacy/ Pharmaceutical Technology)	1
5.	Lecturer	Contract	Electrical Engineering	1
6.	Lecturer	Contract	Computer Engineering	1
7.	Lecturer	Contract	Civil Engineering (Transportation Engineering)	1
8.	Lecturer	Contract	Pharmacy (Pharmaceutical Analysis)	1
9.	Lecturer	Contact	Pharmacy (Pharmacognasy and Photochemistry/ Natural Product Chemistry)	1

Minimum Qualification Required

(A) For Lecturer: Master's degree/PhD degree in related subject, with at least First Division.

(B) For Associate Professor/Professor : Candidate must possess a PhD degree in the related subjects

- The candidate must have at least 10 years of (for Associate Professor) and 12 years of (for Professor) teaching/ research/ or professional experience in a recognized institution.
- The candidate must also demonstrate evidence of research output and scholarly work as prescribed by the university, including publications of research papers, books, patent rights, research reports and other relevant academic contributions.

Documents required: Recent CV, attested copies of mark sheets/ transcripts of all academic qualifications, citizenship certificates, work & professional experience certificates, research papers, book publication, patent rights and other relevant credentials.

- Candidates possessing foreign academic qualifications must submit an Equivalence Certificate along with the registration certificate from the concerned council.

Salary Scale: As per the rules of the university.

Applicant's selection will be based on a personal interview and presentation.

Submission of Application: The last date for submission of the application is 2083/2/20.

The University will inform only the shortlisted candidates for the interview and presentation. It will not entertain the application and documents submitted after the deadline. Interested candidates may download the application form from MTU official website i.e. www.mtu.edu.np. The eligible and interested candidates can provide the application form and necessary documents to **info@mtu.edu.np** within the given date or central office of MTU. For further information and clarification, contact on 021 50691/**Engineering-** 9860392373 /**Law-** 9852075888/ **Pharmacy-** 9852042140.

लोक सेवा आयोगका सूचनाहरु

केन्द्रीय कार्यालय, कमलपोखरी

सिफारिस सम्बन्धी सूचनाहरु

लोक सेवा आयोगबाट प्रकाशित देहाय बमोजिमका विज्ञापनको सिफारिस सम्बन्धी सूचना आयोगको वेबसाइटका साथै सम्बन्धित कार्यालयको सूचना पाटीमा टाँस गरिएको र आयोगको मिति २०८३/२/६ को सूचनापत्र (Bulletin) मा समेत प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	विज्ञापन नं.	किसिम	सेवा, समूह, उपसमूह	श्रेणी/तह	पद
लोक सेवा आयोग, केन्द्रीय कार्यालय					
१.	१७१७३/०८२-८३	आ.प्र.	इञ्जि., सिभिल, जनरल	रा.प. द्वितीय	उपसचिव वा सो सरह
२.	१७२०२-१७२०४/०८२-८३	आ.प्र., खुला र आ.ज.	शिक्षा, शिक्षा प्रशासन	रा.प. द्वितीय	उपसचिव वा सो सरह
३.	१७२०५/०८२-८३	मधेशी	विविध	रा.प. द्वितीय	कम्प्युटर निर्देशक
४.	१७२०७/०८२-८३	आ.प्र.	विविध	रा.प. द्वितीय	वरिष्ठ अर्थशास्त्री

अन्तर्वार्ता तथा सिफारिश शाखा

नियुक्तिको सिफारिस बदर सम्बन्धमा

सूचना नं. २२१५/०८२-८३, मिति २०८३।१।३१

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको विज्ञापन नम्बर १७२६०/०८१-८२ (खुला), नेपाल स्वास्थ्य सेवा, विविध समूह, साइकोलोजी उपसमूह, नवौं तह, वरिष्ठ क्लिनिकल साइकोलोजिष्ट पदमा आयोगको सूचना नं. ९१४/०८२-८३, मिति २०८२।१०।७ को सूचना अनुसार स्थायी नियुक्तिका लागि सिफारिस भएका उम्मेदवार रामपुकार साह विरुद्ध परेको उजुरी उपर छानविन हुँदा निजको अनुभव नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ को उपनियम (३) बमोजिम नपुग्ने देखिएकोले लोक सेवा आयोग ऐन, २०७९ को दफा ३८ को उपदफा (३) अनुसार निजको दरखास्त, परीक्षा, अन्तर्वार्ता र नियुक्तिको सिफारिस बदर गर्ने र सोही अनुसार प्रचलित कानून बमोजिम आवश्यक कारवाही चलाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा लेखी पठाउन आयोगको मिति २०८३।१।२९ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

अन्तर्वार्ता सूचीबाट हटाइएको

सूचना नं. २२१६/०८२-८३, मिति २०८३।२।१

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको विज्ञापन नम्बर १७२१७/०८२-८३ (आ.ज.), नेपाल स्वास्थ्य सेवा, मेडिसिन समूह, ट्रपिकल मेडिसिन उपसमूह, नवौं तह, कन्सल्टेण्ट ट्रपिकल मेडिसिन (फिजिसियन) पदमा आयोगको सूचना नं. २१३५/०८२-८३, मिति २०८३।१।१३ मा प्रकाशित लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनौट भएका रोल नम्बर ८७००११ का उम्मेदवार सिमरन श्रेष्ठले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम २२ को उपनियम (५) र सरकारी शिक्षण संस्थाहरूमा चिकित्साशास्त्र छात्रवृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२ को दफा १२ को उपदफा (१) बमोजिमको शर्त तथा छात्रवृत्तिमा अध्ययन पश्चात निज उम्मेदवारले बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको च.नं. ३६०५, मिति २०८२।२।२५ को पत्रमा उल्लिखित नियमावली, कार्यविधि र कबुलियतनामा (सम्झौता) बमोजिम हुने गरी करारमा कामकाज गर्न तोकिएको शर्त समेत उल्लंघन गरेको पुष्टि भई सो पदमा उम्मेदवार हुन अयोग्य देखिएकोले लोक सेवा आयोग ऐन, २०७९ को दफा ३८ को उपदफा (३) बमोजिम निजको दरखास्त र परीक्षा समेत बदर गरी अन्तर्वार्ताका लागि प्रकाशित सूचीबाट निजको नाम हटाउने गरी आयोगको मिति २०८३।१।३१ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

अन्तर्वार्ता सूचीबाट हटाइएको

सूचना नं. २२२२/०८२-८३, मिति २०८३।२।१

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको विज्ञापन नम्बर १७२३९/०८२-८३ (आ.प्र.), नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह नवौं तह, जनस्वास्थ्य प्रशासक पदमा आयोगको सूचना नं. २१७८/०८२-८३, मिति २०८३।१।१५ मा प्रकाशित लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनौट भएका रोल नम्बर ८७००६० का उम्मेदवार योगेशप्रसाद भट्ट सुदूरपश्चिम प्रदेश, प्रदेश स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, नवौं तह, जनस्वास्थ्य प्रशासक समान तहको पदमा मिति २०८१।१०।१८ मा सिफारिस भई नियुक्ति लिई कार्यरत रहेको मिति २०८२।१०।२३ को नियुक्ति पत्रबाट पुष्टी हुन आएकोले निजलाई समान तहको विज्ञापन नम्बर १७२३९/०८२-८३ (आ.प्र.), स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, नवौं तह, जनस्वास्थ्य प्रशासक पदमा उम्मेदवार कायम राख नमिल्ने देखिएकोले लोक सेवा आयोग ऐन, २०७९ को दफा ३८ को उपदफा (३) बमोजिम निजको दरखास्त र परीक्षा समेत बदर गरी अन्तर्वार्ताका लागि प्रकाशित सूचीबाट निजको नाम हटाउने गरी आयोगको मिति २०८३।१।३१ मा निर्णय भएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

परीक्षा संचालन शाखा

उम्मेदवारको परीक्षा रद्द गरी कारबाही गरिएको सूचना

सूचना नम्बरः २२०४/२०८२-८३, मिति २०८३।१।३०

लोक सेवा आयोगद्वारा प्रकाशित वि.नं. १६६६४-१६६७१/०८२-८३ (आन्तरिक), उपसचिव वा सो सरह पदको लिखित परीक्षामा लोक सेवा आयोगको अनामनगर परीक्षा केन्द्रमा मास्टर आईडी ८६२९७३, रोल नं. ८७२०७६ का उम्मेदवार भोजपुर जिल्ला साल्पा सिलिछो गा.पा. स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वडा नं. १२ बस्ने प्रेम बहादुर गिरीको नाती मान बहादुर गिरीको छोरा योगराज गिरीले आफ्नो सिटको टेबलमा परीक्षाको विषय वस्तु सान्दर्भिक टिपोट पुर्ववत रुपमा लेखि परीक्षामा समेत सहभागी भई लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ (१) बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा ४१ (२) बमोजिम निज योगराज गिरीको वि.नं. १६६६४-१६६७१/०८२-८३ का सबै परीक्षा रद्द गर्ने तथा निजलाई आगामी एक वर्षसम्म लोक सेवा आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा सहभागी नगराउने भनि आयोगबाट मिति २०८३।१।२९ गते निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

www.psc.gov.np

Notice of Time Extension

(Date of Publication : **May 20, 2026**)

1. We would like to inform all the concerned bidders about the time extension of the following Bid:

S. N.	Description	Amended Bid Closing date and time	Amended Bid Opening date and time	Amended Bid Security Validity
1	IFB No. NDCL/CTO/ICB/12/082-83 for Supply, Delivery, Installation, Testing and Commissioning of NT Cloud Platform.	June 09, 2026 12:00 Noon	June 09, 2026 1:00 PM	At least up to: November 05, 2026

2. A complete set of Bid Document may be downloaded for e-submission from PPMO's e-GP system at **www.bolpatra.gov.np/egp**.
3. In case, the last date of submission and opening of the Tender date happens to be an official holiday, the next working day will be deemed as the due date and the time will remain same as stipulated.

Contact Address

राष्ट्रको सञ्चार
Nepal Telecom

Nepal Telecom
(Nepal Doorsanchar Company Limited),
Office of Chief Technical Officer,
Central Procurement Department, Bhadrakali, Kathmandu, Nepal.
Tel. No.: 977-1-4210310,
E-mail: procurement@ntc.net.np
Website: https://www.ntc.net.np

नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर

प्रकाशन मिति : २०८३/०२/०६

नेपाल धितोपत्र बोर्डको देहाय बमोजिमका विज्ञापनहरूमा विभिन्न पदहरूमा (आ.प्र., खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी नियुक्तिका लागि लिइएको लिखित परीक्षा तथा अन्तर्वार्ता समेतमा उम्मेदवारहरूले प्राप्त गरेको कुल प्राप्ताङ्कानुसार निर्धारण हुन आएको योग्यता क्रमका आधारमा देहाय अनुसार मुख्य उम्मेदवार र वैकल्पिक उम्मेदवारका रूपमा नियुक्तिका लागि सिफारिस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ। नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरूले नियुक्तिका लागि नेपाल धितोपत्र बोर्डको जनशक्ति शाखामा सम्पर्क राख्नुहुन सूचित गरिएको छ।

१. विज्ञापन नं.: ०२/०७९/८० (आ.प्र.) — **पद/ श्रेणी: अधिकृत द्वितीय श्रेणी, निर्देशक**
सेवा/समूहः कानून — **माग पद सङ्ख्या १**
अन्तर्वार्ता मितिः २०८३/०२/०२ — **सिफारिस मितिः २०८३।०२।०२**

मुख्य उम्मेदवार

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	१	राजाराम दुवाल	भक्तपुर-९, भक्तपुर	इन्द्र	कृष्ण कुमार

२. विज्ञापन नं.: ०५/०७९/८० (खुला) — **पद/ श्रेणी: अधिकृत द्वितीय श्रेणी, निर्देशक**
सेवा/समूहः कानून — **माग पद सङ्ख्या : १**
अन्तर्वार्ता मितिः २०८३/०२/०२ — **सिफारिस मितिः २०८३।०२।०२**

मुख्य उम्मेदवार

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	३	इश्वर बन्धु गौतम	रुरुक्षेत्र-४, गुल्मी	खगेश्वर	भिमलाल

वैकल्पिक योग्यता क्रम:

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	१	देव बहादुर महत	इस्मा-६, गुल्मी	लिल बहादुर	मनिराम

३. विज्ञापन नं.: ०७/८२/८३ (आ.प्र.) — **पद/ श्रेणी: अधिकृत द्वितीय श्रेणी, निर्देशक**
सेवा/समूहः प्रशासन — **माग पद सङ्ख्या : १**
अन्तर्वार्ता मितिः २०८३/०२/०२ — **सिफारिस मितिः २०८३।०२।०२**

मुख्य उम्मेदवार

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	७०००७	अजय ढुङ्गाना	रत्ननगर-१४, चितवन	विश्व दर्शन	तारा नाथ

वैकल्पिक योग्यता क्रम :

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	७०००२	रजिना राई	शिवसताक्षी-७, झापा	राज कुमार	मेख बहादुर
२	७०००१	सङगम राई	चौदण्डीगढी-४, उदयपुर	माधव	चन्द्र बहादुर

४. विज्ञापन नं.: ०८/८२/८३ (खुला) — **पद/ श्रेणी: अधिकृत तृतीय श्रेणी, सहायक निर्देशक**
सेवा/समूहः प्रशासन — **माग पद सङ्ख्या : १**
अन्तर्वार्ता मितिः २०८३/०२/०२ — **सिफारिस मितिः २०८३।०२।०३**

मुख्य उम्मेदवार

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	८००६१	बसन्त तामाङ्ग	देउमाई-५, इलाम	जमान सिं	ज्ञानवीर

वैकल्पिक योग्यता क्रम :

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	८००५१	शान्ता देवी चम्लागाई	माईजोगमाई-३, इलाम	राम प्रसाद	श्याम प्रसाद
२	८००६०	विपना माझी	तातापानी-६, सुर्खेत	लाल बहादुर	भाना
३	८००७२	नमिता कट्टेल	कागेश्वरी मनोहरा-६, काठमाडौँ	नारायण प्रसाद	पूर्ण प्रसाद

५. विज्ञापन नं.: ११/८२/८३ (खुला) — **पद/ श्रेणी: सहायक प्रथम श्रेणी, वरिष्ठ सहायक**
सेवा/समूहः प्रशासन — **माग पद सङ्ख्या १**
अन्तर्वार्ता मितिः २०८३/०२/०३ — **सिफारिस मितिः २०८३।०२।०३**

मुख्य उम्मेदवार

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	११००१७	केशव रोकाय	बैजनाथ-२, बाँके	मोति राम	गोरख बहादुर

वैकल्पिक योग्यता क्रम :

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	११०००२	प्रेम वली	गङ्गादेव-३, रोल्पा	थल बहादुर	चक्र बहादुर

६. विज्ञापन नं.: १२/८२/८३ (महिला) — **पद/ श्रेणी: सहायक प्रथम श्रेणी, वरिष्ठ सहायक**
सेवा/समूहः प्रशासन — **माग पद सङ्ख्या १**
अन्तर्वार्ता मितिः २०८३/०२/०३ — **सिफारिस मितिः २०८३।०२।०३**

मुख्य उम्मेदवार

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	११००५७	लुना ज्ञवाली	सुनवल-५, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	घनश्याम	केशवराम

वैकल्पिक योग्यता क्रम :

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	११००६२	ज्योति रेग्मी घिमिरे	भरतपुर-५, चितवन	मित्रलाल	रत्नाखर
२	११००८४	प्रेशा भुसाल	मदाने-२, गुल्मी	प्रेमचन्द्र	रेशमलाल

७. विज्ञापन नं.: १३/८२/८३ (खुला) — **पद/ श्रेणी: सहायक द्वितीय श्रेणी, सहायक**
सेवा/समूहः प्रशासन — **माग पद सङ्ख्या : १**
अन्तर्वार्ता मितिः २०८३/०२/०३ — **सिफारिस मितिः २०८३।०२।०३**

मुख्य उम्मेदवार

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	१३०१२०	आदर्श कौशिक	हेटौँडा-११, मकवानपुर	केशबराज	नोखराज

वैकल्पिक योग्यता क्रम :

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	१३०१२५	सुदिपराज गौडेल	फलेवास-४, पर्वत	शंकर प्रसाद	गंगा प्रसाद
२	१३०१२६	नरेश नेपाल	शिवसताक्षी-७, झापा	भूदेव	मनहरी
३	१३०१५१	शारद कुमार खड्का	रौतामाई-१, उदयपुर	रत्न बहादुर	डिक बहादुर

८. विज्ञापन नं.: १४/८२/८३ (मधेसी) — **पद/ श्रेणी: सहायक द्वितीय श्रेणी, सहायक**
सेवा/समूहः प्रशासन — **माग पद सङ्ख्या १**
अन्तर्वार्ता मितिः २०८३/०२/०३ — **सिफारिस मितिः २०८३।०२।०३**

मुख्य उम्मेदवार

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	१३०१४३	मो. जमील मंसुर	हरिपुर-५, सर्लाही	विन्सैद	फरमुद

वैकल्पिक योग्यता क्रम :

व.क्र.सं.	रोल नं.	उम्मेदवारको नाम, थर	ठेगाना	बाबुको नाम	बाजेको नाम
१	१३००११	चन्द्र प्रकाश यादव	औरही-३, धनुषा	निर्गुण	लखन
२	१३००४५	राजन कुशवाहा	माधव नारायण-१, रौतहट	जय नारायण प्रसाद	लक्ष्मण

सदस्य सचिव
पदपूर्ति समिति

पूर्वाधारदेखि पर्यटन र कृषि क्षेत्रलाई प्राथमिकता

अर्घाखाँची समाचारदाता
अर्घाखाँची, जेठ ५ गते

शीतगङ्गा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रमले विकास, सुशासन, कृषि, पर्यटन र सामाजिक रूपान्तरणलाई एउटै सूत्रमा बाँध्ने प्रयास गरेको छ।

शीतगङ्गा नगरपालिकाका नगरप्रमुख झविलाल पौडेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा 'आधुनिक कृषि र पर्यटनको क्षेत्रमा सुधार, सुशासन शीतगङ्गाको चाहना' भन्ने दीर्घकालीन सोचलाई केन्द्रमा राखेर ल्याइएको छ। नगरलाई समृद्ध, आत्मनिर्भर, उत्पादनमुखी र प्रविधिमैत्री बनाउने विषय नीति तथा कार्यक्रममा समेटिएको छ। आगामी वर्ष कृषि र पशुपालनलाई स्थानीय अर्थतन्त्रको प्रमुख आधार बनाउने लक्ष्य लिइएको छ। मौसमी तथा बेमौसमी तरकारी उत्पादन, सुन्तला बगैंचा, अदुवा, बेसार, अलैंची, टिमुर, केराखेती र माहुरीपालन जस्ता नगदे बालीको व्यावसायिक उत्पादन तथा बजारीकरण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। नगरप्रमुख पौडेलले कृषि यान्त्रिकीकरणलाई बढावा दिने तथा जङ्गली जनावरबाट हुने बाली क्षतिलाई नियन्त्रण गर्ने कार्यक्रमले किसानलाई राहत दिने बताउनुभयो।

प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले पशु विकासतर्फ स्वच्छ दुध, मासु र माछा उत्पादनमा जोड दिँदै नस्ल सुधार र दुध तथा मासुमा आत्मनिर्भर बनाउने नीति लिइएको जानकारी दिनुभयो। उहाँले निःशुल्क खोप सेवा, नस्ल सुधार, गाउँ उत्पादन प्रोत्साहन अनुदान, पशु उपचार शिविर र कृषि तथा पशु सेवा केन्द्रको विस्तारले ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउने अपेक्षा गरिएको बताउनुभयो।

प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदालाई पर्यटनसँग जोडेर विकासलाई अघि बढाइने उल्लेख गर्दै नीति तथा कार्यक्रमले उद्योग, होमस्टे, सूचना केन्द्र तथा पर्यटन पूर्वाधार निर्माणलाई प्राथमिकता दिएको छ। सुशासनमा शून्य सहनशीलता, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, नागरिक बडापत्र र 'मेलमिलापमा आधारित दण्ड–पुरस्कार प्रणाली' लागु गर्ने नीति पनि लिइएको छ।

लागुऔषधसहित तीन जना पक्राउ

मकवानपुर समाचारदाता
मकवानपुर, जेठ ५ गते

मकवानपुर प्रहरीले लागुऔषधसहित हेटौँडाबाट तीन जनालाई पक्राउ गरेको छ।

हेटौँडा उपमहानगरपालिका–१० स्थित बसपार्कबाट पर्सा विन्ध्यावासिनी गापा वडा नं. ४ का ६० वर्षीय लक्की चन हजरालाई लागुऔषध गाँजासहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक राजुप्रसाद कुर्मीले जानकारी दिनुभयो।

यस्तै प्रहरीले हेटौँडा–१० स्थित बलराम दास पेट्रोल पम्पमा मोटरसाइकलचालक मकवानपुरका प्रतीक ठकुरीलाई लागुऔषध खैरो हिरोइनसहित पक्राउ गरेको जनाएको छ। साथै ठकुरीकै एक जना साथीलाई समेत नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

डिजिटल प्रलोभनमा फस्दै किशोरी

कपिलवस्तु समाचारदाता
कपिलवस्तु, जेठ ५ गते

सामाजिक सञ्जालको पहुँच बढेसँगै विभिन्न बहानामा मानव बेचबिखन जस्तो सामाजिक अपराधका घटनाले नयाँ र जटिल रूप लिन थालेको छ। फेसबुक, इमो, ह्वाट्सएप, म्यासेन्जर, टिकटक जस्ता डिजिटल प्लेटफर्ममार्फत नाबालिका किशोरीलाई विवाह, रोजगारी तथा घुमघामको प्रलोभन देखाएर भारततर्फ लैजाने क्रम बढ्दो छ।

पछिल्ला महिनामा देखिएका दुई घटनाले यस जोखिमलाई थप उजागर गरेको छ। पहिलो घटनामा बारा स्थायी घर भई हाल कपिलवस्तुको शिवराज नगरपालिकामा बस्दै आएकी १७ वर्षीय किशोरी रिता थापा (नाम परिवर्तन) फेसबुकमार्फत पुरानो साथीसँग पुनः सम्पर्कमा आएकी थिइन्। आर्थिक रूपमा कमजोर परिवार र सुकुमवासी बस्तीमा बसोबास गरिरहेकी ती किशोरीलाई उक्त साथीसँगको विश्वासका आधारमा "मुम्बईमा विवाह गर्न लागेको छु, केही दिन घुम्न जाऔँ र पछि फर्काउँछु," भन्ने प्रलोभन दिइएको थियो।

प्रलोभनमा परेर उनी भारततर्फ जाँदै गर्दा रूपन्देहीको सुनौली नाका हुँदै गोरखपुर रेलवे स्टेसनमा पुगेपछि शङ्कास्पद गतिविधिका कारण भारतीय प्रहरीले उद्धार गरेको थियो। उनीसँग आएका अन्य व्यक्ति भने त्यहींबाट फरार भएका थिए। नाबालिका भएको पुष्टि भएपछि उनलाई भारतीय बाल संरक्षण निकायले संरक्षणमा राखेको थियो। पछि शान्ति पुनर्स्थापना गृह, हेल्प किड्स ट्रस्ट र नयाँ दिल्लीस्थित नेपाली दूतावासको समन्वयमा सुरक्षित रूपमा नेपाल फिर्ता ल्याइएको हो।

यस्तै अर्को घटनामा पोखराबाट हराएकी १५ वर्षीय किशोरी पनि सामाजिक सञ्जालमार्फत नै फसाइएको खुलेको छ। पारिवारिक तनाव र भावनात्मक उपेक्षाबिच फेसबुकमार्फत चिनजान भएकी एक महिलाले उनलाई दिल्लीमा रोजगारीको प्रलोभन देखाएर भारत लैजान प्रयास गरेकी थिइन्। पहिलो पटक सुनौली नाकाबाट उद्धार गरिए पनि पछि पुनः अर्को व्यक्तिको सम्पर्कमा परेर भारततर्फ जाँदा उनी गोरखपुर रेलवे स्टेसनमा भारतीय प्रहरीको नियन्त्रणमा पुगेकी थिइन्।

Nepal Electricity Authority
Invitation for Electronic Bids
(Date of publication 20th May, 2026 (06/02/2083)

Name & Address of Office	Tender No./ Types of Bidding	Description of Works/Jobs
Kulekhani First Hydropower Station, Dhorsing, Makawanpur, (Tel No : 57-419104)	NEA-KL1-2082 /083-MST-10	Supply, Delivery, Installation, Testing & Commissioning of Spare Parts of Main Inlet Valve, Cooling, Governor Systems and others at KL1HPS
	NEA-KL1-2082 /83-CST-11	Civil Maintenance Works at Various Locations of Kulekhani-I Hydropower Station
Ilam (Puwakhola) Hydro Power Station, Golakharka, Ilam (Tel No.:027-520351)	NEA-IHPS-2082/083-SQCIVIL-06(Re)	Repair and Maintenance of Stone Masonary Boundary Wall at Ilam (Puwakhola) HPS
	NEA-IHPS-2082/083-EMST-07	Repair and Maintenance of Pelton Runner of Ilam (Puwakhola) HPS
Diktel Distribution Centre (Tel No.:036-420281)	NEA-DDC-LT-2082/083-SQ(03)	LT Line Extension Works at Diktel DC
Jaleshwor Distribution Centre, (Tel No : 044-521156)	NEA-JLDC-2082/083-SQ-T-04 RE	Boundry wall,Entrance Gate and PCC Flooring work at Jaleshwor DC

Please visit official website of PPMO **(www.bolpatra.gov.np/egp)** for more details

ठेक्का स्वीकृतिको लागि आशयपत्र सम्बन्धी सूचना
मिति: २०८३/०२/०६

यस कार्यालयको प्रकाशित सूचना अनुसार तपसिल बमोजिमको ठेक्काको लागि दर्ता भएका बोलपत्रहरू मध्ये सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ बमोजिम न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि ऐनको दफा २७(२) को प्रायोजनार्थ पत्रिकामा प्रकाशित भएको सात दिन भित्र कुनै गुनासो भएमा यस कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैमा अनुरोध छ।

ठेक्का नं.	फर्मको नाम	कबोल अङ्क रु. (भ्याट सहित)
GD/WIRDD-KAVRE/01/082-83 [Procurement of Gabion Boxes]	M/S Prabhu Wire Industries Pvt. Ltd., Inaruwa-6, Sunsari	61,51,482.70

डिभिजन प्रमुख
जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय,
काभ्रेपलाञ्चोक

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना
(सूचना प्रकाशित मिति: २०८३/०२/०६)

तामाकोशी जलविद्युत कम्पनी लिमिटेडले मिति २०८२/१२/२० गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरेको सूचना अनुसार दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरुमध्ये निम्न उल्लेखित दरभाउपत्रदाताको दरभाउपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा यस कम्पनीको आर्थिक प्रशासन विनियमावली २०८१ को विनियम १६५(२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	दरभाउपत्र नं.	दरभाउपत्रदाताको नाम, ठेगाना	कबोल अंक (मू.अ.कर सहित)
१	TKJVC/082-83/SQ/06	M/s Birbhadra Engineering and Suppliers Pvt. Ltd., Suryabinayak-3, Bhaktapur	रु. ९,७८,४८९.०४

तामाकोशी जलविद्युत कम्पनी लिमिटेड
धुम्बाराही, काठमाडौँ
फोन नं. ०१-५२४५०६३

Government of Karnali Province
Ministry of Physical Infrastructure & Urban Development
Infrastructure Development Directorate
Infrastructure Development Office
Rukum West

Letter of Intent (LOI)
Date of Publication: 2083/02/06 (20 May 2026)

This is to notify (as per section 27 (2) of Public Procurement Act 2063) to all concerned bidder that, we are going to award following contract as per published on National Daily Newspaper on dated 2082/12/25 to following bidders is hereby selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

S. N	Name of Project Contract & Id Number	Substantially Responsive Lowest Evaluated bid (NRs.)	Bid Amount Incl. Vat & PS (NRs)
1.	Construction Work of Shree Balchetana Basic School, Pokhari, Triveni RM-4, Rukum West (IDO/RKM/NCB/W/2082/83/40)	M/s Muru Construction and suppliers, Rukum (West)	6044295.49
2.	Construction Work of Shree Gorakhnath Basic School, Patagaun, Aathbishkot M-3, Rukum West (IDO/RKM/NCB/W/2082/83/51)	M/s Shah nirman sewa and suppliers, Musikot-04, Rukum West	5309639.78
3.	Supply work of steel parts of suspended bridge at different locations of Rukum West Districts (IDO/RKM/NCB/W/2082/83/57)	M/s Bhagawati Steel Ind. Ltd, Jeetpur Simara Sub Metropolitan	3884646.44

Office Chief

पर्सा गाउँपालिका
PARSA RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPALITY EXECUTIVE
पर्सा, सर्लाही (Parsa, Sarlahi)
मधेश प्रदेश (Madhesh Province)

बोलपत्र तथा शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०२/०६

यस गाउँपालिकाबाट तपसिलका मितिमा बोलपत्र र शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना अनुसार e-gp र यस कार्यालयमा दर्ता हुन आएका बोलपत्र/दरभाउपत्रहरू मध्ये आर्थिक प्रस्तावको मूल्याङ्कन अनुसारको बोलपत्र/दरभाउपत्र दाताहरू मध्येबाट निम्न बोलपत्र/दरभाउपत्र दाताबाट पेश भएको बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने सारभूत रूपमा प्रभावग्राही देखिएकोले तपसिल उल्लेख भएका बोलपत्र/दरभाउपत्र दाताहरूको बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने प्रयोजनको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) अनुसार सम्बन्धित सबै बोलपत्र दाताहरू/दरभाउपत्रदाताहरूको र अन्य सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलका

सि. नं.	ठेक्का नं.	योजनाको नाम	दरभाउपत्रदाताको नाम र ठेगाना	कबोल अंक (भ्याट समेत) रु.
१	NCB/PRM/Works/12/2082/083	Sati Bihula dham ma gahwar ko men mandir nirman	Cloud Construction Pvt.Ltd.	८३३६९७१।६५
२	PRM/20/2082/083	साबिक गा.वि.स. पर्सा १ देखि ९ सम्म खानेपानी पहुँचको लागि नलजल जडान	श्री वायुपुत्र बजरंगवली निर्माण सेवा पर्सा ६, सर्लाही	११६३५३२।५९
३	PRM/21/2082/083	पर्सा गा.पा. RRPK को साझेदारीमा खानेपानीको लागि नलजल जडान कार्य	राधा कृष्ण निर्माण सेवा सर्लाही।	१८९०५९६।५८
४	PRM/22/2082/083	पर्सा गा.पा. मा कृषि सिँचाइको लागि कृषि विधुतीकरण	साह कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन जनकपुरधाम, धनुषा	१८१५६४७।८४

डिभिजन वन कार्यालय, खोटाङ, दिक्तेलको
गोलिया र चिरान काठ लिलाम बिक्री सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति : २०८३।०२।०६

यस डिभिजन वन कार्यालय अन्तर्गत खयर गोलिया ३६१.१३ क्यू.फि. र साल चिरान ५०.०५ क्यू.फि. (लट नं. १–२ सम्म) काठ लिलाम बिक्री गर्न यो सूचना प्रकाशित गरिएको छ। काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र डिभिजन वन कार्यालय, खोटाङ, दिक्तेल र प्रदेश वन निर्देशनालय, कोशी प्रदेश, धरानबाट वन पैदावार खरिद तथा बिक्री गर्ने उद्देश्यले दर्ता भएको इच्छुक फर्म, संघ/संस्था वा कम्पनीले बोलपत्र फारम खरिद गरी डिभिजन वन कार्यालय, खोटाङ, दिक्तेल वा प्रदेश वन निर्देशनालय, कोशी प्रदेश, धरानबाट उक्त लटको शिलबन्दी बोलपत्र फारम दाखिला गर्न आह्वान गरिन्छ। विस्तृत जानकारीको लागि यस कार्यालयमा टाँस गरिएको सूचना हेर्नु हुन सूचित गरिन्छ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, ललितपुर

धरौटी रकम फिर्ता लिन आउने सम्बन्धी सूचना
(प्रकाशित मिति : २०८३।०२।०६)

यस प्रतिष्ठानमा विगत लामो समयदेखि विभिन्न प्रयोजन तथा प्रकृतिका धरौटी रकम जम्मा भएकोमा २०८२ चैत्र मसान्तसम्म प्रयोजन समाप्त भएका तथा धरौटीको समयावधि समाप्त भएका व्यक्ति/फर्म तथा संस्थाहरूलाई आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ बमोजिम प्रमाण/कागजात समेत संलग्न राखी १५ (पन्ध्र) दिनभित्र निवेदन दिई आफ्नो धरौटी रकम दाबी गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधिभित्र प्रमाण/कागजात सहित दाबी हुन नआएमा धरौटी सदरस्याहा गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

"समृद्ध खाँदबारी नगर"
खाँदबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खाँदबारी, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रथम पटक प्रकाशित मिति: २०८३/०२/०६

यस खाँदबारी नगरपालिकाद्वारा प्रकाशित भएको सूचना अनुसार म्यादभित्र दर्ता भएका बोलपत्रहरु मध्ये मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको र स्वीकृतीको लागि सिफारीस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

सि. नं.	आयोजनाको विवरण	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक (मू.अ.कर र पि.एस. बाहेक)	कैफियत
१.	"Upgradation of Deurali-Chewghar, Khandbari-04," (KMO/NCB/WORKS/16/082/083)	श्री Matshyapokhari Nirman Sewa, चिचिला-१, संखुवासभा।	रू. ३३,३४,५०२.०६ (अक्षेरूपी तेतीस लाख चौँतीस हजार पाँच सय दुई रुपैंया छ पैसा मात्र, मु.अ.कर र पी. एस. बाहेक)	

प्रमुख प्रशासकीय अधिकृत
खाँदबारी नगरपालिका

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही

शीत भण्डार गृह सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना
(तेस्रो पटक प्रकाशित मिति २०८३।०२।०६)

यस नगरपालिकाद्वारा निर्माण सम्पन्न भएको शीत भण्डार सैनामैना नगरपालिकाको शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम तीन वर्षको लागि सञ्चालन गर्न इच्छुक प्रचलित कानून बमोजिम दर्ता भएका कृषि सहकारी, निजी संस्था तथा अन्य समूह/ फर्महरूले संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, भ्याट वा प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि, संस्था नवीकरण तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र शीत भण्डारण सञ्चालन गर्न कम्तीमा ३ वर्ष सञ्चालन गर्ने गरी गरिएको प्रतिबद्धता पत्र संलग्न राखी यस नगरपालिकामा अनुसूची २ बमोजिमको ढाँचामा आवेदन फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सूचनाका अन्य थप विवरणका लागि यस नगरपालिकाको वेबसाइट www.sainamainamun.gov.np मा गई हेर्न सकिनेछ।

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय
पूर्वाधार विकाश निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत।

खरिद प्रक्रिया रद्द गरिएको सम्बन्धी सूचना
प्रकाशन मितिः २०८३/०२/०६

यस निर्देशनालयबाट मिति २०८२/०३/२७ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपशिलको बोलपत्र आह्वान गरिएकोमा प्राविधिक कारणले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा ३ बमोजिम उक्त ठेक्काको खरिद प्रक्रिया रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

क्र. सं.	आयोजनाको नाम	ठेक्का नं.
१	Construction of Boundary wall and gate around governmental area premises in Birendranagar-7, Surkhet.	IDD/SKT/W/NCB/62/081-082

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
नयाँ शहर आयोजना कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)

धरौटी फिर्ता लिन आउने सम्बन्धी सूचना
प्रकाशित मिति २०८३।०२।०६

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ मा धरौटी रकम फिर्ता लिने दिने व्यवस्था छ। उक्त नियम ६६ बमोजिम फिर्ता नभई यस नयाँ शहर आयोजना कार्यालयमा रहेका प्रयोजन समाप्त भई सकेका पुराना तपसिल बमोजिमका निर्माण व्यवसायी/उपभोक्ता समितिहरूका धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७(१) बमोजिम राजस्वमा दाखिला गर्ने प्रयोजनार्थ यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र फिर्ता लिन आउनुहुन नियमावली, २०७७ को नियम ६७(२) बमोजिम सम्बन्धित सबै निर्माण व्यवसायी/उपभोक्ता समितिलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा नियमावली, २०७७ को नियम ६७(१) बमोजिम उक्त धरौटी रकम राजस्व खातामा दाखिला गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

क्र.सं.	निर्माण व्यवसायी/उपभोक्ता समितिको नाम	धरौटी रकम	कैफियत
१	विभु निर्माण सेवा	७,०५२.००	
२	वसपार्क सडक निर्माण उपभोक्ता समिति	११,०६६.००	
३	वि एल विल्डर्स	२१,१५९.४१	
४	बसपार्क सडक निर्माण उपभोक्ता समिति	८,६६९.००	
५	ओली निर्माण सेवा	९०,६७२.०६	
६	युनाइटेड नेपाल कन्सल्टेन्सी प्रा.ली.	४३,३६९.००	
७	पुन्जा डिजाइनर्स प्लानर्स प्रालि	२१,९५७.००	
८	ग्रिड इ वि एन हाइटेक भिजन जे.भि.	२१,९५०.००	
९	त्रिवियर इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि	२१,२६४.००	
१०	युवा निर्माण सेवा	२१,९९७.००	
११	ग्वाला/अमित/शंकर जे .भि.	५,०००.००	
१२	एन.वि.एम. एण्ड ब्रोदर्स ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	२१,९००.००	

आयोजना प्रमुख

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शिलबन्दी दरभाउपत्र (Sealed Quotation) स्वीकृत गर्ने आशयको सूचना
(प्रकाशित मिति २०८३/०२/०६)

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०८३/०१/१५ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित शिलबन्दी दरभाउपत्र (Sealed Quotation) आह्वानको सूचना अनुसार रित पूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका दरभाउपत्रदाताहरुको दरभाउपत्र (Sealed Quotation) मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्किन सारभूत रूपमा प्रभावग्राही भएको निम्न बमोजिमको दरभाउपत्रदाताहरूको दरभाउपत्र (Sealed Quotation) स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	शिलबन्दी दरभाउपत्र (Sealed Quotation) नं.	निर्माण कार्यको प्रकृति	न्यूनतम मूल्याङ्कीत सारभूत रूपमा प्रभावग्राही भएका दरभाउपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (भ्याट, PS र कन्टिजेन्सी बाहेक)
१	CSGM/SQ/WORKS-04/082/083 (RE)	Construction Of 3D Acrylic Letter "CHAUTARA" With Infrastructure Development, CSGM-5 & 6	Komal Nirmaan Sewa, Chautara sangachokgadhi Municipality - 5, Sindhupalchok	१३,७३,१७६.२०
२	CSGM/SQ/WORKS-05/082/083	Civil works for mini cold store building consrtuction, CSGM-14	Sindhu Kalika Construction And Suppliers, Chautara sangachokgadhi Municipality - 5, Sindhupalchok	१६,५४,३६७.००

प्रमुख प्रशासकीय अधिकृत

पर्यटकीय गन्तव्य बन्दै महाराजाथान मन्दिर

हात्तीखोरस्थित महाराजाथान मन्दिर ।

मध्यविन्दु समाचारदाता
मध्यविन्दु, जेठ ५ गते

नवलपुरको कावासोती हात्तीखोरमा रहेको महाराजाथान मन्दिर धार्मिक पर्यटनको गन्तव्य बन्दै गएको छ।

कावासोतीको मुख्य बजारबाट करिब सात किलोमिटर उत्तरतर्फ अवस्थित यस मन्दिरमा दिनहुँ जसो देशका विभिन्न जिल्लाबाट श्रद्धालु पुग्ने गर्छन्। परापूर्वकालदेखि नै स्थानीय भक्तजनको आस्थाको केन्द्रका रूपमा रहेको यस मन्दिरमा पछिल्लो समय जिल्लाबाहिरबाट समेत उल्लेख्य रूपमा भक्तजन आउन थालेका महाराजा मन्दिर धार्मिक सेवा समितिका अध्यक्ष चेतबहादुर थापाले बताउनुभयो।

सडक स्तरोन्नति तथा सवारीसाधनको सहज पहुँच र सामाजिक सञ्जालबाट समेत प्रचारप्रसार भएका कारण यहाँ भक्तजनको आगमनमा वृद्धि हुँदै गएको समितिका अध्यक्ष थापाले बताउनुभयो। पहाडी काखमा रहेको यस मन्दिर सेनकालीन समयमा स्थापना भएको मान्यता रहिआएको छ।

परापूर्वकालमा पाल्पाका राजा मणिमुकुन्द सेनले आफ्नो राज्यको सीमा सुरक्षार्थ शक्तिपीठका रूपमा यस मन्दिर स्थापना गरी पूजा गरेको किंवदन्ती रहेको समितिका अध्यक्ष थापाले जानकारी दिनुभयो। यहाँ पूजा गरी भाकल गरे मनोकामना पूरा हुने जनविश्वासका कारण श्रद्धालु मन्दिरमा आउने गरेका छन्।

तत्कालीन समयमा तराईमा औलोलगायतका महामारी तथा रोग फैलिँदा त्यसबाट मानिसलाई जोगाउन मन्दिरप्रति आस्था राख्ने श्रद्धालु भक्तजन यहाँ आएर कुखुरा, हाँस, परेवा, भेडा, पाठो, राँगोको बलि चढाई चार/पाँच दिनसम्म बास बसी धार्मिक पूजाआजा गर्ने प्रचलन छ।

मन्दिरको आम्दानी झन्डै दुई करोड

बागलुङ समाचारदाता
बागलुङ, जेठ ५ गते

प्रसिद्ध धार्मिक शक्तिपीठ बागलुङ कालिका भगवती मन्दिरमा चार महिनामा एक करोड ९७ लाख रुपियाँ आम्दानी भएको छ।

गत माघ, फागुन, चैत र वैशाखमा उक्त आम्दानी भएको कालिका भगवती गुठी व्यवस्थापन समितिले जनाएको छ। समितिका अध्यक्ष भूपेन्द्र खड्काका अनुसार चैतमा सबैभन्दा धेरै ७६ लाख रुपियाँ आम्दानी भएको छ। बागलुङको ऐतिहासिक चैतेदसैँ मेला लाग्ने भएकाले चैत महिनामा आम्दानी बढी भएको हो। मेला व्यवस्थापनमा ४७ लाख रुपियाँ खर्च गरेर २८ लाख रुपियाँ बचत भएको जानकारी दिइएको छ।

त्यसै गरी फागुनमा ३५ लाख रुपियाँ आम्दानी हुँदा पाँच लाख ५२ हजार खर्च भई ३० लाख रुपियाँ बचत भएको छ। माघमा २५ लाख रुपियाँ आम्दानी हुँदा छ लाख ६४ हजार रुपियाँ खर्च गरी १९ लाख ८२ हजार रुपियाँ बचत भएको छ। वैशाखमा ६१ लाख ७८ हजार आम्दानी भएर ११ लाख ५८ हजार रुपियाँ खर्च भएको समितिले जनाएको छ।

चैतेदसैँमा मन्दिर आएका भक्तजनले चढाएको चामल, आर्थिक सहयोग र बलि चढाउँदा हुने आम्दानीसमेत गरी ७६ लाख ४२ हजार रुपियाँ कमाइ भएको हो। चैतेदसैँ मेला, पूजा, भिड व्यवस्थापनका लागि स्वयंसेवक परिचालन, सुरक्षा खर्च कटाएर चैतमा मात्रै २८ लाख ७५ हजार रुपियाँ बचत गरेको अध्यक्ष खड्काले जानकारी दिनुभयो।

अनलाइन ठगी प्रकरणमा तीन पक्राउ

सुलीकोट समाचारदाता
सुलीकोट, जेठ ५ गते

अनलाइन ठगीमा संलग्न रहेको आरोपमा गोरखाका एक वडा सदस्यसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा भीमसेन थापा गाउँपालिका-२ का वडा सदस्य लक्ष्मण लामिछाने, सिरानचोक गाउँपालिका-७ का यदु पाण्डे र भीमसेन थापा गाउँपालिका-४ की कोपिला लामिछाने रहेका छन्।

रौतहट चन्द्रनिगाहपुर-२ निवासी रेनुमाया थिङको जाहेरीको आधारमा तिनै जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। पीडित थिङले चिट्ठा परेको भन्दै विभिन्न बहाना बनाएर आफूबाट करिब ७० लाख रुपियाँ ठगी गरिएको आरोप लगाउनुभएको छ।

घटनापछि रौतहट जिल्ला अदालतमा मुद्दा दर्ता गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रमुख एसपी सीताराम रिजालले जानकारी दिनुभयो। प्रहरी अनुसन्धान अनुसार पक्राउ परेका व्यक्तिले गोरखाका सर्वसाधारणलाई कर्जा मिलाइदिने प्रलोभन देखाउँदै विभिन्न बैङ्कमा खाता खोल्न लगाउने गरेको अनुसन्धानमा खुलेको छ।

विशेष गरी एनआइसी एसिया बैङ्क र गरिमा विकास बैङ्कमा धमाधम खाता खुलाएर ती खातामा अनलाइन ठगीबाट प्राप्त रकम जम्मा गर्ने तथा प्रयोग गर्ने गरिएको खुलेको प्रहरीले जनाएको छ। गाउँलेलाई सहज रूपमा ऋण उपलब्ध गराइदिन्छौं भन्दै खाता खोल्न लगाइन्थ्यो। खाता खोलेबापत १०/१० हजार रुपियाँसमेत दिने गरेको देखिएको एसपी रिजालले बताउनुभयो।

पन्ध्र प्रतिशतभन्दा बढी बालबालिकामा कुपोषण

गुलरिया समाचारदाता
गुलरिया (बर्दिया), जेठ ५ गते

बर्दियामा हालै सञ्चालन भइरहेको स्क्रिनिङमा १५.२१ प्रतिशत बालबालिकामा कुपोषण फेला परेको छ। २० हजार २५१ जना बालबालिकामा गरिएको कुपोषण परीक्षणमा तीन हजार ८१ जनामा कुपोषण फेला परेको हो। राष्ट्रिय पोषण लेखाजोखा अभियानले छ महिनादेखि पाँच वर्षमुनिका बालबालिकाको पोषणको अवस्थाबारे परीक्षण गरेको थियो। परीक्षण गरिएकामध्ये कडा कुपोषण भएका बालबालिका ४४१ जना रहेका छन्। पोषण जाँचमा सबैभन्दा बढी कुपोषित बालबालिका गुलरिया नगरपालिकामा १९.१९ प्रतिशत र कम बाँसगढी नगरपालिकामा १२.३८ प्रतिशत फेला परेका छन्।

बर्दियाभरि ३२ हजार ११४ जना बालबालिकाको पोषणको परीक्षण गर्ने लक्ष्य राखिएको थियो। जसमध्ये ६३.०६ प्रतिशत बालबालिकाको मात्र परीक्षण भएको छ। स्वास्थ्य कार्यालय बर्दियाका पोषण फोकल पर्सन मानबहादुर नेपालीले लक्ष्य अनुसार परीक्षण नभएको हुनाले अझै पनि बालबालिकाको पोषणको अवस्था परीक्षण गरिरहेको बताउनुभयो।

वैशाख १५ देखि ३० गते सम्म स्वास्थ्यकर्मी समुदायमा गएर बालबालिकाको पोषणको अवस्था जाँच गरिएको उहाँले जानकारी गराउनुभयो। स्वास्थ्य कार्यालय बर्दियाका अनुसार बर्दियामा आर्थिक वर्ष २०८१/८२ मा ४२९ जना बालबालिकामा

पोषण जाँचमा सबैभन्दा बढी कुपोषित बालबालिका गुलरिया नगरपालिकामा १९.१९ प्रतिशत र कम बाँसगढी नगरपालिकामा १२.३८ प्रतिशत फेला ।

कडा खालको कुपोषण देखिएको थियो। आव २०८०/८१ मा २८२ जना बालबालिकामा कडा खालको कुपोषण फेला परेको थियो भने आव २०७९/८० मा २९५ जनामा कडा खालको कुपोषण भेटिएको थियो।

स्क्रिनिङमा फेला परेका कुपोषण भएका बालबालिकाको उपचारका लागि स्वास्थ्य संस्थामा नाम दर्ता गरेर उपचार गरिरहेको स्वास्थ्य कार्यालय बर्दियाका प्रमुख नारायण चौधरीले बताउनुभयो। उहाँले मध्यम कुपोषित र कडा कुपोषित बालबालिकालाई अलग अलग विधिबाट उपचार र पोसिलो खानेकुरा उपलब्ध गराइएको जानकारी दिनुभयो। उहाँले स्वास्थ्य संस्थाको निगरानीमा उपचार गर्दा पनि सुधार नआएमा अस्पतालमा रेफर गरेर थप उपचारका लागि पठाउने बताउनुभयो।

बर्दिया अस्पतालमा कडा खालको कुपोषित भएका बालबालिका उपचारका लागि आउने गरेको बालरोग विशेषज्ञ डा. विश्वनाथ शाहले बताउनुभयो। उहाँले भन्नुभयो, "कतिपय कुपोषित आमाले जन्माएका बालबालिका नै कुपोषित हुने र पछि त्यसैबाट जटिलता आउने गरेको छ भने कतिपय बालबालिकाले पोसिलो खानेकुरा खान नपाउँदा कुपोषण हुने गरेको पाइन्छ।"

आम्दानी खर्चको विवरण सार्वजनिक

लहान समाचारदाता
लहान, जेठ ५ गते

लहान नगरपालिका-१५, ढोडनामा रहेको धार्मिक पर्यटकीय स्थल राजदेवी मन्दिरमा वैशाख चण्डीपूर्णिमाका दिन लाग्ने मेलामा भएको आम्दानी र खर्चको विवरण सार्वजनिक गरिएको छ। श्री राजदेवी पञ्चावती मन्दिर संरक्षण विकास समिति, लहान-१५ का कोषाध्यक्ष वीरेन्द्र चौधरीले मङ्गलबार सार्वजनिक सुनवाइ कार्यक्रम आयोजना गरी विवरण सार्वजनिक गर्नुभएको हो।

बोकाबलिका लागि उठाइने सहयोग रसिदबाट १३ लाख ८५ हजार सात सय, बजारको स्टल लगाउन निर्धारण गरिएको सहयोग रसिदबाट दुई लाख ५६ हजार, चन्दा सहयोग रसिदबाट दुई लाख ६२ हजार ९५६, मन्दिरमा भक्तजनले चढाएको सुनबाट १२ लाख ४४ हजार पाँच सय, चाँदीबाट एक लाख पाँच हजार पाँच सय, आठ वटा बेहरीबाट दुई लाख नौ हजार पाँच सय, दानपेटिकाबाट पाँच लाख ७१ हजार २४० रुपियाँ गरी ४० लाख ३५ हजार ५४५ रुपियाँ आम्दानी भएको कोषाध्यक्ष चौधरीले जानकारी दिनुभयो। त्यसमध्ये २१ लाख पाँच हजार ८४० रुपियाँ खर्च भएको जानकारी उहाँले दिनुभयो।

प्रयोगविहीन थ्रिडी पार्क

लाकुरीमञ्चकै रूपमा विकास गरिने

तस्बिर : तिलाचन पाण्डे

पहिलेको लाकुरीमञ्चमा रहेको लाकुरी ढलेको अवस्थामा ।

तम्घास समाचारदाता
तम्घास (गुल्मी), जेठ ५ गते

गुल्मीको रेसुङ्गा नगरपालिका-८ मा रहेको प्रयोगविहीन थ्रिडी पार्कलाई पुनः पुरानै पहिचान बोकेको लाकुरीमञ्चका रूपमा विकास गरिने भएको छ। स्थानीयस्तरबाट लामो समयदेखि उठ्दै आएको मागलाई सम्बोधन गर्दै नगरपालिकाले उक्त निर्णय गरेको हो।

पहिले लाकुरीको ठुलो रुख रहेको स्थानमा रुख ढलेपछि थ्रिडी पार्क निर्माण गरिएको भए पनि पार्क प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहँदै आएको थियो। त्यसपछि स्थानीयवासीले पुरानो ऐतिहासिक तथा सामाजिक महत्त्व बोकेको लाकुरीमञ्चलाई पुनर्स्थापना गर्न माग गर्दै आएका थिए। रेसुङ्गा नगरपालिकाका प्रवक्ता तथा वडा नं. ७ का अध्यक्ष रामजी पन्थीले कार्यपालिका बैठकले पार्क रहेको स्थानमा पुनः लाकुरी रोपेर लाकुरीमञ्चकै स्वरूपमा विकास गर्ने निर्णय गरेको जानकारी दिनुभयो। उहाँका अनुसार पार्कका संरचनालाई अन्य उपयुक्त स्थानमा व्यवस्थापन गरिने छ भने सम्पूर्ण जिम्मेवारी सम्बन्धित वडालाई दिइएको छ।

उहाँले पार्कमा राखिएको शङ्ख संरचनालाई रेसुङ्गा क्षेत्रमा स्थानान्तरण गरी व्यवस्थापन गर्ने तयारी भइरहेको पनि बताउनुभयो। पन्थीले भन्नुभयो, "पुरानो ऐतिहासिक पहिचान जोगाउँदै संरचनाको सदुपयोग गर्ने गरी योजना बनाइएको छ।"

रेसुङ्गा नगरपालिका र लुम्बिनी प्रदेश सरकारको ५०/५० प्रतिशत साझेदारीमा करिब ५५ लाख रुपियाँ लागतमा निर्माण गरिएको उक्त थ्रिडी पार्क निर्माणपछि प्रभावकारी उपयोग हुन सकेको थिएन। नगरपालिकाले पटक पटक मर्मतमा १० लाख रुपियाँभन्दा बढी खर्च गरे पनि पार्क सञ्चालनमा आउन सकेको छैन।

गुल्मीमा निर्माण गरिएका अन्य केही पर्यटकीय संरचना पनि प्रयोगविहीन बनेका छन्। धार्मिक तथा पर्यटकीय क्षेत्र अर्जुनमा करिब १५ लाख ८४ हजार रुपियाँ लागतमा निर्माण गरिएको सेल्फी टावर तथा तम्घासको उनायचौरमा निर्माण गरिएको 'ट्री हाउस' पनि उपयोगविहीन अवस्थामा रहेका छन्।

स्थानीय तहले अब यस्ता संरचनालाई योजना बनाएर सञ्चालन तथा व्यवस्थापन गर्ने नीति लिएको जनाएको छ। प्रयोगविहीन पूर्वाधारलाई प्रभावकारी उपयोगमा ल्याउन दीर्घकालीन योजना आवश्यक रहेको स्थानीयवासीले बताएका छन्।

जुवा खेलिरहेको अवस्थामा पक्राउ

राजविराज समाचारदाता
राजविराज, जेठ ५ गते

सप्तरी प्रहरीले जुवा खेलिरहेका १० जनालाई पक्राउ गरेको छ। प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी डम्बरबहादुर पुरीले जुवातास खेलिरहेका १० जना र अभद्र व्यवहार मुद्दामा दुई गरी १२ जना पक्राउ परेका जानकारी दिनुभयो। सप्तरीको महादेवा गाउँपालिका-४ निवासी ५५ वर्षीय चौठिलाल खड्गलाई पक्राउ गरिएको छ। उहाँमाथि आफ्नै खेतमा बाली हेर्न गएकी एक महिलालाई अपशब्द प्रयोग गर्दै कुटपिट गरेको आरोप छ। जिल्ला प्रशासन कार्यालय सप्तरीबाट पाँच दिनको म्याद थप गरी उहाँमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यस्तै महादेवा गाउँपालिका-१ निवासी ४५ वर्षीय जयनारायण यादवलाई पनि अभद्र व्यवहार मुद्दामा पक्राउ गरिएको छ। प्रहरीका अनुसार यादवले तिरहुत गाउँपालिका-४, डिमन क्षेत्रमा मोटरसाइकल रोकी एक व्यक्तिलाई अश्लील शब्द प्रयोग गर्दै कुटपिट गरेका थिए। उनीमाथि पनि थप अनुसन्धान भइरहेको छ।

यसैबिच जुवासम्बन्धी कसुरमा १० जनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेमा कञ्चनरूप नगरपालिकाका गजेन्द्र चौधरी, पुल्कित चौधरी, पप्पुकुमार गुप्ता, महेश चौधरी, दिपेशकुमार थापामगर, सत्यनारायण सरदार, विजयकुमार सरवरिया, सञ्जयप्रसाद साह, रामसुन्दर साह र अमित चौधरी रहेको प्रनाउ पुरीले जानकारी दिनुभयो।

मजदुरको स्वास्थ्य जाँच

तनहुँ समाचारदाता
तनहुँ, जेठ ५ गते

तनहुँको व्यास नगरपालिकाले व्यास नगरपालिकाले धुलो र धुवाँको जोखिममा काम गर्ने मजदुरको स्वास्थ्य सुरक्षाप्रति विशेष गम्भीरता देखाएको छ।

ईंटाभट्टा तथा निर्माण क्षेत्रका मजदुर, विपन्न तथा जोखिम समूहमा रहेका नागरिकको निरन्तरको धुलो र धुवाँले गर्दा छातीको गम्भीर रोगको उच्च जोखिममा रहेको भन्दै नगरपालिकाले चासो राखेको हो। श्रमिकवर्गलाई लक्ष्य गरी नगरपालिकाले स्वास्थ्य परीक्षण र रोगको पूर्वपहिचानमा विशेष जोड दिएको छ। ज्याला मजदुरी गरेर जीवनयापन गर्ने विपन्न वर्ग आर्थिक अभाव र चेतनाको कमीले गर्दा समयमै अस्पताल जान नसक्दा छातीसम्बन्धी रोग बल्झिएर अकालमै ज्यान गुमाउनुपर्ने बाध्यता छ।

चिकित्सा विज्ञानका अनुसार छातीको सङ्क्रमण, दम वा क्षयरोग जस्ता समस्या बेलैमा पहिचान भए सजिलै र पूर्ण रूपमा निको हुन्छन्। यसै तथ्यलाई हेरेर नगरपालिकाले जोखिमयुक्त क्षेत्रमै पुगेर रोगको बेलैमा पहिचान गर्ने नीति लिएको छ। व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगरभित्र श्रम गर्ने प्रत्येक नागरिकको जीवन रक्षा गर्नु स्थानीय सरकारको पहिलो प्राथमिकता भएको बताउनुभयो।

आफ्नै घरदैलोमा आधुनिक प्रविधिसहितको स्वास्थ्य सेवा उपलब्ध गराएर रोगको बेलैमा निदान र उपचार सुनिश्चित गर्न शिविर आयोजना गरिएको नगरपालिकाले जनाएको छ।

भूलसुधार

मिति २०८३।०१।०७ मा गोरखापत्र दैनिकको पृष्ठ १३ मा प्रकाशित **श्री रौतहट जिल्ला अदालतबाट जारी भएको वादी शान्ती कुमारी र प्रतिवादी अशोक कुमार** भएको **सम्बन्ध विच्छेद मुद्दा**को **मुद्दा नं. ०८१-cp-३२६९** हुनुपर्नेमा भूलवश अन्यथा भएकोले सच्याइएको छ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
(बढुवा समितिको सचिवालय)
धनगढी, कैलाली

प्रदेश लोक सेवा आयोगको देहायको बढुवा सूचना नं.१४/०८२/०८३, प्रदेश शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूह, शिक्षा अधिकृत पद, अधिकृत सातौँ तहको रिक्त पदहरूमा बढुवा समितिको मिति २०८३/०२/०५ को निर्णयानुसार देहाय बमोजिमको योग्यताक्रमका उम्मेदवारहरूलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४३ र ४४ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

बढुवा सूचना नं.१४/०८२/०८३ सेवा : प्रदेश शिक्षा, समूहः- शिक्षा प्रशासन, उपसमूहः- निरीक्षण, तहः- अधिकृत सातौँ पदः- शिक्षा अधिकृत

योग्यताक्रम नं.	कर्मचारीको सङ्केत नं.	उम्मेदवारको नाम, थर
१	१९७७४७	राधाकृष्ण जोशी

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०२/०६

यस **शहीद कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालय, घोराही-१७, दाङ**बाट विद्युतीय माध्यमबाट बोलपत्र आह्वान भई रीतपूर्वक पेश हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमका बोलपत्र दाताहरूले पेश गरेको बोलपत्र सारभूत रूपमा प्रभावग्राही देखिएकोले देहाय बमोजिमका बोलपत्र दाताहरूलाई स्वीकृतिका लागि छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	बोलपत्र/बोलपत्र नं.	छनोट गरिएको बोलपत्र दाता	स्वीकृत बोलपत्रको रकम मू.अ.क. सहित	कैफियत
१	ठेक्का नं. NCB/WORKS/ SKIPI/01/082/083 Shaheed Krishnasen Ichchhuk Polytechnic Institute Hata Vitra Nala Nirman Garne Kaam	G.K. Engineering and Construction Pvt. Ltd. Bangalachuli-04	रु. १७,१४,००१।१६ (अक्षरुपी सत्र लाख चौध हजार एक र पैसा सोह्र मात्र)	

शिक्षालय प्रमुख

डिभिजन वन कार्यालय, सुर्खेतको

काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रकाशित मिति : २०८३/०२/०६

विभिन्न निकायका जोखिमयुक्त रुखहरूबाट उत्पादित तथा छिन्चु स.डि.व.का.को विभिन्न क्षेत्रमा विभिन्न मितिमा बरामद गरी मुद्दाको तपसिलको लट बमोजिमको गोलिया/चिरान काठ दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान यो २१औँ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुको साथै यस कार्यालयको वेबसाइट https://dfosurkhet.gov.np मा समेत राखिएको व्यहोरा अनुरोध गरिन्छ।

तपसिल

सि.नं.	लट नं.	प्रजाति	चिरान थान	काठ (क्यु.फि.)	गोलिया थान	काठ (क्यु.फि.)	दाउरा (चट्टा)	कैफियत
१	०८२/०८३-१६	मिश्रित	-	-	४५	२५३.६६	०.१८	जोखिम
२	०८२/०८३-१७	मिश्रित	-	-	३८	२७१.५४	१.०७	जोखिम
३	०८२/०८३-१८	साल	५७	५४.६७	९	६७.६५	-	मुद्दा
४	०८२/०८३-१९	साल	११५	७५.९०	-	-	-	मुद्दा
		सल्लो	-	-	२	८.५८	-	मुद्दा

श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह
सैनामैना ११, रुपन्देही

काठ लिलाम बिक्री सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८३/०२/०६ गते

यस सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१, २०८१/०८२ मा उत्पादन भएको काठदाउरामध्ये समूह भित्रका उपभोक्ताहरूमा बिक्री वितरण भई घाटगद्दीमा बाँकी रहेको काठ तथा विभिन्न मितिमा बरामद भएको काठ समेत गरी लट नं. १ देखि ४ बमोजिमको विभिन्न जातको गोलिया थान ४९० को ३२२६.१४ क्यु.फि. काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काष्ठ व्यवसाय गर्ने इजाजत प्राप्त व्यक्ति, सङ्घ संस्था वा फर्मले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीबाट बोलपत्र फाराम खरिद गरी २२औँ दिन सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

अध्यक्ष

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय
बढुवा समितिको सचिवालय
धनगढी, कैलाली

कार्य क्षमताको मूल्याङ्कनका आधारमा बढुवा सिफारिस सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८३।०२।०६

प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीको देहायका बढुवा सूचना नं., सेवा, समूह/उपसमूह, तहको रिक्त पदहरूमा बढुवा समितिको मिति २०८३।०२।०५ गतेको निर्णयानुसार देहाय बमोजिमको योग्यता क्रमको उम्मेदवारहरूलाई बढुवाका लागि सिफारिस गर्ने निर्णय भएकोले सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४३ र ४४ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सूचना नं.: ८९/०८२-८३, बढुवा सूचना नं.: १९/०८२-८३, सेवाः वन, समूह : ज.फ., पदः वन अधिकृत तहः अधिकृत स्तर सातौँ

योग्यता क्रम नं.	कर्मचारी सङ्केत नं.	कर्मचारीको नाम, थर	कुल जम्मा अङ्क
१	१७०९५३	सुरेश बहादुर रोकाया	९५.००

सूचना नं.: ८९/०८२-८३, बढुवा सूचना नं.: २०/०८२-८३, सेवाः प्रदेश वन, समूह : स्वायल एण्ड वाटर कन्जरभेसन., पदः भू-संरक्षण अधिकृत तहः अधिकृत स्तर सातौँ

योग्यता क्रम नं.	कर्मचारी सङ्केत नं.	कर्मचारीको नाम, थर	कुल जम्मा अङ्क
१	२०३९७२	धन्सेर बहादुर थापा	१००.००

पुनश्चः सूचना नं. ८९, वढुवा सूचना नं. १३/०८२-८३, प्रदेश वन सेवा, जनरल फरेस्ट्री समूह, वन अधिकृत (अधिकृत स्तर सातौँ) तहको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवामा कुनै पनि उम्मेदवार सिफारिस नभएको व्यहोरा सूचित गरिन्छ ।

डिल्लीबजार कन्या बहुमुखी क्याम्पस
डिल्लीबजार, काठमाडौँ

ICT LAB स्थापना सामग्री खरिदका लागि सिलबन्दी कोटेसन आह्वान।

प्रकाशित मिति : २०८३।०२।०६

प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अन्तर्गत ICT LAB स्थापना सामग्री शीर्षकमा यस क्याम्पसलाई प्राप्त बजेटबाट ICT सम्बन्धी विभिन्न सामग्रीहरू खरिद गर्नुपर्ने भएकाले यो कोटेसन आह्वान गरिएको छ। खरिद गर्नुपर्ने सामग्रीहरूको स्पेसिफिकेसन सहित अन्य विस्तृत विवरण क्याम्पसको **Website: dillibazarkanyacampus.edu.np** बाट प्राप्त गर्न सकिनेछ। प्रचलित कानून बमोजिम योग्य ठहरिएका एक इच्छुक आपूर्ति कर्तालाई यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले ७ (सात) दिनभित्र सिलबन्दी कोटेसन क्याम्पस प्रशासन समक्ष पेश गर्न अनुरोध गरिन्छ। कोटेसन फाराम रु.१,००० (एक हजार) (पछि फिर्ता नहुने) नगद बुझाई क्याम्पस प्रशासनबाट प्राप्त गर्न सकिनेछ।

नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना।

(मिति : २०८३।०२।०६)

ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. ६ साविक सानागाउँ वडा नं. २/१ कित्ता नं. ३४६० क्षेत्रफल १४५.०७ व.मि. जग्गामा भवन निर्माण गर्न नक्सा पासका लागि २०८३ वैशाख ०२ गते महालक्ष्मी नगरपालिका वडा नं. ६ कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर जग्गाको म्याद बारम्बार बुझाउन जाँदा सम्बन्धित तपसिलमा उल्लिखित सँधियारहरूसँग सम्पर्क हुन नसकेकोले नक्सा पासका लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।

उल्लिखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाईं साँधसँधियारहरूलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधिभित्र महालक्ष्मी नगरपालिकाको ६ नं. वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँधसँधियारको जानकारीका लागि सूचित गरिन्छ। म्यादभित्र कसैको कुनै प्रतिक्रिया दाबी विरोध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासका लागि नगरपालिकामा सिफारिस भइजाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

पूर्व कि.नं. १७५
उत्तर कि.नं. १७५
दक्षिण कि.नं. ३४६१

महालक्ष्मी नगरपालिका कार्यालय
६ नं. वडा कार्यालय, सिद्धिपुर, ललितपुर।

मुख्यमन्त्री शाहसँग राजदूतको शिष्टाचार भेट

धनगढी समाचारदाता
धनगढी, जेठ ५ गते

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहसँग नेपालका लागि स्विट्जरल्यान्डका राजदूत डेनियल मेउलीले मङ्गलबार शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मुख्यमन्त्री शाह र राजदूत डेनियलबिच भेटवार्ता भएको हो। भेटका क्रममा स्विस सरकारले नेपालमा गर्दै आएको सहयोगका विषयमा छलफल भएको थियो । छलफलका क्रममा मुख्यमन्त्री शाहले स्विस सरकारले नेपालमा सङ्घीय शासनप्रणालीको सुदृढीकरण, रोजगारी सिर्जना, सिप विकास, सुरक्षित वैदेशिक रोजगार, कृषि विकासलगायतको क्षेत्रमा खेलेको भूमिकाको प्रशंसा गर्नुभयो। उहाँले विपत् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनसहित प्राविधिक क्षेत्र महत्त्वपूर्ण सहयोग भएको उल्लेख गर्नुभयो।

राजदूत डेनियलले नेपालको बृहत्तर विकासका लागि स्विट्जरल्यान्डको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले स्विट्जरल्यान्ड र नेपालबिचको कूटनीतिक सम्बन्धको ७० औं वार्षिकोत्सव समारोहका सन्दर्भमा मुख्यमन्त्री शाहलाई जानकारी गराउनुभएको थियो।

मुख्यमन्त्री कमलबहादुर शाह र राजदूत डेनियल मेउली ।

लागुऔषध र आत्महत्याको अवस्था डरलाग्दो

धनगढी समाचारदाता
धनगढी, जेठ ५ गते

कैलालीमा लागुऔषध र आत्महत्याका घटनाको आँकडा डरलाग्दो देखिएको छ। जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कले यस्तो घटना धेरै भइरहेको देखाएको हो । प्रहरी कार्यालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार वैशाखमा मात्रै यस्ता घटना धेरै घटेका छन् । एक महिनामा लागुऔषध मुद्दामा दुई महिलासहित ९८ जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । उनीहरूको साथबाट प्रहरीले ८१ ग्राम ६४० मिलिग्राम खैरो हेरोइनसहित अन्य लागुऔषध बरामद गरेको छ। एक महिनामा लागुऔषधसम्बन्धी ५८ मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक योगेन्द्र तिमिल्सिनाले जानकारी दिनुभयो।

यसै गरी दुई बालक र चार बालिकासहित एक महिनामा २६ जनाले आत्महत्या गरेको जनाइएको छ। आत्महत्या गर्नेमा १४ महिला र छ जना पुरुष छन्।

अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र सञ्चालन

धनगढी समाचारदाता
धनगढी, जेठ ५ गते

कैलालीको धनगढी उपमहानगरपालिका-७, देवहरियामा अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र (प्रदेश पुनर्स्थापना केन्द्र) सञ्चालनमा आएको छ।

धनगढी उपमहानगरपालिका र विकलाङ्ग मित्र समूह/अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रलगायतको संयुक्त सहकार्यमा अस्पताल बिहीबारदेखि सञ्चालनमा आएको हो । शारीरिक अपाङ्गताका कारण सहभागिता र सेवाको पहुँचमा कमी भएका बालबालिकाको स्तरीय उपचार तथा पुनर्स्थापना गर्ने उद्देश्यले सो अस्पताल सञ्चालनमा ल्याइएको छ। अस्पतालमा शारीरिक अपाङ्गता भएका बालबालिकाको पहिचान, उपचार र चिकित्सकीय सेवा प्रदान गर्ने जनाइएको छ।

यसै गरी अस्पतालले पुनर्स्थापना योजना तयार गर्ने, फिजियोथेरापी, अर्थोपेडिक सहायक सामग्री, कृत्रिम अङ्गलगायत अन्य सहायक सामग्री नापजाँच, निर्माण र वितरण सेवा पनि प्रदान गर्ने अस्पतालका प्रमुख प्रशासकीय अधिकृत प्रकाश यादवले जानकारी दिनुभयो।

सानो लगानीको व्यवसायले दिएको खुसी

घोडाघोडी समाचारदाता
घोडाघोडी (कैलाली), जेठ ५ गते

बेलौरी नगरपालिका-५ की रिमा चौधरी २९ वर्ष हुनुभयो। दुई सन्तानकी आमा रिमाका श्रीमान् विद्यालय प्रशासनमा जागिरे हुनुहुन्छ। कक्षा १२ सम्म पढेकी रिमाका छोराछोरी हुर्कँदै गएपछि खाली बस्दा मनमा धेरै कुरा खेल्ने गर्दथ्यो । उहाँले ४५ दिनको व्यवसाय सञ्चालनसम्बन्धी तालिम लिएपछि अहिले खाजा पसल सञ्चालन गर्नुभएको छ।

४५ हजार रुपियाँमा ठेला बनाएर ५० हजार रुपियाँ लगानीमा खाजा पसल सुरु गरेपछि उहाँले हिजोआज राम्रो आम्दानी गर्दै आउनुभएको छ।

बेलौरीमा रहेको पर्यटकीय क्षेत्र शोभातालमा दिनभर ठेलामा खाजा बेचेर साँझ घर पुगेकी रिमाले भन्नुभयो, "खाजा पसल राम्रै चलेको छ। दैनिक चारदेखि हजार रुपियाँसम्मको व्यापार हुन्छ।"

खाली बस्दा मनमा कुरा खेल्ने, अरूको भनाइ सुन्नुपर्ने, पैसाका लागि अरूसँग हात फैलाउनुपर्ने बाध्यता अब रिमालाई छैन । उहाँ भन्नुहुन्छ, "आम्दानी भएपछि त आत्मविश्वास बलियो हुने रहेछ। आँट आउने रहेछ। अरूले हेप्न पनि नसक्ने रहेछन्। इज्जत पाइने रहेछ।"

सुरुमा रिमालाई व्यवसाय गर्दा अप्ठ्यारो महसुस भएको थियो। ग्राहकसँग कुरा गर्दा पनि लाज लाग्ने गर्थ्यो। बिस्तारै बानी पऱ्यो। तालिममा सिकेको कुरा मनन गर्दै ग्राहकको चाहना अनुसार खाजा बनाउँदा सरसफाइमा ध्यान दिने गरेको रिमा बताउनुहुन्छ।

उहाँले ग्राहकको माग अनुसार चाउमिन, चटपटे, चना, आलुका परिकार बनाएर खुवाउने गरेको बताउनुभयो।

उहाँले व्यवसायबाट राम्रो आम्दानी गर्न थालेपछि परिवार पनि खुसी छ। साँझबिहान घरको काममा घरका सदस्यले सहयोग गर्नुहुन्छ।

कैलालीको घोडाघोडी नगरपालिका-१, मुक्त कमैया शिविरका तारा चौधरी शारीरिक रूपमा अशक्त हुनुहुन्छ। उहाँका श्रीमान् छवि चौधरी पनि अशक्त हुनुहुन्छ। सिकलसेलपीडित ताराले नियमित औषधी सेवन गर्नुहुन्छ।

> "खुट्टा नचलेर के भो त काम गर्ने हात त भगवान्ले दिएका छन्। केही गर्न नसक्ने भएर अरूको बोझ बन्नु हुँदैन। हिम्मत गऱ्यो भने गर्न सकिन्छ।

मुक्त कमैया परिवारका उहाँहरूको हिम्मत भने सगरमाथा जस्तै उँचो छ। घरबासबाहेक अरू सम्पत्ति नभएका उहाँका श्रीमान्ले बेतबाँसका हस्तकलाका सामान बनाउनुहुन्छ । त्यसलाई बेच्न ताराले सहयोग गर्नुहुन्छ। फुर्सदको समयमा बदाम भुटेर आफैँ ह्विलचेयरमा बेच्न पसल जाने गर्नुहुन्छ।

तारा भन्नुहुन्छ, "खुट्टा नचलेर के भो त काम गर्ने हात त भगवान्ले दिएका छन्। केही गर्न नसक्ने भएर अरूको बोझ बन्नु हुँदैन। हिम्मत गऱ्यो भने गर्न सकिन्छ। मलाई शारीरिक कष्ट धेरै छ। नियमित औषधी खानु पर्छ तर हिम्मत हारेको छैन।"

उहाँहरूको हिम्मत र काम गर्ने आत्मविश्वास देखेर नगरपालिकाले समेत सहयोग गरेको छ। अरूले दिएको सम्मान र सहयोगले काम गर्न थप जोसजाँगर आउने गरेको ताराले बताउनुभयो।

अरूका लागि समेत प्रेरणा बनेका तारा र छविको मेहनत र लगनशीलताको सबैले प्रशंसा गर्ने गरेका छन् । उहाँहरूको मेहनतले अहिले घरखर्च, छोराको पढाइ, आफ्नो उपचारका लागि पुगेको छ । तारा भन्नुहुन्छ, "खुट्टाको ठुलो अपरेसन गर्दा धेरैले सहयोग गर्नुभयो, सानोतिनो औषधी उपचार त आफैँ गर्दै आएका छौँ।"

काठा दुम्लिङमा पुल निर्माण दुई सय जनाभन्दा बढीको श्रमदान


पुल निर्माणका लागि श्रमदान गरिँदै ।

खलङ्गा समाचारदाता
खलङ्गा (दार्चुला), जेठ ५ गते

व्यास गाउँपालिका-२, दुम्लिङको काठा दुम्लिङमा झोलुङ्गे पुल निर्माणका लागि हालसम्म २३० जनाले श्रमदान गरिसकेका छन्। श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई साम्पाङको समूहद्वारा निर्माण भइरहेको पुलका लागि हालसम्म २३० जनाभन्दा बढीले श्रमदान गरेको पुल निर्माण अभियानका एडमिन म्यानेजर नवीन राईले जानकारी दिनुभयो। कोशी प्रदेशको पूर्वी धरानबाट सुदूरपश्चिम प्रदेशको विकट हिमाली जिल्ला दार्चुला पुगेर श्रमदाताले गत चैत २४ देखि काठा दुम्लिङमा झोलुङ्गे पुल निर्माण गरिरहेका छन्। म्यानेजर नवीन राई भन्नुहुन्छ, "पुलको ७० प्रतिशत काम पूरा भइसकेको छ। श्रमदाताको आउनेजाने क्रम जारी नै छ। अबको ३५ दिनमा सबै काम पूरा हुन्छ।"

उहाँले हाल ५० जना श्रमदाताले पुल निर्माणस्थलमा श्रमदान गरिरहेको बताउनुभयो। काठा दुम्लिङमा पूर्वका श्रमदाताको पसिनामार्फत पुल निर्माण भइरहेको स्थानीय प्रभात बुढाथोकीले बताउनुभयो।

उहाँका अनुसार धरानका श्रमदातासँगै स्थानीय, जनप्रतिनिधि र दार्चुलाका स्थानीयले समेत श्रमदान गरिरहेका छन्। स्थानीयको माग र आवश्यकताका आधारमा काठा दुम्लिङको खोलामा झोलुङ्गे पुल निर्माण भइरहेको इन्जिनियर डम्मर लिम्बूले जानकारी दिनुभयो। करिब ८० मिटर लामो पुलको अहिले लट्ठा तान्ने काम तथा बेस बनाउने काम भइरहेको छ। स्थानीयले विगतदेखि नै प्रयोग गर्दै आइरहेको तुइन हटाएर भारतसँग सीमा जोडिएको महाकाली नदीमाथि नेपाल-भारत जोड्ने झोलुङ्गे पुल निर्माण गर्न प्राविधिक अध्ययन टोली आए पनि अन्तर्राष्ट्रिय सीमानाकामा संरचना निर्माण गर्न दुई देशको सहमति चाहिने भएपछि सो टोलीले स्थानीय काठा दुम्लिङमा पुल निर्माण थालेको हो।

बर्सातको समयमा खोला तर्न नसक्दा विद्यार्थी विद्यालय जानबाट वञ्चित हुने, यार्चागुम्बा टिप्ने जाने नागरिकको सहजताका लागि सो खोलामा पुल निर्माण गरिदिन प्राविधिक टोलीलाई आग्रह गरेको व्यास गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णानन्द बडूले बताउनुभयो।

पुल निर्माणका लागि आर्थिक सङ्कलन अभियान सञ्चालन गर्नुभएका प्रतिनिधि सभा सदस्य साम्पाङलाई देशविदेशमा रहेका नेपालीले आर्थिक सहयोग गरेका छन्। राज्यको आँखा नपुगेको दुम्लिङमा प्रतिनिधि सभा सदस्य साम्पाङको अगुवाइमा पुल निर्माण हुन थालेपछि दुम्लिङका स्थानीयले खुसी व्यक्त गरेका छन्।

स्थानीय कौशिला बुढाथोकीका अनुसार विद्यार्थी हिँड्ने, यार्चागुम्बा टिप्न जाने मूलबाटो तथा काठा दुम्लिङ, गोठान र कल्जुगाउँ जोड्ने गरेर झोलुङ्गे पुल निर्माण भइरहेको छ। स्थानीय जानकी बुढाथोकीले पनि जुनसुकै समूहबाट भए पनि गाउँमा भइरहेको विकासप्रति स्थानीय सकारात्मक रहेको बताउनुभयो । दुम्लिङगाउँमा महाकाली नदीमा भार तसँग जोड्ने पुल नहुँदा तुइनबाट खसेर हालसम्म ३६ जनाले ज्यान गुमाउनु परेको स्थानीय महेन्द्रसिंह बुढाथोकीले बताउनुभयो।

मधेश प्रदेश सरकार
शिक्षा विकास इकाई
जनकपुरधाम धनुषा, नेपाल
बोलपत्र स्वीकृतको आशय सम्बन्धी सूचना
प्रकाशित मितिः-२०८३/०२/०६

यस इकाई अन्तर्गतको तपशिलमा उल्लेखित निर्माण कार्यको लागि मिति २०८२/१२/२४ गतेको गोरखापत्रमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुन आएका बोलपत्रमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S. N.	Contract Name & ID.	Name Of Successful Bidder's	Bid Amount (With VAT & PS)
1.	The Construction Of Janta Rastriya Adharbhut Bidyalaya Lalbahadur Tole Ganeshman Chharnath Ward No 10 Ma Bhawan Nirman. EDU/DHANUSHA/NCB/ WORKS/2082-083/02	Shree Yadubanshi Nirman Sewa Dhanauji-02,Dhanusha	26,88,247.97
2.	The Construction Of Mithila Bihari Na. Pa.7 Dhanushama Raheko Malbhogiya Devi Kabir Kuttiko Starunnati. EDU/DHANUSHA/NCB/ WORKS/2082-083/05	Manabi Construction and Consultancy. Janakpur-13,Dhanusha	25,38,248.77
3.	The Construction Of Janakpurdham 18 Ma Shree Rastriya Prathmik Bidyalaya Bhoilko Starunnati. EDU/DHANUSHA/NCB/ WORKS/2082-083/07	Ma Janaki Construction And Supplier's Pvt. Ltd. Mithila Bihari-10,Dhanusha	23,29,535.11

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतली
आय विवरण, कागजात तथा प्रमाण, फाँटवारी पेश गर्ने बारेको सूचना
(सूचना प्रकाशित मितिः २०८३।०२।०६)

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाताहरूमध्ये देहायका आय वर्षहरूको कारोबारको सम्बन्धमा पूर्ण कर परीक्षणका लागि छनौट भएका तर कागजात तथा प्रमाण फाँटवारी नबुझाएका तपशिल बमोजिमको करदाताहरूको यस कार्यालयको अभिलेखमा रहेको निज दर्ता हुँदाका बखत उल्लेख गरेको निजको कारोबार स्थलको ठेगानामा हुलाकबाट पत्राचार (रजिष्ट्री) गरिएको पत्र फिर्ता आएको, एकिकृत कर प्रणालिमा उपलब्ध भएसम्मका करदाताको सम्पर्क नम्बर र इमेल ठेगानामा सम्पर्क गर्दा हालसम्म पनि सम्पर्क हुन नसकेको तथा सम्पर्क स्थापित भई पत्र बुझिलिएपनि जवाफ सहितको पूर्ण कागजात हालसम्म पनि कार्यालयमा स्वयम् उपस्थित भई वा अख्तियार प्राप्त व्यक्ति मार्फत पेश हुन नआएको साथै तल उल्लेखित आय वर्षको कारोबारको आयकर ऐन, २०५८ को ९६(१) बमोजिम पेश गर्नुपर्ने विवरण हालसम्म पेश नगरेको हुँदा आयकर ऐन, २०५८ को दफा ७९(३), मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३१(३) र अन्तःशुल्क नियमावली, २०५९ को नियम ६ख.(३) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः यो सूचना प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपशिलमा उल्लेखित आय वर्षको कारोबारको विवरण तथा सो कारोबारलाई पुष्टि गर्ने आवश्यक कागजात फाँटवारी तथा प्रमाण लिई प्रोप्राइटर/सञ्चालक/साझेदार स्वयम् वा निजको अख्तियार प्राप्त व्यक्ति यस कार्यालयमा उपस्थित हुनका लागि आयकर ऐन, २०५८ (सं.स.) दफा ८३, मूल्य अभिवृद्धि कर ऐन, २०५२ (सं.स.) को दफा २३ तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ.(४) बमोजिम जानकारी गराइन्छ। तोकिएको म्यादभित्र माग गरिएको कागजात पेश नगरेमा कार्यालयमा प्राप्त तथ्याङ्क तथा सूचनाका आधारमा आयकर ऐन, २०५८ को दफा १०१, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ. बमोजिम कर निर्धारण गरिने बेहोरा सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

सि. नं.	फर्मको नाम	स्थायी लेखा नं.	प्रोप्राइटर/ संचालक/मूख्य व्यक्तिको नाम	ठेगाना	आय वर्ष
१	हिमालयन इलेक्ट्रोनिक्स प्रा. लि.	६०४२३४३३५	डिल्लि राम खरेल	काठमाडौं म.न.पा.-३० ज्ञानेश्वर, काठमाडौं.	२०७८/०७९
२	रमण एण्ड एसोसिएट्स लयर्स चेम्बर्स	६०३४४२२९०	रमण कुमार कर्ण	काठमाडौं म.न.पा.-३० डिल्लीबजार, काठमाडौं.	२०७८/०७९
३	पि.एम. अटो गियर प्रा.लि.	६०६५६८७४६	प्रकाश नकर्मी	काठमाडौं म.न.पा.-०९, बत्तिसपुतली, काठमाडौं।	२०७८/०७९
४	एम्पल्स मार्केटिङ्ग हाउस प्रा.लि.	६०६८८९९८२	बिनोद श्रेष्ठ/सचित प्रसाद जोन्से लगायत	काठमाडौं म.न.पा.-०९, रातोपुल, काठमाडौं।	२०७८/०७९

कोशी प्रदेश सरकार
खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय
कनकाई सिँचाइ व्यवस्थापन कार्यालय
गैंडे, झापा, नेपाल
सूचना प्रकाशित मितिः २०८३।०२।०६
ठेक्का तोड्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

यस कनकाइ सिँचाइ व्यवस्थापन कार्यालय, झापा र जय राजाजी बाबा कन्सट्रक्सन एण्ड सप्लार्यस प्रा. लि., टोखा-९, काठमाडौं को निर्माण कार्यका लागी ठेक्का नं. : KIMO/WORKS/SQ–03/2082-83 अन्तर्गत मिति २०८२।०९।०९ मा सम्झौता भएको तर हालसम्म निर्माण कार्य प्रारम्भ नभएको हुनाले ठेक्काको शुन्य प्रगति भएको, कुनै समस्या बिना लामो समयदेखि निर्माण कार्य शुरु नभएको र यस कार्यालयबाट निर्माण कार्य अगाडि बढाउन भनी विभिन्न मितिमा लिखित तथा मौखिक ताकेता गर्दा समेत कार्य प्रारम्भ नगरेको, कार्यालयको कुनै पनि पत्राचारको लिखित जवाफ नदिएको तथा कार्यतालिका पेश गर्ने सम्बन्धी कार्यालयको पत्रलाई समेत बेवास्ता गरी निर्माण कार्य शुरु नगरेको तथा सम्झौता समाप्त हुने मिति २०८३।०२।१५ आई सक्दा पनि निर्माण कार्य सूचारु गर्ने कुनै चासो नलिएको हुँदा Contract Agreement को GCC ११.१ अन्तर्गतको Termination of Contract र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) आकर्षित हुने देखिएकोले ठेक्का सम्झौता किन नतोड्ने ? ठेक्का सम्झौता नतोड्नुपर्ने कुनै मनासिव कारण भएमा ७ (सात) दिन भित्र विश्वसनीय स्पष्टीकरण सहित आधिकारिक व्यक्ति यस कार्यालयमा उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी खरिद सम्झौता, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम ठेक्का सम्झौता अन्त्य गरी तत्पश्चात् गरिने सम्पूर्ण कानूनी कारबाही प्रक्रिया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

सि.नं.	निर्माण व्यवसायीको नाम, ठेगाना	ठेक्का सम्झौता नं.	कामको विवरण
१.	जय राजाजी बाबा कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि., टोखा-९, काठमाडौं।	KIMO/WORKS/SQ-03/2082-83	Construction of RCC Canal Lining & Canal Formation Works at S-10, S-12 & S-16, T-09 Canals of KIS

धरौटी सदरस्याहा गर्ने सम्बन्धीको सूचना

यस कार्यालयले विभिन्न मितिमा बिल भुक्तानी हुँदा वा अन्य प्रयोजनमा धरौटी कट्टी दाखिला भई लामो अवधिसम्म धरौटी फिर्ताको लागि निवेदन भई नआएको साथै धरौटी फिर्ता लिनका लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सो अवधिभित्र र अवधि नतोकिएमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्ष समाप्त भइसकेका विभिन्न व्यक्ति, संस्था तथा फर्महरूको नाममा रहेको धरौटीको रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ र ६८, साथै कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६८ र ६९ बमोजिम सदर स्याहा गरी राजस्व खातामा आम्दानी बाँध्ने निर्णय भएकाले यो सूचना प्रकाशन गरिएको छ।

प्रयोजन समाप्त भएका व्यक्ति तथा फर्महरूको नामनामेसी तथा रकम सहितको विस्तृत विवरण यस कार्यालयको वेबसाइट kimo.koshi.gov.np, फेसबुक पेज Kankai Irrigation Management Office, Jhapa तथा सूचना पाटीमा समेत प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र उक्त धरौटी रकम फिर्ता लिन आवश्यक प्रमाण सहित कार्यालयमा निवेदन दिनुहुन सूचित गरिन्छ। अन्यथा कानुन बमोजिम धरौटी रकम सदरस्याहा गरिने व्यहोरा जानकारी गराइन्छ।

कार्यालय प्रमुख

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
नेपाल स्काउट
राष्ट्रिय प्रधान कार्यालय
व्यावसायिक भवनहरूको पसल कबलहरू भाडामा दिने बारे सिलवन्दी दरभाउ प्रस्ताव आह्वानको सूचना, २०८२/८३
प्रथम पटक प्रकाशित मितिः २०८३/०२/०६

यस नेपाल स्काउट प्रधान कार्यालय, लैनचौरको पूर्ण स्वामित्वमा रहेको व्यावसायिक भवनहरू व्यवसायिक भवन प्रथम, व्यवसायिक भवन दोश्रो र व्यावसायिक भवन तेस्रो सिलवन्दी दरभाउपत्र प्रस्तावबाट बाँकी पसल कवलहरू भाडामा दिने प्रयोजनार्थ नेपाल सरकारबाट सम्वन्धित कार्यमा ईजाजत प्राप्त इच्छुक व्यक्ति, रजिस्टर्ड फर्म, संस्था, कम्पनी, अधिकृत विक्रेता वा सप्लायर्सबाट निम्न लिखित शर्तहरूको अधीनमा रही रीतपूर्वक सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्न आह्वान गरिन्छ।

शर्तहरू

१) सिलवन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन) भित्र व्यक्ति वा फर्महरूले निवेदन दिई रु. १,०००/- (फिर्ता नहुने गरी) शुल्क तिरी कार्यालय समयभित्र फाराम खरिद गर्न सकिनेछ ।

२) खरिद भएको दरभाउपत्र फारम प्रष्टसँग भरी व्यक्ति वा फर्मले प्रत्येक पानामा सहीछाप गरी, सिलवन्दी गरी खाम बाहिर व्यक्ति वा फर्मको नाम, ठेगाना, सम्पर्क फोन नम्बर प्रष्टसँग लेखी १६ औं दिन (विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरू सोही दिन दिनको ३:०० बजे उपस्थित दरभाउपत्रदाताहरू तथा निजका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ। दरभाउपत्रदाताहरू तथा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोलिने छ।

३) दरभाउपत्रदाताले कम्पनीदर्ताको प्रमाण-पत्र, प्यान दर्ताको प्रमाणपत्र र कर चुक्ता प्रमाण-पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा व्यक्तिगत प्यान नम्बर र नागरिकता परिचयपत्र अनिवार्य पेश गर्नुपर्नेछ। रीत नपुगेको म्याद नाघी प्राप्त हुने दरभाउपत्र निवेदन उपर कुनै कारबाही हुने छैन।

४) व्यावसायिक भवनहरूको पसल कवलहरूको क्षेत्रफल र जमानत रकम लगायत अन्य सम्पूर्ण विवरण नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

५) दरभाउपत्रदाताले जमानत बापतको रकम 'क' बर्गको इजाजतप्राप्त राष्ट्रिय वाणिज्य बैङ्कबाट जारी गरिएको जमानत पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउपत्र जमानत दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५(पचहत्तर) दिनसम्मको मान्य अवधि हुने गरी बैङ्क जमानत पेश गर्नुपर्नेछ। सिलबन्दी दर भाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ। दरभाउपत्र जमानतबापतको रकम नै जम्मा गर्न चाहने दर भाउपत्रदाताले जमानत बापत नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको लैनचौर काठमाण्डौंको ठमेल स्थित नेपाल ईन्भेष्टमेन्ट मेगा बैंकमा रहेको धरौटी खाता नं. १३२०१०५००१४२८१ मा जम्मा गरी यस कार्यालय प्रयोजनको लागि जम्मा गरेको सक्कलै भौचर अनिवार्य रुपमा दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

६) भवनहरूका पसल कवल भाडामा लिन चाहनेले प्रत्येक भवनको भुईं तला प्रतिवर्ग फिट रु.१७० ।-, पहिलो तला प्रतिवर्ग फिट रु.१५० ।- र दोस्रो तला प्रतिवर्ग फिट रु.१३५ ।- मा नघटाई सो वा सो भन्दा बढि तिर्न चाहेको रकम र थप सुविधा प्रदान गर्न सक्ने भए सो पनि प्रस्टसँग अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ। नेपाल स्काउटलाई कुनै पनि बक्यौता तिर्न बुझाउन बाँकी रहेका र पेश्की फर्स्यौट गर्न बाँकी रहेका फर्म वा व्यक्तिले बक्यौता र पेश्की फरफार नगरी दरभाउपत्र खरिद गर्न पाउने छैन।

७) व्यावसायिक भवनहरूका पसल कबलहरू ५ वर्ष समयावधिको लागि भाडामा उपलब्ध हुनेछ । आपसी समझदारीमा करार सम्झौता थप गर्न सकिनेछ। करार सम्झौताको एक वर्षपछि मासिक भाडामा १० प्रतिशतका दरले स्वतः वृद्धि हुनेछ ।

८) भाडामा दिइएको भवन तथा पसल कबलहरू नेपाल स्काउटलाई आवश्यक परेमा ३ महिनाको पूर्व सूचना दिई खाली गराउन सक्नेछ।

९) प्रस्तुत दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०) यस सूचनामा नपरेका अन्य कुराहरू मुलुकी देवानी संहिता, २०७४, सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।

११) अन्य कुराहरू बुझ्न परेमा कार्यालयको फोन नं. ०१४५१९००१ मा ०९ बजे देखि ५ बजे सम्म बुझ्न सकिनेछ ।

राष्ट्रिय परिचयपत्र लिन बिस हजार खर्च

रलिङ समाचारदाता
रलिङ (हुम्ला), जेठ ५ गते

हुम्लाको दक्षिण क्षेत्रका नागरिकले राष्ट्रिय परिचयपत्र पाउनका लागि मात्रै करिब २० हजार रुपियाँ खर्च गर्नुपर्ने बाध्यता छ। जिल्लाका दक्षिण क्षेत्रका नागरिकले सदरमुकाम सिमकोटमा पुगेर राष्ट्रिय परिचयपत्र लिनुपर्दा कम्तीमा पनि २० हजार रुपियाँ खर्च गर्नुपर्ने बाध्यता छ।

राष्ट्रिय परिचयपत्र अहिले अत्यावश्यक कागजात मात्र नभई पीडा र आर्थिक बोझको विषय बनेको स्थानीयले गुनासो गरेका छन्। दक्षिणी क्षेत्रका अदानचुली, ताजाकोट, सर्केगाड र चङ्खेली गाउँपालिकाका नागरिकले बैङ्क खाता सञ्चालन, सामाजिक सुरक्षा भत्ता, सरकारी सेवा तथा विभिन्न कामका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य भएपछि परिचयपत्र बनाएका भए पनि हातमा कार्ड नहुँदा र सास्ती खेप्नु परेको गुनासो गरेका छन्।

गत वर्षको साउन भदौमा सरकारले निःशुल्क रूपमा विवरण सङ्कलन गरेपछि नागरिक खुसी भएका थिए तर कार्ड लिन सदरमुकाम सिमकोट नै पुग्नुपर्ने बाध्यता भएपछि दुर्गम गाउँका नागरिक थप समस्यामा पर्दै आएका छन्। दुर्गम गाउँबाट सिमकोट पुग्न कतिपयलाई सवारीसाधनमा यात्रा गर्नु पर्छ। कतिपय नागरिक दिनहुँ पैदलयात्रा गर्न बाध्य छन्। गाडीभाडा, खाना बस्न होटेल तथा अन्य खर्च जोड्दा आउँदाजाँदा एक जनाले कम्तीमा २० हजार रुपियाँसम्म खर्च गर्नु परेको स्थानीयले बताएका छन्।

विशेष गरी ज्येष्ठ नागरिक, अशक्त र न्यून आय भएका परिवार यसबाट सबैभन्दा बढी प्रभावित भएका छन्। केही महिनाअगाडि विवरण सङ्कलन गर्न आउँदा वृद्धवृद्धालाई सरकारले सेवा सजिलो बनायो भन्ने सुनेको भए पनि अहिले परिचयपत्र लिन जाँदा १० देखि २० हजार रुपियाँ खर्च लाग्ने भएपछि समस्या हुने गरेको सर्केगाड गाउँपालिका-७, रोडीकोटका ज्येष्ठ नागरिक रतन्या जैसीले बताउनुभयो।

उहाँले भन्नुभयो, "राष्ट्रिय परिचयपत्र बनाएपछि बैङ्कको काम सजिलो हुन्छ भनियो। त्यसैले गाउँमै आएर फोटो खिचे, औँठाछाप लगाएँ। हामीले कार्ड गाउँमै आउँछ होला भन्ने सोचेका थियौँ। पछि सिमकोट गएर आफैँ लिनु पर्छ भनियो। हामी जस्ता वृद्धलाई त्यो यात्रा कसरी सम्भव हुन्छ ?" सामाजिक सुरक्षा भत्ता बुझ्न होस् वा अन्य बैङ्किङ कारोबार गर्न बैङ्क जानु पर्छ।

बैङ्कले राष्ट्रिय परिचयपत्र माग्ने गरेको उहाँको भनाइ छ। अदानचुली-२ का युवा लालकेश भण्डारीले भन्नुभयो, "कार्ड नहुँदा काम रोकिन्छ। अब एउटा कागजकै लागि यति दुःख पाइन्छ भने गाउँका गरिब जनताले कसरी राज्यको सेवा पाउने हो।"

उहाँले सरकारले गाउँपालिकामै कार्ड पठाइदिनुपर्ने अनुरोधसमेत गर्नुभयो।

गत वर्ष भरिएको विवरणबाट नम्बर निकाल्न सकिने व्यवस्था भए पनि अधिकांश नागरिकको विवरण गलत भएका कारण नम्बर नआउने समस्याले झन् दुःख हुने गरेको छ। ताँजाकोट गाउँपालिकाकी ४५ वर्षीय मनसरा रोकायाले पनि राष्ट्रिय परिचयपत्रकै कारण आर्थिक समस्या भोग्नु परेको बताउनुभयो। उहाँले भन्नुभयो, "घरको आर्थिक अवस्था कमजोर छ। छोराछोरी पढिरहेका छन्। बैङ्कको खाता सञ्चालन गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य भयो। कार्ड लिन सिमकोट जानु पर्छ भन्ने थाहा पाएपछि चिन्ता लाग्यो।"

स्थानीय नागरिकले राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णयसँगै त्यसको पहुँच र वितरण प्रणालीलाई पनि व्यवस्थित बनाउन सरकारसँग माग गरेका छन्। हुम्ला जस्ता विकट जिल्लामा सेवा विस्तारको चर्चा धेरै भए पनि व्यवहारमा नागरिकले अझै महँगो यात्रा, आर्थिक बोझ र दुःख सहेर आधारभूत सेवा लिनुपर्ने अवस्था रहेको गुनासो स्थानीयले गरेका छन्।

यस विषयमा प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले राष्ट्रिय परिचयपत्र लिनका लागि नेपाल सरकारको नीतिनियम भएकाले हाललाई केही भन्न नसकिने बताउनुभयो। उहाँले यस विषयमा आफन्तले लिन पाउने प्रावधान मिलाउने तयारी पनि भइरहेको जानकारी दिनुभयो।

तस्विर : नन्द सिंह
राष्ट्रिय परिचयपत्रका लागि जिल्ला प्रशासन कार्यालयमा लाइनमा बसेका हुम्लाका नागरिक।

बाजुरा र हुम्लाको सीमा विवाद सहमतिमा टुङ्ग्याइने

हुम्ला समाचारदाता
हुम्ला, जेठ ५ गते

हुम्ला र बाजुराको सिमानामा पर्ने लाम्पाटा च्याचौर क्षेत्र (रानीसैन) मा देखिएको सीमा विवाद दुई पक्षबिचको सहमतिमा टुङ्ग्याइने भएको छ। बाजुरा पक्षले लाम्पाटा च्याचौरमा प्रहरी चौकी भवनको निर्माण अगाडि बढाइसकेपछि हुम्लाका स्थानीयले त्यसलाई रोक्न ठुलो समूह लिएर त्यहाँ पुगेपछि झडपको अवस्था सिर्जना भएको थियो। दुई जिल्लाबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने सदस्यबिच भएको वार्ताले सो विवाद सहमतिमा सुल्झाउने निर्णय गरेको हो।

हुम्ला जिल्लाका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले दुवै जिल्लाका सांसदबिच भएको सहमतिले हालका लागि झडपको परिस्थिति टरेको बताउनुभयो। उहाँले भन्नुभयो, "हुम्लाका सांसद जयपति रोकाया र बाजुराका सांसद जनक गिरीबिच हालका लागि प्रहरी चौकी निर्माण रोक्ने सहमति भएको छ।"

हुम्लाका प्रतिनिधि सभा सदस्य रोकायाको पहलमा दुई जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्य, प्रहरी अधिकारीलगायतको उपस्थितिमा गृह मन्त्रालयमा छलफल भएको थियो। प्रतिनिधि सभा सदस्य रोकायाका अनुसार गृहसचिव राजकुमार श्रेष्ठको उपस्थितिमा बसेको बैठकले तत्काल अवस्था शान्त नभएसम्मका लागि बाजुरा जिल्ला प्रहरी कार्यालयबाट स्थापना गर्न लागिएको प्रहरी चौकी तत्काल रोक्ने र दुवै जिल्लाको आपसी सहमति कायम गर्ने समझदारी भएको छ। उहाँले सीमा विवादलाई समाधान गर्न ऐतिहासिक दस्तावेज र त्यस भूगोलबारे जानकार स्थानीयसँगको छलफल, नापी र मालपोत कार्यालयमा तिरो तिरेका प्रमाणका आधारमा विवादलाई टुङ्गोमा पुऱ्याउने कुरामा सहमति भएको बताउनुभयो। लामो समयदेखि हुम्लाका स्थानीयले भोगचलन गर्दै आएको उक्त क्षेत्रमा बाजुराका तर्फबाट प्रहरी चौकी स्थापनाको प्रक्रिया अघि बढेपछि जिल्लाका स्थानीय तहका प्रमुखले गत वैशाख २४ गते जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई उक्त क्षेत्र हुम्लामा पर्ने भन्दै ज्ञापनपत्र बुझाएका थिए। बाजुराले जिल्ला प्रशासन कार्यालयमार्फत प्रहरी चौकी स्थापना गरेर औपचारिक रूपमा आफ्नो कायम गर्ने नीतिगत कार्य अघि बढाएपछि हुम्लाका स्थानीय तह र स्थानीय आक्रोशित भएका थिये।

पुर्खौंदेखि आफ्नो वडाको सीमाक्षेत्र बाजुराले दाबी गरेपछि खार्पुनाथ गाउँपालिका-२ का वडाध्यक्ष चन्द्र रावलले गृह सचिवलाई पत्र लेख्दै दुई जिल्लाको सीमा विवादलाई समाधानका लागि पहल गरिदिन आग्रह गर्नुभएको थियो। उहाँलाई २०५३ सालमै थाली सामुदायिक वनमार्फत उक्त क्षेत्र भोगचलन गर्दै आएको र हाल थाली सामुदायिक वनका नाममा दर्ता भएकाले उक्त क्षेत्र आफ्नो भएको दाबी वडाध्यक्ष रावलले गर्नुभयो। यता खार्पुनाथ-२ को थाली सामुदायिक वन उपभोक्ता समितिले पनि औपचारिक निर्णय गर्दै उक्त वनक्षेत्र आफ्नो भूभागमा पर्ने भएकाले बाजुराले गर्न लागेको अतिक्रमण रोक्न आग्रह गरेको वन समितिका अध्यक्ष देवराज रावलले जानकारी दिनुभयो।

तस्विर : राजन रावत
विवादित स्थानतर्फ जाँदै हुम्लाका स्थानीय।

कर्णालीमा एसइईको नतिजा सुधार

रजनी योगी
सुर्खेत, जेठ ५ गते

विसं २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसइई) मा कर्णालीको शैक्षिक नतिजामा सुधार देखिएको छ। अघिल्लो वर्षको तुलनामा यस वर्ष कर्णालीमा छ प्रतिशतले सुधार गरेको हो। २०८१ सालमा कर्णालीमा उत्तीर्ण प्रतिशत ५६.७८ भएकोमा यस पटक ६५.९८ प्रतिशत भएको छ।

२०८० सालको एसइईमा ४१.५३ प्रतिशत मात्रै उत्तीर्ण भएका थिए। यस वर्ष कर्णाली प्रदेशका १० जिल्लाबाट ३३ हजार ३३६ परीक्षार्थीले एसइई दिएका थिए। जसमध्ये १३ हजार २४१ जना उत्तीर्ण भएको शिक्षा विकास निर्देशनालय सुर्खेतले जनाएको छ। शिक्षामा क्रमिक रूपमा सुधार हुँदै गइरहेको निर्देशनालयका निमित्त निर्देशक दीपा हमालले बताउनुभयो। प्रदेश सरकारले शैक्षिक गुणस्तरमा सुधार गर्ने नीति अवलम्बन गरेको भन्दै उहाँले शिक्षण सिकाइमा प्रविधिको प्रयोगले पनि शिक्षा सुधार हुँदै गएको जानकारी दिनुभयो।

एसइईमा कर्णालीमा सुगमभन्दा दुर्गमका विद्यालयले सुधार गरेको देखिएको छ। रुकुमपश्चिम, मुगु, जाजरकोट, सल्यान, कालीकोट, जुम्ला जस्ता दुर्गम जिल्लाको उत्तीर्ण प्रतिशत सुधार भएको छ भने सुगम मानिएका सुर्खेत, दैलेख पछाडि परेका छन्।

१० जिल्लामध्ये सबैभन्दा बढी उत्तीर्ण प्रतिशत रुकुमपश्चिमको छ। रुकुमपश्चिममा ७९.३४ प्रतिशत विद्यार्थी उत्तीर्ण भई प्रदेशकै सबैभन्दा बढी विद्यार्थी उत्तीर्ण गराउने जिल्ला भएको छ। सबैभन्दा कम दैलेखमा ३१.८२ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्।

कर्णाली प्रदेश सरकारले शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्न सकेको छैन। गत आर्थिक वर्ष २०८१/८२ मा शिक्षा क्षेत्रमा बजेट वृद्धि गरेको सरकारले यस वर्ष फेरि घटाएको छ। गत वर्ष कुल बजेटको शिक्षा क्षेत्रमा ५.८ प्रतिशत बजेट विनियोजन भएको थियो।

यो वर्ष सामाजिक विकास मन्त्रालयले कुल बजेटको ३.५ प्रतिशत बजेट मात्र विनियोजन गरेको छ। चालु आवमा कर्णाली प्रदेश सरकारले ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार रुपियाँको बजेट ल्याएको छ।

अवैध उत्खनन रोक्न प्रशासनको निर्देशन

सिँजा समाचारदाता
सिँजा (जुम्ला), जेठ ५ गते

जिल्ला प्रशासन कार्यालय जुम्लाले यहाँका नदी र खोलाबाट अवैध रूपमा गिट्टी, बालुवा र ढुङ्गा उत्खनन गर्न निषेध गरेको छ।

मनसुन नजिकिँदै जाँदा नदी दोहनका कारण बाढी, पहिरो र वातावरणीय जोखिम बढेको भन्दै जिल्ला प्रशासन कार्यालय उत्खननमा निषेध गरेको हो।

मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना र विपत् पूर्वतयारी तथा प्रतिकार्य योजनासम्बन्धी हालै आयोजित जिल्लास्तरीय कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले तिला र हिमा नदीकेन्द्रित अवैध उत्खनन तत्काल रोक्न निर्देशन दिनुभयो। उहाँले भन्नुभयो, "अबदेखि नदीमा अवैध रूपमा गिट्टी, बालुवा निकाल्ने कार्य गरेको भेटिएमा डोजरसहित उपकरण जफत गरिने छ।"

नदी दोहन गरेर कसैले पनि कानुनमाथि खेलबाड गर्न नपाउने प्रमुख जिल्ला अधिकारी पौडेलको भनाइ छ। जिल्लामा बर्सौंदेखि अनुमतिबिना सञ्चालन भइरहेका क्रसर उद्योग प्रशासनको निगरानीमा परेका छन्।

बिनादर्ता, बिनावातावरणीय अध्ययन र बिनाअनुमति नदीजन्य पदार्थ उत्खनन गर्ने उद्योगलाई कानुनी दायरामा ल्याइने प्रमुख जिल्ला अधिकारी पौडेलको भनाइ छ।

नागरिक समाज जुम्लाका संयोजक राजबहादुर महतले विकासनिर्माणका नाममा ल्याइएका कतिपय क्रसर उद्योगले आयोजना सकिएपछि पनि व्यापारिक रूपमा गिट्टी, बालुवा बेच्दै आएको आरोप लगाउनुभयो। उहाँका अनुसार केही निर्माण कम्पनीले सरकारी कामको आडमा प्राकृतिक स्रोतको खुला दोहन गरिरहेका छन्।

जिल्ला समन्वय समिति जुम्लाका समन्वय अधिकारी रोमबहादुर महतले अनियन्त्रित उत्खननले भविष्यमा ठुलो प्राकृतिक विपत् निम्त्याउने भएकाले त्यसको नियन्त्रणको आवश्यक भएको बताउनुभयो। उहाँले भन्नुभयो, "नदीको बहाब परिवर्तन, खेतीयोग्य जमिन कटान र बस्ती जोखिममा पर्ने अवस्था बढ्दै गएको छ।"

चन्दननाथ नगरपालिकाका प्रमुख राजुसिंह कठायतले स्थानीय तहहरूले राजस्वका नाममा जथाभावी उत्खननलाई संरक्षण गर्न नहुने धारणा राख्नुभयो। उहाँले अब नदीजन्य पदार्थ उत्खननलाई कानुनी दायराभित्र ल्याएर मात्रै सञ्चालन गर्न दिइने स्पष्ट पार्नुभयो। तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले विपत् को समयमा क्षति कम गर्न पूर्वतयारी योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

विद्यालय समायोजन

हुम्ला समाचारदाता
हुम्ला, जेठ ५ गते

सिमकोट गाउँपालिकाको एक आधारभूत तहको विद्यालयलाई नजिकको विद्यालयसँग समायोजन गरिएको छ। बालविकासदेखि कक्षा ५ सम्म पठनपाठन हुँदै आएको सिमकोट गाउँपालिका-४ को सिद्धार्थ आवासीय विद्यालयमा नयाँ शैक्षिक सत्रमा दुई जना मात्र विद्यार्थी भएपछि सिमकोट गाउँपालिकाले सो विद्यालयलाई सिमकोट गाउँपालिका-६ को मानसरोवर माविमा समायोजन गरेको हो। सिमकोट गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख कृष्णप्रसाद आचार्यले भन्नुभयो, "विद्यालयमा दुई विद्यार्थी र पाँच शिक्षक मात्र रहेपछि समायोजन गर्नु परेको हो।"

Government of Nepal
Ministry of Agriculture, Forest and Environment
Department of Hydrology and Meteorology
Office of Hydrology and Meteorology Attariya, Kailali

Letter of Intent (LOI)

Date of Publication: 2083/02/06

As per section 27 (2) of the Public Procurement Act 2063, This is to notify all concerned bidders that we are going to award the following contract as per IFB No.: DHM/OHMA/W/NCB/02-2082/83 published in Gorkhapatra National Daily on 2083/01/07 to the following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criteria.

Contract ID	Name of Project	Name and Address of Bidder	Bid Price (with VAT)
DHM/OHMA/W/ NCB/02-2082/83	Building Construction Works of Aero-Synoptic Field Office Dipayal, Doti.	Royal Construction Bahudarmai-7, Parsa	NRs. 21,12,005.23

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(बढुवा समितिको सचिवालय, रसुवा)

बढुवा सम्बन्धी सूचना

लोक सेवा आयोगको सूचना नम्बर १०५७/०८२-८३ (बढुवा सूचना नं. ३७३/०८२-८३) ज्येष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा बमोजिम नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अनं.द्वितीय श्रेणी, (अप्राविधिक) खरिदार पदको रिक्त पदमा यस बढुवा समितिको मिति २०८३।०२।०५ गतेको निर्णयानुसार देहाय बमोजिमका उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भए बमोजिम निजामती सेवा ऐन २०४९ को दफा २४(च) र निजामती सेवा नियमावली, २०५० को नियम ८४(१क) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

क) ज्येष्ठता र कार्य सम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

बढुवा सूचना नं.	कर्मचारी संकेत नं.	उमेदवारको नाम, थर	यो.क्र.	सिफारिस भएको कार्यालय
३७३/०८२-०८३	१४६३०२	श्री हेम प्रसाद भट्टराई	१	श्री जिल्ला हुलाक कार्यालय, रसुवा

Nepal Electricity Authority
Notice Regarding Intent to Award the Contract
Notice Publication Date : 2083/02/06

Name & Address of Office	IFB and Type of Bidding	Name & Address of Lowest Evaluated Substantially Responsive Bidder	Total Accepted Bid Price (With VAT)
Sudurpaschim Provincial Office, Attariya, Kailali (Tel. No. : 091-551173)	NEA/SPO-2082/083/CIVIL-SQ-02(RE)	M/s K.R Construction & Suppliers, Godawari 08, Kailali	NRs. 10,05,917.48
Central Workshop Hetauda (Tel. No. 057-520930)	CW-SQ-2082/83 -CIV-03(RE)	M/s R.G and Group Construction, Thapagaun, Newbaneshwor, Kathmandu	NRs. 4,51,353.76
Chandrapur-Sukdev Chowk 132 kV Transmission Line Project	NEA/NCB/CSTLP /2082/83/02	M/s C.G. Motors Pvt. Ltd., Sanepa, Lalitpur -2	NRs. 1,59,89,999.98
Khimti Grid Branch (Tel No: 048-590211)	KGB/2082/083-11	M/s Narayan Nirman Sewa Chautara, Sindhupalchowk.	NRs. 7,22,419.06
Shyanja Distribution Centre, (Tel No :063-423177)	NEA-SDC-2082/ 083-04RESQ	M/s MN Bhattrai Nirman Sewa, Mirmi-7 Syangja	NRs. 6,82,294.00
	NEA-SDC-2082/ 083-05RESQ	M/s Karun Construction Pokhara 5 Malepatan	NRs. 7,33,641.20

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८३/०२/०६)

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन हुँदा तपशिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मूल्यांकित समेत भएकोले सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ को उपदफा २ एवंम दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिल:

सि. नं.	बोलपत्रको नम्वर र कामको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक रू. (मु.अ.कर सहित)	सूचना प्रकाशित पत्रिका र मिति
1.	RM/15/082/083, Construction of Adharbhut Health post at Babiyakharka	Ratna B.S. Construction Company Pvt.Ltd, Manthali Municipality-01	५२,३४,३५४.९२	२०८२/१२/ २६, गोरखापत्र राष्ट्रिय दैनिक
2.	RM/15/082/083, Construction of Adharbhut Health post at Thakledada	Shree Manawati Construction Private Limited, Manthali Municipality-01	५४,८५,६१५.३५	

प्रमुख प्रशासकीय अधिकृत

श्री महानगरपालिका
काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरिद एकाइ
काठमाडौं प्लाजा, कमलादी, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना।

प्रकाशित मिति : २०८३।०२।०६ | नेपाल संवत अनलाथ्व चौथि

काठमाडौं महानगरपालिका खरिद एकाइले तपसिलको कार्यका लागि गोरखापत्र (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्र स्वीकृत हुने फर्मको नाम	कबोल अंक (रु.) (मू.अ. कर र पि.एस. बाहेक)
1.	19-28-082-083-NCBW-PWD-KMC	Road Maintenance Works, KMC 1-32	Anjuma Construction Private Limited	१,५६,८३,५९२.५०

खरिद एकाइ

गर्मीबाट जनजीवन प्रभावित

नेपालगन्ज समाचारदाता
नेपालगन्ज, जेठ ५ गते

गत एक सातादेखि अत्यधिक तातो हावा 'लु' चलेर एक्कासि बढेको गर्मीका कारण बाँकेसहित पश्चिम नेपालको तराई क्षेत्रको जनजीवन प्रभावित भएको छ।

नेपालगन्ज र आसपासका क्षेत्रमा केही दिनयता 'लु' चल्नुका साथै तापक्रम निरन्तर बढ्दै गएपछि सर्वसाधारणको दैनिकी प्रभावित बनेको छ।

बिहानैदेखि घाम चर्किएपछि दिनभरि शरीर पोल्ने तातो हावा चल्ने गरेका कारण दिउँसोको समयमा बजार तथा ग्रामीण क्षेत्र सुनसान जस्तै बन्न थालेका छन् भने सर्वसाधारणको हिँड्डुलसमेत घट्दै गएको छ।

नेपालगन्ज नागरिक सरोकार मञ्चका संयोजक कृष्णप्रसाद श्रेष्ठले हाल आएर एक्कासि बढेको गर्मी र 'लु' ले स्थानीयको जनजीवन प्रभावित भएको बताउनुभयो। उहाँले अहिले अत्यधिक गर्मीका कारण बिहान र साँझबाहेक बाहिर निस्कनै कठिन भएको जनाउँदै दिनको समयमा घरबाहिर निस्कनै नसक्ने अवस्था रहेको जनाउनुभयो।

नेपालगन्ज उपमहानगरपालिका-११ का वडाध्यक्ष नन्दकिशोर कश्यपले गर्मीका कारण दिउँसोको समयमा सेवाग्राही पनि निकै कम आउन थालेको सुनाउनुभयो।

अत्यधिक गर्मीका कारण दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्ने कामदार र मजदुर बढी प्रभावित बनेका छन्। अटोरिक्सा र ठेलाचालकले गर्मीका कारण काम गर्न असहज भएको बताएका छन्।

नेपालगन्ज-११ का अटोरिक्साचालक नन्कु शेषले अत्यधिक तापका कारण बिहान र बेलुकाबाहेक घरबाट अटो निकाल्न डर लाग्ने गरेको बताउँदै दिउँसो सडकमा सवारीसमेत नभेटिने गरेको बताउनुभयो।

उहाँका अनुसार अहिले बजारमा यात्रु निकै कम भेटिने गर्दा अटोरिक्सा चलाउन समस्या भएको छ। अन्य समयमा व्यस्त रहने बजारका सडक र चोकमा अटोरिक्साको उपस्थितिसमेत अहिले निकै पातलो देखिएको छ।

यसैबिच मौसम पूर्वानुमान महाशाखाले लुम्बिनी प्रदेशका तराई क्षेत्रमा आगामी केही दिनसम्म तातो लहर चल्ने जनाएको छ।

लुम्बिनी प्रदेशको बाँके, बर्दिया, कपिलवस्तु र रुपन्देहीलगायतका जिल्ला गर्मीबाट अत्यधिक प्रभावित हुनेमा पर्दछन्।

तातो हावाका कारण गर्मी बढ्दै जाँदा चिकित्सकले अत्यधिक गर्मीबाट बच्न दिउँसोको समयमा बाहिर ननिस्कन, चिसो स्थानमा बस्न र अत्यावश्यक अवस्थामा मात्र बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने तथा हल्का सुती कपडा प्रयोग गर्न सुझाव दिएका छन्।

भेरी अस्पतालका सूचना अधिकारी वरिष्ठ चिकित्सक डा. सङ्केतकुमार रिसालले शरीरमा पानीको कमी हुन नदिन पटक पटक पानी, जुस वा अन्य झोल पदार्थ सेवन गर्न सुझाव दिनुभएको छ।

तस्विर : सिराज खान

अत्यधिक गर्मीले सुनसान बनेको नेपालगन्जको सुर्खेत रोड ।

बुटवल-गोरुसिङ्गे सडक
'बिटुमिन' अभावले कालोपत्रेमा ढिलाइ

बुटवल समाचारदाता
बुटवल, जेठ ५ गते

बुटवल-गोरुसिङ्गे सडक निर्माणका क्रममा बिटुमिन अभाव हुँदा कालोपत्रेको काम रोकिएको छ। सडक आयोजना अन्तर्गत बुटवल खण्ड र कपिलवस्तु खण्डको केही भागमा पिचको काम सुरु गर्ने तयारी गरे पनि बिटुमिन अभाव भएपछि तत्काल कालोपत्रेको काम सुरु हुन नसकेको हो।

बुटवल-गोरुसिङ्गे सडक आयोजना कार्यालय बुटवलले बिटुमिन अभावले पिचको काम तत्काल सुरु हुन नसकेको बताउँदै बिटुमिनका लागि पहल गरिदिन सरकारको ध्यानाकर्षण गराएको जनाएको छ। केही दिनअघि भौतिक पूर्वाधार विकासमन्त्री सुनील लम्सालले उक्त सडकखण्डको स्थलगत निरीक्षण गर्नुभएको थियो। निर्माण कम्पनीका प्रतिनिधिले बिटुमिन अभावले निर्माणका काम सुरु गर्न नसकिएको जानकारी गराएपछि मन्त्री लम्सालले मन्त्रालयले बिटुमिनका लागि सहजीकरण गरिदिने बताउनुभएको थियो।

निर्माण कम्पनीका प्रतिनिधिले बिटुमिन अभावसँगै माटो र नदीजन्य पदार्थको समेत अभावले निर्माणका काम प्रभावित भइरहेको भन्दै त्यसका विषयमा पनि सहजीकरण गरिदिन मन्त्री लम्सालको ध्यानाकर्षण गराएका थिए।

आयोजना कार्यालय बुटवलले बुटवल क्षेत्रको करिब एक किलोमिटर र कपिलवस्तु क्षेत्रको तीन किलोमिटर भाग कालोपत्रेका लागि तयार भएको जनाएको छ।

उता आयोजना क्षेत्रका पालिकाले माटो र नदीजन्य पदार्थका लागि सहजीकरण नगरेको निर्माण कम्पनीको गुनासो छ तर आयोजना क्षेत्रको सैनामैना नगरपालिकाले भने प्रक्रिया पूरा गरी माटो र नदीजन्य पदार्थ निकासीका लागि सहजीकरण गर्न तयार रहेको जनाएको छ। नगरप्रमुख फणेन्द्रप्रसाद शर्माले निर्माण कम्पनीले कागजी प्रक्रिया पूरा गरेको अवस्थामा आफूहरू नदीजन्य पदार्थ र माटो उत्खननमा बाधक नहुने प्रतिबद्धता जनाउनुभयो।

चिनियाँ निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इन्जिनियरिङ ग्रुप कर्पोरेसन र चितवनको आशिष निर्माण सेवा जेभीले १३ अर्ब ५५ करोड ९५ लाख रुपियाँमा ठेक्का लिई काम गरिरहेका छन्।

आयोजनाले माटो अभावका कारण समेत बुटवल-गोरुसिङ्गे सडक निर्माणका काममा ढिलाइ भइरहेको जनाएको छ। वर्षा सुरु हुनुअघिसम्म करिब तीन लाख घनमिटर माटो आवश्यक भए पनि माटो नपाउँदा समस्या देखिएको हो। बुटवल-गोरुसिङ्गे सडक आयोजना कार्यालय बुटवल प्रमुख कुशलता न्यौपानेले यो सडक २०८४ कात्तिक ३ गतेसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको बताउनुभयो। उहाँका अनुसार अहिलेसम्म करिब २५ प्रतिशत काम सम्पन्न भएको छ। सडक विस्तारलाई ५० किलोमिटर दुरीमा दुई खण्डमा विभाजन गरिएको छ। बुटवल-सालझन्डी (२५ किमी) लट-१ र कपिलवस्तुतर्फ गोरुसिङ्गेसम्म (२५ किमी) लट-२ अन्तर्गत काम भइरहेको छ। लट-१ को लागत सात अर्ब ८९ करोड रुपियाँ र लट-२ को पाँच अर्ब ६६ करोड रुपियाँ छ।

पूर्णखोप सुनिश्चित तथा दिगोपना घोषणा

अर्घाखाँची समाचारदाता
अर्घाखाँची, जेठ ५ गते

अर्घाखाँचीको सन्धिखर्क नगरपालिकालाई पूर्णखोप सुनिश्चित तथा दिगोपन घोषणा गरिएको छ।

बालबालिकालाई नियमित खोप सेवाको पहुँचमा ल्याउँदै स्वास्थ्य सुरक्षालाई सुदृढ बनाउने उद्देश्यसहित नगरपालिकालाई पूर्णखोप सुनिश्चित तथा दिगोपन घोषणा गरिएको नगरपालिका स्वास्थ्य शाखा प्रमुख पूर्ण पराजुलीले बताउनुभयो।

नगरपालिकाले सबै बालबालिकालाई नियमित खोपको पहुँचमा ल्याउने लक्ष्यसहित विभिन्न चरणमा खोप कार्यक्रम सञ्चालन गर्दै आएको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनालले स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि तथा अभिभावकको सक्रिय सहकार्यका कारण पूर्णखोप सुनिश्चित तथा दिगोपन घोषणा गर्न सफल भएको बताउनुभयो।

सन्धिखर्क नगरपालिकाको आयोजनामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख तथा जिल्ला खोप समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाले पूर्णखोप सुनिश्चित तथा दिगोपनको प्रमाणपत्र नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको थियो।

कार्यक्रममा सहभागीले खोप अभियानको व्यावहारिक कार्यान्वयनलाई निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरेका थिए।

जब्दीघाटमा नयाँ पुल निर्माण हुने

गुलरिया समाचारदाता
गुलरिया (बर्दिया), जेठ ५ गते

बबई नदीको जब्दीघाटमा नयाँ पुल निर्माण हुने भएको छ। अर्थ मन्त्रालयले पुल निर्माणका लागि बहुवर्षीय स्रोत सुनिश्चित गरेपछि गुलरिया र बारबर्दिया नगरपालिका जोड्ने पुल निर्माणको प्रक्रिया अघि बढ्ने पक्का भएको हो।

अर्थ मन्त्रालयले बबई नदीमा गुलरिया नगरपालिका-४ र बारबर्दिया नगरपालिका-११ जोड्ने पुलका लागि एक अर्ब १८ करोड स्रोत सुनिश्चित गरेको हो।

सडक डिभिजन कार्यालय नेपालगन्जका प्रमुख नरेन्द्र भट्टले स्रोत सुनिश्चितताको पत्र आएपछि हाल लागत अनुमान र बिडिङ डकुमेन्ट स्वीकृति गराउने काम भइरहेको जानकारी गराउनुभयो। उहाँले अबको दुई साताभित्रै पुल निर्माणका लागि ठेक्का खोलिने र चालु आर्थिक वर्षमा पुलको ठेक्का प्रक्रिया सकिने बताउनुभयो। पुल निर्माणका लागि चालु आवमा ११ करोड रकम विनियोजन गरिएको छ।

सरकारले अघिल्लो आव २०८१/८२ मा जब्दीघाटमा नयाँ पुल निर्माणका लागि बजेट विनियोजन गरेको थियो। २०८१ पुसमा बहुवर्षीय स्रोत सुनिश्चितता दिएको भए पनि पुल निर्माणका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले बनाउनुपर्ने स्ट्यान्डर्ड बिडिङ डकुमेन्ट समयमा नबन्दा गत आवमा पुल निर्माणको ठेक्का प्रक्रिया सुरु भएको थिएन। पुल डिजाइन एन्ड ब्युल्ट मोडेलमा निर्माण हुने भएकोले पहिले नै स्ट्यान्डर्ड बिडिङ डकुमेन्ट बनाउनुपर्ने व्यवस्था छ। स्रोत सहमति भएको वर्ष नै पुल निर्माण प्रक्रिया अगाडि नबढे अर्को आवमा पुनः स्रोत सहमति लिनुपर्ने व्यवस्था भएकोले पुल निर्माणमा ढिलाइ भएको हो।

पुल निर्माण हुने भएपछि अहिले लामो समयदेखि आवतजावतमा समस्या भोगिरहेका बर्दियावासीमा खुसियाली छाएको छ। बारबर्दिया नगरपालिकाका नगरप्रमुख छविलाल थारूले पुल नहुँदा धेरै दुःख भएकोले तत्कालै पुल निर्माण प्रक्रिया थाल्नुपर्ने बताउनुभयो।

पुल निर्माणपछि बारबर्दिया नगरपालिका सिधै सदरमुकाम गुलरियासँग जोडिने छ। पुरानो पुल क्षति भएपछि हाल सो स्थानमा डुङ्गाबाट नदी तर्नुपर्ने बाध्यता छ।

तस्विर : यज्ञप्रसाद सापकोटा

भत्किएको जब्दीघाट पुल ।

क्यासिनो पर्यटनसँगै बढ्दै सुरक्षा चुनौती

जमुनाह समाचारदाता
जमुनाह (बाँके), जेठ ५ गते

भारतसँग जोडिएको बाँकेको जमुनाह नाका हुँदै नेपालगन्ज आउने भारतीय पर्यटकको सङ्ख्या पछिल्लो समय बढ्दै गएको छ। नेपाल-भारत खुला सीमानाकाका कारण एकातिर व्यापार, पर्यटन र आवतजावत सहज बनेको छ भने अर्कोतर्फ अपराध नियन्त्रण पनि थप चुनौतीपूर्ण बन्दै गएको व्यवसायीको भनाइ छ। विशेष गरी मदिरा सेवन, क्यासिनो खेल तथा मनोरन्जनका लागि आउने पर्यटकका कारण यहाँको स्थानीय पर्यटन व्यवसाय चलायमान बनेको भए पनि सुरक्षाको विषयमा भने सरोकारवालाको ध्यानाकर्षण भएको छ।

स्थानीय अगुवा व्यवसायी कृष्णप्रसाद श्रेष्ठले खुला सीमाको फाइदा उठाउँदै अपराध गरेर अर्को देशमा लुक्ने प्रवृत्ति बढ्दो रहेको बताउनुभयो।

उहाँका अनुसार सीमावर्ती क्षेत्रमा हतियार ओसारपसार, लागुऔषध कारोबार तथा मानव तस्करी जस्ता अवैध गतिविधि अझै चुनौतीका रूपमा रहेका छन्। "सीमानाकाबाट हुने गतिविधिमाथि सुरक्षा निकाय थप गम्भीर हुन आवश्यक छ," उहाँले भन्नुभयो, "अपराध गरेर अर्को देशमा आश्रय लिने प्रवृत्तिले सुरक्षा जोखिम बढाएको छ।" बाँके, बर्दियालगायतका क्षेत्रमा पछिल्लो समय क्यासिनो र होटेल व्यवसाय विस्तार भएसँगै भारतीय पर्यटकको आवागमन उल्लेख्य रूपमा बढेको छ। क्यासिनो खेल्न, मदिरा सेवन गर्न तथा यहाँको वातावरणमा रमाउन आउने पर्यटकले स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पारे पनि पर्यटकको आवरणमा आपराधिक गतिविधिमा संलग्न व्यक्ति भित्रिन सक्ने जोखिम कायमै रहेको व्यवसायीको भनाइ छ।

उद्योग वाणिज्य सङ्घ बाँकेका उपाध्यक्ष चिरञ्जीवी ओलीले पर्यटन प्रवर्धनसँगै सुरक्षा संयन्त्रलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले पर्यटकलाई सम्मानजनक व्यवहार र सुरक्षित वातावरण दिन सके नेपालप्रति सकारात्मक सन्देश जाने र त्यसले पर्यटन विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

बाँके र बर्दियालाई पर्यटकीय गेटवे तथा आकर्षक गन्तव्यका रूपमा विकास गर्ने प्रयास भइरहेका बेला सुरक्षा सतर्कता र पर्यटकमैत्री वातावरणबिच सन्तुलन कायम गर्नुपर्ने आवश्यकता देखिएको सरोकारवालाले बताएका छन्। प्रशासनले सुरक्षा जाँचलाई प्रभावकारी बनाउँदा पर्यटकले अनावश्यक झन्झट महसुस नगर्ने व्यवस्था गर्नुपर्नेमा पनि जोड दिएको छ। बाँकेका प्रहरी निरीक्षक जीवराज थापाले क्यासिनो पर्यटनसँगै सुरक्षा चुनौती बढेको स्विकार्दै आपराधिक क्रियाकलाप रोक्न सुरक्षा संयत्रले सतर्कताका साथ काम गरिरहेको बताउनुभयो।

जनशक्तिको अभावमा अस्पतालको सेवा प्रभावित

प्युठान समाचारदाता
प्युठान, वैशाख ५ गते

प्युठानको गौमुखी गाउँपालिकामा १५ शय्याको आधारभूत अस्पताल भवन तयार भएको छ। करिब १८ करोड रुपियाँको लागतमा निर्माण भएको अस्पताल सञ्चालनमा भने आउन सकेको छैन।

गाउँपालिकाका अध्यक्ष विष्णुकुमार गिरीले अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने उपकरण, जनशक्तिको व्यवस्थापन नहुँदा सञ्चालनमा समस्या देखिएको बताउनुभयो। सङ्घ र प्रदेश सरकारले न्यूनतम जनशक्ति र उपकरण व्यवस्थापनमा सहयोग गर्नुपर्ने उहाँको भनाइ छ। "हामीले सङ्घ र प्रदेश सरकारसँग अनुरोध गरेका छौँ," उहाँले भन्नुभयो, "पालिका एक्लैले सञ्चालन गर्न सक्दैन।"

जिल्लाकै ऐरावती गाउँपालिकामा समेत भवन निर्माण सम्पन्न भएको छ। गाउँपालिकाका अध्यक्ष नविलविक्रम शाहले अस्पताल भवन बनिसकेकाले यसलाई सञ्चालन गर्न मन्त्रालयसँग समन्वय गर्दै आएको बताउनुभयो। उहाँले अस्पतालमा बसेर काम गर्ने गरी गाउँपालिकाले छात्रवृत्ति उपलब्ध गराएर चिकित्सक अध्ययन गराएकोसमेत बताउनुभयो।

"पढाइ सकेर कम्तीमा दुई वर्ष पालिकामा सेवा गर्ने प्रतिबद्धतासहित छात्रवृत्ति दिएका छौँ," उहाँले भन्नुभयो, "अहिले पनि एक जना चिकित्सक भर्ना गरेर पालिकाले स्वास्थ्य सेवा दिइरहेको छ।"

सबैभन्दा पहिले भवन निर्माण सम्पन्न भएको माण्डवी गाउँपालिकाको आधारभूत अस्पतालमा अहिले देवी स्थान स्वास्थ्य चौकी सञ्चालनमा रहेको छ। माण्डवी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख ध्रुवकुमार पोखेलले अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति, सामग्री माग गरिएको र उक्त व्यवस्था भएमा छिटै अस्पताल सञ्चालन हुने बताउनुभयो।

समाज कल्याण परिषद्

बक्यौता बुझाउनेबारे अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८३।०२।०६

समाज कल्याण परिषद् अन्तर्गतको भृकुटीमण्डप परिसरमा रहेका स्टल, बुथ, भवन लगायतको संरचना एवं जग्गा जमिन भाडामा लिई प्रयोग गरिरहेका विभिन्न व्यक्ति एवं संघ संस्थाहरूले परिषद्लाई बुझाउनुपर्ने बक्यौता बुझाउन पटक-पटक पत्राचार, निर्देशन एवं सार्वजनिक सूचना प्रकाशित गरी अनुरोध गरिएकोमा अटेर गरी नबुझाएको हुँदा परिषद्ले मिति २०८२।१२।३० गते तालाबन्दी गरी बक्यौता बुझाउन आउने सम्बन्धी २ पटक सार्वजनिक सूचना प्रकाशित गरिसकेको व्यहोरा अवगतै छ। परिषद्को सूचनालाई अटेर गरी हालसम्म बक्यौता नबुझाएका विभिन्न व्यक्ति एवं संघसंस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र चुक्ता गर्नुहुन जानकारी गराइन्छ। साथै बक्यौता रकम चुक्ता गरेमा स्टल, बुथबाट आफ्नो सरसामान लैजान दिइने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ। बक्यौता सम्बन्धी विस्तृत विवरण परिषद्को वेबसाइट www.swc.org.np मा राखिएको छ।

समाज कल्याण परिषद्
भृकुटीमण्डप व्यवस्थापन विभाग
०१- ५३२५२००, ५३२६२९७

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक अस्पताल कलैया, बारा।

करार सेवामा जनशक्ति व्यवस्थापन सम्बन्धमा

तेस्रो पटक प्रकाशन मितिः २०८३।०२।०६ गते

यस प्रादेशिक अस्पताल कलैया, बाराको लागि चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई आ व २०८२।०८३ को आषाढ मसान्तसम्मको लागि करार सेवामा कर्मचारी लिन मिति २०८३।०१।३० गते राष्ट्रिय गोरखापत्र दैनिकमा प्रकाशित गरिएको सूचनामा यस अस्पतालको मिति २०८३।०२।०५ गतेको पदपूर्ति समितिको निर्णय अनुसार देहाय अनुसारको संशोधित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. मिति २०८३।०१।३० गतेमा राष्ट्रिय गोरखापत्र दैनिकमा प्रकाशित गरिएको सूचनामा परीक्षाको "छोटो सूची र अन्वार्ता" प्रकाशित गरिएकोमा हालको संशोधित व्यवस्था अनुसार आठौँ तहसम्मका पदहरुको छनोट प्रकृया "लिखित परीक्षा तथा अन्तवार्ता" मार्फत सञ्चालन गरिनेछ।
२. नवौँ तहका पदहरूको हकमा भने पूर्वप्रकाशित सूचना बमोजिम "छोटो सूची र अन्वार्ता" को व्यवस्था यथावत् कायम रहनेछ।
३. आवेदन फाराम बुझाउने अन्तिम मितिमा ७ (सात) दिन थप गरी मिति २०८३।०२।२० गते बुधबार अपरान्ह ३:०० बजेसम्म रहनुको साथै लिखित परीक्षा, अन्तर्वार्ता तथा परीक्षा केन्द्र सम्बन्धी मिति र स्थान तथा अन्य जानकारीका लागि यस अस्पतालको अधिकारिक वेबसाइट www.kalaiyahospital.gov.np मार्फत पछि प्रकाशन गरिनेछ।

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
दोलखा, नेपाल।

निर्माण व्यवसायी श्री महालक्ष्मी /द. कन्चनजंघा/ शुभकामना जे. भि., ललितपुरलाई खरिद सम्झौता अन्त्य गर्ने सम्बन्धी १५ दिने सूचनाः

प्रकाशित मिति : २०८३/२/६

पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोक तथा निर्माण व्यवसायी श्री महालक्ष्मी /द कञ्चनजंघा/ शुभकामना जे.भी. ललितपुर बिच २०७६/०३/०५ गते सम्झौता भई पूर्वाधार विकास कार्यालय चरीकोट, दोलखामा मिति २०८१/०६/१८ गते हस्तान्तरणपश्चात् निर्माणाधीन अवस्थामा रहेको Upgrading Works on Mude Baghkhor Kalapani Road (Ch 0+000 to 16+500) Contract IDM IDOSIN/W/NCB/09/075-76 सडक आयोजनाको म्याद थप बमोजिम मिति २०८२/०७/३० भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा कार्यालयको पटक पटक लिखित तथा मौखिक ताकिता हुँदासमेत सन्तोषजनक प्रगति तथा कार्य सम्पन्न नभएको र ठेक्का सम्झौताको Liquidity Damages सम्बन्धि GCC Clause No. 55 र 72.3 (i) बमोजिम हुने गरी मिति २०८२/७/३० को पत्र मार्फत जानकारी गराइएकोमा Liquidity damages लाग्ने अधिकतम अवधि २०० दिन भित्र कार्य सम्पन्न हुने नदेखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, २(क), दफा ५९ (७) तथा ठेक्का सम्झौताको GCC Clause No. 72.1(b), 72.2(c), 72.3(i) बमोजिम सम्झौता उल्लंघन भएको हुँदा सोहि बमोजिम खरिद सम्झौता अन्त्य गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा जानकारी गराइन्छ। खरिद सम्झौता अन्त्य गर्न नहुने मनासिब कारण भए १५(पन्ध्र) दिन भित्र स्पष्टीकरण पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

कार्यालय प्रमुख

रुपनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८३/०२/०६ गते

यस गाउँपालिकाद्वारा मिति २०८३/०१/१६ गते प्रकाशित सूचनाबमोजिम तपशिल अनुसारको विद्युतीय प्रणाली मार्फत शिलबन्दी दरभाउपत्र आह्वान गरिएकोमा तोकिएको समय भित्र रितपूर्वक दर्ता हुन आएको शिलबन्दी दरभाउ पत्रको मूल्याङ्कन समितिले प्रचलित कानुनबमोजिम मूल्याङ्कन गरी तपशिल अनुसारको दरभाउदाता न्यूनतम मूलयाङ्कित एवं सारभूत रुपमा प्रभावग्राही भएकाले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिल :

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनोटको भएको फर्म विवरण	कबोल गरेको रकम (मू.अ.कर सहित)
१.	4/SQ/ RPNIMUN/2082/83	Purchase & Delivery of Charger, Hand & Gutter Sprayer Pump distribution at 50% subsidy	Medi Enterprises Pvt.Ltd., Bhokraha Narsingh Rural Municipality-5, Sunsari	रु. ९,१६,४३०/-
२.	6/SQ/ RPNIMUN/2082/83	Procurement and delivery of Medicine and Surgical items	Super Medicine Suppliers, Pokhara-12, Chapapani Bhuntabhir Marga.	रु. ५,१९,८३१।४६

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी अस्पताल, महाराजगंज
सूचना नं. - ३२

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति २०८३।०२।०६ गते

प्रस्तुत विषयमा आ.व. २०८२।०८३ मा यस अस्पतालको लागि आवश्यक निम्नानुसार मेशिनरी उपकरणहरू बिद्युतीय बोलपत्रको माध्यमद्वारा खरिद गर्नको लागि विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. NPH/NCB/21/2082/083 र पुनः दोश्रो पटक मिति २०८३।०१।२२ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं.NPH/NCB/19/RE अनुसार रीतपूर्वक दर्ता भएका बोलपत्रहरू सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ ज को उपनियम (५) को प्रयोजनार्थ सफल बोलपत्रदाताहरूको निम्न स्थान मिति र समयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निम्न :-

सूचना नं.	प्राविधिक मूल्यांकनमा सफल बोलपत्रदाता	आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान
NPH/NCB/19/2082/083/RE	श्री वायोमेड इन्टरनेशनल प्रा.लि.गैरीधारा, काठमाडौं।	मिति :- २०८३।०२।१४ गते समय :- १३:०० बजे
NPH/NCB/21/2082/083	श्री जि.एच.मेडिहेल्थ कन्सर्न प्रा.लि.मध्यपुर थिमी, भक्तपुर।	स्थान :- नेपाल प्रहरी अस्पताल महाराजगंज, काठमाडौं।

विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशय-पत्र जारी भएको सूचना

यस अस्पतालको लागि आ.व.२०८२/०८३ मा आवश्यक पर्ने मेशिनरी उपकरण तथा औजारहरू बोलपत्रको माध्यमवाट खरिद गर्न राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. NPH/NCB/22/2083/083 को लागि पेश भएका बोलपत्रलाई सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को अधिनमा रही विभिन्न पक्षको मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही भई सफल भएका बोलपत्र मध्ये तुलनात्मक तालिकामा न्यूनतम मूल्याङ्कित बोलपत्र स्वीकृतिको लागि छनौट गरी सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ आशय-पत्र जारी भएको सूचना प्रकाशित गरिएको छ। सो सम्बन्धमा चित्त नवुझेमा मिति २०८३।०२।१४ गते कार्यालय समय भित्र नियमानुसार कार्यालय प्रमुख समक्ष लिखित निवेदन दिन हुन सूचित गरिएको छ।

विस्तृत जानकारीको लागि यस अस्पतालको वेब साइट https://nph.nepalpolice.gov.np तथा प्रबन्ध शाखाको टेलिफोन नं. ०१-५९७१९४०, ०१-४५१२५३०, Ext. No. २१४/१२८/१२९ मा सम्पर्क गर्न सकिने व्यहोरा समेत सूचित गरिएको छ।

पदमार्ग हराउँदा पर्यटकलाई सास्ती

मनाङ समाचारदाता
मनाङ, जेठ ५ गते

अन्नपूर्ण चक्रीय पदमार्ग पछिल्ला वर्षमा सडक विस्तारसँगै सङ्कटमा पर्न थालेको छ। जतातते सडक निर्माणले परम्परागत पदमार्ग मासिँदै जाँदा पर्यटकले अपेक्षित पदयात्राको अनुभव लिन नपाएको गुनासो बढेको छ भने स्थानीय पर्यटन व्यवसाय पनि प्रभावित बनेको छ।

ट्र्याक मात्र खोलिएका कतिपय सडकमा सवारीसाधन गुडाउन सकिने अवस्था छैन। त्यसले गर्दा पदमार्ग भएर यात्रा गर्ने पर्यटक हिलो र धुलोको मारमा पर्ने गरेका छन्। बँसीसहर-चामे सडकखण्ड निर्माण सुरु भएको लामो समय बितिसक्दा पनि सडक स्तरोन्नति पूरा हुन सकेको छैन। बर्खायाममा हिलो र पहिरो तथा हिउँदमा धुलोका कारण यात्रा कष्टकर बन्दै गएको छ। सडक र पदमार्ग एउटै भएपछि पैदलयात्रु तथा सवारीसाधनबिच जोखिमसमेत बढेको पर्यटन व्यवसायी समिति मनाङका अध्यक्ष विनोद गुरुङले बताउनुभयो।

उहाँले भन्नुभयो, "मनाङ डिस्याङ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र पर्यटकका लागि वैकल्पिक पदमार्ग बनाएको छ, यहाँ समस्या छैन। अरू ठाउँमा भने पर्यटक हिँडडुल गर्न निकै कठिन छ। यहाँ आउने पर्यटकलाई सुविधा दिने हो भने सबै पालिकाले वैकल्पिक पदमार्ग निर्माण गर्नु पर्छ।" उहाँका अनुसार लमजुङको बँसीसहरदेखि वैकल्पिक पदमार्ग निर्माण गरियो भने मात्रै समस्या समाधान हुने देखिन्छ। माथिल्लो क्षेत्रमा मनाङ जिल्लामा मात्र काम गरेर समस्या समाधान हुँदैन।

डुम्रे-बँसीसहर-चामे सडकको लम्बाइ ६१ किलोमिटर छ। बँसीसहरदेखि खुदीसम्मको आठ किलोमिटर सडक मात्रै कालोपत्रे गरिएको छ। छ वर्षअघिदेखि सुरु भएको डुम्रे-बँसीसहर-चामे सडक आयोजनाले गति नलिँदा पर्यटकले बर्खामा हिलो र पहिरो तथा हिउँदमा धुलोले गर्दा सास्ती बेहोर्नु परेको अध्यक्ष गुरुङले बताउनुभयो।

डुम्रे-बँसीसहर-चामे सडक आयोजनाका सूचना अधिकारी नवीन विष्टले साढे दुई वर्षदेखि सो खण्डको काम रोकिएको बताउनुभयो। उहाँले भन्नुभयो, "वातावरणीय प्रभाव मूल्याङ्कनको काम रोकिएको छ, स्वीकृत भएको छैन। यसले गर्दा सडकको काम हुन सकेको छैन। सामुदायिक वन क्षेत्र, अन्नपूर्ण संरक्षण क्षेत्र आदिबाट पनि अनुमति लिएर मात्र सडकको काम गर्नुपर्ने हुनाले अझै केही वर्ष बँसीसहर-चामे सडकमा पर्यटकले धुलो र हिलोको सास्ती खेप्नुपर्ने देखिन्छ।"

पहिले विदेशी पर्यटक हरियाली वन, हिमाली बस्ती र गुरुङ संस्कृति अवलोकन गर्दै करिब २१ दिन लगाएर अन्नपूर्ण चक्रीय पदमार्ग पूरा गर्थे तर सडक पहुँच विस्तार भएसँगै अहिले धेरै पर्यटक सवारीमार्फत माथिल्लो क्षेत्रसम्म पुग्ने गरेका छन्। यसले पदयात्राको अवधि छोटिएर १० देखि १२ दिनमा सीमित भएको छ। परम्परागत पदमार्ग हराउँदै जाँदा पर्यटक पथप्रदर्शक, भरिया तथा स्थानीय होटेल व्यवसायमा समेत प्रत्यक्ष असर परेको छ।

लामो समयसम्म पदयात्रामा जाने पर्यटकका कारण गाउँ गाउँमा होटेल, चिया पसल तथा स्थानीय उत्पादनको व्यापार चल्ने गरेको थियो। अहिले सवारी प्रयोग गर्ने पर्यटक बढेपछि धेरै गाउँमा पर्यटक बसाइ घटेको चामेका होटेल व्यवसायी सेराप विष्टले बताउनुभयो। उहाँका अनुसार सडक आवश्यक भए पनि पदमार्ग जोगाउने योजनाको अभावले समस्या बढेको हो। पर्यटकले शान्त वातावरण, प्राकृतिक सौन्दर्य र पैदलयात्राको अनुभव खोज्ने भएकाले सडकसँगै सुरक्षित वैकल्पिक पदमार्ग निर्माण गर्नुपर्नेमा विष्टले जोड दिनुभयो।

सडक निर्माण व्यवस्थित र वातावरणमैत्री बनाई धुलो नियन्त्रण, पैदलयात्रुका लागि छुट्टै मार्ग, सङ्केत बोर्ड तथा विश्रामस्थल निर्माण गर्न सके पर्यटन क्षेत्रलाई पुनर्जीवन दिन सकिने छ।

पत्रकारलाई स्वास्थ्य बिमा

नवलपुर समाचारदाता
नवलपुर, जेठ ५ गते

गण्डकी प्रदेश सरकारले आगामी नीति तथा कार्यक्रममा प्रदेशका सबै जिल्लामा रहेका क्रियाशील पत्रकारलाई स्वास्थ्य बिमा कार्यक्रमले समेट्ने घोषणा गरेको छ। नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशले नवलपुरको कावासोतीस्थित अमलटारी होमस्टेमा आयोजना गरेको प्रदेशस्तरीय दुईदिने छलफल र अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेशका स्वास्थ्यमन्त्री लक्ष्मणबहादुर पाण्डेले यस्तो घोषणा गर्नुभएको हो। उहाँले प्रदेशका ११ वटै जिल्लामा क्रियाशील सबै पत्रकारको स्वास्थ्य बिमा कार्यक्रमको विषयलाई आगामी नीति तथा कार्यक्रममा समेट्ने बताउनुभयो।

प्रदेश सरकार प्रेस स्वतन्त्रता, सार्वजनिक सचेतना तथा पर्यटन प्रवर्धनमा सञ्चार क्षेत्रसँग सहकार्य गर्न प्रतिबद्ध रहेको पनि उहाँले बताउनुभयो। सूचना पाउने नागरिकको अधिकार मात्र नभएर लोकतन्त्रको आधारसमेत भएको भन्दै मन्त्री पाण्डेले सही सूचना प्रवाहमा जोड दिन पत्रकारलाई आग्रह गर्नुभयो। गण्डकी प्रदेश धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसाबले निकै धनी भएको उल्लेख गर्दै उहाँले त्यसको प्रवर्धनका लागि पनि पत्रकार र सञ्चार माध्यमको भूमिका अझै बढी प्रभावकारी हुने बताउनुभयो। गाउँ पर्यटनले रोजगारी सिर्जना, घरेलु उत्पादनको बजारीकरण, महिला तथा युवाको आर्थिक सशक्तीकरण र स्थानीय संस्कृति संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाण्डेले बताउनुभयो।

कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य विन्दु पौडेलले आफूले प्रदेश प्रेस रजिस्ट्रार कार्यालयका लागि बजेट बढाउन पहल गर्ने बताउँदै प्रदेश सरकारले क्रियाशील पत्रकार एवं सञ्चार माध्यमलाई न्याय दिने बताउनुभएको नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले जानकारी दिनुभयो।

कोरला नाकामा भेटियो भूमिगत पानी

हरिकृष्ण शर्मा
मुक्तिनाथ (मुस्ताङ), जेठ ५ गते

अब नाकामा खानेपानीको समस्या हुँदैन कि भन्ने लागेको छ। थप भौतिक संरचना बनाएर पानीको प्रयोग गर्ने योजना बनाएका छौँ।

उपल्लो मुस्ताङको ल्होमन्थाङ गाउँपालिकास्थित नेपाल र चीन जोड्ने कोरला (नेचुङ-लिजी) नाका दशगजा क्षेत्रमा भूमिगत पानीको परीक्षण सफल भएको छ।

समुद्री सतहदेखि चार हजार ६५० मिटर उचाइमा अवस्थित कोरला नाकामा प्राकृतिक मुहान नभएपछि गत वैशाख २६ देखि प्राविधिक टोलीद्वारा ड्रिलिङ मेसिन जडान गरेर गरिएको परीक्षणका क्रममा पानी निस्किएको हो।

गाउँपालिकाका अध्यक्ष टसी न्हर्वु गुरुङले १२० मिटरको गहिराइबाट पानी निस्किएको बताउनुभयो। उहाँले भन्नुभयो, "अब नाकामा खानेपानीको समस्या हुँदैन कि भन्ने लागेको छ। थप भौतिक संरचना बनाएर पानीको प्रयोग गर्ने योजना बनाएका छौँ।"

अध्यक्ष गुरुङका अनुसार नियमित खानेपानी आपूर्तिका लागि विद्युत् मिटर जडानका साथै ट्याङ् कीसहितको पूर्वाधारका लागि पहल भइरहेको छ। अध्यक्ष गुरुङले पानी निकाल्ने काम सफल भएको अवस्थामा नाका क्षेत्रमा पिउनयोग्य संरचना बनाउन केही समय लाग्ने बताउनुभयो। गाउँपालिकाको ३० लाख रुपियाँ लागतमा एसियन ड्रिलिङ कम्पनीले भूमिगत खानेपानी आयोजनामा काम गरेको थियो।

नाकामा व्यवसाय गर्ने स्थानीय र पर्यटकलाई खानेपानीको चरम अभाव भएपछि चिनियाँलाई ट्याङ्करमा मागेर तथा १४ किलोमिटर तल रहेको मुस्ताङ भन्सार कार्यालयबाट सवारीसाधनमा पानी ढुवानी गर्न २० देखि ४० लिटरको भाडा दुई सयदेखि तीन सय रुपियाँ तिर्नुपर्ने बाध्यता थियो।

कोरला नाकामा भूमिगत पानीको परीक्षण सफल भएपछि व्यवसायी उत्साहित भएका छोसेरका वडाध्यक्ष एवं गाउँपालिकाका आर्थिक समितिका संयोजक कर्मा नामग्यालले बताउनुभयो।

गुरुङ नामग्यालले भन्नुभयो, "यहाँको सबैभन्दा ठुलो समस्या नै खानेपानी थियो, अब धेरै सहज हुने छ।" कोरला नाकामा व्यवसाय गर्ने ७० टेन्टका करिब १५२ जना छन्। यो नाकामा गाउँपालिकाले छ वटा अस्थायी र चीन सरकारले चार वटा पक्की शौचालय बनाउन सामग्री उपलब्ध गराएको थियो। कोरला नाकाको प्रमुख समस्या खानेपानी र शौचालय थियो।

कोरला नाकामा मुस्ताङ भन्सार कार्यालयका नाममा छ सय रोपनी जग्गा रहेकाले स्थानीयको सुविधाका लागि भौतिक संरचना बनाउनसमेत समस्या भइरहेको छ।

फरार कैदी चोरी मुद्दामा पक्राउ

बागलुङ समाचारदाता
बागलुङ, जेठ ५ गते

गत वर्षको भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा कास्की जिल्ला कारागारबाट फरार कैदी चोरीको मुद्दामा पक्राउ परेका छन्।

२०८० जेठ २ गते जिल्ला अदालत बागलुङबाट नकबजनी चोरी मुद्दामा तीन वर्ष एक महिना कैद तथा ३० हजार रुपियाँ जरिबाना फैसला भई कास्की जिल्ला कारागारमा कैद भुक्तान गरिरहनुभएका बागलुङ नगरपालिका वडा नं. ७ का ३४ वर्षीय सुरेश बोहोरा भन्ने मिठु किसानलाई प्रहरीले चोरीकै मुद्दामा पक्राउ गरेको हो।

बागलुङ नगरपालिका वडा नं. २ शिवधाराचोकस्थित खड्कबहादुर खत्रीको पसलबाट मोबाइल चोरी गरी फरार भएको आरोपमा पक्राउ गरी अनुन्धान गर्दा बोहोरा जेनजी आन्दोलनमा फरार कैदी भएको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी निरीक्षक यमनारायण कँडेलले जानकारी दिनुभयो।

करेन्ट लगाएर गैँडा मारेको आशङ्का

नवलपुर समाचारदाता
नवलपुर, जेठ ५ गते

नवलपुरको कावासोती स्याउलीस्थित मकैबारीमा मरेको २५ वर्षको भाले गैँडा करेन्ट लगाएर मारिएको प्रारम्भिक अनुसन्धानले देखाएको छ। डिभिजन वन कार्यालयले विज्ञप्ति निकालेर करेन्ट लगाई गैँडा मारेको प्रारम्भिक अनुसन्धान सार्वजनिक गरेको हो। विस्तृत विवरण भने पोस्टमार्टम रिपोर्टपछि आउने कार्यालयले जनाएको छ।

गैँडा मृत फेला परेको स्थान आसपास डिभिजन वन नवलपुरको टोलीले जिआई तार बेरिएका २७ वटा बाँसका किला र १३ मिटर तारसमेत बरामद गरेको छ। सोही आधारमा गैँडालाई करेन्ट लगाई मारिएको कार्यालयका सूचना अधिकारी सुवास अधिकारीद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ।

वन कार्यालयले थप अनुसन्धान अगाडि बढाएको जनाएको छ। प्रहरीले अनुसन्धानका लागि मकैबारी रहेको जग्गाधनी भीमबहादुर दर्जीलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जानकारी दिएको छ। पोस्टमार्टमपछि गैँडालाई खाल्डो खनेर डिभिजन वनपरिसरमा गाडिएको छ। गैँडाको खाग र खुर सुरक्षित रहेको वन कार्यालयको भनाइ छ।

सबै स्थानीय तह पूर्ण खोप सुनिश्चित

म्याग्दी समाचारदाता
म्याग्दी, जेठ ५ गते

म्याग्दी जिल्लाभित्रका सबै स्थानीयतहका ४५ वटै वडा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणासँगै जिल्लाका सबै पालिका पूर्ण खोप सुनिश्चित भएको छ।

सोमबारसम्म जिल्लाका चार वटा पालिका पूर्ण खोप घोषणा भएको छ भने मङ्गलबार दुई वटा स्थानीय तहमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरेको छ। रघुगङ्गा गाउँपालिकाको केन्द्र मौवाफाँटमा एक कार्यक्रमका बिच गाउँपालिकालाई पूर्ण खोप तथा दिगोपना सुनिश्चितता घोषणा गरिएको हो।

गाउँपालिकाभित्रका १५ महिनाभन्दा मुनिका ११५ जना बालबालिकाले नियमित खोप लगाइरहेको र १६ देखि २३ महिनाका ९३ जना र २४ देखि ५९ महिनाका ४६० गरी कुल ५५३ जना बालबालिकाले पूर्ण खोप पाएको सुनिश्चितता गरेसँगै पालिकालाई पूर्ण खोप दिगोपना तथा सुनिश्चितता घोषणा गरिएको हो।

जिल्ला खोप समन्वय समितिका अध्यक्ष डिलकुमारी खत्रीले गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीलाई पूर्ण खोपको प्रमाणपत्र हस्तान्तरण गरेसँगै गाउँपालिका यस वर्ष पनि पूर्णखोप सुनिश्चित भएको रघुगङ्गा गाउँपालिका खोप समन्वय समितिका सदस्यसचिव एवं गाउँपालिका स्वास्थ्य शाखा प्रमुख प्रेमचन्द्रप्रसाद जैसवालको भनाइ छ।

हाल नेपालमा १६ हजारभन्दा बढी खोपकेन्द्रमा १७ हजारभन्दा बढी खोप सेसन हुने गर्दछ। नेपालको संविधानको धारा ३५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नै प्रत्येक बालबालिकालाई पूर्ण खोप पाउने कानुनी व्यवस्था गरेको छ।

म्याग्दी जिल्लालाई २०७१ चैत १५ गते पूर्ण खोप घोषणा गरिएको थियो भने हालसम्म पनि सबै वडा तथा पालिका हुँदै जिल्लालाई नै पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरिँदै आएको छ।

भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको छुट जग्गा दर्ता नामसारी सहितको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

यस काठमाडौँ म.न.पा. २८, बस्ने मनोहर मान श्रेष्ठ र रमेशमान श्रेष्ठले हाम्रो बाबु बाजे चन्द्रमान श्रेष्ठ रत्नमान श्रेष्ठको नाममा सर्भे नापनक्सा भई जग्गाधनी रहेको तपसिल छुट दर्ता कित्ता जग्गा कायम रहेकोमा चन्द्रमान श्रेष्ठको मिति २०३४ सालमा, रत्नमान श्रेष्ठको २०२३ मा मृत्यु भएको हुँदा निज मृतकको शेषपछि हक खाने हकदारमा मनोहर मान श्रेष्ठ र रमेश मान श्रेष्ठको नाममा दर्ता नामसारी हुनेगरी उक्त जग्गा पाटन रै.प.।५१ काठमाडौँ म.न.पा. २८ को च.नं. १०४४ मिति २०८२।१२।१९ को सिफारिस सहित यस कार्यालयको द.नं. ४५३ख मिति २०८२।०८।०३ मा निवेदन मागदाबी रहेकोमा सो जग्गामा निज निवेदकको हकभोग रहेको छ/छैन, उक्त कित्ता जग्गा दर्ता नामसारी गर्न यी निवेदक बाहेक अन्य हकदार छन्, छैनन् ? उक्त जग्गामा यी निवेदक बाहेक अरू कसैको हकदाबी छ, छैन ? निवेदकको माग बमोजिम दर्ता नामसारी गरिदिँदा अन्य कसैको हकभोग स्वामित्वमा असर पर्न जाने हो वा होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यसपूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजहरूका नाममा दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिव कारण सो समेत सम्पूर्ण व्यहोरा खुल्ने गरी यो सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम निवेदकको नाउँमा दर्ता भइजानेछ र यस विषयमा पछि कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **तपसिल**

जिल्ला	क्षेत्र	वडा नं.	कि.नं.	क्षेत्रफल	मोही	किसानको व्यहोरा
ललितपुर	इमाडोल	२	१५७	०-८-०-०	कुमाले खत्री	यो जग्गा असनटोल बस्ने चन्द्रमान श्रेष्ठको नम्बरी हो, जोती खाएको छु ।
ललितपुर	इमाडोल	८क	५९४	०-९-२-०	आशामाया ज्यापुनी	यो जग्गा भेडासिंह बस्ने रत्नमान श्रेष्ठलाई कुत बुझाई जोती खाएको छु।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
नारायणी अस्पताल
वीरगंज, पर्सा

प्राविधिक प्रस्ताव स्वीकृत भएको आशयको सूचना

(प्रकाशित मिति २०८३/०२/०६)

यस अस्पतालबाट मिति २०८२/१२/१७ मा प्रकाशित तपशिलको विवरण भएको विधुतीय बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको मिति भित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावहरू सार्वजनिक खरिद ऐन (संसोधन सहित), २०६३ को दफा ७१ र सार्वजनिक खरिद नियमावली (संशोधन सहित), २०६४ को नियम १४७ अनुसार गठित मूल्यांकन समितिबाट विस्तृत मूल्यांकन हुँदा तपशिल बमोजिमका बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूत रूपमा सफल भएकोले सार्वजनिक खरिद नियमावली (संशोधन सहित), २०६४ को नियम ३१ ज को उपनियम ५ बमोजिम उक्त बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव तपशिलको मिति, समय र स्थानमा खुल्ने भएकोले सम्बन्धितलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल :

सि. नं.	IBF No.	बोलपत्रको शीर्षक	प्राविधिक प्रस्ताव स्वीकृत भएको बोलपत्रदाताको नाम र ठेगाना	आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान	कैफियत
1.	NH/NCB/G/ 082/083/05	Procurement Of Medicine Items	Emerald Pharma, Subidhanagar-32, Tinkune, Kathmandu, Nepal	मिति : २०८३/०२/१४ समय : दिउँसो १४:०० बजे स्थान : नारायणी अस्पताल, वीरगंज, पर्सा	
2.	NH/NCB/G/ 082/083/06	Procurement Of Medicine Items Package 2	D B Medicine Center, Park Mod , Dhangadhi, Kailali		
3.	NH/NCB/G/ 082/083/07	Procurement Of Medicine Items Package 3	Nirijama Medico Suppliers, Madhyapur Thimi-6, Bhaktpur		
4.	NH/NCB/G/ 082/083/09	Procurement Of Lab Chemical for Open System	D.B.T. Enterprises Pvt. Ptd., Basundhara, Kathmandu		

नि.प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

Aathrai trbeni Rural Municipality
Office Of Rural Municipal Executive
Hangpang,Taplejung
Koshi Province, Nepal

Notice Of Intention To Accept Bids

(Date Of Publication:2083/02/06)

Pursuant To Clause 27,Sub Clause 2 and 3 of Public Procurement Act-2063, all the concerned bidders, who has participated in the bidding as per Notice Published On "**Gorakhapatra Rastriya Dainik** " newspaper on 2082/12/30, are Notified that it is our Intention to Accept the bids for the Contract Pacakages as Provided In the Table Below.

S. N.	Contract Identification No.	Qualified Bidder	Bid Amount With VAT and PS (NRS)
1.	ATRM/NCB/ BD/05/82/83	Manabhara Nirman Sewa, phungling-5, Taplejung.	65,80,309

Act. Chief Administrative Officer

सवारी साधन स्क्याप/लिलाम सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८३।०२।०६

CECI Nepal एक गैर-सरकारी अन्तर्राष्ट्रिय विकास संस्था हो जसले नेपालका ग्रामीण तथा शहरी समुदायमा गरिबी न्यूनीकरण, महिला सशक्तीकरण, र दिगो विकास सम्बन्धी काम गर्छ।

यस कार्यालय/संस्थाको नाममा दर्ता रहेका देहायका पुराना, प्रयोग योग्य नरहेका तथा मर्मत गर्न नसकिने सवारी साधनहरू प्रचलित कानून तथा नियम अनुसार स्क्याप बिक्री मार्फत व्यवस्थापन गरिने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात सहित आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।

सवारी साधन विवरण

क्र. सं.	सवारी साधनको प्रकार	दर्ता नं.	अवस्था
१	जिप/कार	Vehicle No. 10-0-52 Engine No. 1HZ0269825 Chassis No. JT11PJA507003134 Product Date: 1998	स्क्याप/ सञ्चालन अयोग्य

आवश्यक कागजातहरू:
- नागरिकताको प्रतिलिपि/कम्पनी दर्ता प्रमाणपत्र
- PAN/VAT प्रमाणपत्र
- कर चुक्ता प्रमाणपत्र
- आवेदन पत्र

शर्त तथा नियमहरू:
- सवारी साधनहरू "जहाँ छ, जुन अवस्थामा छ" (As Is, Where Is Basis) मा बिक्री गरिनेछ।
- कार्यालयले कुनै पनि आवेदन स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सुरक्षित राख्दछ।
- तोकिएको समयपछि प्राप्त आवेदनहरू मान्य हुने छैनन्।
- सफल बोलपत्र दाता/खरिदकर्तालि प्रचलित सरकारी नियम अनुसार सम्पूर्ण प्रक्रिया पालना गर्नुपर्नेछ।

थप जानकारीका लागि:
कार्यालयको नाम: CECI Nepal
ठेगाना: प्रगति मार्ग १, विशाल नगर, काठमाडौँ, नेपाल
सम्पर्क नं.: ९८५१४०५५६८/९८४८४२०७०७

Kathmandu Metropolitan City
काठमाडौं महानगरपालिका
Office of the Municipal Executive
Hanumandhoka Durbar Square Conservation Programme
Basantapur, KMC 24,
Kathmandu, Bagmati Province, Nepal

Invitation for Electronic Bids

Notice No. : 04-HDSCP-KMC-082-083

Date of Publication : 2083-02-06 BS (११४६ अनलाथ्व: चौथि)

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Kathmandu Metropolitan City, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following works.

IFB No.	Description of Work	Cost of Bidding Document (NPR)	Bid Bond Amount (NPR)	Last Date and Time of Bid Submission	Bid Opening Date and Time	Date and Time of Pre-Bid Meeting	Estimate Amount (NPR) (Without VAT and Contingencies)
03-07-082-083-SQW-HDSCP-KMC	**Construction of Marubahi Falcha at Maru Bahi, KMC 19**	3,000.00	75,000.00 (Seventy-Five Thousand Nepalese Rupees Only)	2083-02-27 BS 12:00 hour 2026-06-10 AD	2083-02-27 BS 14:00 hour 2026-06-10 AD	2083-02-13 BS 14:00 hour 2026-05-27 AD	25,22,464.11

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Hanumandhoka Durbar Square Conservation Programme, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Basantapur, KMC 24, Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website **www.bolpatra.gov.np/egp**.
4. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: **www.bolpatra.gov.np/egp**. Interested bidders shall register in the e-GP system and deposit the above-mentioned cost of bidding document in the **NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043.**
5. Electronic bids must be submitted to the office of Hanumandhoka Durbar Square Conservation Programme, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Basantapur, KMC 24, Kathmandu, Bagmati Province, Nepal through PPMO website **www.bolpatra.gov.np/egp** on or before above-mentioned date and time. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of Hanumandhoka Durbar Square Conservation Programme, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Basantapur, KMC 24, Kathmandu, Bagmati Province, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in **Kathmandu Metropolitan City, Deposit account, NIC Asia Bank Ltd., Account No. 0012050061493005.**
8. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.

Program Manager
Hanumandhoka Durbar Square Conservation Programme

‘नागरिकले सङ्घीयता अनुभूति गर्न पाएका छैनन्’

जनकपुरधाम समाचारदाता
जनकपुरधाम, जेठ ५ गते

मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले सङ्घीयता कार्यान्वयन भए पनि नागरिकले अझै त्यसको अनुभूति गर्न नसकेको बताउनुभएको छ। ‘परिवर्तनको आवाज : सिर्जनशीलता, पहिचान र अभियानमार्फत भविष्य निर्माण’ प्रदेशस्तरीय परियोजना मङ्गलबार शुभारम्भ गर्दै उहाँले संविधान संशोधनको वर्तमान सन्दर्भमा परियोजना समयानुकूल र सार्थक रहेको बताउनुभयो। उहाँले स्वतन्त्रता, समानता, सामाजिक न्याय, रोजगारी जस्ता विषयलाई सशक्त रूपमा उठाउने अपेक्षासमेत व्यक्त गर्नुभयो।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले परियोजनालाई स्थानीय सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। मधेश प्रज्ञा-प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले परियोजनाले समावेशिता र पहुँचसहित सांस्कृतिक क्षेत्रको विकासमा नयाँ ऊर्जा थप्ने विश्वास व्यक्त गर्दै मधेश प्रदेशमा यसको सफल कार्यान्वयनका लागि शुभकामना दिनुभयो।

यसै गरी दलित लाइभ्स म्याटर ग्लोबल अलायन्सका अध्यक्ष प्रदीप परियारले मधेश प्रदेशका विविध सामाजिक चुनौती सम्बोधन गर्न परियोजना प्रभावकारी हुने बताउनुभयो। उहाँले दलित तथा विपन्न समुदायले भोगिरहेका समस्या समाधानका लागि सिर्जनात्मक क्षेत्रलाई परियोजनामार्फत सशक्त माध्यम बनाइने जानकारी दिनुभयो।

युरोपेली सङ्घको आर्थिक सहयोगमा परियोजना शुभारम्भ गरिएको हो। परियोजनाले विशेष गरी महिला, दलित, आदिवासी जनजाति तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका युवालाई अवसर, स्रोत तथा सुरक्षित वातावरण उपलब्ध गराउने लक्ष्य राखेको छ। सात लाख युरो बराबरको सहयोगमा सञ्चालन हुने परियोजनाले काठमाडौँ उपत्यका, मधेश प्रदेश र सुदूरपश्चिम प्रदेशका कला, साहित्य तथा शिल्प क्षेत्रमा सक्रिय युवालाई आत्मनिर्भर बनाउन सहयोग गर्ने लक्ष्य राखेको छ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मधेश प्रदेशका सभामुख रामअशिष यादव। *तस्विर : लक्ष्मी चौधरी*

कारागारका दुई सय पचास कैदी अझै फरार

राष्ट्रिय समाचार समिति
जलेश्वर (महोत्तरी), जेठ ५ गते

‘जेनजी’ आन्दोलनको मौका छोपी २०८२ भदौ २४ गते महोत्तरी कारागारबाट भागेका कैदीबन्दीमध्ये २५० जना अझै फरार छन्। गत भदौ २४ गते महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका-२ मा अवस्थित जलेश्वर कारागार तोडेर भागेका सबै ५७६ जना कैदीबन्दीमध्ये ३२६ जना फर्किसकेका छन् भने २५० जना अझै फर्किन बाँकी रहेका महोत्तरी कारागारका प्रमुख अशोककुमार क्षेत्रीले बताउनुभयो।

प्रमुख क्षेत्रीका अनुसार भागेका कैदीबन्दी आउने क्रम जारी छ। जलेश्वर कारागार तोडेर भागेका सबै कैदीबन्दीलाई भोलिपल्टै फर्किन आह्वान गरेकामा हालसम्म ३१६ नेपाली र १० विदेशी (भारतीय) सहित ३२६ जना सम्पर्कमा आइसकेका उहाँले बताउनुभयो।

प्रमुख क्षेत्रीले फरार कैदीबन्दीउपर कारागार ऐन, २०७९ र अन्य नेपालको प्रचलित कानुनबमोजिम कारबाही हुने तथा कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिउपर पनि कानुनबमोजिम कारबाही हुने बताउनुभयो। जलेश्वर कारागारबाट भागेकामध्ये १३ जना कैदीबन्दीलाई भारततर्फ भाग्दै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ गरी पुनः कारागार फर्काउन मद्दत गरेका थिए भने बाँकी कैदीबन्दी आफैँ स्वेच्छाले कारागार फर्किएका हुन्। महोत्तरीको जलेश्वर कारागारबाट अझै फरार रहेका कैदीबन्दीलाई जिल्लाका तिनै तहका सुरक्षाकर्मीले व्यापक रूपमा खोजतलास गरिरहेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभयो।

चार वर्षमा पनि बनेन राजविराज-छिन्नमस्ता सडक

राजविराज-छिन्नमस्ता सडकको अवस्था। *तस्विर : विनय कर्ण*

कल्याणपुर समाचारदाता
कल्याणपुर (सप्तरी), जेठ ५ गते

सप्तरीको राजविराज-छिन्नमस्ता सडक निर्माणको काम सुरु भएको चार वर्ष बित्न लाग्दा पनि अहिलेसम्म निर्माण सम्पन्न भएको छैन। नेपालका प्रमुख शक्तिपीठमध्ये छिन्नमस्ता भगवतीको मन्दिरसम्म पुग्ने सो सडक जीर्ण भएका कारण भक्तजनदेखि लिएर अन्य सर्वसाधारणले सास्ती भोगिरहेका छन्।

सडक निर्माण नभएपछि वर्षायाममा हिलो र सुक्खायाममा धुलोका कारण स्थानीय हैरान भएका छन्। छिन्नमस्ता गाउँपालिकास्थित भगवती मन्दिर पुग्ने एक मात्र सडक जीर्ण बन्दा चालक तथा यात्रुले दैनिक रूपमा सास्ती खेप्नु परेको छ। जीर्ण सडकका कारण सवारीसाधनलाई पनि असहज भएको छ। राजविराजदेखि छिन्नमस्ता भगवती मन्दिरसम्म १० किलोमिटर लम्बाइ रहेको उक्त सडक निर्माणका लागि साह निर्माण सेवाले २०७९ असार २३ गते भ्याटसहित २५ करोड रुपियाँमा ठेक्का लिएको थियो।

ठेक्का सम्झौता भएको चार वर्ष बित्न लाग्दा पनि सडक पूर्ण रूपमा निर्माण हुन नसक्नु दुःखद भएको छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले बताउनुभयो। उहाँले वर्षमा ३० देखि ३५ लाखसम्म दर्शनार्थी आउने छिन्नमस्ता भगवती मन्दिर पुग्ने एक मात्र सडक छिटो निर्माणका लागि प्रधानमन्त्री, मन्त्री, सडक विभागसम्म पुगेर गुहारे पनि सुनुवाइ नभएको गुनासो गर्नुभयो। यता राजविराज-छिन्नमस्ता सडक निर्माणको ठेक्का पाएको साह निर्माण सेवाका प्रोप्राइटर सञ्जीव साहले निर्माणको काम सुस्त गतिमा भइरहेको स्वीकार गर्नुभयो। उहाँले निर्माणको काम सुस्त गतिमा भए पनि त्यसमा आफ्नो मात्रै कमजोरी नभएको बताउनुभयो। ठाउँ ठाउँमा बिजुलीको पोल सार्नुपर्नेमा त्यो नसारिएको, भइसकेको कामको पनि सडक डिभिजन कार्यालय लहानले भुक्तानी नदिएको र इन्धनको मूल्यमा भएको वृद्धिले पनि निर्माणको काममा असर पारेको दाबी उहाँले गर्नुभयो।

“अहिले पनि सडक डिभिजन कार्यालय लहानले भएको कामबापत एक करोड रुपियाँभन्दा बढी भुक्तानी दिएको छैन,” साहले गुनासो गर्नुभयो। दुई वर्षभित्रै काम सम्पन्न गर्नुपर्नेमा २०८२ चैतमा उक्त ठेक्का सम्झौताको म्याद सकिइसकेको छ। सडक डिभिजनले भने म्याद थप्न मानेको छैन। राजविराज-छिन्नमस्ता सडकखण्डमा नाला निर्माणको ९० प्रतिशत जति काम सकेर आठ किलोमिटर जति ग्राभेल गरिसकिएको र दुई किलोमिटर सडकमा बेस पनि हालिसकिएको हुँदा सडक डिभिजनले म्याद थप गरिदिए र भइसकेको कामको भुक्तानी दिएमा फागुन मसान्तसम्म निर्माणको काम सक्ने साह निर्माण सेवाका प्रोप्राइटर सञ्जीव साहले बताउनुभयो।

अतिक्रमित जग्गा खाली गराउन खोज्दा स्थानीयको विरोध

महोत्तरी समाचारदाता
महोत्तरी, जेठ ५ गते

डिभिजन वन कार्यालय महोत्तरीले अतिक्रमित वन क्षेत्रको जग्गा खाली गराउन खोज्दा स्थानीयले विरोध गरेका छन्।

महोतरी जिल्लामा वन अतिक्रमण गरी निर्माण गरिएका घरटहरा सुरक्षाकर्मीको सहयोगमा मङ्गलबार डोजर लगाएर हटाउन खोज्दा स्थानीयवासी र वन कार्यालयका कर्मचारीबिच घम्साघम्सी भएको थियो। स्थानीयको विरोधले उग्र रूप लिन थालेपछि डिभिजन वन कार्यालय महोत्तरीले तत्कालका लागि अतिक्रमण हटाउने कार्य स्थगित गरेको छ।

गढन्ता सबडिभिजन वन कार्यालय गौशालाले पूर्वपश्चिम राजमार्ग अन्तर्गत भब्सी पुलदेखि ढुङ्ग्रेखोलाको गौशाला चोकसम्मका क्षेत्रमा अतिक्रमण गरी निर्माण गरिएका घरटहरा हटाउन पटक पटक सूचना जारी गरे पनि स्थानीयले त्यसलाई अटेर गरेपछि कार्यालयले मङ्गलबार सो ठाउँमा पुगेर अतिक्रमित क्षेत्र खाली गराउन खोजेको थियो। स्थानीयले विरोध गर्न थालेपछि थप तनाव नहोस् भनेर हाललाई कार्य स्थगित गरिएको डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजयकुमार मिश्रले जानकारी दिनुभयो।

पूर्वपश्चिम राजमार्गको गौशाला सडकमा वन अतिक्रमण गरी बनाइएका पसल तथा टहरा हटाउन खोजेपछि स्थानीयले टायर बालेर केहीबेर पूर्वपश्चिम राजमार्गसमेत अवरुद्ध गरी प्रदर्शन गरेका थिए।

भूमिहीनको पक्षमा उभिए राजनीतिक दल

सर्लाही समाचारदाता
सर्लाही, जेठ ५ गते

सर्लाहीमा क्रियाशील प्रमुख राजनीतिक दलले पहिचान र व्यवस्थापनबिना सुकुमवासी बस्तीमा डोजर नचलाउन आग्रह गरेका छन्। सतारूढ राष्ट्रिय स्वतन्त्र पार्टीबाहेक अन्य राजनीतिक दलले मङ्गलबार हरिवन नगरपालिका कार्यालयमा पत्रकार सम्मेलन एवं अन्तर्क्रिया कार्यक्रम गरी आफूहरू भूमिहीन सुकुमवासीको पक्षमा रहेको घोषणा गरेका हुन्। भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई तुरुन्त जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) उपलब्ध गराउन राजनीतिक दलले माग गरेका छन्।

पत्रकार सम्मेलनमा नेपाली कांग्रेसका जिल्ला सभापति डा. सरोज कुमार, नेकपा (एमाले) का जिल्ला अध्यक्ष राजनारायण साह, नेपाली कम्युनिस्ट पार्टीका जिल्ला संयोजक अच्युतम काफ्ले, राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष सत्यनारायण यादव, जनता समाजवादी पार्टी नेपालका जिल्ला अध्यक्ष रणधीरकुमार यादवलगायतले भूमिहीन सुकुमवासीलाई आवासविहीन बनाउने कार्य तुरुन्त रोक्न सरकारसँग माग गर्नुभयो। कार्यक्रममा सहभागी हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी, बरहथवा नगरपालिकाका प्रमुख कल्पनाकुमारी कटुवाल, बागमती नगरपालिकाका कार्यवाहक प्रमुख कृष्णकुमार लामालगायतले पनि आफूहरू भूमिहीनकै पक्षमा रहेको उल्लेख गर्नुभयो।

बर्सैदेखि भोगचलन गर्दै आइरहेको ऐलानी तथा वनक्षेत्र र छेउछाउमा बाध्य भई बसोबास गरिरहेकालाई सरकारले उठिबास लगाउने काम गरिरहेको राजनीतिक दलहरूको आरोप छ। पहिचान र व्यवस्थापनबिना भूमिहीनलाई उजाड बनाउने कार्य गरे त्यसको प्रतिवाद गर्ने राजनीतिक दलका प्रमुख तथा पालिका प्रमुखहरूले प्रतिबद्धता व्यक्त गरेका कार्यक्रम आयोजक राष्ट्रिय भूमि अधिकार मञ्च सर्लाहीका अध्यक्ष भवानी घिमिरेले जानकारी दिनुभयो। मञ्चका मधेश प्रदेश अध्यक्ष मदनबहादुर विश्वकर्माले सर्लाहीमा अहिले ४० प्रतिशत बसोबास ऐलानी तथा वन क्षेत्रमा रहेको बताउनुभयो। उहाँले बर्सैदेखि भोटको राजनीति गरेर भूमिहीन सुकुमवासीलाई लालपुर्जा दिन्छु भनेर ढाँट्ने काम मात्र भएको र नयाँ सरकार आएपछि तिनलाई लखेट्ने काम गरेको बताउनुभयो। राज्यले नै लगानी गरेर सडक, बिजुली, खानेपानी, स्वास्थ्य संस्थालगायत सुविधा पुऱ्याइसकेको ठाउँमा अहिले अतिक्रमणको नाम दिएर विस्थापित गराउने काम भइरहेको कार्यक्रमका सहभागीको भनाइ छ।

भूमिहीन सुकुमवासीका सम्बन्धमा सर्लाहीको हरिवनमा आयोजित पत्रकार सम्मेलन। *तस्विर : जनार्जन खत्री*

आगलागीपीडितलाई आवास र राहत

राष्ट्रिय समाचार समिति
सिराहा, जेठ ५ गते

सिराहाको लहान नगरपालिका-१५ मा गत वैशाख ३० गते विद्युत् सर्ट भई भएको आगलागीमा घर पूर्ण रूपमा नष्ट भएका मदन थापामगरको परिवारलाई लहान नगरपालिकाले राहत तथा अस्थायी आवासको व्यवस्था गरेको छ।

नगर प्रहरी र वडा कार्यालयको सक्रियतामा पीडित परिवारका लागि मङ्गलबार अस्थायी टेन्ट हाउस निर्माण गरिएको हो। आगलागीपछि बिचल्लीमा परेको परिवारलाई सोमबार नै लहान नगरपालिकाले खाद्यान्नसहित राहत सामग्री वितरण गरेको जनाएको छ। पीडित परिवारलाई भेट्दै नगरप्रमुख महेशप्रसाद चौधरीले दुई दिनभित्रै जस्तापातासहित नयाँ घर निर्माण गरिदिने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँका अनुसार घर निर्माणका लागि आवश्यक जस्तापाता घटनास्थलमा पुऱ्याइसकिएको छ। नगरप्रमुख चौधरीले भन्नुभयो, “हामीलाई घटनाबारे ढिला जानकारी भयो। थाहा पाउनेबित्तिकै नगरपालिकाबाट राहत सामग्रीसहित टोली पठाएका हौँ। दुःखको यस घडीमा अब ढिलाइ नगरी नगर प्रहरीको टोली परिचालन गरेर दुई दिनभित्र जस्तापातासहितको सुरक्षित घर निर्माण गरिने छ।”

वडा नं. १५ का वडाध्यक्ष तेजनारायण चौधरीले तत्काल बसोबासको समस्या समाधान गर्न नगर प्रहरीको सहयोगमा टेन्ट हाउस व्यवस्थापन गरिएको जानकारी दिनुभयो।

भूमि प्रशासन कार्यालय डिल्लीबजार, काठमाडौँबाट जारी
अम्बर बहादुर खड्काका नाउँको हाजिर हुन आउने बारेको विशेष अदालत ऐन, २०५९ को दफा १०(९) बमोजिम म्याद सरहको ३० (तीस) दिने सार्वजनिक सूचना।
सूचना प्रकाशित मिति : २०८३।२।५
यसमा काठमाडौँ जिल्ला, नयाँ नैकाप गा.वि.स. वडा नं. ६, कि.नं. ४०० क्षे.फ. ४७.७५ जग्गाको मोही महलमा मेरा जेठा ससुरा लेख बहादुर खड्का क्षेत्री जनिएकोमा एकाघर मोही लगत कट्टा गरिपाऊँ भन्ने व्यहोराको ज.ध. शान्ति खड्का क्षेत्रीको निवेदन परेको हुँदा २ नं. अनुसूची भिडाउँदा ज.ध. महलमा आफैँ कान्छा बाबु अम्बर बहादुर खड्का जनिएको देखिएकाले यो सूचना प्रकाशित भएका मितिले ३० (तीस) दिनभित्र आफूँसँग भएको सबुद प्रमाण तथा प्रतिउत्तर सहित यस कार्यालयमा हाजिर हुन आउनुहोला नआए कानून बमोजिम एकाघर मोही लगतकट्टा भइजाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

काठमाडौँ महानगरपालिका १६ वडाबाट जारी भएको उपस्थित हुनेबारे १५ दिने सूचना।
यस वडा नं. १६ अन्तर्गत ढुंगेधारा (बाबुछिरी मार्ग) स्थायी बसोबास भएको अनिता श्रेष्ठ नाममा दर्ता कायम भएको कित्ता नं. ३७३ मा बनेको घरमा श्री कुमार श्रेष्ठ नाम गरेको व्यक्तिले घरको सटर विगत १६ महिनादेखि भाडामा लिई करिब १६ महिनादेखि भाडा नतिरी हाल ९ महिनादेखि मेसेज कल गर्दा सम्पर्कमा नआएको हुँदा उक्त सटर खाली गरिपाऊँ भनी घरधनी श्री अनिता श्रेष्ठले निवेदन दिनुभएको हुँदा काठमाडौँ महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका २०७९ को दफा २७ उपदफा ३ बमोजिम विपक्षीलाई यस का.म.पा. १६ वडा कार्यालयमा १५ दिनभित्र उपस्थित हुनका लागि यो सूचनाबाट जानकारी गराइन्छ।

भूमि प्रशासन कार्यालय डिल्लीबजार, काठमाडौँबाट जारी
जि. काठमाडौँ, टोखा न.पा. वडा नं. २, बस्ने माइला श्रेष्ठ र भाईलाल श्रेष्ठका नाउँको हाजिर हुन आउने बारेको विशेष अदालत ऐन, २०५९ को दफा १० (९) बमोजिम म्याद सरहको ३० (तीस) दिने सार्वजनिक सूचना
सूचना प्रकाशित मिति : २०८३।२।५
यसमा काठमाडौँ जिल्ला, चण्डेश्वरी गा.वि.स. वडा नं. २ख कि.नं. ४०० क्षे.फ. १-०-०-० जग्गालाई उत्तर दक्षिण चिरा पारी पूर्वतर्फ आधा जग्गा जग्गाधनीलाई र पश्चिमतर्फ आधा जग्गा मोहीलाई हुनेगरी जग्गा बाँडफाँट तथा मोही लगतकट्टा गरिपाऊँ भन्ने व्यहोराको ज.ध. सिता दाहाल (अधिकारी)को निवेदन परेको हुँदा २ नं. अनुसूची र फिल्डबुकमा मोही भाईलाल श्रेष्ठ र स्रेस्ता पुर्जामा माईला श्रेष्ठ उल्लेख भएको तपाईंहरूका नाउँमा जारी भएको म्याद तामेल हुन नसकेको र सम्बन्धित वडा कार्यालयले समेत टाँस गर्न नमानेको हुँदा यो सूचना प्रकाशित भएका मितिले ३० (तीस) दिनभित्र आफूसँग भएको सबुद प्रमाण तथा प्रतिउत्तर सहित यस कार्यालयमा हाजिर हुन आउनुहोला नआए कानून बमोजिम जग्गा बाडफाँट तथा मोही लगतकट्टा भइजाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय, धनुषा
जनकपुरधाम, नेपाल
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(प्रकाशित मिति : २०८३/०२/०५)
यस कार्यालयबाट मिति २०८२/१२/२९ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रीतपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएको तपसिलका योजनाहरूको बोलपत्र स्वीकृत गर्ने आशय प्रयोजनका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (१) र (२) बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।
तपसिल

सि. नं.	ठेक्का नं.	आयोजना/सडकको नाम	निर्माण व्यवसायीको नाम, ठेगाना	कबोल अङ्क रकम रु. (मू.अ. कर र प्रोभिजनल सम समेत)
1	IDO/Dhanusha/ NCB/W/55/2082/83	Upgrading of Road & Drains of DIG Office, Janakpurdham-04	Rukmini Vandana Construction & Suppliers Pvt. Ltd., Janakpur-09	26,79,301.36
2	IDO/Dhanusha/ NCB/W/56/2082/83	Construction of Different Roads, Janakpurdham-13	Narayan Nirman Sewa, Janakpur-04	30,12,054.72
3	IDO/Dhanusha/ Works/NCB/48-2082/83	Bato dhalan tatha starunnati, Mithila na. pa.-3	Kemika Construction, Janakpurdham-17	30,65,899.11
4	IDO/Dhanusha/ Works/NCB/49-2082/83	Janakpur jane highway dekhi purwa janki kewal wire factory jane bato dhalan, Mithila na. pa.-6	Kemika Construction, Janakpurdham-17	24,04,262.40

Office Chief IDO, Dhanusha

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
बैजनाथ आमा तथा बाल अस्पताल
धनकौल, सर्लाही, नेपाल
करार सेवामा जनशक्ति व्यवस्थापन सम्बन्धमा
प्रथम पटक प्रकाशित मितिः २०८३/०२/०६ गते
यस अस्पतालमा जनशक्ति आवश्यक भएकोले चालू आ.व. २०८२/०८३ को आषाढ मसान्त सम्मका लागि करार सेवामा तपसिल बमोजिमको जनशक्ति भर्ना गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट आफूले हासिल गरेको शैक्षिक योग्यता, तालिम, अनुभव, नागरिकता प्रमाण पत्रको प्रतिलिपि सहित यस अस्पतालको प्रशासन शाखामा रीत पूर्वकको दरखास्त फाराम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्नुहुन सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।
तपसिल

सि. नं.	विज्ञापन नं.	पद	तह	माग पद	आवश्यक न्यूनतम शैक्षिक योग्यता
१	०१/०८२/०८३	जनरल फिजिसियन	नवौँ	१	सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको
२	०२/०८२/०८३	जनरल सर्जन	नवौँ	१	
३	०३/०८२/०८३	स्त्री तथा प्रसूति रोग विशेषज्ञ	नवौँ	२	
४	०४/०८२/०८३	बाल रोग विशेषज्ञ	नवौँ	२	
५	०५/०८२/०८३	एनेस्थेसियोलोजिस्ट	नवौँ	१	
६	०६/०८२/०८३	अर्थोपेडिक सर्जन	नवौँ	१	
७	०७/०८२/०८३	MDGP	नवौँ	१	
८	०८/०८२/०८३	प्याथोलोजिस्ट	नवौँ	१	
९	०९/०८२/०८३	रेडियोलोजिस्ट	नवौँ	१	
१०	१०/०८२/०८३	मेडिकल अधिकृत	आठौँ	२	सम्बन्धित विषयमा स्नातक उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको
११	११/०८२/०८३	डेन्टल हाइजेनिस्ट	पाँचौँ	१	सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको
१२	१२/०८२/०८३	रेडियोग्राफर	पाँचौँ	१	
१३	१३/०८२/०८३	ओ. टी. असिस्टेन्ट	पाँचौँ	१	
१४	१४/०८२/०८३	स्टाफ नर्स	पाँचौँ	४	सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको
१५	१५/०८२/०८३	एनेस्थेटिक सहायक	पाँचौँ	२	
१६	१६/०८२/०८३	ल्याब टेक्निसियन	पाँचौँ	२	
१७	१७/०८२/०८३	बायोमेडिकल सहायक	पाँचौँ	१	
१८	१८/०८२/०८३	मेडिकल रेकर्डर	पाँचौँ	१	लोक सेवा आयोगद्वारा निर्धारित न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको
१९	१९/०८२/०८३	आई टी सहायक	पाँचौँ	१	लोक सेवा आयोगद्वारा निर्धारित न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको
२०	२०/०८२/०८३	Laundry एन्ड हाउस किपिङ	श्रेणीविहीन	२	आधारभूत तह उत्तीर्ण गरेको।
२१	२१/०८२/०८३	सेक्युरिटी	श्रेणीविहीन	३	लोक सेवा आयोगद्वारा निर्धारित गरिएको मापदण्ड बमोजिम
२२	२२/०८२/०८३	हलुका सवारी चालक	श्रेणीविहीन	१	आधारभूत तह उत्तीर्ण गरी हलुका सवारी चालक अनुमति पत्र प्राप्त गरेको।
२३	२३/०८२/०८३	प्लम्बर	श्रेणीविहीन	१	आधारभूत तह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट प्लाम्बिङ सम्बन्धी तालिम प्राप्त गरेको।
२४	२४/०८२/०८३	इलेक्ट्रिसियन	श्रेणीविहीन	१	आधारभूत तह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट इलेक्ट्रिकल सम्बन्धी तालिम प्राप्त गरेको।
२५	२५/०८२/०८३	बगैँचे	श्रेणीविहीन	१	आधारभूत तह उत्तीर्ण गरेको।
२६	२६/०८२/०८३	कार्यालय सहयोगी	श्रेणीविहीन	१	

१) **दरखास्त फाराम पाउने/बुझाउने स्थानः** बैजनाथ आमा तथा बाल अस्पताल धनकौल, सर्लाहीको प्रशासन शाखाबाट प्राप्त गरी रीतपूर्वक भरी प्रशासन शाखामा पेश गर्नुपर्नेछ।
२) **उमेर हदः** आवेदन दिने अन्तिम मितिसम्म मधेश प्रदेश लोक सेवा आयोगको नियमानुसार।
३) **परीक्षा दस्तुरः** नवौँ तहः १,२००/- आठौँ तहः १,०००/- पाँचौँ तहः ४००/- र श्रेणीविहीनः ३००/- यस अस्पतालको कार्यालय कोड ३७००५१९०२२, राजस्व शीर्षक नं. १४२२९ नेपाल बैंक लिमिटेडको मलङ्गवा शाखामा जम्मा गरेको सक्कल भौचर निवेदन साथ पेश गर्नुपर्नेछ।
४) **परीक्षाको किसिमः** छोटो सूची प्रकाशन र अन्तर्वार्ता।
५) **अन्तर्वार्ता मितिः** सम्पर्क मितिमा तोकिनेछ।
६) **सम्पर्क मितिः** २०८३।०२।२५ गते अपराह्न २:०० बजे।
७) **सेवा सुविधाः** प्रचलित कानून बमोजिम।
९) यस विज्ञापनमा पदपूर्ति सम्बन्धी उल्लेख भएका बाहेक प्रचलित कानून बमोजिम लागू हुनेछ र पदपूर्ति सम्बन्धी अन्तिम अधिकार अस्पतालमा निहित हुनेछ।
१०) थप जानकारीका लागि मो. नम्बर ९८६३७५७७६५, ९८०३८८७७१४ (Email: hospitalbaijnath@gmail.com)
नोट : फाइल तयार गरी कागजात पेश गर्नुहोला।

इलामका विद्यालयको जमिन झापामा अतिक्रमण

झापाको अर्जुनधारा नगरपालिकामा रहेको आदर्श माध्यमिक विद्यालयको जमिन अतिक्रमण गरी बनाइएका पक्की संरचना ।

प्रेम अधिकारी
पशुपतिनगर (इलाम), जेठ ५ गते

इलाम जिल्लामा सञ्चालनमा रहेका विभिन्न सामुदायिक विद्यालयको नाममा झापामा रहेको जमिन कब्जामा परेको पाइएको छ। इलामको आदर्श माध्यमिक विद्यालयको नाममा जग्गा धनीपुर्जा कायम रहेको ११ बिघा र शान्तिपुर माध्यमिक विद्यालयको दुई बिघा जमिन झापाको अर्जुनधारा नगरपालिकामा बिचौलिया र स्थानीयको कब्जामा परेको पाइएको हो। आदर्श माविको अर्जुनधारा नगरपालिका-६ मा रहेको ११ बिघा, १० धुर जमिन बसौँदेखि बिचौलिया र स्थानीयको कब्जामा रहेको पाइएपछि विद्यालयले जमिन फिर्ता ल्याउन जिल्ला प्रशासन कार्यालय इलाम र इलाम नगरपालिकामा निवेदन दिएको छ।

विद्यालयको जमिनमा बसौँदेखि कब्जा गरेर बसेका स्थानीयले विद्यालय प्रशासन आफ्नो जमिनबारे बुझ्न जाँदा हतियारसहित लखेट्ने गरेको पाइएको छ। स्थानीय विद्यालयका प्रधानाध्यापकसमेत रहनुभएका डम्बर यादवले विद्यालयको जमिन अतिक्रमण गरी घरायसी कागजका आधारमा बिक्री गरी १२ घरपरिवारलाई विद्यालयको जमिनमा घरलगायतका संरचना निर्माण गराउनुभएको पाइएको छ। अहिले विद्यालयका जमिनमा दर्जनौँ पक्की घर र सडकलगायतका संरचना निर्माण गरिएको छ।

तत्कालीन माओवादी द्वन्द्वको समयदेखि अतिक्रमणको चपेटामा परेको विद्यालयको जमिन २०७४ सालको स्थानीय तहको निर्वाचनपछि थप अतिक्रमणमा परेको पाइएको छ। अर्जुनधारा नगरपालिका-६ का पूर्ववडाध्यक्ष लोकनाथ गौतमको पालामा विद्यालयको जमिन अतिक्रमण गरी धेरै परिवार बसेको विद्यालयले जनाएको छ। स्थानीय तहमा जनप्रतिनिधि आएपछि विद्यालयको जमिन थप अतिक्रमणमा परेको खुलेको छ।

विद्यालयले जमिन अतिक्रमणमा परेपछि उक्त जमिनबापत विद्यालयले हालसम्म एक रुपियाँ आम्दानी गर्न सकेको छैन। विद्यालयको जमिन अतिक्रमण परेपछि विद्यालयले भूमि करसमेत तिर्न नसकेको विद्यालयका प्रधानाध्यापक कुमार पौडेलले जानकारी दिनुभयो। उहाँले जमिन फिर्ता ल्याउन जिल्ला प्रशासन र नगरमा निवेदन दिएको बताउनुभयो। इलाम नगरपालिकाका-७ का वडाध्यक्ष नरेश श्रेष्ठले विद्यालयको जमिन बिचौलिया र स्थानीयको कब्जाबाट फिर्ता ल्याउन अर्जुनधारा नगरपालिकालाई इलाम नगरपालिकाले पत्राचार गरिसकेको जानकारी दिनुभयो। उहाँले जिल्ला प्रशासन कार्यालयले विद्यालयलाई जमिनको चारकिल्ला माग गरेको जानकारी दिनुभयो। वडाध्यक्ष श्रेष्ठले विद्यालयको जमिन फिर्ता गर्न नगरपालिकाले विभिन्न निकायमा पहल थालेको जानकारी दिनुभयो। आदर्श माविलाई समाजसेवी रत्नकुमारी मानन्धरले दान दिनुभएको १६ बिघा जमिनमध्ये स्थानीयको मोहियानी कटाएर ११ बिघा १० धुर जमिन रहेको छ। यसअघि नै अदालतले समेत उक्त जमिन अतिक्रमण भएको ठहर गर्दै खाली गर्न आदेश दिइसकेको छ।

> झापाको कनकाई नगरपालिकामा १७ बिघा आठ कट्ठा, पाँच धुर, अर्जुनधारा नगरपालिकामा १० बिघा १० कट्ठा र शिवसताक्षी नगरपालिकामा तीन बिघा १८ कट्ठा जमिन अतिक्रमणमा परेपछि खोज्ने काम भइरहेको छ ।

इलामको रोङ गाउँपालिकाको शान्तिपुर माध्यमिक विद्यालयको दुई बिघा जमिनसमेत अतिक्रमणमा परेको खुलेको छ। अर्जुनधारा नगरपालिका-१ मा रहेको विद्यालयको जमिन २०२९ सालदेखि स्थानीयले कब्जा गरेको गाउँपालिका अध्यक्ष मनिकुमार स्याङ्बोले जानकारी दिनुभयो। अध्यक्ष स्याङ्बोसहित प्रतिनिधि उक्त क्षेत्रमा गएर जमिन खाली गर्न निर्देशन दिइसकेको गाउँपालिकाले जनाएको छ। झापाका तीन वटा पालिकामा इलामको करफोक माध्यमिक विद्यालयको ३१ बिघाभन्दा बढी अतिक्रमणको चपेटामा परेको जमिनको खोजी भइरहेको छ। झापाको कनकाई नगरपालिकामा १७ बिघा आठ कट्ठा, पाँच धुर, अर्जुनधारा नगरपालिकामा १० बिघा १० कट्ठा र शिवसताक्षी नगरपालिकामा तीन बिघा १८ कट्ठा जमिन अतिक्रमणमा परेपछि खोज्ने काम भइरहेको छ। इलामका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले इलामका विद्यालयको जमिन झापामा अतिक्रमणमा परेको निवेदन प्राप्त भएपछि सम्बन्धित पालिका र जिल्ला प्रशासन कार्यालय झापामा जमिन खाली गराउने प्रक्रियाका लागि पत्राचार गरिएको जानकारी दिनुभयो।

इलाम जिल्लाका धेरै स्थानमा विद्यालयको जमिन अतिक्रमणमा परेको खुल्न थालेको छ। सूर्योदय नगरपालिका-४ मा रहेको जनक माध्यमिक विद्यालयको २९३ रोपनी जमिनमध्ये हाल विद्यालयले ४२ रोपनी जमिन मात्र उपभोग गरिरहेको छ। बाँकी सबै जमिन स्थानीयको कब्जामा रहेको विद्यालयले जनाएको छ। विद्यालयको जमिनले पर्यटकीय क्षेत्र अन्तुपोखरीको केही भाग र आसपासका केही संरचनासमेत भेटाउने भएपछि स्थानीयले जमिन यकिन गर्न अवरोध गर्ने गरेको पाइएको छ। विद्यालयले आफ्नो जमिन खोज्नका लागि नगरपालिकामार्फत जिल्ला प्रशासन कार्यालयमा विवरण पठाइसकेको विद्यालयका प्रधानाध्यापक बेनुभक्त खनालले जानकारी दिनुभयो।

घरटहरा बनाएर बसोबास

इनरुवा समाचारदाता
इनरुवा, जेठ ५ गते

इनरुवा नगरपालिका-८, गणेशपुरस्थित श्री गणेश नेपाल राष्ट्रिय आधारभूत विद्यालयको नाममा रहेको १० कट्टा जग्गा अतिक्रमण गरी १४ परिवारले घरटहरा बनाएर बसोबास गरिरहेको तथ्य सार्वजनिक भएको छ। विद्यालय प्रशासन तथा विद्यालय व्यवस्थापन समितिले उक्त जग्गा खाली गराउन इनरुवा नगरपालिका ४ नम्बर वडा कार्यालयलाई औपचारिक पत्राचार गरेको छ।

जग्गा भएर पनि विद्यालयले बसौँदेखि उपयोग र उपभोग गर्न नपाएको भन्दै भूमि प्रशासन कार्यालय इनरुवा, सुनसरीमा विद्यालयको नाममा दर्ता कायम रहेको कित्ता नम्बर ३०९ को १० कट्ठा जग्गा खाली गराइदिन स्थानीय सरकारलाई पत्राचार गरेको हो। विद्यालयका प्रधानाध्यापक रामविलास मेहता र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उमाकान्त मेहताले संयुक्त रूपमा दिएको निवेदनमा कित्ता नम्बर ३०९ को १० कट्ठा जग्गा नापनक्सासहित खाली गराउन माग गरिएको उल्लेख छ।

विद्यालयले वडा कार्यालयमा पठाएको निवेदनसँगै जग्गाधनी प्रमाणपुर्जा, नक्सा तथा विद्यालय व्यवस्थापन समितिको निर्णयसमेत संलग्न गरिएको जनाएको छ। विद्यालयका अनुसार उक्त जग्गामा भागवत मेहता, रामप्रसाद मण्डल, जयराम मण्डल, फुदन मण्डल, सदानन्द मण्डल, गुरुदेव माली, झपट महतो, बालेश्वर मण्डल, फेकनी मण्डल, उतिमलाल मण्डल, दुखुवा मण्डल सेहवा, भलुवा मण्डल, कैलु मण्डल र झरिलाल मण्डलले घरटहरा निर्माण गरी बसोबास गर्दै आएका छन्। विद्यालयका प्रधानाध्यापक रामविलास मेहताले विद्यालयको शैक्षिक तथा भौतिक विकासका लागि आवश्यक जग्गा अतिक्रमण हुँदा पठनपाठनको वातावरण प्रभावित भइरहेको बताउनुभयो।

उहाँले विद्यालयको स्वामित्वमा रहेको जग्गा संरक्षण गर्नु आफूहरूको दायित्व भएकाले सरकारी अभिलेखमा विद्यालयकै नाममा रहेको जग्गा अतिक्रमण हुँदा भविष्यमा विद्यालय विस्तारका योजना प्रभावित हुने अवस्था आएकाले समयमा नै खाली गराउन वडामा आग्रह गरिएको बताउनुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उमाकान्त मेहताले कानुनी प्रक्रिया अनुसार सम्बन्धित निकायसँग समन्वय गरी जग्गा खाली गराउने पहल गरिएको जानकारी दिनुभयो।

हाल नेपाल सरकारले देशभर सरकारी, ऐलानी तथा सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाउने अभियान सञ्चालन गरिरहेको छ। खोला किनार, वन क्षेत्र तथा सार्वजनिक उपयोगका जग्गा अतिक्रमण गरी बसोबास गर्नेलाई हटाउने अभियान तीव्र बनाइएका बेला इनरुवाको यो विषय पनि चर्चामा आएको हो। यसैबिच इनरुवा नगरपालिका-३, ६ र ८ नम्बर वडामा पर्ने संरक्षित कंशमडान वन क्षेत्र तथा लाटीमाईदेवी थान, ग्रामथान र डिहिबार थानको करिब पाँच बिघा १७ कट्ठा जग्गामा समेत अतिक्रमण गरी घरटहरा बनाएकाले अतिक्रमण गरेर बसोबास गर्दै आएका व्यक्तिको घरटहरा हटाउन माग गरेका छन्।

जग्गाधनी प्रमाणपुर्जा भएका व्यक्तिले समेत सुकुमवासीको नाममा सार्वजनिक तथा धार्मिक महत्त्वका जग्गा अतिक्रमण गरी घर निर्माण गरेर बसोबास गरिरहेको भन्दै स्थानीयले सरोकारवाला निकायसँग ती क्षेत्र खाली गराई संरक्षण गर्न माग गर्दै आएका छन्। स्थानीयवासीले सार्वजनिक तथा शैक्षिक सम्पत्तिको संरक्षणमा नगरपालिका, वडा कार्यालय र प्रशासनले प्रभावकारी भूमिका खेल्नुपर्ने बताएका छन्।

बिमा सेवाग्राहीले सिफारिस पाउनै मुस्किल

नवराज कट्टेल
विराटनगर, जेठ ५ गते

स्वास्थ्य उपचारको हब बनेको विराटनगरमा सेवाग्राहीले बिमा सुविधा लिनुपरे पहिलो सेवाविन्दुका रूपमा स्थानीय तहको अस्पतालमा जानुपर्ने हुन्छ। आफ्नो स्थानीय तहबाट पहिलो सेवाविन्दुमा परीक्षण गरेर सिफारिस लिन सक्दैनन्। विराटनगर महानगरपालिका मातहत रहेका नगर अस्पताल रानी र बैजनाथपुरमा पुग्नुपर्ने हुन्छ।

यी दुवै नगर अस्पतालमा चिकित्सक अभाव हुँदा दैनिक कोटा तोकेर मात्रै सेवा दिनुपर्ने स्थिति रहेको छ। यस्तो हुँदा बिरामीले बिमा सेवाबाट प्राप्त गर्ने सुविधा पर्खिएर लिनुपर्ने बाध्यता छ। विराटनगर-१५ र १९ मा महानगरपालिकाका दुई वटा नगर अस्पताल रहेका छन्। यी अस्पतालमा बर्थिङ सेन्टरसमेत सञ्चालनमा छन्।

विराटनगर महानगरपालिका सहरी स्वास्थ्य महाशाखा प्रमुख डा. दिलीप यादवका अनुसार सङ्घले बिमाका लागि पहिलो सेवाविन्दु तोके पनि जनशक्ति अभाव भएको कुरालाई कहिल्यै बुझिदिएन। डाक्टर यादवका अनुसार बारम्बार प्रदेश र सङ्घमा चिकित्सक माग गरिएको छ। जनशक्ति

> दैनिक एक सय बिरामी मात्रै आउने नगर अस्पतालमा तीन सयभन्दा बढी आउन थालेपछि अहिले टोकन प्रणाली लागु गरिएको हो ।

नपाउँदा अहिले यी दुवै अस्पतालमा एक/एक जना मात्रै चिकित्सक कार्यरत छन्। जसका कारण दैनिक १२५ वटा बिरामीका लागि मात्रै सिफारिस गरिदिन सक्ने स्थिति छ। त्यसका लागि सुरुमै टोकन लिनुपर्ने र तोकिएको सङ्ख्याभन्दा बाहेकले सेवा लिन नसक्ने सीमितता कायम गर्नु परेको हो।

विराटनगर महानगरपालिकाले कोशी प्रदेश, स्वास्थ्य मन्त्रालयलाई वैशाख १६ गते पत्र लेखेको थियो। पत्रमा निजी अस्पतालमा पहिलो सेवाविन्दु हटेका कारण प्रदेश राजधानी विराटनगर अन्तर्गत महानगरपालिकाको रानी अस्पताल (पुरानो रानी प्राथमिक स्वास्थ्य केन्द्र) मा दैनिक तीन सयभन्दा बढी बिरामीको चाप रहेकाले जनशक्ति व्यवस्थापन गरिदिन माग गरेको थियो। महानगरपालिकाले लेखेको पत्रमा छात्रवृत्ति अन्तर्गत पर्ने विशेषज्ञ चिकित्सक, मेडिकल अफिसर, ल्याब टेक्नोलोजिस्ट, रेडियोलोजिस्ट र नर्सिङ अधिकृत एक/एक जना माग गरेको थियो।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत योगेन्द्रप्रसाद दुलालका अनुसार पहिलो पटक जनशक्ति माग गरिएको पत्र कार्यान्वयनमा नआएपछि जेठ ४ गते अर्को पत्र पठाइएको छ। निजी अस्पताललाई रेफरल अस्पतालका रूपमा कायम गरेर स्थानीय तहबाटै प्रस्थानबिन्दु सेवाको मान्यता दिँदा त्यसको प्रभाव विराटनगर महानगरपालिकाको नगर अस्पताललाई परिरहेको हो।

दैनिक एक सय बिरामी मात्रै आउने नगर अस्पतालमा तीन सयभन्दा बढी आउन थालेपछि अहिले टोकन प्रणाली लागु गरिएको हो। मोरङबाहेकका जिल्लाबाट आउने बिरामीले समेत पहिलो सेवाविन्दुका रूपमा नगर अस्पताल धाउनुपर्ने अवस्था रहेकाले झन् समस्या थपिएको हो। अहिले अस्पतालमा एक जना करारका मेडिकल अफिसर मात्रै हुनुहुन्छ। मेडिकल अधिकृत डा. आशिष भगतले सेवाग्राहीको चापले आफैँ बिरामी हुनुपर्ने स्थिति आइसकेको बताउनुभयो। उहाँका अनुसार सिफारिस लिन आउने बिरामीको चाप बढेपछि टोकन प्रणाली लागु गर्दा त्यसको मारमा सेवाग्राही परेका हुन्।

भान्सा सुधार कार्यक्रम

इनरुवा समाचारदाता
इनरुवा, जेठ ५ गते

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र सुनसरीको आयोजनामा बर्जु गाउँपालिका-२, सीतागन्जमा 'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' अभियान अन्तर्गत भान्सा सुधार कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रम महिला स्वयंसेविका, आमा समूह, शिक्षक, स्वास्थ्य चौकीका कर्मचारी तथा जनप्रतिनिधिको उपस्थिति रहेको केन्द्रले जनाएको छ। भान्सा सुधारका साथ स्वस्थ जीवनशैली प्रवर्धन कार्यक्रम गरी जटिल रोगलाई न्यूनीकरण गर्ने उद्देश्यले कार्यक्रम गरेको केन्द्र सुनसरी प्रमुख डा. उमेश मेहताले जानकारी दिनुभयो। आयुर्वेद डा. मेहताले भन्सामार्फत स्वस्थकर जीवन जिउन सहयोग गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरेको जानकारी दिनुभयो। उहाँले भान्साकै कारण पनि हाम्रा कतिपय रोग नियन्त्रण हुन सक्ने भएको हुँदा यस्ता अभियान नागरिकमा जनचेतना फैलाउने सशक्त माध्यम भएको उल्लेख गर्नुभयो। कार्यक्रममा मेहताले भान्सामा काम गर्ने सदस्य तथा दिदीबहिनीले आफ्ना आनीबानी सुधार्न आग्रह गर्दै यस्ता कार्यक्रम प्रत्येक समुदायसम्म पुऱ्याउनुपर्नेमा जोड दिनुभयो।

स्वस्थकर जीवनशैली प्रवर्धनका लागि सीमावर्ती क्षेत्रमा 'भान्सा सुधार तथा स्वस्थ जीवनशैली' कार्यक्रम सञ्चालन गरिएको आयोजक डा. मेहताले बताउनुभयो। उहाँका अनुसार स्वस्थ जीवनयापनका लागि पोषणयुक्त भान्सा, व्यवस्थापन, योग प्राणायाम ध्यान र स्वस्थकर आहारविहारतर्फ ध्यान दिनु पर्छ। सहभागीलाई स्थानीय जडीबुटीको परिचय र उपयोगिताका बारेमा जानकारीसँगै स्वस्थकर खानपान गर्ने बानीको विकास गर्न अभिप्रेरित गर्नु कार्यक्रमको मुख्य उद्देश्य भएको बताएको थियो।

सूचना सच्याइएको

यस **भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश**को मिति २०८३।०२।०५ गते गोरखापत्र दैनिकको पृष्ठ ८ मा प्रकाशित "**कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा सिफारिस सम्बन्धी सूचना**" सम्बन्धी सूचनामा प्राविधिक कारणवश बढुवा सूचना नं. अन्यथा हुन गएकाले उक्त सूचनामा देहाय बमोजिम सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सच्याइएको विवरण:

यसअघि प्रकाशित विवरण (गल्ती भएको)	हुनुपर्ने वास्तविक विवरण (सच्याइएको)
११४/०८१-८२	१६/२०८२-८३
११७/०८१-८२	१७/२०८२-८३

भूमि प्रशासन कार्यालय भक्तपुरको
हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

निवेदक जगत बहादुर प्रजापतिले पिता सिंह बहादुर प्रजापति समेत जवान ४ का नाउँमा ज.ध. जनिएको भक्तपुर बालकोट वडा नं. ३ कि.नं. ४०४ क्षे.फ. ०-४-०-० मोही दिप बहादुर बस्नेत जनिएको जग्गामा पिताको परलोक पश्चात् हकदारहरूको मञ्जुरी निवेदन समेत पेश गरी निवेदकको नाममा मात्र नामसारी माग गरिएकोमा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम ना.सा. हुनु नपर्ने कुनै मनासिव कारण भए अन्य कसैको हक, भोग वा प्रमाण भित्रको जग्गा भए वा उक्त जग्गामा कुनै सरकारी, सार्वजनिक, ऐलानी, पर्ती, गुठी अधीनस्थ जग्गा पर्ने भए वा अन्य कसैले कहीँ कतै दर्ता सम्बन्धी कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको ३५ (पैंतीस) दिनभित्र प्रमाण सहित हकदाबी गर्न आउनुहोला । अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत जानकारी गराइन्छ ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
जावलाखेल, ललितपुर
लिलाम बिक्री सम्बन्धी गोप्य सिलबन्दी बोलपत्र आह्वानको सूचना
प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०२।०६

यस प्रतिष्ठानमा रहेका पुराना मालसामानहरू जहाँ जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने सम्बन्धमा सो मालसामानहरू खरिद गर्न इच्छुक व्यक्ति, कम्पनी वा संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र रु.३००।- (अक्षरेपी तीनसय रुपैयाँ मात्र) नगद बुझाई प्रतिष्ठानको स्टोर शाखावाट बोलपत्र खरिद गरी तोकिएको म्याद भित्र गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै लिलाम गरिने मालसामानहरूको जानकारीको लागि प्रतिष्ठानको वेबसाईट www.nasc.org.np मा हेर्नु हुन सूचित गरिन्छ ।

Embassy of India, Kathmandu
NOTICE INVITING TENDER

Embassy of India invites sealed quotations for Reconstruction of Lawn Tennis Court along with all allied work situated at the India House of Embassy of India, Kathmandu.

2. Sealed quotations addressed to "Head of Chancery" may be sent by post or delivered by hand on or before 03.06.2026 up to 1500 hrs. Related documents are available on our website www.indembkathmandu.gov.in and www.eprocure.gov.in .

Kat/Proj/862/01/2021 dated 19 May 2026

Sd/-
(Head of Chancery)

डिभिजन वन कार्यालय चितवनको
विभिन्न जातका खडै रुखहरू बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना
प्रथम पटक प्रकाशित मितिः २०८३।०२।०६

श्री वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाडौँ र श्री त्रिशक्ति होल्डिङ्गस प्रा.लि. काठमाण्डौ बीच मिती २०८२।१२।२ गतेको सम्झौता वमोजिम त्रिशक्ति होल्डिङ्गस प्रा.ली. लाई चुनढुंगा उत्खनन गर्न दिनको लागि चितवन जिल्लाको राप्ती नगरपालिका वडा नं १३ मा रहेको राष्ट्रिय वनको २०.१४ (विस दशमलव एक चार) हेक्टर जग्गामा भएका विभिन्न प्रजातीका ११८९ (एक हजार एक सय उनानव्वे) गोटा रुख/पोल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा कटान, मुछान तथा घाटगद्दि गरी उठाई लैजान पर्ने गरी मौवा, बाँझी, बोटधयरो खन्यू लगायतका नरम प्रजातिका खडै रुखहरु बोलपत्र द्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठको बोलपत्रको प्रतिस्पर्धामा वन पैदावारको कारोवार गर्ने उद्देश्यले दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत तथा अध्यावधिक भएका इच्छुक फर्म वा उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना वन तथा भूसंरक्षण विभाग ववरमहल काठमाण्डौ, वन तथा वातावरण मन्त्रालय हेटौंडा, वन निर्देशनालय हेटौडा र कार्यालयको वेवसाइट तथा सूचना पाटीमा टाँस गरिएको छ।

डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय भरतपुर चितवन

गुठिचौर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
धलमुडी, जुम्ला, कर्णाली प्रदेश, नेपाल
आशयको सूचना गरिएको सम्बन्धमा ।
सूचना प्रकाशित मिति : २०८३।०२।०६

यस गुठिचौर गाउँपालिकाबाट तपसिल बमोजिमको मितिमा तपसिल बमोजिमको निर्माण कार्यको बोलपत्र आह्वान सूचना प्रकाशन गरिए अनुसार पर्न आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहर हुन आएकोले, स्वीकृतिका लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

सि. नं.	ठेक्का नं.	योजनाको नाम	बोलपत्र आह्वान सूचना प्रकाशित मिति	स्वीकृत बोलपत्र दाता	कबोल अङ्क (भ्याट सहित)
१	NCB/082-083/GRM6	Construction of Drinking Water Supply System at Sano Daab and Thulo Daab, Guthichaur Tourist Area.	२०८३।०१।०४	Prinsha Nirman Sewa Guthichaur-05, Jumla	१४,९२,०४८।२९

प्रमुख प्रशासकीय अधिकृत

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार गोरखा, गण्डकी प्रदेश, नेपाल
सम्पत्ति तथा लिलाम बिक्री बढाबढको सूचना
चौथो पटक प्रकाशित मिति २०८३।०२।०६

यस पालुङटार नगरपालिका कार्यालयमा रहेका तपशिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले सो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति फर्म संस्था वा कम्पनीहरूबाट आफ्नो फर्मको नविकरण भएका प्रमाण पत्र, पान दर्ता तथा आ.व २०८१/८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी सूचना प्रकाशित भएको मितिले ४ दिन भित्र लिलाम बिक्रीको लागि कायम न्युनतम मूल्यको पाँच प्रतिशत हुने रकम नगद धरौटी सहित निबेदन दिनु हुन यो लिलाम बढाबढ आह्वान गरिएको छ।

१.लिलम बिक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरण

सि.नं	सामानको विवरण	परिमाण	जम्मा मुल्य रकम	कैफियत
१	फर्नीचर जन्य सामाग्री	६९	३०१८५.७०	
२	कम्प्यूटर तथा प्रिन्टर जन्य	१३५	३७२४९७.०२	
३	बिद्युतीय जन्य सामाग्री	३१	२२९८३.३२	
	जम्मा	२३५	४२५६६६ .०४	

२. माथि उल्लेखित ३ वटा सामानको विवरण मध्य कुनै एक मात्र पनि आपसी सम्झौतामा मार्फत लान सकिने छ।
३. लिलाम बढावढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम बिक्री मूल्यबाटै सुरु हुनेछ।
४. सूचना प्रकाशन भएको मितिले ४ औ दिन सम्म कार्यालय समय भित्र रु १००० को दस्तुर तिरी यस कार्यालयको राजश्व शाखाबाट फारम खरिद गर्न सकिनेछ र यस कार्यालयबाट खरिद भएको फाराम ४ औ दिनको १२ बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ।
५. लिलाम बढाबढ हुने सम्पत्ति तथा मालसामान हेर्न चाहने ब्यक्ति वा संस्थाले कार्यालय समय ११:०० बजेदेखि २:०० बजेसम्म जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।
६. लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्युनतम मुल्य रु ४२५६६६ .०४ को ५ % ले हुने रकम नगद धरौटी राख्नुपर्नेछ। धरौटी रकम नगरपालिकाको धरौटी खाता न. ०३१७७००९५९५३२०१७ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।
७. प्रत्येक पटक डाँक बोल्न चाहने ब्यक्तिबाट डाँक बड्दै गएमा सोही अनुपातमा थप मुल्यको पाँच प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानु पर्नेछ।
८. लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता भएको १५ दिनभित्र उठाई लौजानु पर्दछ।
९. लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा सो लगतै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ।
१०. कुनै पनि शर्त राखि पेश गरेको र रित नपुगेको फाराम माथि कुनै कारवाही गरिने छैन।
११. यस सूचना र फाराममा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ।
१२. अन्य कुरा कार्यालयको आवश्यकता अनुसार राख्न सकिने छ।
१३. विस्तुत जानकारीका लागि यस कार्यालयको जिन्सी शाखामा जानकारी लिन सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

गोरखापत्र
gorkhapatraonline.com

अर्थबजार

सुनचाँदी
(प्रतितोला रुपियाँमा)

छापावाल सुन	:	२,९५,३०० ▲
चाँदी	:	५०८५ ▲

सेयर बजार

नेप्से इन्डेक्स	:	२७२४.३९ (-६.५१) ▼
कारोबार रकम	:	३,०८७,७३०,९६२, ▲
कारोबार भएका सेयर	:	७,८१६,४७८
कारोबार सङ्ख्या	:	४५,५१९
कारोबार भएका कम्पनी	:	३४६

चालिस हजार टन मल ल्याउन खरिद प्रक्रिया सुरु

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

कृषि, वन तथा पर्यावरण मन्त्रालयले आगामी धानबालीका लागि रासायनिक मलको आपूर्ति व्यवस्था सहज पार्न ४० हजार टन मल ल्याउन लागेको जनाएको छ।

धानबालीमा मल अभाव हुन नदिन भारतबाट जिटुजीमार्फत पहिलो चरणमा २० हजार टन युरिया र २० हजार टन डिएपी मल ल्याउन लागिएको मन्त्रालयले जनाएको छ।

कृषि सामग्री कम्पनी लिमिटेडलाई ८० हजार टन मल ल्याउनका लागि हालै मन्त्रीपरिषद्ले स्वीकृति दिए पनि पहिलो चरणमा ४० हजार टन मात्र ल्याउन लागेको मन्त्रालयले जनाएको छ। सोही अनुसार जिटुजीमार्फत खरिद प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले मङ्गलबार पत्रकार सम्मेलन गरेर एक लाख ५० हजार टन मल मौज्दात रहेको र ४० हजार टन जिटुजीबाट ल्याउने हुँदा आगामी साउनसम्मलाई मल पुग्ने जनाएको हो।

कृषि सामग्री कम्पनी लिमिटेडले भारतको राष्ट्रिय केमिकल्स एन्ड फर्टिलाइजर्समार्फत उक्त मल ल्याउन लागेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठले पश्चिम एसियाली मुलुकमा जारी युद्धका कारण मल आपूर्ति गर्न कठिन भएको जानकारी दिनुभयो । धानबालीका लागि अभाव नहोस् भनेर भारतबाट जिटुजीमार्फत जतिसक्दो छिट्टै मल ल्याउने प्रक्रिया अगाडि बढाइएको उहाँले जानकारी दिनुभयो । धानबालीका लागि दुई लाख ५० हजार टन मल आवश्यक पर्ने उहाँले जानकारी दिनुभयो।

यस वर्ष सबैभन्दा धेरै चार लाख ५८ हजार मेट्रिक टन रासायनिक मल बिक्री भइसकेको उहाँले जानकारी दिनुभयो । मन्त्रालय अनुसार वार्षिक रूपमा बजारमा आठ लाख टन मल आवश्यक पर्छ । कुल मागमध्ये करिब ८० प्रतिशत खपत तराईका २२ देखि २५ जिल्लामा हुने गरेको छ । मधेश प्रदेशले मात्रै कुल अनुदानको मलको २९ प्रतिशत हिस्सा उपभोग गर्ने गरेको छ भने कर्णाली प्रदेशमा दुई प्रतिशतभन्दा कम प्रयोग रहेको जनाइएको छ।

अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धि तथा पश्चिम एसियामा जारी द्वन्द्वका कारण मल आपूर्तिमा चुनौती थपिएको मन्त्रालयले जनाएको छ । विशेष गरी 'हर्मुज स्ट्रेट' क्षेत्रमा देखिएको अवरोधले ढुवानी प्रक्रिया प्रभावित भएको मन्त्रालयले जनाएको छ।

सरकारले किसानलाई सहुलियतमा रासायनिक मल उपलब्ध गराउन ठुलो परिमाणमा अनुदान दिँदै आएको छ । अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य बढेकाले लक्ष्य अनुसार खरिद गर्न नसकेको मन्त्रालयले जनाएको छ।

श्रम मन्त्रालयद्वारा आचारसंहिता जारी

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

युवा, श्रम तथा रोजगार मन्त्रालयले मन्त्रालय तथा मातहत निकायमा कार्यरत कर्मचारीका लागि कर्मचारी आचारसंहिता, २०८३ लागु गरेको छ । मन्त्रालयको पुनर्संरचनापछि जारी गरिएको उक्त आचारसंहिताको उद्देश्य कर्मचारीको आचरण, सेवा प्रवाह र प्रशासनिक अनुशासनलाई व्यवस्थित गर्ने रहेको जनाइएको छ । रोजगारमन्त्री रामजी यादवले मन्त्रीस्तरबाट वैशाख ३१ गतेको बैठकबाट उक्त आचारसंहिता स्वीकृत गराएसँगै कार्यान्वयनमा आएको हो।

मन्त्रालयका अनुसार सार्वजनिक सेवा निष्पक्ष, पारदर्शी, उत्तरदायी तथा सेवामुखी बनाउन कर्मचारीको व्यवहार र कार्यशैलीलाई स्पष्ट मापदण्डभित्र ल्याउने उद्देश्यले आचारसंहिता लागु गरिएको हो । सो आचारसंहिताले कार्यालय अनुशासनसम्बन्धी व्यवस्था स्पष्ट पारेको छ । कर्मचारीलाई कार्यालय समयको पूर्ण पालना गर्न, तोकिएको पोसाक प्रयोग गर्न तथा सहकर्मीसँग सहयोगात्मक व्यवहार कायम गर्न निर्देशन दिइएको छ। साथै सरकारी निर्णय, कागजात तथा सेवाग्राहीसँग सम्बन्धित संवेदनशील विवरण अनधिकृत रूपमा सार्वजनिक गर्न नपाइने उल्लेख गरिएको छ।

मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले मन्त्रालयमातहतका निकायमा कार्यरत कर्मचारीको आचरण र व्यवहारलाई थप व्यवस्थित बनाउने गरी कर्मचारी आचारसंहिता कार्यान्वयनमा आएको जानकारी दिनुभयो । उहाँका अनुसार कर्मचारीको व्यवहारलाई सदाचारयुक्त, सहयोगी, सेवामुखी, अनुशासित, मर्यादित र व्यवस्थित बनाउनु यस आचारसंहिताको मुख्य उद्देश्य रहेको छ।

आचारसंहिताले 'कर्मचारी' को दायरालाई फराकिलो बनाउँदै मन्त्रालयको दरबन्दी भई अन्य निकायमा काजमा खटिएकालाई समेत समेटेको छ। यो व्यवस्था लागु भएपछि मन्त्रालयबाट सेवा प्राप्त गर्ने व्यक्ति वा संस्था (सेवाग्राही) ले थप प्रभावकारी र मर्यादित सेवा पाउने अपेक्षा गरिएको छ।

लगानी प्रतिबद्धता उच्च भित्रिने रकम न्यून

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

मुलुकमा लगानी गर्ने भनेर प्रतिबद्धता रकम धेरै आए पनि भित्रिने रकम भने न्यून रहेको पाइएको छ । महालेखा परीक्षकको कार्यालयको ६२ औँ वार्षिक प्रतिवेदन अनुसार मुलुकमा लगानी गर्ने भनेर गरिएको प्रतिबद्धता अनुसार न्यून रकम भित्रिने गरेको हो।

उद्योग विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ मा ६५ अर्ब रुपियाँको लगानी प्रतिबद्धता आउँदा १२ अर्ब एक करोड रुपियाँ भित्रिएको थियो। त्यस्तै आव २०८०/८१ मा ८१ अर्ब ६९ करोड १० लाख लगानी स्वीकृत भएकोमा १० अर्ब २९ करोड २० लाख रुपियाँ लगानी प्राप्त भएको महालेखाले उल्लेख गरेको छ । लगानी स्वीकृतको १२.६० प्रतिशत रकम भित्रिएको छ।

यस्तै आव २०७९/८० मा ३२ अर्ब ४८ करोड २० लाख रुपियाँ लगानी स्वीकृत भएकोमा नौ अर्ब २० करोड ६० लाख रुपियाँ लगानी प्राप्त भएको छ। यो प्रतिबद्धताको २८.३४ प्रतिशत लगानी हो।

त्यसै गरी आव २०७८/७९ मा १७ अर्ब तीन करोड ४० लाख रुपियाँ लगानी प्रस्ताव स्वीकृत भएकोमा १० अर्ब ८४ करोड ४० लाख रुपियाँ लगानी भित्रिएको छ, जुन प्रतिबद्धताको ६३.६६ प्रतिशत हो।

प्रतिवेदन अनुसार तीन वर्षमा ३० अर्ब ३४ करोड २० लाख रुपियाँ वैदेशिक लगानी भित्रिएकोमा ७१ अर्ब ४२ करोड ८० लाख रुपियाँ बाहिरिएको छ। तीन वर्षमा लगानी प्राप्तिको तुलनामा १३५ प्रतिशत बढीले रकम बाहिरिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । उद्योग विभागका सूचना अधिकारी सुरेश दाहालले सरकारले वैदेशिक लगानी भित्र्याउन नीतिगत सुधार भए पनि प्रतिबद्धता अनुसार कम रकम आउने गरेको जानकारी दिनुभयो।

प्रतिवेदनले वैदेशिक लगानी भित्र्याउनका लागि नीतिगत स्थायित्व कायम गर्न, प्रशासनिक प्रक्रिया सरल बनाउन र लगानीमैत्री वातावरण निर्माण गरी प्रतिबद्धतालाई वास्तविक लगानीमा रूपान्तरण गर्न सम्बन्धित निकायलाई सुझाव दिएको छ। कृषि, सेवा, सूचना प्रविधि र पर्यटनमूलक उद्योगमा लगानी आउने गरेको छ।

प्रसारण लाइन अन्तिम चरणमा

तस्विर : लीलाधर वली

प्रसारण लाइन अन्तर्गत दाङको झिङ्नीमा गाडिएका विद्युत् टावर ।

- करिब ३८ किलोमिटर लामो प्रसारण लाइन अन्तर्गत सबस्टेसनसँगै विद्युत् टावर निर्माणको काम अन्तिम चरणमा
- उत्पादित बिजुलीलाई राष्ट्रिय प्रणालीमा जोड्ने लक्ष्यसहित निर्माण धमाधम

घोराही समाचारदाता
घोराही, जेठ ५ गते

दाङको घोराही-माडीचौर १३२ केभी प्रसारण लाइन आयोजना निर्माणको अन्तिम चरणमा पुगेको छ । रोल्पालगायतका पहाडी जिल्लामा विद्युत् विस्तारसँगै त्यस क्षेत्रमा उत्पादन हुन थालेको विद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने गरी निर्माण सुरु भएको प्रसारण लाइनको करिब ८० प्रतिशत काम पूरा भएको हो।

घोराही-माडीचौर १३२ केभी प्रसारण लाइन अन्तर्गत दाङको घोराही उपमहानगरपालिका-३, झिङ्नीदेखि रोल्पाको सुनील स्मृति गाउँपालिका-२ स्थित खुग्रीसम्मको करिब ३८ किलोमिटर लामो प्रसारण लाइन अन्तर्गत सबस्टेसनसँगै विद्युत् टावर निर्माणको काम अन्तिम चरणमा पुगेको छ। प्रसारण लाइन अन्तर्गत गाड्नुपर्ने १२१ वटा विद्युत् टावरमध्ये १०१ वटा टावर निर्माण गरेर तार तान्ने काम भइरहेको घोराही-माडीचौर १३२ केभी प्रसारण लाइन आयोजना प्रमुख बमबहादुर बुढाथोकीले जानकारी दिनुभएको छ।

उहाँका अनुसार बाँकी टावर निर्माण पनि छिट्टै अघि बढ्ने छ । "जङ्गल क्षेत्रबाहेकको ठाउँमा प्रसारण लाइन अन्तर्गत विद्युत् टावर निर्माण गरेर तार तान्ने काम भइरहेको छ," आयोजना प्रमुख बुढाथोकीले भन्नुभयो, "आयोजना अन्तर्गत घोराही उपमहानगरपालिका र बङ्गलाचुली गाउँपालिका अन्तर्गतको जङ्गल क्षेत्रमा देखिएको समस्या समाधान गरेर विद्युत् टावर निर्माणसँगै तार तान्ने काम अघि बढ्ने तयारीमा छौँ, त्यसका लागि पुनः वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदन तयार गरेर मन्त्रालय पठाएका छौँ।" जङ्गल क्षेत्रमा विद्युत् टावर निर्माणका लागि रुख काट्नुपर्ने भएका कारण केही ढिलाइ भएको हो।

नेपाल सरकारको ४० प्रतिशत र एसियाली विकास बैङ्कको ६० प्रतिशत गरेर करिब एक अर्ब ५० करोड रुपियाँको लगानीमा निर्माण भइरहेको प्रसारण लाइन अन्तर्गत रोल्पाको सुनील स्मृति गाउँपालिका-२ स्थित खुग्रीमा सबस्टेसन निर्माण भइरहेको छ । सबस्टेसन निर्माणसँगै स्टाफ क्वाटर, गार्ड हाउस, कन्ट्रोल बिल्डिङलगायतका भौतिक पूर्वाधार निर्माण भइरहेको आयोजनाले जनाएको छ।

आव २०८३/८४ मा काम सम्पन्न गर्ने गरी घोराही-माडीचौर १३२ केभी प्रसारण लाइनको काम आव २०७८/७९ मा सुरु भएको थियो । आयोजना निर्माण सम्पन्न भएपछि रोल्पा, रुकुमलगायतका ग्रामीण ठाउँमा विद्युत् विस्तारसँगै रोल्पा, रुकुममा उत्पादन हुन थालेको बिजुलीलाई राष्ट्रिय प्रणालीमा जोड्ने लक्ष्यसहित निर्माण धमाधम भइरहेको छ।

जग्गा प्राप्तिका कारण निर्माण सुरु हुन ढिलाइ भए पनि पछिल्लो समय धमाधम काम भइरहेको आयोजना प्रमुख बुढाथोकीको भनाइ छ। उहाँका अनुसार नेपाल विद्युत् प्राधिकरणले अहिले घोराही-माडीचौर आयोजना अन्तर्गत निर्माण गरिरहेको छ भने रोल्पाको माडीचौर हुँदै रुकुमपश्चिमको बाँफीकोट जोड्ने गरी सर्भेको काम पनि गरिरहेको छ।

दुई वर्षपछि रुख कटान आदेश

राष्ट्रिय समाचार समिति
म्याग्दी, जेठ ५ गते

म्याग्दीमा निर्माणाधीन १३२ केभी क्षमताको डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाका लागि सामुदायिक र राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न दिने निर्णय दुई वर्षपछि कार्यान्वयन भएको छ।

मालिका गाउँपालिका-७, डाँडाखेतदेखि रघुगङ्गा गाउँपालिका-३, अम्बाङ जोड्ने २५ किलोमिटर दुरीको प्रसारण लाइनको राइट अफ वे र टावर रहने २५.६२ हेक्टर सामुदायिक र राष्ट्रिय वनक्षेत्रको जग्गा प्रयोग गर्न २०८० फागुन ६ गतेको मन्त्रीपरिषद् बैठकले स्वीकृति प्रदान गरेको थियो।

मन्त्रीपरिषद्ले स्वीकृति दिएको दुई वर्ष दुई महिनापछि डिभिजन वन कार्यालयबाट गत शुक्रबार कटान आदेश प्राप्त भएको आयोजना प्रमुख रोशन अग्रवालले बताउनुभयो।

आयोजना निर्माण स्थलमा तीन हजार ९३६ वटा रुख छन्। प्रसारण लाइनका ८२ वटा टावरमध्ये ४० वटा वनक्षेत्र र ४२ वटा व्यक्तिगत जग्गामा रहेका छन्। वनक्षेत्रको जग्गा प्रयोग गरेबापत आयोजनाले २०८१ साल असोजमा ५०४ रोपनी जग्गा खरिद गरी बिरुवा हुर्काउनका लागि पहिलो किस्ताबापतको रकमसमेत उपलब्ध गराइसकेको थियो।

डिभिजन वन कार्यालयका प्रमुख वसन्तकेशव अधिकारीले स्वीकृत भएका रुख पहिचान गर्न स्थलगत अनुगमन गर्नुपर्ने भएकाले कटान आदेश दिन ढिलाइ भएको बताउनुभयो।

म्याग्दी र राहुघाट वेसिनका जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय प्रणालीमा आबद्ध गराउन सञ्चालित आयोजनाको हालसम्म ८० प्रतिशत भौतिक प्रगति भएको छ। प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा रु. तीन अर्ब ५७ करोडमा लार्सन एन्ड टुयुब्रो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी
सडक डिभिजन इलाम

धरौटी रकम फिर्ता लिन आउनेसम्बन्धी सूचना

प्रकाशित मिति : २०८३।०२।०६ गते

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ मा धरौटी रकम फिर्ता दिने व्यवस्था छ। उक्त नियम ६६ बमोजिम फिर्ता नभई यस डिभिजनमा रहेको प्रयोजन सम्पन्न भइसकेका पुराना तपसिलबमोजिमका व्यक्ति, फर्म तथा निर्माण व्यवसायीहरूको धरौटी रकम सोही नियमावलीको नियम ६७(१) बमोजिम राजस्व दाखिला गर्ने प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६७(२) बमोजिम यस सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र धरौटी रकम फिर्ता लिन आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा सोही नियमावलीको नियम ६७(१) बमोजिम उक्त धरौटी रकम राजस्व दाखिला गरिने जानकारी गराइन्छ।

तपसिल

सि.नं.	व्यक्ति/फर्म/निर्माण व्यवसायीको नाम	धरौटी रकम	सि.नं.	व्यक्ति/फर्म/निर्माण व्यवसायीको नाम	धरौटी रकम
१.	अधिकारी निर्माण सेवा	१,८७,०३९.००	३८.	मारुती कन्स्ट्रक्सन	१,२९,९६५.००
२.	अनुपमा -टिमाई भ्याली जे.भी.	४,६६,५३८.००	३९.	मुवेन कन्स्ट्रक्सन	१,२२,१६२.८३
३.	उर्लाबारी मधुमल्ला मो.बा.उ.स.	२,३७,०४१.००	४०.	मैनाचुली झापाली जे. भि.	९,९२,१४६.००
४.	एस. एन. के. सुम्हालुङ जे. भी.	३,८७,४५१.००	४१.	मैनाचुली पाठक जे.भि.	५,३५,०१६.००
५.	कपिला निर्माण सेवा	९,११८.००	४२.	मैनाचुली मार्गदेवी जे. भि.	१३,९८,९८२.००
६.	कान्छाराम ज्योति राजधानी जे. भि.	४०,००७.००	४३.	मैनाचुली निर्माण सेवा प्रा.लि.	३४,२९,९८३.००
७.	गजुरमुखी/सक्षम जे.भी.	१०,०३,०४७.००	४४.	याक्थुम्हाङ्ग निर्माण सेवा	५,४७४.६५
८.	गुरुङ निर्माण सेवा	५६,४६६.००	४५.	राँके रबि सडक उ. स.	५३,९२०.००
९.	गौतम बन्धुनिर्माण सेवा	१,६९,९००.७२	४६.	राजलवट निर्माण सेवा	१०,८४२.००
१०.	ग्रिनटेक कन्सल्टेन्ट प्रा.लि.	३३,७४३.००	४७.	लोचन निर्माण सेवा	१,८६,५२८.००
११.	चण्डिका निर्माण सेवा	२,४१,७००.६५	४८.	वाइ पि देव एण्ड सायर	१४,३४,०८८.००
१२.	चिपालु निर्माण सेवा	६,४१६.००	४९.	वाई.पी कन्स्ट्रक्सन प्रा.लि./देव सायर प्रा.लि.जे.भि.	१४,७५३.००
१३.	चौबन्दी कन्स्ट्रक्सन	२०,९७१.००	५०.	वि.वि.निर्माण सेवा	७२,६५९.००
१४.	जय सन्तोषी निर्माण सेवा	३७,५९४.३४	५१.	विजय खाकी	२,८७०.१६
१५.	जोशी निर्माण सेवा	७३,८४८.००	५२.	विष्णु निर्माण सेवा	२४,०६८.००
१६.	झापाली इ एण्ड इ बिल्डर्स	१,७१,६८६.००	५३.	शंकर त्रिशक्ती निर्माण सेवा	४०,९७६.००
१७.	टहारी निर्माण सेवा	४२५,४८६.००	५४.	शान्ति निर्माण सेवा	१,५०,२६२.००
१८.	दि कंचनजंघा कन्चनजंघा शान्ति जे भि	९,४३,७४०.००	५५.	शेरजंग बिल्डर्स	४७,३३३.००
१९.	दिप तामाकोशी कन्स्ट्रक्सन	५१,०६५.००	५६.	श्रङ्गलिला निर्माण सेवा	१,६४,३३८.००
२०.	दिवा/नायग्रा/शंकर त्रिशक्ति जे.भि.	८,८७,५२४.००	५७.	श्रृजना रेवत निर्माण सेवा	४२,८१०.००
२१.	दिवाशंकर त्रिशक्ती जे. भि.	१,३७,६१९.००	५८.	सतासी माता निर्माण सेवा	४१,९००.००
२२.	देव लक्ष्मी निर्माण सेवा	१,३२,३४२.००	५९.	सन्दकपुर निर्माण सेवा	५४,४६९.००
२३.	नागार्जुन कन्स्ट्रक्सन प्रा लि	६०,८६,५२८.००	६०.	सपना जोशी जे.भि.	१०,०१,१४८.००
२४.	नागार्जुन कल्पवृक्ष जे.भि.	२०,३४,५७५.००	६१.	सरस्वती निर्माण सेवा	२,०६,६२८.००
२५.	नागि हेमन जे.भि.	१२,७४७.००	६२.	साह कन्स्ट्रक्सन	३१,४९७.००
२६.	नारायण निर्माण सेवा	१,४८,१४९.००	६३.	सि.एम. /माइलाब्रो जे. भी	२,००,५९३.००
२७.	पाठक निर्माण सेवा	२,०१,८६५.००	६४.	सुकिलुम्बा कन्स्ट्रक्सन	६१,२२१.००
२८.	पान्चायान प्रतिक निर्माण सेवा	५२,०४९.००	६५.	सुन्दर कन्स्ट्रक्सन	८९,९५६.००
२९.	पासाङ्ग शेर्पा	१,७०५.००	६६.	सुर्य कन्स्ट्रक्सन	२०,७००.००
३०.	प्रगति निर्माण सेवा	२०,५२०.००	६७.	सुवास तामाङ्ग	२०,०००.००
३१.	फिक्कल पान्दाम उ.स.	२३,११६.००	६८.	सेतीदेवी निर्माण सेवा	१,३१,४८६.००
३२.	फिदिम पंचकन्या एण्ड सप्लायर्स	२०,९७८.००	६९.	सोवर्ण निर्माण सेवा	३९,५२२.००
३३.	बेलका कन्स्ट्रक्सन	१,९४,७९१.००	७०.	स्लाब कन्सल्टेन्ट प्रा. लि.	३८,५७०.००
३४.	भगवती शंकर त्रिशक्ति शान्ति जे.भि.	१५,६२,२६८.००	७१.	स्वच्छन्द सफल जोशी जे. भि.	१६,७२,१३२.००
३५.	भोज्क निर्माण सेवा	२,२३,७६०.००	७२.	हरि हरि/सफल जे.भी.	२०,४९,८५१.००
३६.	माँ कन्स्ट्रक्सन काठमाडौँ	१९,५७५.००	७३.	हर्मिज इन्जिनियरिङ्ग सोलुसन प्रा. लि.	२०,७००.००
३७.	होमल्याण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी	२१,९६५.००			

नोट : धरौटी फिर्ता लिन आउदा संलग्न गर्नुपर्ने कागजातहरू : १. निवेदन २.कर चुक्ता प्रमाण पत्र (आ.व. २०८१/८२) ३. ठेक्का सम्झौता ४. मु.अ.कर समायोजन पत्र ५. फर्म दर्ता खुल्ने कागजात

डिभिजन प्रमुख

बाँदरबाट हैरान बेसार खेतीमा सफलता

कोकिला ढकाल
इलाम, जेठ ५ गते

जङ्गली जनावरले खेतीबाली नष्ट गर्न थालेपछि इलामका किसान बेसार खेतीतर्फ आकर्षित भएका छन्। बेसारबाट पनि नसोचेको आम्दानी हुन थालेपछि बेसार रोप्नमा किसान उत्तिकै उत्साहित छन्।

इलामको रोङ गाउँपालिका-३ का किसानले गत वर्षदेखि नै बेसार खेतीबाट राम्रो आम्दानी गरिरहेका छन्। इको चिया तथा कृषि सहकारी संस्थामा आबद्ध ५५ किसानले बेसार खेती गरिरहेको संस्थाले जनाएको छ। सहकारीमा आबद्ध किटेनीकी किसान सरिताकुमारी लेप्चाले यस वर्ष ५६३ किलो बेसार बेच्नुभएको छ। यस्तै रोङ-३ कै अर्का किसान राजकुमार राईले पनि ३२५ किलो बेसार बेच्नुभएको छ। यहाँका अन्य किसानले पनि १० किलोदेखि एक/दुई मन (४० किलो) सम्म बेसार उत्पादन गरेर बेचेका छन्।

सहकारीमा आबद्ध किसानले लगाएको बेसारको उत्पादन सहकारी आफैँले खरिद गरिदिएकाले किसानलाई बिक्रीमा त्यति समस्या नभएको किसान राईले बताउनुभयो। सहकारीले यस वर्ष काँचो बेसार प्रतिकिलो ३२ रुपियाँका दरले किसानबाट चार हजार ९४६ किलो बेसार किसानबाट खरिद गरेको संस्थाका व्यवस्थापक गणेश अर्यालले बताउनुभयो। "अर्को वर्ष उत्पादन हुने बिउ किसान आफैँले राखेका छन्। संस्थाले खरिद गरेको बेसार बिउ माग भएको स्थानमा पठाउने र बाँकी रहेको प्रशोधनका लागि झापा पठाइने गरेको छ," अर्यालले भन्नुभयो।

बेसार खेतीलाई बाँदर, दुम्सीलगायतका जङ्गली जनावरले नष्ट नगर्ने र कम लगानीमा धेरै उत्पादन लिन सकिने हुँदा पनि बाँदर लाग्ने स्थानका किसानलाई सजिलो भएको अर्यालले बताउनुभयो। "पहिला बाँदरले अन्न र तरकारीबालीसमेत नष्ट गरेर किसानलाई हैरान पारेको थियो। अहिले बाँदर लाग्ने अधिकांश ठाउँमा बेसार खेती सुरु भएको छ," अर्यालले भन्नुभयो, "अब हामी यहाँ उत्पादन भएको बेसारलाई अन्तर राष्ट्रिय बजारमा पठाउन पहल गरिरहेका छौँ।" अर्यालका अनुसार यसअघि रोङमा उत्पादन भएको बेसारको नमुना जर्मनीमा राम्रो भएको र अब बजारका लागि पहल थालिएको छ।

इलामकै माईजोगमाई गाउँपालिकाले पनि 'एक वडा एक उत्पादन' कार्यक्रम अन्तर्गत माईजोगमाई-५ मा बेसार खेती सुरु गरेको छ।

गत वर्ष रोङबाटै बिउ लगेको पालिकाले स्थानीय एक बचत समूहमार्फत किसानलाई बेसार खेती गराउन थालेको छ। युवालाई स्वरोजगार र गाउँमै आत्मनिर्भर गराउन 'एक वडा एक उत्पादन' को कार्यक्रम सुरु गरिएको गाउँपालिका अध्यक्ष कुशबहादुर थेवे बताउनुहुन्छ। गत वर्षदेखि सुरु गरिएको बेसार खेतीले पहिलो वर्ष नै राम्रो नतिजा दिएको र किसानलाई समूहमार्फत बेसार प्रशोधन मेसिनसमेत दिइएको गाउँपालिका उपाध्यक्ष प्रवीणा राईको भनाइ छ।

उपाध्यक्ष राईले भन्नुभयो, "पछिल्लो समय बाँदर, बँदेल, दुम्सी जस्ता जङ्गली जनावरले अन्य खेती तथा तरकारीबाली नष्ट गर्न थालेपछि किसानलाई आर्यआर्जन गर्न मिल्ने वैकल्पिक खेतीका रूपमा बेसार खेतीतर्फ आकर्षण होस् भनेर यो कार्यक्रम सुरु गरिएको छ।"

दुई महिनामा चौबिस अर्बभन्दा बढी बजेट खर्च गर्नुपर्ने

धनगढी समाचारदाता
धनगढी, जेठ ५ गते

सुदूरपश्चिम प्रदेश सरकारले १० महिनासम्म खर्च गरेकोभन्दा दोब्बर बढी बजेट अझै खर्च गर्न बाँकी छ। चालु आर्थिक वर्ष २०८२/८३ को दुई महिनामात्रै बाँकी रहेको बेला प्रदेश सरकारले अझै २४ अर्ब ११ करोड ७८ लाख रुपियाँ बजेट खर्च गर्न बाँकी रहेको हो। कुल ३३ अर्ब ४५ करोड ५१ लाख रुपियाँ बजेट रहेकोमा वैशाख मसान्तसम्म (१० महिनामा) प्रदेश सरकारले नौ अर्ब ३३ करोड ७३ लाख रुपियाँ मात्रै बजेट (२७.९१ प्रतिशत) खर्च गर्न सकेको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालयले दिएको जानकारी अनुसार १० महिनासम्म सरकारले पुँजीगत बजेट चार अर्ब १७ करोड ७३ लाख रुपियाँ खर्च गरेको छ। पुँजीगततर्फ १९ अर्ब ८३ करोड ८५ लाख रुपियाँ बजेट विनियोजन गरेको सरकारले हालसम्म कुल विनियोजनको २१.०६ प्रतिशत पुँजीगत बजेट खर्च गरेको छ। यसै गरी चालुतर्फ १३ अर्ब ६० करोड ६६ लाख रुपियाँ बजेट छुट्याएको सरकारले हालसम्म पाँच अर्ब १६ करोड (३७.९२ प्रतिशत) रुपियाँ बजेट खर्च गरेको छ।

जेनजी आन्दोलन र निर्वाचनका कारणले समयमा काम हुन नसक्दा खर्च प्रगति कम रहेको आर्थिक मामिला राज्यमन्त्री प्रकाशबहादुर बमले बताउनुभयो। उहाँले हरेक आर्थिक वर्षमा योबेला अहिलेकै हाराहारीमा खर्च भएको देखिने गरेको उल्लेख गर्दै थप्नुभयो, "भुक्तानी अन्तिम दुई महिनामा लिने गरिन्छ।"

राज्यमन्त्री बमले चालु आवको मसान्तसम्म बजेट खर्च प्रगति ६५ देखि ७० प्रतिशतसम्म हुने आकलन गरेको बताउनुभयो।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार प्रदेश व्यवस्थापिकाले ५७.७ प्रतिशत, प्रदेश लोकसेवा आयोगले ४२.१० प्रतिशत बजेट खर्च गरेको छ। यसै गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले ३३.४७ प्रतिशत, आर्थिक मामिला मन्त्रालयले ३६.५३ प्रतिशत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले २८.८४ प्रतिशत बजेट खर्च गरेको छ। यस्तै आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २१.०५ प्रतिशत बजेट खर्च गरेको छ।

विकासे अड्डाका रूपमा परिचित तथा सबैभन्दा बढी बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयले हालसम्म २४.३८ प्रतिशत, सामाजिक विकास मन्त्रालयले ३५.८६ प्रतिशत बजेट खर्च गरेका छन्। प्रदेश योजना आयोगले २९.५९ प्रतिशत बजेट खर्च गरेको छ। प्रदेश सरकारले अर्थ वित्तीय व्यवस्था र अर्थ विविधमा छुट्याएको बजेट भने हालसम्म खर्च हुन सकेको छैन।

पाणिनि कम बेरुजु हुने पालिका

अर्घाखाँची समाचारदाता
अर्घाखाँची, जेठ ५ गते

अर्घाखाँचीको पाणिनि गाउँपालिका लुम्बिनी प्रदेशमै सबैभन्दा कम बेरुजु हुने स्थानीय तहमध्ये दोस्रो स्थानमा पर्न सफल भएको छ भने अर्घाखाँची जिल्लामा पहिलो बनेको छ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार पाणिनि गाउँपालिकाको बेरुजु ०.०३ प्रतिशत रहेको छ। एक अर्ब ५४ करोड ८९ लाख ८२ हजार रुपियाँको लेखा परीक्षण गरिएकोमा गाउँपालिकाको बेरुजु चार लाख ८२ हजार रुपियाँ रहेको प्रतिवेदनमा उल्लेख छ।

गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाको सामूहिक प्रयास, योजनाबद्ध खर्च प्रणाली र आर्थिक कार्यविधिको पूर्ण पालना गरिएकै कारण यस्तो नतिजा सम्भव भएको गाउँपालिका अध्यक्ष टेकराज न्यौपानेले बताउनुभयो।

अर्घाखाँचीका अन्य स्थानीय तहमध्ये सन्धिखर्क नगरपालिकाको बेरुजु सबैभन्दा बढी देखिएको छ। सन्धिखर्क नगरपालिकाको बेरुजु ०.५१ प्रतिशत रहेको छ भने शीतगङ्गा नगरपालिकाको ०.४१ प्रतिशत, भूमिकास्थान नगरपालिकाको ०.१२ प्रतिशत र मालारानी गाउँपालिकाको ०.३० प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ।

छत्रदेव गाउँपालिकाको बेरुजु ०.१८ प्रतिशत रहेको छ। यो अङ्कका आधारमा छत्रदेव गाउँपालिका लुम्बिनी प्रदेशका कम बेरुजु हुने स्थानीय तहमध्ये छैटौँ स्थानमा परेको छ।

यस्तै गुल्मीको धुर्कोट गाउँपालिकाले शून्य बेरुजु कायम गर्दै लुम्बिनी प्रदेशमै पहिलो स्थान हासिल गरेको छ। एक अर्ब ३८ करोड ६७ लाख ५१ हजार रुपियाँको लेखा परीक्षण गरिएकोमा धुर्कोट गाउँपालिकाको बेरुजु शून्य रहेको प्रतिवेदनमा उल्लेख छ।

लेखा परीक्षणका क्रममा कानुन अनुसार पूरा गर्नुपर्ने प्रक्रिया नपुऱ्याई गरिएको कारोबार, राख्नुपर्ने लेखा नराखिएको अवस्था वा अनियमित तथा बेमनासिब ढङ्गले गरिएको आर्थिक कारोबारलाई बेरुजु भनिन्छ।

महाभारत गाउँपालिकामा तेस्रो पटक शून्य बेरुजु

राष्ट्रिय समाचार समिति
धुलिखेल (काभ्रेपलाञ्चोक), जेठ ५ गते

काभ्रेपलाञ्चोक महाभारत गाउँपालिकामा यस वर्ष पनि शून्य बेरुजु पालिका बन्न सफल भएको छ। आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षण प्रतिवेदन अनुसार महाभारत गाउँपालिकामा एक अर्ब १३ करोड ७१ लाख ९० हजार रुपियाँको लेखा परीक्षण गरिएको थियो।

यसअघिको दुई आवमा पनि निरन्तर शून्य बेरुजु कायम राख्न सफल भएकोमा पालिकाले यो तेस्रो पटक शून्य बेरुजु बनाउन सफल भएको हो। महाभारत गाउँपालिका अध्यक्ष कान्छालाल जिम्वाले सङ्घीय, प्रदेश र स्थानीय सरकारले बनाएको ऐन, कानुन र गाउँ सभाले पारित गरेको बजेटलाई कार्यान्वयन गर्दै आउने क्रममा पालिकालाई शून्य बेरुजु बनाउन सफल भएको बताउनुभयो।

बजेटको उचित कार्यान्वयनसँगै चन्दा, सहयोग नगरेको र सञ्चालन खर्चलाई घटाएर पुँजीगत खर्चलाई बढाउने कुरामा ध्यान दिएर जनप्रतिनिधि एवं कर्मचारीले सामूहिक रूपमा गरेको प्रतिबद्धता अनुसार नियम र कानुनको परिधिमा रहेर काम गरेका कारण निरन्तर रूपमा शून्य बेरुजु पालिका बनाउन सफल भएको उहाँको भनाइ छ। गाउँपालिकाले लगातार तेस्रो पटक शून्य बेरुजु कायम गर्न सफल भई देशभरका स्थानीय तहका लागि उदाहरणीय सन्देश दिन सफल भएको छ।

सार्वजनिक प्रतिवेदन अनुसार काभ्रेपलाञ्चोकको १३ वटा स्थानीय तहमध्ये नगरपालिकातर्फ मण्डनदेउपुर सबैभन्दा कम ०.०५ प्रतिशत अर्थात् कुल लेखा परीक्षण रकमको १० लाख ४९ हजार रुपियाँ बेरुजु रहेको छ। त्यस्तै गाउँपालिकातर्फ चौँरीदेउराली ०.१८ प्रतिशत रहेको छ।

जिल्लाका पनौती नगरपालिका ३.०४ प्रतिशत, नमोबुद्ध १.३८, धुलिखेल ०.६८, बनेपा ०.७१, पाँचखाल ०.१, बेथानचोक गाउँपालिका ०.५५, तेमाल ०.५, खानीखोला ०.५८, रोशी ०.६२ र भुम्लु गाउँपालिका ०.६८ प्रतिशत बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ।

बजेटका लागि सुझाव आह्वान

मकवानपुर समाचारदाता
मकवानपुर, जेठ ५ गते

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणको तयारीसँगै सुझाव सङ्कलन थालेको छ। प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आवको बजेट तथा कार्यक्रमका लागि सुझाव उपलब्ध गराउन आग्रह गरेको हो।

प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले प्रदेश सरकारले आगामी आवको बजेट निर्माणको तयारी सुरु गरिएको जानकारी दिनुभयो।

उहाँले प्रदेश सभाको बजेट अधिवेशन जेठको दोस्रो साता आह्वान गरी आगामी आवको सरकारको नीति तथा कार्यक्रम ल्याउने गरी काम भइरहेको भन्दै आगामी असार १ गते बजेट ल्याउने गरी मन्त्रालयले काम गरिरहेको बताउनुभयो। आगामी आवको बजेट र कार्यक्रमका लागि स्थानीय तह, प्रदेश सभा सदस्य प्रदेश सरकारमातहतका निकाय र मन्त्रालय हुँदै प्रदेश आयोजना बैङ्कमा प्रविष्ट हुनुपर्ने बताउनुभयो।

बजेट तथा कार्यक्रम तर्जुमासम्बन्धी कार्य प्रारम्भ भइसकेको भन्दै उहाँले भन्नुभयो, "बागमती प्रदेश सरकारका आवश्यकता र प्राथमिकतामा केन्द्रित रही आगामी आवको बजेट तथा कार्यक्रममा समावेश गर्न उपयुक्त हुने विषयमा आफ्ना सुझाव यही जेठ १५ गतेभित्र उपलब्ध गराउन अनुरोध छ।

प्रदेश सरकारको वार्षिक आयोजना प्रस्ताव र छनोटमा विकृतिसँगै पहुँचका आधारमा हुने र टुक्रे योजनाले समस्या निम्ताएपछि प्रदेश सरकारले निर्देशिका नै जारी गरी बजेट र कार्यक्रम तुर्जमालाई व्यवस्थित गर्न सुरु गरेको छ। बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनोटसम्बन्धी निर्देशिका २०८३ जारी गरिएको छ।

आगामी आवमा कार्यान्वयन गरिने नयाँ पूर्वाधार आयोजना प्रस्ताव गर्दा १० करोड रुपियाँसम्मका आयोजना दुई आवभित्र, १० करोडदेखि २० करोडसम्मका आयोजना बढीमा तीन वर्षभित्र, २० करोडदेखि ५० करोडसम्मका आयोजना चार वर्षभित्र र ५० करोड रुपियाँभन्दा माथिका जुनसुकै लागतका आयोजना बढीमा पाँच वर्षभित्रै सम्पन्न गर्नुपर्ने व्यवस्था छ।

जिल्ला समन्वय समितिको कार्यालय, सुर्खेत

कर्णाली प्रदेश, नेपाल, वीरेन्द्रनगर-८, शान्ति मार्ग

धरौटी सदरस्याहा गर्ने सम्बन्धी सूचना।

मिति : २०८३/०२/०५

यस कार्यालयको धरौटी खातामा विगतदेखि आ.व. २०८१/०८२ सम्ममा बाँकी रहेको तपसिलका विभिन्न फर्म तथा व्यक्तिको नामको तपसिल बमोजिमको प्रयोजन नखुलेको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ६६ को उपनियम २ अनुसार हालसम्म फिर्ता लिन नआएकोले सोही नियमको उपनियम ३ अनुसार सदरस्याहा गरी राजस्व दाखिला गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। धरौटी रकम फिर्ता पाउनुपर्ने कुनै आधार/प्रमाण भए यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

सूचना यस कार्यालयको *Website: dccsurkhet.gov.np* मा समेत हेर्न सकिने व्यवस्था गरिएको छ।

तपसिल

क्र. सं.	धरौटी राख्ने व्यक्ति/संस्थाको नाम	धरौटी रकम	क्र. सं.	धरौटी राख्ने व्यक्ति/संस्थाको नाम	धरौटी रकम
1	अंक बहादुर गुरुङ	3,500.00	52	बहादुर थिङ्ग निर्माण सेवा	88,495.00
2	अधिकारी निर्माण सेवा	22,000.00	53	बाविरो मष्ट निर्माण सेवा प्रा. लि.	10,998.44
3	अन्नपूर्ण निर्माण सेवा	2,177.00	54	बि जी कन्स्ट्रक्सन	9,176.00
4	अमन स्केप सेन्टर	23,367.00	55	बुद्ध सप्लायर्स	6,611.00
5	अस्मिन ट्रेडर्स एण्ड सप्लायर्स	14,888.00	56	भरत पुरी	800.00
6	इप्सन क प्रा. लि.	4,555.00	57	भि एण्ड वी निर्माण सेवा	44,458.00
7	ईन्जिनियरीङ्ग कन्स्ट्रक्सन	22,620.00	58	भैरव निर्माण सेवा	21,736.00
8	ईन्द्रदिप कन्स्ट्रक्सन	62,720.00	59	म प ट्रक तथा ट्रयाक्टर व्यवसायी संघ	10,000.00
9	उत्तम निर्माण सेवा	49,639.00	60	मंगल कन्स्ट्रक्सन	18,200.00
10	उप्रेती पोल एण्ड पाइप इण्डष्ट्रिज	21,853.00	61	मधुवन कन्स्ट्रक्सन कम्पनी	21,219.00
11	उषा निर्माण सेवा	7,379.00	62	मल्ल कन्स्ट्रक्सन कम्पनी	10,000.00
12	ऋणमोक्ष कन्स्ट्रक्सन	13,227.00	63	मल्ल कन्स्ट्रक्सन कम्पनी	6,936.51
13	कविर निर्माण सेवा	4,761.00	64	मिड वेष्ट कन्स्ट्रक्सन	9,372.00
14	गंगादेवी निर्माण सेवा	1,033.66	65	मिड वेस्ट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.	5,168.00
15	गंगामाला निर्माण सेवा	18,065.00	66	यज्ञ ढकाल आर सि टी भोलिन्टियर	7,500.00
16	गोल्डेन निर्माण सेवा	17,000.00	67	रजेना खा पा टंकी मर्मत उ स	10,112.00
17	गोविन्द गौतम	4,000.00	68	रजेना खा पा टंकी मर्मत उ स	1,260.04
18	गोविन्द ट्रेडर्स	5,586.00	69	रन्जितकार कन्स्ट्रक्सन	6,924.00
19	गोविन्द पाण्डे आई सि टी भोलिन्टियर	22,500.00	70	रमेश प्रसाद खनाल	1,600.00
20	ग्रामिण पूर्वाधार विकास सञ्जाल	21,988.00	71	राइ कन्स्ट्रक्सन	43,298.00
21	जगदम्बा कन्स्ट्रक्सन	30,532.00	72	राजन सप्लायर्स	13,101.00
22	जय प्रभु निर्माण सेवा	10,208.00	73	राधिका स्टेशनरी सेन्टर	1,655.00
23	जयबुद्ध निर्माण सेवा	21,597.00	74	राम बहादुर वली	4,800.00
24	टेक माइण्डस कम्युनिकेशन प्रा. लि.	17,966.00	75	रिसव निर्माण सेवा	7,804.00
25	डि सी को एण्ड एस प्रा. लि.	1,41,034.67	76	रुमानी निर्माण सेवा	16,241.00
26	डिल्ली सिं बि क	1,660.00	77	लक्ष्मण कन्स्ट्रक्सन	22,014.00
27	द कालीसिद्धी निर्माण सेवा	29,558.00	78	लङ्ग भिजन ई एण्ड म्यानेजमेन्ट प्रा. लि.	4,972.00
28	दि दर्शन कन्स्ट्रक्सन	15,122.00	79	लालिगुराँस निर्माण सेवा	6,554.00
29	दुर्गा कन्स्ट्रक्सन कम्पनि	4,944.00	80	लिला कन्स्ट्रक्सन	22,003.00
30	दुर्गा बन्धु निर्माण सेवा	22,038.00	81	लोकेन्द्र शाही	4,350.00
31	दुर्गाबन्धु निरमाण सेवा	14,126.00	82	वाइ एस कन्स्ट्रक्सन	22,117.00
32	ध्रुव निर्माण सेवा	20,975.00	83	विनम्र निर्माण सेवा	21,375.00
33	नवोवुद्ध सप्लायर्स	6,606.00	84	विराट निर्माण सेवा	21,592.00
34	नाञ्जिला एण्ड आकाँक्षा कन्सट्रक्सन एण्ड सप्लायर्स	20,311.00	85	विशाल निर्माण सेवा	1,80,000.00
35	निर्भय निर्माण सेवा	22,045.00	86	वीम कन्सल्टेन्सी प्रा. लि.	4,972.00
36	निलगिरी निर्माण सेवा	1,72,341.00	87	शाक्य कन्स्ट्रक्सन	22,019.00
37	न्यु ज्वाला कलर बैंक	12,975.00	88	शान्ति निर्माण सेवा	36,335.00
38	न्यू ज्वाला ट्रेडर्स	30,706.00	89	शिवराज कन्स्ट्रक्सन	1,09,205.00
39	न्यू दिपक निर्माण सेवा	22,070.00	90	शिवशक्ति ट्रेडर्स	14,803.00
40	न्यू प्रतिभा कन्स्ट्रक्सन	22,070.00	91	शिवशक्ति निर्माण सेवा	25,180.00
41	पञ्चकन्या प्लाष्टिक्स इण्डष्ट्रिज	1,07,179.00	92	श्याम एण्ड शंकर कन्स्ट्रक्सन प्रा. लि.	54,859.00
42	पदम बहादुर शाही	1,800.00	93	श्याम कुमार श्रेष्ठ	3,005.00
43	पपुलर कन्स्ट्रक्सन	54,962.00	94	श्रेष्ठ निर्माण सेवा	12,182.00
44	पि आर कन्स्ट्रक्सन	34,270.00	95	सनसाइन इनर्जी प्रा. लि.	1,57,215.00
45	पि एल कन्स्ट्रक्सन	1,000.00	96	सफल कन्स्ट्रक्सन	21,206.00
46	पि एल कन्स्ट्रक्सन	22,092.00	97	सहकार्य कन्स्ट्रक्सन	21,156.00
47	पोलाष्टर सर्भे एण्ड ई प्रा लि	4,555.00	98	सि एन एसोशियसन कम्पनी प्रा. लि.	4,600.00
48	प्रदिप निर्माण सेवा	15,844.00	99	सितारा कन्सल्टेन्ट प्रा. लि.	31,400.00
49	प्रविन निर्माण सेवा	53,352.00	100	सुवास निर्माण सेवा	44,149.00
50	प्रोफेशनल एलायन्स फर रुरल डेभ्लपमेन्ट	4,972.00	101	सुस्मिता गिरी	3,005.00
51	बन्धु हार्डवयर एण्ड सप्लायर्स	19,640.00	102	हिमालयन इन्जिनियरिङ वर्क्स	5,081.00

चार जनालाई छैटौँ डान

काठमाडौँ (गोरखापत्र), जेठ ५ गते । नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासङ्घ (आइटिएफ) अन्तर्गत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीको ग्रेडिङ सम्पन्न भएको छ। ग्रान्डमास्टर डा. राजेन्द्र बलानको उपस्थितिमा भएको ग्रेडिङबाट चार जना छैटौँ तथा पाँच जना पाँचौँ डानमा पदोन्नति भएको महासङ्घले जनाएको छ।

घमबहादुर थापामगर, निर्मला गुरुङ, चतुरलाल चौधरी र राजेन्द्र धिमाल छैटौँ डानमा पदोन्नति हुनुभयो। यसै गरी अञ्जना शिवाकोटी, चाउची डङ्गोल, होम सुनार, वीरेन्द्रजङ्ग शाही र बबिता राजथलाले पाँचौँ डानको पदवी हासिल गर्नुभयो।

जुनियर यु-१६ फुटसल हुने

काठमाडौँ (गोरखापत्र), जेठ ५ गते । एन्जल्स हार्ट नेसनल स्कुलको आयोजनामा पहिलो एन्जल्स हार्ट नेसनल कप जुनियर यु-१६ फुटसल प्रतियोगिता आइतबार हुने भएको छ।

फाइभ 'ए' साइड नकआउट प्रतियोगितामा आठ छात्र टिमको सहभागिता रहने आयोजक एन्जल्स हार्ट नेसनल स्कुलका प्रिन्सिपल टकबहादुर थापाले मङ्गलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराउनुभयो । सहभागी हुने टिममा एन्जल्स हार्ट नेसनल स्कुल, काभ्या, रोना इन्टरनेसनल एकेडेमी, समृद्धि, काठमाडौँ युरो स्कुल, फ्युचर स्टार, काठमाडौँ, लोकशिक्षा र एन्जल्स हार्ट मावि रहेका छन्।

प्रदेशस्तरीय खेलकुद सुरु

जनकपुरधाम (गोरखापत्र), जेठ ५ गते। मधेशको आठ वटै जिल्लाका खेलाडीको सहभागितामा 'खेली मधेश, जिती मधेश' भन्ने मूल नारासहित प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सुरु भएको छ।

मधेश खेलकुद परिषद्को आयोजनामा प्रदेशभर खेलकुदको विकास, खेलाडीको क्षमता अभिवृद्धि तथा राष्ट्रियस्तरका प्रतियोगिताका लागि दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ परिषद्ले सोमबारदेखि जनकपुरधामस्थित कभर्ड हलमा विभिन्न १९ विधामा खेल प्रतियोगिता सुरु गरेको हो । प्रतियोगिता अन्तर्गत भलिबल, फुटबल, टेबलटेनिस, खो खो, ह्यान्डबल, तेक्वान्दो, बास्केटबल, जुडो, ब्याडमिन्टन, भारोत्तोलन, बुद्धिचाल, उसु, हक्कीलगायतका खेल समावेश छन्।

उद्घाटन समारोहमा मधेश खेलकुद परिषद्का सदस्यसचिव शिवजीप्रसाद कानुले प्रदेशमा खेलकुद गतिविधिलाई थप सशक्त बनाउँदै युवालाई खेलतर्फ आकर्षित गर्ने उद्देश्यले प्रतियोगिता सञ्चालन गरिएको बताउनुभयो । उहाँले खेललाई व्यवसायीकरण गर्दै खेलाडी र मधेश प्रदेशको समग्र विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

आर्सनल उपाधिको सँघारमा

लन्डन, जेठ ५ गते । आर्सनल मङ्गलबार बर्नलीलाई १-० ले हराएपछि प्रिमियर लिग उपाधिको सँघारमा पुगेको छ। खेलको ३७ औँ मिनेटमा बुकायो साकाले प्रहार गरेको कर्नरमा काई हाभर्ट्जल गरेको हेड गोलले आर्सनललाई महत्त्वपूर्ण जित दिलायो। यस नतिजापछि दोस्रो स्थानमा रहेको म्यान्चेस्टर सिटीले बोर्नेमाउथलाई हराउन नसकेमा आर्सनलले एक खेलअघि नै उपाधि जित्ने पक्का भएको छ । सो खेल सिटीले जितेमा आइतबार हुने अन्तिम दिन क्रिस्टल प्यालेसलाई हराएर आर्सनलले प्रिमियर लिग जित्ने प्रयास गर्ने छ। बोर्नेमाउथ अहिले १६ खेलको अपराजित यात्रामा छ। त्यसैले बोर्नेमाउथविरुद्ध जित हात पार्न सिटीलाई सहज भने हुने छैन। सिटीभन्दा आर्सनल पाँच अङ्कले अगाडि छ।

आर्सनलले सन् २००४ पछि प्रिमियर लिग उपाधि जित्न सकेको छैन। यद्यपि यस पटक मिकेल अर्टेटाको प्रशिक्षकत्वमा रहेको टिम दुई प्रमुख उपाधि जितबाट दुई खेल टाढा छ। आर्सनलले मे ३० मा पेरिस सेन्ट जर्मन (पिएसजी) सँग च्याम्पियन्स लिगको उपाधि भिडन्त पनि गर्दै छ। "अहिलेसम्म यो सत्र गजबको रह्यो। प्रिमियर लिग र च्याम्पियन्स लिगमा अब एक-एक खेल जित्न बाँकी छ। जसका लागि हामी आफूसँग भएको सबै क्षमता प्रयोग गर्ने छौँ," आर्सनलका कप्तान मार्टिन ओडेगार्डले भन्नुभयो। आर्सनल पछिल्ला तीन सत्रमा प्रिमियर लिगमा उपविजेतामा सीमित भएको थियो।

यसबिच म्यान्चेस्टर सिटीका प्रशिक्षक पेप गुवार्डियोलाले यस सत्रको अन्त्यसँगै क्लब छोड्ने बताउनुभएको छ । सन् २०२७ जुन सम्म सम्झौता रहेपछि गुवार्डियोलाले करार समाप्त पार्ने निर्णय गर्नुभएको हो। उहाँको स्थान प्रशिक्षक एन्जो मारेस्काले समाल्ने बताइएको छ। आगामी आइतबार एस्टन भिल्लासँग खेल्ने खेल नै ५५ वर्षीय स्पेनी प्रशिक्षक गुवार्डियोलाका लागि म्यान्चेस्टर सिटीबाट अन्तिम खेल हुने छ । सन् २०१६ मा इङ्ग्ल्यान्ड आएका गुवार्डियोलाले आफ्नो कार्यकालमा म्यान्चेस्टर सिटीलाई छ प्रिमियर लिग, एक च्याम्पियन्स लिगसहित २० ट्रफी दिलाउनुभएको छ। एपी

एभरेस्ट र निगमलाई दुई स्वर्ण

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

एभरेस्ट बैङ्क लिमिटेड र नेपाल वायुसेवा निगमले १५ औँ कर्मचारी खेलकुद प्रतियोगिता अन्तर्गत टेबलटेनिसमा मङ्गलबार समान दुई/दुई स्वर्ण पदक जित्नुभएको छ । पाँच स्पर्धा समावेश टेबलटेनिसमा बाँकी एक स्वर्ण नेपाल नागरिक उड्डयन प्राधिकरणले जित्यो।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको पुरुष एकलमा एभरेस्टका अच्युतराज पोखरेल पहिलो, नेपाल बैङ्क लिमिटेडका ओमकुमार दोस्रो र निगमका विश्वास गौतम तेस्रो हुनुभयो । सोही स्पर्धाको महिलामा निगमकी मेणुका चाम्लिङले स्वर्ण तथा नागरिक उड्डयनकी ज्ञानधना श्रेष्ठले रजत पदक जित्नुभयो।

कर्मचारी खेलकुद प्रतिष्ठान नेपाल (इसान) को आयोजनामा भइरहेको प्रतियोगिताको पुरुष डबल्समा एभरेस्टका अच्युत र सरल रेग्मी तथा नागरिक उड्डयनका सन्तोष अवाले र रूपचन्द्र केसीको जोडी क्रमशः पहिलो र दोस्रो स्थानमा रहे। उक्त स्पर्धाको महिलामा नागरिक उड्डयनका सरस्वती डुम्रे र सुषमा थापाको जोडी पहिलो तथा नेपाल विद्युत् प्राधिकरणका गीता घिमिरे र मिता आचार्यको जोडी दोस्रो बने । एक्जिक्युटिभ पुरुष एकलमा निगमका प्रितमप्रसाद प्रधान पहिलो तथा नेपाल विद्युत् प्राधिकरणका सुमन श्रेष्ठ दोस्रो हुनुभयो।

यसअघि प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव रामचरित्र मेहताले एक कार्यक्रमबिच उद्घाटन गर्नुभएको थियो । सदस्यसचिव मेहताले सम्बन्धित सबै क्षेत्रलाई समेटेर प्रतिष्ठानको दायरा फराकिलो बनाउन सके प्रतिष्ठानको गरिमा अझ उँचो हुने धारणा व्यक्त गर्नुभयो । प्रतियोगितामा ब्याडमिन्टन, टेबलटेनिससहित फुटसल र बुद्धिचाल गरी चार खेल समावेश छन्। प्रतियोगिता जेठ १० गतेसम्म चल्ने छ।

नेमारले विश्वकप खेल्ने पक्का

रियो दी जेनेरियो, जेठ ५ गते । विश्वकप फुटबल प्रतियोगिताका लागि मङ्गलबार ब्राजिलले नेमारलाई समावेश गर्दै टिम घोषणा गरेको छ । स्ट्राइकर नेमार फिटनेसका कारण टिममा नपर्ने हल्ला थियो। ३४ वर्षीय नेमारले चौथो पटक विश्वकप खेल्न लाग्नुभएको हो।

नेमार ब्राजिलका सर्वाधिक गोलकर्ता पनि हुनुहुन्छ । उहाँले ब्राजिलको जर्सीमा ७९ गोल गर्नुभएको छ। यद्यपि सन् २०२३ अक्टोबरमा घाइते भएपछि नेमार अहिलेसम्म आफ्नो स्वाभाविक लयमा फर्कन सक्नुभएको छैन। यस सत्रमा उहाँले ब्राजिलको च्याम्पियन क्लब सान्तोसका लागि मात्र आठ खेल खेल्नुभएको छ। जसमा उहाँले चार गोल र दुई एसिस्ट गर्नुभएको थियो।

ब्राजिलका प्रशिक्षक कार्लो एन्सोलेटीले नेमारले आफ्नो फिटनेस सुधारिसकेको र विश्वकपमा उनी ब्राजिलका लागि महत्त्वपूर्ण खेलाडी हुने छन् भन्नुभयो। उहाँले टिममा अनुभवी खेलाडी पनि चाहिने हुनाले नेमार आफ्नो प्राथमिकतामा परेको बताउनुभयो। "नेमारसँग थप फिटनेस सुधार्ने अझै समय छ। विश्वकप जस्तो प्रतियोगितामा उनको अनुभव निकै काम लाग्ने छ र उनको आगमनले टिमको वातावरण पनि राम्रो हुने छ," प्रशिक्षक एन्सोलेटीले भन्नुभयो। एन्सोलेटीले टिम घोषणा गर्नु केही समयअघि नेमाले आफ्नो इन्स्टाग्राममा अहिले ब्राजिलका लागि खेल्दै छु भनेर थप्नुभएको थियो। यसअघि उहाँले क्लब सान्तोषबाट खेलिरहेको मात्र उल्लेख गर्नुभएको थियो।

ब्राजिलको २६ सदस्यीय टिममा भिनिसियस जुनियर र राफिन्हा जस्ता अहिलेका सुपरस्टार खेलाडी पनि सामेल छन्। रोड्रिगो र इस्टेभाओ जस्ता केही प्रमुख खेलाडी भने चोटका कारण टिममा पर्नुभएन । विश्वकपमा ब्राजिलले आफ्नो पहिलो खेल जुन १३ मा मोरक्कोविरुद्ध खेल्ने छ। समूह 'सी' मा यी दुई टिमसहित हाइटी र स्कटल्यान्ड पनि रहेका छन्। यसपालि ब्राजिललाई तुलनात्मक रूपमा सहज समूह परेको छ।

सूर्य नेपाल च्यालेन्ज सुरु

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत सातौँ प्रतियोगिता, सूर्य नेपाल च्यालेन्जको पहिलो दिन मङ्गलबार दिनेश प्रजापति ६-अन्डर ६२ को स्कोरमा शीर्षस्थानमा रहन सफल हुनुभएको छ।

दिनेशले भुवनकुमार रोक्का र एमेच्योर गल्फर स्वप्निल भट्टराईलाई दुई स्ट्रोकले पछि पार्नुभयो। संयुक्त रूपमा दोस्रो स्थानमा रहेका भुवन र स्वप्निलले ४-अन्डर ६४ को स्कोर बनाउनुभएको छ। ३-अन्डर ६५ स्कोर बनाएका सञ्जय लामा र रामे मगरले संयुक्त रूपमा चौथो स्थान बाँड्नुभएको छ। यस्तै भुवन नगरकोटी र शुक्रबहादुर राई २-अन्डर ६६ सहित संयुक्त रूपमा छैटौँ स्थानमा हुनुहुन्छ। दीपक मगर, टङ्कबहादुर कार्की र एमेच्योर बलराम पौडेलले १-अन्डर ६७ सहित संयुक्त रूपमा आठौँ स्थानमा रहनुभएको छ।

एमेच्योरतर्फ स्वप्निल ४-अन्डर ६४ सहित बलराम पौडेललाई तीन स्ट्रोकले पछि पार्दै शीर्षस्थानमा हुनुहुन्छ। १-अन्डर ६७ को स्कोरमा बलराम दोस्रो स्थानमा र राष्ट्रिय टिमका सदस्य राहुल विश्वकर्मा इभन-पार ६८ सहित तेस्रो स्थानमा रहनुभएको छ। सूर्य नेपाल प्रालिको प्रायोजनमा पिजिए नेपालद्वारा आयोजित ७२ होलको चारदिने प्रतियोगितामा कुल ५२ खेलाडी प्रतिस्पर्धा गरिरहेका छन्। दोस्रो राउन्डको समाप्तिमा कट लागु हुने छ, जहाँ उत्कृष्ट १८ प्रोफेसनल खेलाडी तथा सोही कटमा रहने एमेच्योर खेलाडीले अन्तिम दुई दिनका लागि स्थान बनाउने छन्।

प्रतियोगिताको कुल पुरस्कार राशि सात लाख १० हजार रहेको छ। विजेताले एक लाख ३० हजार प्राप्त गर्ने छ। दोस्रो र तेस्रो हुने खेलाडीले क्रमशः ९० हजार र ७० हजार प्राप्त गर्ने छन्। चौथो र पाँचौँ हुने खेलाडीले ५५ हजार र ४६ हजार हात पार्ने छन्। साथै उत्कृष्ट १८ मा पर्न सफल अन्य प्रोफेसनल खेलाडीले पुरस्कार प्राप्त गर्ने छन्।

कला/साहित्य

मोहनविक्रमलाई 'गोकुल वाङ्मय' पुरस्कार



लेखनाथ (गोरखापत्र), जेठ ५ गते। साहित्यकार एवं राजनीतिज्ञ मोहनविक्रम सिंहलाई २०८२ सालको 'गोकुल वाङ्मय' पुरस्कार प्रदान गरिने भएको छ। गण्डकी साहित्य सङ्गमले सञ्चालन गर्ने यो पुरस्कारको राशि ४० हजार रुपियाँ रहेको छ।

यही जेठ ९ गते शनिबार ९७ औँ गोकुल जयन्तीका अवसरमा पोखरामा हुने विशेष समारोहमा पुरस्कार प्रदान गरिने जानकारी संस्थाका सचिव नारायण मरासिनीले दिनुभयो । विसं १९९२ मा प्युठानको ओखरबोटमा जन्मिनुभएका सिंहका कविता, काव्य, समालोचना र आख्यानका गरी एक दर्जन कृति प्रकाशित छन्। समाजवादी यथार्थवाद धारामा साधना गर्ने स्रष्टालाई प्रोत्साहन गर्न २०५२ सालदेखि यो पुरस्कार प्रदान गर्न थालिएको हो।

सङ्गमका कार्यसमिति सदस्य शोभाकान्त गौडेलको संयोजकत्वमा गठित डा. कृष्णराज अधिकारी र डा. यदुनन्दन उपाध्याय सदस्य रहेको तीन सदस्यीय समितिले गरेको सिफारिसबमोजिम सिंहलाई पुरस्कृत गर्न लागिएको हो । सिंह छ दशकदेखि प्रगतिवादी साहित्यमा क्रियाशील हुनुहुन्छ।

शङ्काले उब्जाएको द्वन्द्व

सुकृत नेपाल
काठमाडौँ, जेठ ५ गते

चलचित्र मालती मङ्गले मूलतः श्रीमान् र श्रीमतीबिच उत्पन्न हुने अविश्वास, संवादहीनता र त्यसले निम्त्याउने मानसिक सङ्कटलाई केन्द्रमा राखेर निर्माण गरिएको सामाजिक-मनोवैज्ञानिक चलचित्र हो। सामान्य पारिवारिक कथाभित्र शङ्काको एउटा सानो बिउले कुन तहसम्मको विनाशकारी रूप लिन सक्छ र त्यसले वैवाहिक सम्बन्धको जग नै कसरी हल्लाइदिन्छ भन्ने कुरालाई चलचित्रले सूक्ष्म रूपमा बुन्ने प्रयास गरेको छ।

चलचित्रको कथाका दुई मुख्य पात्र मङ्गलप्रसाद अधिकारी (विजय बराल) र कमला थापा (वर्षा राउत) को वरिपरि घुम्छ। मङ्गलको जीवनमा सुखदुःखको सारथि, सल्लाहकार र आत्मीय मित्र हरिप्रसाद अधिकारी (मेक्सम गौडेल) देखिनुभएको छ। मङ्गल आफ्ना हरेक भावना, समस्या र सङ्कोच खुलेर हरिप्रसादसँग मात्र साट्नुहुन्छ, जसले उहाँहरूको बलियो साथीत्वको सम्बन्धलाई प्रस्ट्याउँछ। कथाको पृष्ठभूमि ग्रामीण परिवेशको छ, जहाँ श्यामश्वेत दूरदर्शनमा दुई/तीन रुपियाँ उठाएर गाउँलेलाई चलचित्र देखाउने चलन हुन्थ्यो। हलमा महिला र पुरुषलाई छुट्टाछुट्टै राखेर चलचित्र देखाउने त्यही परम्परागत र सरल वातावरणभित्रै मङ्गले र कमलाको प्रेमको अङ्कुरण हुन्छ।

कमला बलिउड अभिनेता शाहरुख खानको निकै ठुली प्रशंसक हुन्छिन्। कमलाको सुत्ने कोठाका भित्ता शाहरुखकै तस्बिरले भरिएका छन्। यो कुरा बुझेर हरिले मङ्गलेलाई शाहरुखकै शैलीमा संवाद घोकाएर कमलालाई आकर्षित गर्न मद्दत गर्छन्। मङ्गलेले पनि कमलाको प्रेम पाउन शाहरुख बन्ने असफल तर प्रेमिल कोसिस गर्छन् । पारिवारिक असहमतिबिच अचानक घरमा विवाहको कुरा चलेपछि कमला मङ्गलेसँग भाग्छिन्। सुरक्षा र नयाँ पहिचानका लागि आपसी सल्लाहमा कमलाको नाम परिवर्तन गरी मालती राखिन्छ र उनीहरूको नयाँ जीवन सुरु हुन्छ।

विवाहपछिको जीवनमा मालती निकै जिम्मेवार र मेहनती देखिएकी छन् तर मङ्गले भने गैरजिम्मेवार बन्दै चोकचौतारामा बस्ने, तास खेल्ने र रक्सी पिउने लतमा फस्छन्। पहिलो सन्तान हुर्काउँदाको आर्थिक र व्यावहारिक झन्झटका कारण आपसी सहमतिमा सो जोडी दोस्रो सन्तान नजन्माउने निर्णयमा पुग्छ तर कथाले त्यतिबेला एउटा गम्भीर मोड लिन्छ, जब मालतीको गर्भमा दोस्रो बच्चा रहन जान्छ। यही गर्भधारणसँगै मङ्गलेको मनमा अविश्वास र शङ्काको बिउ रोपिन्छ। आफैँले गरेको निर्णयविपरीत कसरी गर्भ रह्यो भन्ने प्रश्नले मङ्गलेलाई मानसिक रूपमा विक्षिप्त बनाउँछ। त्यही भ्रूणको वृद्धिसँगै श्रीमान् र श्रीमतीको सम्बन्धमा शङ्काको पहाड ठडिन्छ। चलचित्रको बाँकी भाग यही शङ्काले निम्त्याउने उतारचढाव, भावनात्मक दुरी र सम्बन्धको उत्कर्षमा केन्द्रित छ।

मालती मङ्गलेको बलियो पक्ष मुख्य कलाकारको जीवन्त अभिनय र गहकिला संवाद हुन्। चलचित्रको केन्द्रबिन्दु नै वर्षा राउतको अभिनय हो। एउटी प्रेमिका, जिम्मेवार श्रीमती र शङ्काको घेरामा परेर आत्मसम्मानमा ठेस पुगेकी आमाको भूमिकामा उहाँले उत्कृष्ट अभिनय गर्नुभएको छ। मङ्गलेका रूपमा विजय बरालको अभिनय पनि बलियो छ। एउटा सोझो तर कुलतमा फसेको र शङ्काले ग्रस्त पतिको भूमिकालाई उहाँले न्याय गर्नुभएको छ। भाइको भूमिकामा मेक्सम गौडेलले सहज र स्वाभाविक अभिनय गरेर कथालाई गति दिनुभएको छ। अन्य कलाकार सुचित्रा उप्रेती, सुषमा निरौला, सुवर्ण थापालगायतको अभिनयलाई पनि हामीले बिर्सन हुन्न।

सकारात्मक पक्ष हुँदाहुँदै पनि चलचित्र केही ठाउँमा चुकेको छ। यसको सबैभन्दा ठुलो कमजोरी भनेकै कथाको अत्यन्तै सुस्त गति हो । कतिपय अवस्थामा कथा पर्दामा घिस्रिएको वा बामे सरेको जस्तो महसुस हुन्छ। निर्देशक प्रकु पाण्डेमा मङ्गलेको लोकप्रियताले मात्रै चलचित्र बिकाउन सक्छ भन्ने भ्रम देखिन्छ। चरित्रको सन्तुलन मिलाउन उहाँ धेरै ठाउँमा चुक्नुभएको छ । मालती मङ्गलेले मनोरञ्जन मात्र दिँदैन, वैवाहिक जीवनमा आपसी विश्वास र विचार आदानप्रदानको कति ठुलो महत्त्व हुन्छ भन्ने कुरालाई दर्साउँछ। गति अलि सुस्त भए पनि कलाकारको सशक्त अभिनय र संवेगात्मक कथाका कारण चलचित्र एक पटक हेर्नलायक बनेको छ।

आजको राशिफल

डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम् ।

मेष — अध्ययनमा रुचि रहने छ। नयाँ कार्य प्राप्तिका साथै वैदेशिक क्षेत्रबाट लाभ रहने छ।

वृष — भौतिक सुख मिल्ने छ। कान्ति वृद्धिका साथै अध्यापनमा सफलता मिल्ने छ।

मिथुन — सिर्जनात्मक कार्यमा प्रवृत्ति बढ्ने छ। मित्र सुखका साथै यात्राका योग देखिन्छन्।

कर्कट — कार्यक्षेत्र सङ्घर्षदायी रहने छ। व्ययमा वृद्धिका साथै आलस्य बढ्न सक्ने देखिन्छ।

सिंह — द्रव्य लाभ हुने छ। कान्ति वृद्धिका साथै अध्ययनमा रुचि बढ्ने छ।

कन्या — प्राविधिक क्षेत्रमा रुचि बढ्ने छ। कार्यलाभका साथै मित्र सुखका योग देखिन्छन्।

तुला — पारिवारिक सुख मिल्ने छ। कलात्मक पक्ष सुखद रहनुका साथै व्यवसायमा वृद्धि हुने छ।

वृश्चिक — स्वास्थ्यको भाव मध्यम देखिन्छ। खर्च वृद्धिका साथै मित्र भय रहन सक्ने छ।

धनु — आर्थिक लाभ हुने छ। बौद्धिक कार्यमा रुचि रहनुका साथै यात्राका योग देखिन्छन्।

मकर — प्रेमपक्ष सुमधुर रहने छ। कान्ति वृद्धिका साथै यात्राका योग देखिन्छन्।

कुम्भ — बौद्धिक कार्यमा रुचि रहने छ। मित्र सुखका साथै जलीय वस्तुबाट लाभ रहने छ।

मीन — विद्याको भाव मध्यम देखिन्छ। शत्रु हानिका साथै कार्यक्षेत्र परिश्रमयुक्त रहन सक्ने देखिन्छ।

नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८३ साल जेठ ६ गते (मे २०, २०२६) बुधबारको विनिमय दर

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपियाँ	१०० को	रु १६०।००	रु १६०।१५

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
अमेरिकी डलर	१ को रु.	१५४।१६	१५४।७६
युरो	१ को रु.	१७९।१२	१७९।८२
पाउन्ड स्टर्लिङ	१ को रु.	२०६।६६	२०७।४६
स्विस फ्रैङ्क	१ को रु.	१९५।८२	१९६।५८
अस्ट्रेलियन डलर	१ को रु.	१०९।७४	११०।१७
क्यानेडियन डलर	१ को रु.	११२।१४	११२।५७
सिङ्गापुर डलर	१ को रु.	१२०।३३	१२०।८०
जापानी येन	१० को रु.	९।६९	९।७३
चिनियाँ युआन	१ को रु.	२२।६५	२२।७४
साउदी अरब रियाल	१ को रु.	४१।०८	४१।२४
कतारी रियाल	१ को रु.	४२।२९	४२।४६
थाई भाट	१ को रु.	४।७२	४।७४
संयुक्त अरब इमिरेट दिराम	१ को रु.	४१।९७	४२।१४
मलेसियन रिङ्गिट	१ को रु.	३८।७६	३८।९१
दक्षिण कोरियन वन	१०० को रु.	१०।२१	१०।२५
स्विडिस क्रोनर	१ को रु.	१६।४१	१६।४८
डेनिस क्रोनर	१ को रु.	२३।९७	२४।०६
हङ्कङ डलर	१ को रु.	१९।६८	१९।७६
कुवेती दिनार	१ को रु.	५०२।४८	५०४।४३
बहराइन दिनार	१ को रु.	४०८।८०	४१०।४०
ओमानी रियाल	१ को रु.	४००।४१	४०१।९७

नोट: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

सम्पदा संरक्षण गर्न सङ्ग्रहालयकर्मीलाई तालिम जरुरी

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

सङ्ग्रहालयको दिगो विकास, संरक्षणका लागि स्थानीय समुदायसँगको सहकार्य र विपत् पर्दा सम्पदाको संरक्षण/व्यवस्थापन गर्न सङ्ग्रहालयकर्मीलाई तालिम दिनुपर्ने आवश्यकता औँल्याइएको छ। हनुमाढोका दरबार सङ्ग्रहालयले इन्टरनेसनल काउन्सिल अफ म्युजियमसँगको सहकार्यमा मङ्गलबार राजधानीमा आयोजित कार्यक्रममा सहभागी सङ्ग्रहालयकर्मीले आफ्ना अनुभव सुनाउँदै सो कुरा बताएका हुन्।

इन्टरनेसनल काउन्सिल अफ म्युजियम नेपालका सदस्य डा. पशुपति न्यौपानेले विश्वभर नै मानिस जात, धर्म, वर्ग, क्षेत्र, आर्थिक, सामाजिकलगायत विविध कारणले बाँडिरहेको, विभेद भइरहेको अवस्थामा सङ्ग्रहालयले सबैलाई एकै सूत्रमा बाँध्न प्रेरणा दिने भएकाले सङ्ग्रहालयको महत्त्व अनन्तकालसम्म जारी रहने विचार व्यक्त गर्नुभयो।

अन्तर्राष्ट्रिय सङ्ग्रहालय दिवसका सन्दर्भमा आयोजित कार्यक्रममा हनुमानढोका दरबार सङ्ग्रहालयका प्रमुख काजीमान प्याकुरेलले हनुमानढोका दरबार सङ्ग्रहालयमा विनाशकारी भूकम्पबाट क्षति पुगेका संरचनाबाट सम्पदा निकालेर संरक्षण गर्न स्थानीय अभियन्ताको सहयोगले सम्भव भएको बताउनुभयो।

उहाँले हनुमानढोका दरबार र त्यस क्षेत्रवरपरका धार्मिक मठमन्दिरदेखि काष्ठमण्डपलगायतका संरचना १५ औँ शताब्दीदेखि खुला सङ्ग्रहालयका रूपमा चर्चित भएको स्मरण गर्दै २०३३ सालदेखि सञ्चालनमा रहेका हनुमानढोका दरबार सङ्ग्रहालयमा अझै प्रदर्शनीमा राख्न बाँकी धेरै सम्पदा भण्डारमा थन्किएर रहेको बताउनुभयो।

राष्ट्रिय सङ्ग्रहालयका प्रमुख अरुणा नकर्मीले विनाशकारी भूकम्प, जेनजी आन्दोलन हुँदा पनि स्थानीयको सहयोगले सङ्ग्रहालयका मूर्त/अमूर्त सम्पदा जोगाउन सहयोग मिलेको बताउँदै कोरोना महामारीपछि राष्ट्रिय सङ्ग्रहालयले 'भर्चुअल टुर' को व्यवस्थापन गरेको बताउनुभयो। प्राकृतिक विज्ञान सङ्ग्रहालयका प्रमुख विमला शाक्यले अन्य सङ्ग्रहालयभन्दा भिन्न वनस्पति र प्राणीको अवशेषलगायतका सामग्रीको सङ्कलन, प्रदर्शन गरिने प्राकृतिक विज्ञान सङ्ग्रहालयको छुट्टै महत्त्व रहेको बताउनुभयो। उहाँले यस सङ्ग्रहालयमा दक्ष जनशक्तिको अभाव हुने चुनौती पनि रहेको बताउनुभयो। थारू सङ्ग्रहालय दाङका व्यवस्थापक शान्ता चौधरीले समुदायसँग सहकार्य गरेर व्यवस्थापन गरिएको यस सङ्ग्रहालयले नेपालका सबै जिल्लामा रहेका थारू समुदायको मौलिक कला, परम्परा, संस्कृतिमा प्रयोग गरिने सामग्री, नृत्य, खानाका परिकारलगायत विविध मौलिक पक्षको जगेर्ना गर्न सफल भएको बताउनुभयो।

त्यसै गरी अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयका कार्यकारी निर्देशक निर्मलाकुमारी न्यौपानेले हिमालका कारण पनि नेपाललाई विश्वलाई चिनेको र पर्वतारोहणमा प्रयोग हुने सामग्री, कीर्तिमानी हिमाल आरोहीको जीवनीलगायत पर्वतारोहण क्षेत्रको समग्र जानकारी पस्कने सङ्ग्रहालयले आन्तरिक बाह्य पर्यटकको आकर्षणको केन्द्र रहेको बताउनुभयो। सो अवसरमा तारागाउँ नेक्स्टका निर्देशक रोशन मिश्रले जेनजी आन्दोलनमा हायात होटेलमा आगजनी गर्दा सो होटेलको चौथो तलामा रहेको तारागाउँ नेक्स्ट म्युजियममा राखिएका सम्पदा खराब अवस्थामा पुगेको जानकारी दिनुभयो। उहाँले सम्पदा, संस्कृतिको जगेर्ना गर्ने स्थानको सुरक्षाका लागि राज्यले राम्रो एकीकृत नीति बनाउनुपर्नेमा जोड दिनुभयो।

गोरखापत्र संस्थानका लागि निमित्त प्रमुख **उमेशकुमार ओझा**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. ०९/०८१/०८२। प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१-५३२२९२१, रिपोर्टिङ : ०१-५३४४४२९, डेस्क : ०१-५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१-५३२७४९३, ०१-५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१-५३२०६३८, टोल फ्री नं. १६६०-०१-९४४४४

राष्ट्रको गौरव

गोरखापत्र

वर्ष १२६

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com

विराटनगर संस्करण | अर्थबजार | लगानी प्रतिबद्धता उच्च | शङ्काले उब्जाएको द्वन्द्व २४

वर्ष १२६ | अङ्क १४ | २०८३ साल जेठ ६ गते बुधवार | अधिक मास ज्येष्ठ शुक्ल चतुर्थी | नेपाल संवत् ११४६ अनलाथ्व ४ | 2026 May 20 Wednesday | पृष्ठ : १२+४+४+४ | मूल्य : दस रुपियाँ

प्रधान न्यायाधीशमा डा. शर्मा

तस्बिर : सागर बस्नेत

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष मङ्गलबार पद तथा गोपनीयताको शपथग्रहण गर्नुहुँदै नवनियुक्त प्रधान न्यायाधीश डा. मनोजकुमार शर्मा । राष्ट्रपति भवन शीतलनिवासमा आयोजित शपथग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, सभामुख डोलप्रसाद अर्याल र राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाललगायत उपस्थित हुनुहुन्थ्यो ।

अदालतहरूको अधिकारक्षेत्र पुनरवलोकन, विशिष्टीकृत अदालतको संरचना परिवर्तनलगायतमा सुझाव दिन एक महिनाभित्र उच्चस्तरीय अध्ययन समिति गठनको प्रतिबद्धता ।

नारायण काफ्ले
काठमाडौँ, जेठ ५ गते

सर्वोच्च अदालतका न्यायाधीश डा. मनोजकुमार शर्मा ३३ औँ प्रधान न्यायाधीशमा नियुक्त हुनुभएको छ। संसदीय सुनुवाइ समितिबाट नाम अनुमोदन भएसँगै राष्ट्रपति रामचन्द्र पौडेलले शर्मालाई प्रधान न्यायाधीशमा नियुक्त गर्नुभएको हो। संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट प्रधान न्यायाधीश नियुक्तिको व्यवस्था छ । अनुमोदनलगत्तै शर्माको नियुक्ति भएको हो। उहाँले मङ्गलबार नै पद तथा गोपनीयताको शपथ लिई पदभार समाल्नुभएको छ।

सर्वोच्चमा कार्यरत न्यायाधीशमध्ये रोलक्रमको चौथो नम्बरमा रहनुभएका शर्मालाई संवैधानिक परिषद्को बैठकले वैशाख २४ गते प्रधान न्यायाधीशमा सिफारिस गरेको थियो । वरिष्ठतामा न्यायाधीश शर्माभन्दा अगाडि तीन जना हुनुहुन्थ्यो । कायममुकायम प्रधान न्यायाधीश सपना प्रधान मल्ल, वरिष्ठतम न्यायाधीश कुमार रेग्मी र हरिप्रसाद फुयाँल शर्माभन्दा अघि हुनुहुन्थ्यो । वरिष्ठताक्रम पालना नभएकोमा प्रमुख प्रतिपक्ष दलका नेता र राष्ट्रिय सभा अध्यक्षले निर्णयमा फरक मत लेख्नुभएको थियो । प्रधान न्यायाधीशका रूपमा संविधानले तोकेको छ वर्षको कार्यावधि शर्मासँग छ । पदको अधिकतम समय पूरा गरेर शर्मा अवकाश हुनुहुने छ। हालसम्मका अधिकांश प्रधान न्यायाधीश ६५ वर्से उमेर हदका कारण अवकाश पाउँदै आएका छन्।

२०२७ असार ४ गते पर्सामा जन्मिनुभएका शर्माले प्रधान न्यायाधीशमा छबर्से कार्यकाल पूरा गरेर २०८९ जेठ ४ गते अवकाश पाउनुहुने छ । शर्मा २०७६ वैशाख ६ गते सर्वोच्चको न्यायाधीश नियुक्त हुनुभएको थियो । २०७० जेठ २७ मा तत्कालीन पुनरावेदन अदालतमा अतिरिक्त न्यायाधीशमा नियुक्त भई शर्माले २०७२ मङ्सिर २६ गतेसम्म काम गर्नुभएको थियो। २०७२ असोज ३ गते जारी नेपालको संविधान र त्यसपछि तर्जुमा कानुनले समेत अतिरिक्त न्यायाधीशको पद बचाऊ नगरेपछि शर्मा अतिरिक्तबाटै बिदा हुनुभएको थियो।

संवैधानिक एवम् कानुन सुधारको प्रतिबद्धता

संसदीय सुनुवाइका क्रममा शर्माले सर्वोच्च अदालतमा मुद्दाको कार्यबोझ घटाउन संवैधानिक एवम् कानुन सुधारका लागि सरोकारवालासँग समन्वय गर्ने बताउनुभएको छ। यस्तै अदालतहरूको क्षेत्राधिकार पुनरवलोकनमा पनि उहाँको प्रतिबद्धता छ । अदालतहरूको अधिकारक्षेत्र पुनरवलोकन, विशिष्टीकृत अदालतको संरचना परिवर्तनलगायतमा सुझाव दिन एक महिनाभित्र उच्चस्तरीय अध्ययन समिति गठनको प्रतिबद्धता उहाँले जनाउनुभएको छ । न्यायाधीशहरूलाई प्रशासनिक तथा व्यवस्थापकीय समितिमा नराख्ने गरी सर्वोच्च अदालतको नियमावली संशोधन

» बाँकी पृष्ठ २ मा

'पर्साका लागि गौरवको विषय'

कन्हैयालाल केशरी
पर्सा, जेठ ५ गते

प्रधान न्यायाधीशमा डा. मनोजकुमार शर्मा नियुक्त हुनुभएपछि गृहजिल्ला पर्साका बासिन्दाले प्रसन्नता प्रकट गरेका छन् । वीरगन्ज महानगरपालिका वडा नम्बर ११, ओम आश्रममा २०२७ असार ४ गते जन्मिनुभएका शर्मा प्रधान न्यायाधीश नियुक्त हुनु हुने पहिलो पर्सावासी हुनुहुन्छ।

प्रधान न्यायाधीश शर्माका सहपाठी तथा प्रशासकीय अदालतका सदस्य नवलकिशोर यादवले विद्यालय र प्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययनमा शर्मा र आफू सहपाठी रहेको बताउनुभयो । नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा कक्षा ७ सम्म अध्ययन गर्नुभएका शर्मा त्रिजुद्ध माध्यमिक विद्यालयमा कक्षा ८ देखि १० सम्म अध्ययन गर्नुभएको थियो । वीरगन्जस्थित हरिखेतान बहुमुखी क्याम्पसबाट उहाँले आइएल गर्नुभएको थियो। त्यसपछि शर्मा उच्च अध्ययनका लागि काठमाडौँ जानुभएको थियो। कानुन अध्ययनमा विशेष रुचि राख्नुहुने शर्मा अत्यन्त मिलनसार र सरल व्यक्ति रहनुभएको सहपाठी यादवले बताउनुभयो।

वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले प्रधान न्यायाधीशमा शर्मा नियुक्त हुनु वीरगन्ज महानगरसँगै पर्सा जिल्लाका लागि नै गौरवको विषय रहेको बताउनुभयो । हरिखेतान बहुमुखी क्याम्पसका तत्कालीन प्राध्यापक एवं वरिष्ठ अधिवक्ता दीपकराज भण्डारीले आफूले पढाएको विद्यार्थी शर्मा प्रधान न्यायाधीश हुँदा अत्यन्त खुसी लागेको बताउनुभयो।

हरिखेतान बहुमुखी क्याम्पसका सल्लाहकार प्रकाश खेतानले क्याम्पसका पूर्वविद्यार्थी शर्मा प्रधान न्यायाधीश नियुक्त हुनुभएकोमा क्याम्पसको गौरव बढेको उल्लेख गर्नुभयो । "शर्माको अध्ययनशीलता, मेहनत र समर्पणको परिणाम हो, अन्य विद्यार्थीका लागि पनि यो प्रेरणाको कुरा हो," उहाँले भन्नुभयो।

नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर निकाल्छौँ

अर्थमन्त्री डा. स्वर्णिम वाग्ले

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी सघन निगरानी (ग्रे लिस्ट– जुरिसडिक्सन्स अन्डर इन्क्रिज्ड मोनिटरिङ) बाट बाहिर निकाल्न सबै उपाय अवलम्बन गरिने बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको समन्वयमा मङ्गलबार अर्थ मन्त्रालयमा भएको एसिया प्यासिफिक ग्रुप अफ मनी लाउन्डरिङ (एपिजी) को इन्टरनेसनल कोअपरेसन रिभ्यु ग्रुप (आइसिआरजी) को कार्ययोजनासम्बन्धी छलफलमा उहाँले उक्त कुरा स्पष्ट पार्नुभएको हो।

अर्थमन्त्रीको सचिवालयका अनुसार एपिजीका प्रतिनिधिसँगको छलफलमा अर्थमन्त्री डा. वाग्लेले सम्पूर्ण सामर्थ्य लगाएर नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर निकाल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रधानमन्त्रीको नेतृत्वमा नेपाल सरकार मुलुकमा सुशासन स्थापना गरेर विकासमा फड्को मार्न लागिपरेको उल्लेख गर्दै अर्थमन्त्री वाग्लेले जनताको जनमतको एक प्रमुख सन्देश पनि यही भएको बताउनुभयो।

"अहिलेको 'ग्रे लिस्ट' को अवस्था पछिल्ला ३० वर्षको कुशासनको प्रतिफल हो," उहाँले भन्नुभयो । नयाँ सरकार गठन भएपछि सुशासनका सवालमा भएका काम सबैले अनुभूत गर्ने किसिमको भएको उहाँले दाबी गर्नुभयो । नेपाललाई सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट' बाट बाहिर निकाल्न तत्काल र नियमित गरिनुपर्ने पहलबारे सरकारी निकायहरूले नियमित काम गरिरहेको र यसको मूल्याङ्कन पनि भइरहेको उहाँले उल्लेख गर्नुभयो। 'ग्रे लिस्ट' सूचक सम्बन्धमा नेपालको अवस्थामा पछिल्लो समीक्षा अवधि र अहिले धेरै फरक रहेको पनि उहाँले बताउनुभयो।

एपिजीका उपकार्यकारी सचिव डेभिड स्यान्ननले नेपाल 'ग्रे लिस्ट' बाट बाहिरिन पर्याप्त कार्य गर्न अझै बाँकी रहेको बताउनुभयो । छलफलमा अर्थ मन्त्रालयका साथै प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, नेपाल राष्ट्र बैङ्कलगायत निकायका अधिकारीको सहभागिता थियो।

» बाँकी पृष्ठ २ मा

मन्त्रीपरिषद् निर्णय

सुकुमवासी परिवारलाई मासिक पन्ध्र हजार

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

सरकारले उपत्यकाका जोखिमयुक्त बस्तीबाट हटाएका सुकुमवासी परिवारलाई मासिक १५ हजार रुपियाँ उपलब्ध गराउने निर्णय गरेको छ । यस्तै सरकारले काठमाडौँ उपत्यका नदीकिनारमा रहेका जोखिमयुक्त बस्ती हटाउँदा विस्थापित हुने व्यक्तिहरूको विवरण रुजु गरी प्रतिपरिवार पुनर्स्थापना खर्चबापत २५ हजार रुपियाँ एकमुष्ट रूपमा प्रदान गर्ने निर्णय गरेको हो।

प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा मङ्गलबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बसेको मन्त्रीपरिषद् बैठकले सो निर्णय गरेको हो। बैठकले परिवारमा पाँच जनासम्म सदस्य भएमा १५ हजार रुपियाँ र त्यसभन्दा बढी सदस्य भएमा थप दुई हजार रुपियाँ उपलब्ध गराउने निर्णय गरेको हो । मन्त्रीपरिषद् बैठकपछि निर्णय सार्वजनिक गर्दै शिक्षा तथा खेलकुदमन्त्री एवं सरकारका प्रवक्ता सस्मित पोखरेलले सो जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "जोखिमयुक्त बस्तीबाट हटाइएकाहरूलाई वैकल्पिक बसोबासको व्यवस्था आफैँ गर्ने प्रोत्साहित गर्न पाँच सदस्यीय परिवारलाई प्रतिपरिवार राहत रकम १५ हजार रुपियाँ (प्रतिमहिना) र सोभन्दा बढी सदस्यका लागि प्रतिसदस्य थप दुई हजार रुपियाँ प्रतिमहिनाका दरले हाललाई तीन महिनाका लागि बसोबास व्यवस्थापन खर्च उपलब्ध गराउने निर्णय गरिएको हो।"

त्यसै गरी बैठकले वृद्ध, अशक्त, असहाय तथा आफ्नो व्यवस्था गर्न नसक्ने व्यक्ति तथा परिवारलाई तोकिएको 'होल्डिङ सेन्टर' मा व्यवस्था गर्ने, बालबालिका तथा विद्यार्थीको पठनपाठन तथा विद्यालय र स्वास्थ्य सेवा सुविधाहरूको सुनिश्चितता स्थानीय तहको समन्वय तथा सहकार्यमा गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो।

अनुदान स्वीकार

मन्त्रीपरिषद् बैठकले अरनिको राजमार्गको मर्मत सुधार गर्न चीन सरकारले प्रदान गर्ने ७९.३६ मिलियन आरएमबी अनुदान स्वीकार गर्ने निर्णय गरेको सरकारका प्रवक्ता पोखरेलले जानकारी दिनुभयो।

» बाँकी पृष्ठ २ मा

अग्रलेख

नीति सुधारका मुद्दा

नीतिले छलाङवादी सोच (ग्याडिकल सिफ्ट) भन्दा क्रमिक सुधारलाई ध्यान दिइराख्नु पर्छ । गर्न सकिने, सामाजिक मूल्य संस्कृतिले स्विकार्ने, प्रणालीको क्षमताले धान्ने कुरा नै नीतिमा रहनु पर्छ। एकैचोटि ठुला र अस्वाभाविक कुरा नीतिमार्फत घोषणा गरिनु हुँदैन।

● **गोपीनाथ मैनाली**

» विचार पृष्ठ ४

रुसका राष्ट्रपति पुटिन बेइजिङमा

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

» अन्तर्राष्ट्रिय

रुसका राष्ट्रपति भ्लादिमिर पुटिन दुई दिवसीय भ्रमणमा चीनको राजधानी बेइजिङ आउनुभएको छ। मङ्गलबार बेइजिङ आउनुभएका राष्ट्रपति पुटिन र चीनका राष्ट्रपति सी चिनफिङबिच बुधबार बिहान शिखरवार्ता हुने कार्यक्रम रहेको चिनियाँ समाचार समिति सिन्ह्वाले जनाएको छ।

रुसको राष्ट्रपति कार्यालय क्रेमलिनका अनुसार दुवै नेताले रुस–चीन रणनीतिक साझेदारीलाई अझ सुदृढ बनाउने, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मुद्दामा समन्वय बढाउने र बदलिँदो विश्व व्यवस्थामा साझा धारणा निर्माण गर्ने विषयमा विस्तृत छलफल गर्ने कार्यक्रम छ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमण सकिएलगत्तै राष्ट्रपति पुटिन बेइजिङ पुगेपछि विश्व राजनीति फेरि चीन–रुस धुरीतर्फ केन्द्रित भएको छ । युक्रेन युद्ध, ऊर्जा राजनीति, अमेरिका–चीन सम्बन्ध र पश्चिम एसियाको तनावबिच दुई शीर्ष नेताबिच हुन लागेको शिखरवार्तालाई विश्व शक्ति सन्तुलनसँग जोडेर हेरिएको छ।

यो भ्रमण विशेष अर्थमा महत्त्वपूर्ण मानिएको छ किनभने ट्रम्पले झन्डै एक दशकपछि चीन भ्रमण गर्ने पहिलो अमेरिकी राष्ट्रपतिका रूपमा बेइजिङ पुगेर अमेरिका–चीन सम्बन्धलाई स्थिर बनाउने प्रयास गर्नुभएको थियो।

सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि पश्चिमा मुलुकहरूले मस्कोलाई कूटनीतिक र आर्थिक रूपमा अलग्याउने प्रयास गरेका थिए। त्यसयता रुस चीनमा अझ निर्भर बन्दै गएको छ। विशेष गरी चिनियाँ बजार अहिले रुसी तेलको प्रमुख गन्तव्य बनेको छ भने पश्चिमी प्रतिबन्धका कारण मस्कोले आर्थिक सहाराका लागि बेइजिङमाथि निर्भरता बढाएको छ।

भ्रमणअघि नै दुवै नेताले आफ्नो रणनीतिक साझेदारीको ३० वर्ष पूरा भएको अवसरमा शुभकामना सन्देश आदानप्रदान गरेर सम्बन्धको घनिष्ठता प्रदर्शन गर्नुभएको थियो। चिनियाँ सरकारी सञ्चार माध्यमका अनुसार राष्ट्रपति सीले रुस–चीन सहकार्य निरन्तर गहिरिँदै गएको उल्लेख गर्नुभएको थियो।

त्यसै गरी पुटिनले चिनियाँ जनताका नाममा जारी गर्नुभएको भिडियो सन्देशमा रुस–चीन सम्बन्ध 'अभूतपूर्व उचाइमा' पुगेको बताउनुभयो। उहाँले दुई देशबिचको व्यापार तीव्र रूपमा बढिरहेको उल्लेख गर्दै दुवै राष्ट्रले कसैका विरुद्धमा गठबन्धन नगरी विश्वशान्ति र साझा समृद्धिका पक्षमा काम गरिरहेको दाबी गर्नुभयो।

» बाँकी पृष्ठ २ मा

थाकेको शरीर, नथाकेको सपना

कमल शर्मा
दैलेख, जेठ ५ गते

बिहानको घाम डाँडामाथि उक्लिँदै गर्दा दैलेखको नारायण नगरपालिका–४ को धुलाम्मे सडकमा एउटा शरीर बिस्तारै अगाडि बढिरहेको देखिन्छ । पाइला होइन, दुई हातको सहारामा ५० वर्षीय हस्तबहादुर कठायतले आफ्नो शरीर घिसार्दै विद्यालयतर्फ अगाडि बढाउनुहुन्छ। जन्मजात शारीरिक अपाङ्गता भएका उहाँलाई घरदेखि विद्यालयसम्मको करिब एक किलोमिटर दुरी पार गर्न दुई घण्टा लाग्छ। बर्सातमा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने बाटोले उहाँको शरीरलाई थकाइदिन्छ, तर उहाँ आफ्नो जिम्मेवारी पूरा गर्न थाकेको महसुस नै गर्नुहुन्न।

उमेर ढल्कँदै जाँदा शरीर कमजोर बन्दै गएको उहाँले बताउनुभयो । "हातले टेकेर बिहान दुई घण्टा र बेलुका दुई घण्टा हिँड्दा हात नै सुन्निएका हुन्छन्," उहाँले भन्नुभयो, "उमेर बिस्तारै ढल्कँदै जाँदा शरीर पनि कमजोर हुने रहेछ।" विद्यालयदेखि उहाँको घरसम्म सडक पुगिसकेको छ । तर त्यो सडकमा उहाँका लागि गुड्ने साधन छैन। आर्थिक अभावका कारण चारपाङ्ग्रे स्कुटर किन्ने अवस्था उहाँको छैन। "आधा सहयोग कसैले गरिदिएको भए म आफैँ पनि थपेर स्कुटर किन्थेँ," उहाँको आशा मिसिएको आवाजमा भन्नुभयो, "हामीलाई कसले सहयोग गर्ला र ?"

शारीरिक कठिनाइबिच पनि उहाँले कक्षा १२ सम्म अध्ययन गर्नुभएको छ । गाउँमा विद्यालय नहुँदा धेरै बालबालिका टाढा जान नसकेर पढाइबाट वञ्चित भइरहेका थिए। त्यो दृश्यले उहाँलाई भित्रैदेखि पोल्थ्यो । त्यसपछि उहाँले गाउँमा विद्यालय स्थापना गर्न अभियान सुरु गर्नुभयो। गाउँका बालबालिकालाई जम्मा गरेर आफ्नै पहलमा पढाउन थाल्नुभयो । न तलब थियो, न सरकारी सहयोग । तर शिक्षाप्रतिको भरोसा थियो। लगातार दुई वर्षसम्म उहाँले ८२ जना बालबालिकालाई निःशुल्क पढाउनुभयो। एक्लै सबै विद्यार्थी समालेर पढाउने उहाँको प्रयास गाउँका लागि शिक्षाको पहिलो उज्यालो बन्यो।

उहाँको योगदानपछि शिक्षा विकास तथा समन्वय एकाइले उहाँलाई कार्यालय सहयोगी पदमा नियुक्ति दियो। अहिले उहाँ जनकल्याण प्राथामिक विद्यालयमा कार्यालय सहयोगीका रूपमा कार्यरत हुनुहुन्छ। उहाँकै सङ्घर्ष र पहलबाट स्थापना भएको विद्यालयमा अहिले कक्षा ४ सम्म पढाइ सञ्चालन भइरहेको छ। विद्यालयमा उहाँको जिम्मेवारी केवल कार्यालय सहयोगीको मात्र छैन, उहाँ बालबालिकाका लागि दैनिक खाजा–नास्तासमेत पकाउने काम गर्नुहुन्छ । शारीरिक कठिनाइका बावजुद सकेसम्म उहाँ सबै काम आफैँ गर्ने प्रयास गर्नुहुन्छ।

हस्तबहादुर कठायतको जीवनमा पीडा थपिँदै गयो । १२ वर्षअघि बुवाको निधन भयो । आमाले पनि संसार छाडेको आठ वर्ष भयो । आमाबुवाको मृत्यु भएपछि जीवन झन् समस्यामा पऱ्यो । उहाँले भन्नुभयो, "आमाको साथ हुँदा जीवन केही सहज लाग्थ्यो। अहिले भाइबुहारी अलग्गै बस्छन्। धेरैजसो काकाको छोराको घरमा बस्छु। पानी परेन भने घर पनि जान्छु। उमेर हुँदा आफू शारीरिक रूपमा कमजोर छु भनेर विवाहको कुरा गरिनँ।"

दिनभर विद्यालयको काम सकेर साँझ घर फर्किंदा उहाँका हात फेरि सुन्निएका हुन्छन् । शरीर थाकेको हुन्छ । तर भोलिपल्ट फेरि उही बाटो समाल्नुहुन्छ किनकि उहाँका लागि विद्यालय केवल जागिर गर्ने ठाउँ मात्र नभई जीवनको उद्देश्य हो।

विद्यालयका प्रधानाध्यापक महेन्द्रकुमार शर्माले विद्यालयका कार्यालय सहयोगी कठायतको अभियानले गाउँमा विद्यालय स्थापना हुन सफल भएको बताउनुभयो । उहाँका अनुसार तत्कालीन समयमा बालबालिकालाई जम्मा गरेर नपढाएको भए विद्यालयनै खुल्ने थिएन । विद्यालयमा बाल विकासदेखि कक्षा ३ सम्म २३ जना विद्यार्थी अध्ययनरत छन्। अघिल्लो वर्ष कक्षा ४ मा १० जना विद्यार्थी रहेका थिए।

दैलेखको नारायण नगरपालिका–४ का हस्तबहादुर कठायत ।

घरदेखि विद्यालयसम्मको करिब एक किलोमिटर दुरी पार गर्न दुई घण्टा लाग्छ । बर्सातमा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने बाटोले उहाँको शरीरलाई थकाइदिन्छ तर उहाँ आफ्नो जिम्मेवारी पूरा गर्न थाकेको महसुस नै गर्नुहुन्न ।

राष्ट्रको गौरव

गोरखापत्र

वर्ष प्रवेश १२६

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com

कोहलपुर संस्करण | अर्थबजार | लगानी प्रतिबद्धता उच्च | शङ्काले उब्जाएको द्वन्द्व २४

वर्ष १२६ | अङ्क १४ | २०८३ साल जेठ ६ गते बुधवार | अधिक मास ज्येष्ठ शुक्ल चतुर्थी | नेपाल संवत् ११४६ अनलाथ्व ४ | 2026 May 20 Wednesday | पृष्ठ : १२+४+४+४ | मूल्य : दस रुपियाँ

मन्त्रीपरिषद् निर्णय

सुकुमवासी परिवारलाई मासिक पन्ध्र हजार

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

सरकारले उपत्यकाका जोखिमयुक्त बस्तीबाट हटाएका सुकुमवासी परिवारलाई मासिक १५ हजार रुपियाँ उपलब्ध गराउने निर्णय गरेको छ । यस्तै सरकारले काठमाडौँ उपत्यका नदीकिनारमा रहेका जोखिमयुक्त बस्ती हटाउँदा विस्थापित हुने व्यक्तिहरूको विवरण रुजु गरी प्रतिपरिवार पुनर्स्थापना खर्चबापत २५ हजार रुपियाँ एकमुष्ट रूपमा प्रदान गर्ने निर्णय गरेको हो ।

प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा मङ्गलबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बसेको मन्त्रीपरिषद् बैठकले सो निर्णय गरेको हो। बैठकले परिवारमा पाँच जनासम्म सदस्य भएमा १५ हजार रुपियाँ र त्यसभन्दा बढी सदस्य भएमा थप दुई हजार रुपियाँ उपलब्ध गराउने निर्णय गरेको हो । मन्त्रीपरिषद् बैठकपछि निर्णय सार्वजनिक गर्दै शिक्षा तथा खेलकुदमन्त्री एवं सरकारका प्रवक्ता सस्मित पोखरेलले सो जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "जोखिमयुक्त बस्तीबाट हटाइएकाहरूलाई वैकल्पिक बसोबासको व्यवस्था आफैँ गर्ने प्रोत्साहित गर्न पाँच सदस्यीय परिवारलाई प्रतिपरिवार राहत रकम १५ हजार रुपियाँ (प्रतिमहिना) र सोभन्दा बढी सदस्यका लागि प्रतिसदस्य थप दुई हजार रुपियाँ प्रतिमहिनाका दरले हाललाई तीन महिनाका लागि बसोबास व्यवस्थापन खर्च उपलब्ध गराउने निर्णय गरिएको हो।"

त्यसै गरी बैठकले वृद्ध, अशक्त, असहाय तथा आफ्नो व्यवस्था गर्न नसक्ने व्यक्ति तथा परिवारलाई तोकिएको 'होल्डिङ सेन्टर' मा व्यवस्था गर्ने, बालबालिका तथा विद्यार्थीको पठनपाठन तथा विद्यालय र स्वास्थ्य सेवा सुविधाहरूको सुनिश्चितता स्थानीय तहको समन्वय तथा सहकार्यमा गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो।

अनुदान स्वीकार

मन्त्रीपरिषद् बैठकले अरनिको राजमार्गको मर्मत सुधार गर्न चीन सरकारले प्रदान गर्ने ७९.३६ मिलियन आरएमबी अनुदान स्वीकार गर्ने निर्णय गरेको सरकारका प्रवक्ता पोखरेलले जानकारी दिनुभयो।

» बाँकी पृष्ठ २ मा

अग्रलेख

नीति सुधारका मुद्दा

नीतिले छलाङवादी सोच (ग्याडिकल सिफ्ट) भन्दा क्रमिक सुधारलाई ध्यान दिइराख्नु पर्छ । गर्न सकिने, सामाजिक मूल्य संस्कृतिले स्विकार्ने, प्रणालीको क्षमताले धान्ने कुरा नै नीतिमा रहनु पर्छ। एकैचोटि ठुला र अस्वाभाविक कुरा नीतिमार्फत घोषणा गरिनु हुँदैन।

● गोपीनाथ मैनाली

» विचार पृष्ठ ४

प्रधान न्यायाधीशमा डा. शर्मा

तस्बिर : सागर बस्नेत

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष मङ्गलबार पद तथा गोपनीयताको शपथग्रहण गर्नुहुँदै नवनियुक्त प्रधान न्यायाधीश डा. मनोजकुमार शर्मा । राष्ट्रपति भवन शीतलनिवासमा आयोजित शपथग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, सभामुख डोलप्रसाद अर्याल र राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाललगायत उपस्थित हुनुहुन्थ्यो ।

अदालतहरूको अधिकारक्षेत्र पुनरवलोकन, विशिष्टीकृत अदालतको संरचना परिवर्तनलगायतमा सुझाव दिन एक महिनाभित्र उच्चस्तरीय अध्ययन समिति गठनको प्रतिबद्धता ।

नारायण काफ्ले
काठमाडौँ, जेठ ५ गते

सर्वोच्च अदालतका न्यायाधीश डा. मनोजकुमार शर्मा ३३ औँ प्रधान न्यायाधीशमा नियुक्त हुनुभएको छ। संसदीय सुनुवाइ समितिबाट नाम अनुमोदन भएसँगै राष्ट्रपति रामचन्द्र पौडेलले शर्मालाई प्रधान न्यायाधीशमा नियुक्त गर्नुभएको हो। संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट प्रधान न्यायाधीश नियुक्तिको व्यवस्था छ । अनुमोदनलगत्तै शर्माको नियुक्ति भएको हो। उहाँले मङ्गलबार नै पद तथा गोपनीयताको शपथ लिई पदभार समाल्नुभएको छ।

सर्वोच्चमा कार्यरत न्यायाधीशमध्ये रोलक्रमको चौथो नम्बरमा रहनुभएका शर्मालाई संवैधानिक परिषद्को बैठकले वैशाख २४ गते प्रधान न्यायाधीशमा सिफारिस गरेको थियो । वरिष्ठतामा न्यायाधीश शर्माभन्दा अगाडि तीन जना हुनुहुन्थ्यो । कायममुकायम प्रधान न्यायाधीश सपना प्रधान मल्ल, वरिष्ठतम न्यायाधीश कुमार रेग्मी र हरिप्रसाद फुयाँल शर्माभन्दा अघि हुनुहुन्थ्यो । वरिष्ठताक्रम पालना नभएकोमा प्रमुख प्रतिपक्ष दलका नेता र राष्ट्रिय सभा अध्यक्षले निर्णयमा फरक मत लेख्नुभएको थियो । प्रधान न्यायाधीशका रूपमा संविधानले तोकेको छ वर्षको कार्यावधि शर्मासँग छ । पदको अधिकतम समय पूरा गरेर शर्मा अवकाश हुनुहुने छ। हालसम्मका अधिकांश प्रधान न्यायाधीश ६५ वर्से उमेर हदका कारण अवकाश पाउँदै आएका छन्।

२०२७ असार ४ गते पर्सामा जन्मिनुभएका शर्माले प्रधान न्यायाधीशमा छबर्से कार्यकाल पूरा गरेर २०८९ जेठ ४ गते अवकाश पाउनुहुने छ । शर्मा २०७६ वैशाख ६ गते सर्वोच्चको न्यायाधीश नियुक्त हुनुभएको थियो । २०७० जेठ २७ मा तत्कालीन पुनरावेदन अदालतमा अतिरिक्त न्यायाधीशमा नियुक्त भई शर्माले २०७२ मङ्सिर २६ गतेसम्म काम गर्नुभएको थियो। २०७२ असोज ३ गते जारी नेपालको संविधान र त्यसपछि तर्जुमा कानुनले समेत अतिरिक्त न्यायाधीशको पद बचाऊ नगरेपछि शर्मा अतिरिक्तबाटै बिदा हुनुभएको थियो।

संवैधानिक एवम् कानुन सुधारको प्रतिबद्धता

संसदीय सुनुवाइका क्रममा शर्माले सर्वोच्च अदालतमा मुद्दाको कार्यबोझ घटाउन संवैधानिक एवम् कानुन सुधारका लागि सरोकारवालासँग समन्वय गर्ने बताउनुभएको छ। यस्तै अदालतहरूको क्षेत्राधिकार पुनरवलोकनमा पनि उहाँको प्रतिबद्धता छ । अदालतहरूको अधिकारक्षेत्र पुनरवलोकन, विशिष्टीकृत अदालतको संरचना परिवर्तनलगायतमा सुझाव दिन एक महिनाभित्र उच्चस्तरीय अध्ययन समिति गठनको प्रतिबद्धता उहाँले जनाउनुभएको छ । न्यायाधीशहरूलाई प्रशासनिक तथा व्यवस्थापकीय समितिमा नराख्ने गरी सर्वोच्च अदालतको नियमावली संशोधन

» बाँकी पृष्ठ २ मा

'पर्साका लागि गौरवको विषय'

कन्हैयालाल केशरी
पर्सा, जेठ ५ गते

प्रधान न्यायाधीशमा डा. मनोजकुमार शर्मा नियुक्त हुनुभएपछि गृहजिल्ला पर्साका बासिन्दाले प्रसन्नता प्रकट गरेका छन् । वीरगन्ज महानगरपालिका वडा नम्बर ११, ओम आश्रममा २०२७ असार ४ गते जन्मिनुभएका शर्मा प्रधान न्यायाधीश नियुक्त हुनु हुने पहिलो पर्सावासी हुनुहुन्छ।

प्रधान न्यायाधीश शर्माका सहपाठी तथा प्रशासकीय अदालतका सदस्य नवलकिशोर यादवले विद्यालय र प्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययनमा शर्मा र आफू सहपाठी रहेको बताउनुभयो । नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा कक्षा ७ सम्म अध्ययन गर्नुभएका शर्मा त्रिजुद्ध माध्यमिक विद्यालयमा कक्षा ८ देखि १० सम्म अध्ययन गर्नुभएको थियो । वीरगन्जस्थित हरिखेतान बहुमुखी क्याम्पसबाट उहाँले आइएल गर्नुभएको थियो। त्यसपछि शर्मा उच्च अध्ययनका लागि काठमाडौँ जानुभएको थियो। कानुन अध्ययनमा विशेष रुचि राख्नुहुने शर्मा अत्यन्त मिलनसार र सरल व्यक्ति रहनुभएको सहपाठी यादवले बताउनुभयो।

वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले प्रधान न्यायाधीशमा शर्मा नियुक्त हुनु वीरगन्ज महानगरसँगै पर्सा जिल्लाका लागि नै गौरवको विषय रहेको बताउनुभयो । हरिखेतान बहुमुखी क्याम्पसका तत्कालीन प्राध्यापक एवं वरिष्ठ अधिवक्ता दीपकराज भण्डारीले आफूले पढाएको विद्यार्थी शर्मा प्रधान न्यायाधीश हुँदा अत्यन्त खुसी लागेको बताउनुभयो।

हरिखेतान बहुमुखी क्याम्पसका सल्लाहकार प्रकाश खेतानले क्याम्पसका पूर्वविद्यार्थी शर्मा प्रधान न्यायाधीश नियुक्त हुनुभएकोमा क्याम्पसको गौरव बढेको उल्लेख गर्नुभयो । "शर्माको अध्ययनशीलता, मेहनत र समर्पणको परिणाम हो, अन्य विद्यार्थीका लागि पनि यो प्रेरणाको कुरा हो," उहाँले भन्नुभयो।

नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर निकाल्छौँ

अर्थमन्त्री डा. स्वर्णिम वाग्ले

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी सघन निगरानी (ग्रे लिस्ट– जुरिसडिक्सन्स अन्डर इन्क्रिज्ड मोनिटरिङ) बाट बाहिर निकाल्न सबै उपाय अवलम्बन गरिने बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको समन्वयमा मङ्गलबार अर्थ मन्त्रालयमा भएको एसिया प्यासिफिक ग्रुप अफ मनी लाउन्डरिङ (एपिजी) को इन्टरनेसनल कोअपरेसन रिभ्यु ग्रुप (आइसिआरजी) को कार्ययोजनासम्बन्धी छलफलमा उहाँले उक्त कुरा स्पष्ट पार्नुभएको हो।

अर्थमन्त्रीको सचिवालयका अनुसार एपिजीका प्रतिनिधिसँगको छलफलमा अर्थमन्त्री डा. वाग्लेले सम्पूर्ण सामर्थ्य लगाएर नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर निकाल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रधानमन्त्रीको नेतृत्वमा नेपाल सरकार मुलुकमा सुशासन स्थापना गरेर विकासमा फड्को मार्न लागिपरेको उल्लेख गर्दै अर्थमन्त्री वाग्लेले जनताको जनमतको एक प्रमुख सन्देश पनि यही भएको बताउनुभयो।

"अहिलेको 'ग्रे लिस्ट' को अवस्था पछिल्ला ३० वर्षको कुशासनको प्रतिफल हो," उहाँले भन्नुभयो । नयाँ सरकार गठन भएपछि सुशासनका सवालमा भएका काम सबैले अनुभूत गर्ने किसिमको भएको उहाँले दाबी गर्नुभयो । नेपाललाई सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट' बाट बाहिर निकाल्न तत्काल र नियमित गरिनुपर्ने पहलबारे सरकारी निकायहरूले नियमित काम गरिरहेको र यसको मूल्याङ्कन पनि भइरहेको उहाँले उल्लेख गर्नुभयो। 'ग्रे लिस्ट' सूचक सम्बन्धमा नेपालको अवस्थामा पछिल्लो समीक्षा अवधि र अहिले धेरै फरक रहेको पनि उहाँले बताउनुभयो।

एपिजीका उपकार्यकारी सचिव डेभिड स्यान्ननले नेपाल 'ग्रे लिस्ट' बाट बाहिरिन पर्याप्त कार्य गर्न अझै बाँकी रहेको बताउनुभयो । छलफलमा अर्थ मन्त्रालयका साथै प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, नेपाल राष्ट्र बैङ्कलगायत निकायका अधिकारीको सहभागिता थियो।

» बाँकी पृष्ठ २ मा

रुसका राष्ट्रपति पुटिन बेइजिङमा

गोरखापत्र समाचारदाता
काठमाडौँ, जेठ ५ गते

» अन्तर्राष्ट्रिय

रुसका राष्ट्रपति भ्लादिमिर पुटिन दुई दिवसीय भ्रमणमा चीनको राजधानी बेइजिङ आउनुभएको छ। मङ्गलबार बेइजिङ आउनुभएका राष्ट्रपति पुटिन र चीनका राष्ट्रपति सी चिनफिङबिच बुधबार बिहान शिखरवार्ता हुने कार्यक्रम रहेको चिनियाँ समाचार समिति सिन्ह्वाले जनाएको छ।

रुसको राष्ट्रपति कार्यालय क्रेमलिनका अनुसार दुवै नेताले रुस–चीन रणनीतिक साझेदारीलाई अझ सुदृढ बनाउने, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मुद्दामा समन्वय बढाउने र बदलिँदो विश्व व्यवस्थामा साझा धारणा निर्माण गर्ने विषयमा विस्तृत छलफल गर्ने कार्यक्रम छ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमण सकिएलगत्तै राष्ट्रपति पुटिन बेइजिङ पुगेपछि विश्व राजनीति फेरि चीन–रुस धुरीतर्फ केन्द्रित भएको छ । युक्रेन युद्ध, ऊर्जा राजनीति, अमेरिका–चीन सम्बन्ध र पश्चिम एसियाको तनावबिच दुई शीर्ष नेताबिच हुन लागेको शिखरवार्तालाई विश्व शक्ति सन्तुलनसँग जोडेर हेरिएको छ।

यो भ्रमण विशेष अर्थमा महत्त्वपूर्ण मानिएको छ किनभने ट्रम्पले झन्डै एक दशकपछि चीन भ्रमण गर्ने पहिलो अमेरिकी राष्ट्रपतिका रूपमा बेइजिङ पुगेर अमेरिका–चीन सम्बन्धलाई स्थिर बनाउने प्रयास गर्नुभएको थियो।

सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि पश्चिमा मुलुकहरूले मस्कोलाई कूटनीतिक र आर्थिक रूपमा अलग्याउने प्रयास गरेका थिए। त्यसयता रुस चीनमा अझ निर्भर बन्दै गएको छ। विशेष गरी चिनियाँ बजार अहिले रुसी तेलको प्रमुख गन्तव्य बनेको छ भने पश्चिमी प्रतिबन्धका कारण मस्कोले आर्थिक सहाराका लागि बेइजिङमाथि निर्भरता बढाएको छ।

भ्रमणअघि नै दुवै नेताले आफ्नो रणनीतिक साझेदारीको ३० वर्ष पूरा भएको अवसरमा शुभकामना सन्देश आदानप्रदान गरेर सम्बन्धको घनिष्ठता प्रदर्शन गर्नुभएको थियो। चिनियाँ सरकारी सञ्चार माध्यमका अनुसार राष्ट्रपति सीले रुस–चीन सहकार्य निरन्तर गहिरिँदै गएको उल्लेख गर्नुभएको थियो।

त्यसै गरी पुटिनले चिनियाँ जनताका नाममा जारी गर्नुभएको भिडियो सन्देशमा रुस–चीन सम्बन्ध 'अभूतपूर्व उचाइमा' पुगेको बताउनुभयो। उहाँले दुई देशबिचको व्यापार तीव्र रूपमा बढिरहेको उल्लेख गर्दै दुवै राष्ट्रले कसैका विरुद्धमा गठबन्धन नगरी विश्वशान्ति र साझा समृद्धिका पक्षमा काम गरिरहेको दाबी गर्नुभयो।

» बाँकी पृष्ठ २ मा

थाकेको शरीर, नथाकेको सपना

कमल शर्मा
दैलेख, जेठ ५ गते

बिहानको घाम डाँडामाथि उक्लिँदै गर्दा दैलेखको नारायण नगरपालिका–४ को धुलाम्मे सडकमा एउटा शरीर बिस्तारै अगाडि बढिरहेको देखिन्छ । पाइला होइन, दुई हातको सहारामा ५० वर्षीय हस्तबहादुर कठायतले आफ्नो शरीर घिसार्दै विद्यालयतर्फ अगाडि बढाउनुहुन्छ। जन्मजात शारीरिक अपाङ्गता भएका उहाँलाई घरदेखि विद्यालयसम्मको करिब एक किलोमिटर दुरी पार गर्न दुई घण्टा लाग्छ। बर्सातमा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने बाटोले उहाँको शरीरलाई थकाइदिन्छ, तर उहाँ आफ्नो जिम्मेवारी पूरा गर्न थाकेको महसुस नै गर्नुहुन्न।

उमेर ढल्कँदै जाँदा शरीर कमजोर बन्दै गएको उहाँले बताउनुभयो । "हातले टेकेर बिहान दुई घण्टा र बेलुका दुई घण्टा हिँड्दा हात नै सुन्निएका हुन्छन्," उहाँले भन्नुभयो, "उमेर बिस्तारै ढल्कँदै जाँदा शरीर पनि कमजोर हुने रहेछ।" विद्यालयदेखि उहाँको घरसम्म सडक पुगिसकेको छ । तर त्यो सडकमा उहाँका लागि गुड्ने साधन छैन। आर्थिक अभावका कारण चारपाङ्ग्रे स्कुटर किन्ने अवस्था उहाँको छैन। "आधा सहयोग कसैले गरिदिएको भए म आफैँ पनि थपेर स्कुटर किन्थेँ," उहाँको आशा मिसिएको आवाजमा भन्नुभयो, "हामीलाई कसले सहयोग गर्ला र ?"

शारीरिक कठिनाइबिच पनि उहाँले कक्षा १२ सम्म अध्ययन गर्नुभएको छ । गाउँमा विद्यालय नहुँदा धेरै बालबालिका टाढा जान नसकेर पढाइबाट वञ्चित भइरहेका थिए। त्यो दृश्यले उहाँलाई भित्रैदेखि पोल्थ्यो । त्यसपछि उहाँले गाउँमा विद्यालय स्थापना गर्न अभियान सुरु गर्नुभयो। गाउँका बालबालिकालाई जम्मा गरेर आफ्नै पहलमा पढाउन थाल्नुभयो । न तलब थियो, न सरकारी सहयोग । तर शिक्षाप्रतिको भरोसा थियो। लगातार दुई वर्षसम्म उहाँले ८२ जना बालबालिकालाई निःशुल्क पढाउनुभयो। एक्लै सबै विद्यार्थी समालेर पढाउने उहाँको प्रयास गाउँका लागि शिक्षाको पहिलो उज्यालो बन्यो।

उहाँको योगदानपछि शिक्षा विकास तथा समन्वय एकाइले उहाँलाई कार्यालय सहयोगी पदमा नियुक्ति दियो। अहिले उहाँ जनकल्याण प्राथामिक विद्यालयमा कार्यालय सहयोगीका रूपमा कार्यरत हुनुहुन्छ। उहाँकै सङ्घर्ष र पहलबाट स्थापना भएको विद्यालयमा अहिले कक्षा ४ सम्म पढाइ सञ्चालन भइरहेको छ। विद्यालयमा उहाँको जिम्मेवारी केवल कार्यालय सहयोगीको मात्र छैन, उहाँ बालबालिकाका लागि दैनिक खाजा–नास्तासमेत पकाउने काम गर्नुहुन्छ । शारीरिक कठिनाइका बावजुद सकेसम्म उहाँ सबै काम आफैँ गर्ने प्रयास गर्नुहुन्छ।

हस्तबहादुर कठायतको जीवनमा पीडा थपिँदै गयो । १२ वर्षअघि बुवाको निधन भयो । आमाले पनि संसार छाडेको आठ वर्ष भयो । आमाबुवाको मृत्यु भएपछि जीवन झन् समस्यामा पऱ्यो । उहाँले भन्नुभयो, "आमाको साथ हुँदा जीवन केही सहज लाग्थ्यो। अहिले भाइबुहारी अलग्गै बस्छन्। धेरैजसो काकाको छोराको घरमा बस्छु। पानी परेन भने घर पनि जान्छु। उमेर हुँदा आफू शारीरिक रूपमा कमजोर छु भनेर विवाहको कुरा गरिनँ।"

दिनभर विद्यालयको काम सकेर साँझ घर फर्किंदा उहाँका हात फेरि सुन्निएका हुन्छन् । शरीर थाकेको हुन्छ । तर भोलिपल्ट फेरि उही बाटो समाल्नुहुन्छ किनकि उहाँका लागि विद्यालय केवल जागिर गर्ने ठाउँ मात्र नभई जीवनको उद्देश्य हो।

विद्यालयका प्रधानाध्यापक महेन्द्रकुमार शर्माले विद्यालयका कार्यालय सहयोगी कठायतको अभियानले गाउँमा विद्यालय स्थापना हुन सफल भएको बताउनुभयो । उहाँका अनुसार तत्कालीन समयमा बालबालिकालाई जम्मा गरेर नपढाएको भए विद्यालयनै खुल्ने थिएन । विद्यालयमा बाल विकासदेखि कक्षा ३ सम्म २३ जना विद्यार्थी अध्ययनरत छन्। अघिल्लो वर्ष कक्षा ४ मा १० जना विद्यार्थी रहेका थिए।

दैलेखको नारायण नगरपालिका–४ का हस्तबहादुर कठायत ।

घरदेखि विद्यालयसम्मको करिब एक किलोमिटर दुरी पार गर्न दुई घण्टा लाग्छ । बर्सातमा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने बाटोले उहाँको शरीरलाई थकाइदिन्छ तर उहाँ आफ्नो जिम्मेवारी पूरा गर्न थाकेको महसुस नै गर्नुहुन्न ।